"कास्की आदर्शको चाहना, सभ्य र समृद्ध समाजको स्थापना"

# कास्की आदर्श समाज, कतार

## KASKI IDEAL SOCIETY, QATAR

स्था: २००२




# आदर्श सन्देश

वर्ष-२ • अङ्क-२ • वि.सं. २०८१ वैशाख

**स्मारिका**

adarshakaski@gmail.com | https://kaskiadarshasamajqatar.com | कास्की आदर्श समाज, कतार

# शुभकामना



कतारमा मलाई नेपालीहरु माझ सामाजिक व्यक्तित्व बनाएर चिनाउने श्रेय मेरो कतारको पहिलो सामाजिक पाठशाला मेरो जिल्ला संस्था कास्की आदर्श समाजलाई जान्छ । यसर्थ, साविक कास्की आदर्श सेवा समाज कतारका परिकल्पनाकार अग्रज कस्केली दाज्युभाइहरु प्रति विशेष कृतज्ञ छु । त्यसपछि मलाई डोऱ्याएर संस्थामा आवद्ध हुन प्रेरणा दिनुहुने अग्रज खिमबहादुर कार्की लगायत तत्कालिन सबै कस्केली सामाजिक अभियन्ताहरु प्रति सदैव ऋणी छु। उहाँहरुको सल्लाह सुझावले कास्की आदर्श सेवा समाजको आजीवन सदस्य, कोषाध्यक्ष हुँदै दुई कार्यकाल कास्की आदर्श सेवा समाजको अध्यक्ष पदमा निर्विरोध निर्वाचित भएर सेवा गर्ने अवसर प्राप्त गरें । त्यसको अलावा फेवा सांस्कृतिक परिवारको सांस्कृतिक संयोजक रहेर पनि परदेशमा नेपाली कला र संस्कृतिको प्रवर्द्धन र संरक्षण गर्ने काममा सानो हिस्सा बन्ने मौका पाएँ । यस्तै अनुभवहरुले सामाजिक क्षेत्रमा अझ काम गर्न उर्जा दिइरहन्छ। आधुनिक विश्व निक्कै सांघुरी रहेको अवस्थामा विश्वभरी छरिएर रहेका कस्केलीहरु गोलवद्ध भएर सम्वन्धित देशहरुमा मात्र सिमित नभई गृह जिल्ला कास्कीमा भईपरी आउने सामाजिक एवम् मानविय क्रियाकलापहरुमा एकद्वार प्रणालीबाट सेवा प्रदान गर्न विशाल हृदय भएका कस्केली सामाजिक अभियान्ता र वुद्धिजिवीहरु एकै चौतारीमा हातेमालोका निम्ति जुट्ने अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु।

अविछिन्न लागि परेर अगाडि बढाएको संस्था कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवस तथा नयाँ वर्ष २०८१ को अवसर पारेर संस्थाको गतिविधिहरुलाई अभिलेख गर्ने र समसामयिक लेख रचना सन्देश प्रवाह गर्ने हेतुले **आदर्श सन्देश स्मारिका वर्ष २ अङ्क २** प्रकाशन गर्न लागेको सुन्न पाउँदा अत्यन्त गौरवान्वित महसुस गरेको छु। स्मारिकामा प्रकाशित सामग्रीले पाठकबृन्दमा संस्था र कास्की जिल्ला प्रतिको जिज्ञासा मेट्ने छ भन्ने आशा गर्दै संस्थाको २२ औं स्थापना दिवस एवम् नयाँ वर्ष २०८१ सालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। जय कास्की आदर्श ॥

प्रार्थी

**आशबहादुर गुरुङ**

**पूर्व अध्यक्ष, प्रमुख संरक्षक**

**कास्की आदर्श समाज, कतार**

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार
माननीय मुख्यमन्त्रीको निजी सचिवालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

## शुभकामना



आदर्श समाज कतारले आफ्नो २२ औँ स्थापना दिवसको अवसरमा आदर्श सन्देश स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा निकै खुसी लाग्यो। कास्की आदर्श समाज कतारले स्थापनाकाल देखि नै सक्रियताका साथ सामाजिक क्षेत्रमा विभिन्न काम गर्दै आएको छ।

संस्थाले स्थापनाकाल देखि गरेका कामलाई लिपिवद्ध गर्दै प्रकाशित यस स्मारिका एउटा महत्वपूर्ण दस्तावेज बन्ने नै छ। सामाजिक काममा निरन्तर सक्रिय यस संस्थाले आफ्ना गतिविधिलाई थप शसक्त रुपमा अघि बढाउने नै छ। समाजमा सामुहिक एकता, सामाजिक सद्भाव, समाजसेवा प्रतिको ऐक्यवद्धतालाई आदर्श समाज कतारले प्राथमिकता दिँदै आएको छ।

समाजलाई सत्मार्गमा अघि बढाउन यस संस्थाको महत्वपूर्ण योगदान रहनेछ भने नयाँ पुस्तालाई सामाजिक उत्तरदायित्व पुरा गर्ने दिशामा प्रेरित गराउनेछ। गण्डकी प्रदेश सरकारले सामाजिक संघ संस्थाहरुसँग विभिन्न कार्यक्रम मार्फत सहकार्य गर्दै आएको छ।

प्रदेश सरकारले लिएको 'आत्मनिर्भर र सम्मुन्त प्रदेश: सम्मानीत प्रदेशवासी' को संकल्प पुरा गर्न यहाँहरुको साथ सहयोग रहने विश्वासका साथ अझै नयाँ योजना र कार्यक्रम सहित यस आदर्श समाज कतार अघि बढ्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद। जय नेपाल !

२०८०, फागुन

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री

السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar



## शुभकामना सन्देश

**"कास्की आदर्शको चाहना, सभ्य र समृद्ध समाजको स्थापना"** भन्ने गर्विलो दीर्घकालीन भावना आत्मसात गरी स्थापित सेवामूलक **"कास्की आदर्श समाज, कतार"** संस्थाले २२ औं स्थापना दिवसको अवसरमा **"आदर्श सन्देश स्मारिका वर्ष २, अङ्क २"** प्रकाशन हुन लागेको यस अवसरमा संस्थापक,पदाधिकारी, सदस्य तथा कास्कीबाट रोजगारीका हेतु कतारमा रहेका सम्पूर्ण महानुभावहरुलाई सम्मान, हार्दिक बधाई तथा मङ्गलमय शुभकामना व्यक्त गर्दछु। दूतावासलाई समेत शुभकामना सन्देशका लागि स्थान दिइएकाले धन्यवाद तथा आभार व्यक्त गर्दछु।

विदेशमा रहेर पनि नेपाली मौलिक कला, साहित्य,संस्कृति, भेषभूषा संरक्षण, प्रवर्धन तथा नेपाल र नेपालीका लागि पवित्र ध्येयले सकारात्मक, सिर्जनात्मक, निदानात्मक र उपचारात्मक शैलीमा कार्य सम्पादन गरिरहेको देखिन्छ। त्यसकै पूरक सामग्री र व्यवस्थित अभिलेख नै **"आदर्श सन्देश स्मारिका वर्ष २, अङ्क २"** हो। स्मारिकामा सङ्कलित पठनीय विषयवस्तुले मौलिक सिर्जना विकास, ज्ञान संग्रह र प्रसारण, प्रतिभाको खोजि र सम्मान,तथ्य र सूचना प्रवाहमा महत्वपूर्ण योगदान गर्नेछ। नवीन कार्यको प्रारम्भ भन्दा निरन्तरता नै प्रमुख चुनौती हुने सन्दर्भलाई सहजै ग्रहण गरी **"अङ्क २"** प्रकाशन हुनु नै हजारी माइलको यात्रा हुनेछ भन्ने विश्वास लिएको छु।

नेपाली राजदूतावासले निष्पक्षता, सुशासन, कानूनको पालना, नेपाल सरकारको वैदेशिक नीति र निर्देशन, दौत्य सम्बन्ध र क्षेत्राधिकारभित्र रहेर कार्य सम्पादन गरिरहेको हुन्छ। सीमित साधन, श्रोत र जनशक्ति परिचालन गर्दै अधिकतम उपलब्धि हासिल गर्ने ध्येयले सेवा तथा कार्य सम्पादन गरिरहेको हुन्छ, यद्यपि सेवाग्राहीको अत्यधिक चापका कारणले जनगुनासो आउनु स्वाभाविक नै हुन्छ।

स्थापित संस्थाहरुले सकारात्मक र सिर्जनशील कार्यहरुबाट आफ्ना सदस्यहरुलाई स्थानीय ऐन कानून, व्यवहारिक कठिनाइहरु, दूतावासबाट लिने सेवा र प्रक्रिया, आर्जन गरेको रकम वैधानिक तरिकाबाट नेपाल पठाउने, पुन:श्रम स्वीकृति, सामाजिक सुरक्षा कोषमा सहभागिता र नियमित बचत, पासपोर्ट नवीकरणका प्रकृया, स्थानीय आपतकालीन सम्पर्क नम्बर, जिल्लाबाट कतारमा रहेका सबैको सम्पर्क स्थापना गर्ने इत्यादि विषयमा प्रशिक्षित गराउदा सबैलाई सहयोग पुग्ने प्रकृतिका कार्यक्रमका लागि कास्की आदर्श समाजको ध्यान जानेछ भन्ने आशा लिएको छु। त्यस्तै, सामाजिक सञ्जालमा समेत देशको प्रतिष्ठा उच्च बनाउने सन्देश मात्र सम्प्रेषण,दूतावास र सरकारले गरेका असल कार्यको प्रसार र सकारात्मकता उन्मुख मनोवैज्ञानिक धारणा प्रवाह गराउन सबै केन्द्रित हुनुपर्ने छ।

अन्त्यमा,स्मारिकाको निरन्तरतासहित सकारात्मक भावना प्रवाह गर्न सफलता प्राप्त होस् भन्ने शुभकामना सन्देश सम्प्रेषण गर्न चाहन्छु।

धन्यवाद, जय नेपाल !

मिति: २०८० चैत्र

डा. नरेश विक्रम ढकाल
राजदूत
नेपाली राजदूतावास, कतार

Phone: +974 44675681/83, Fax: +974 44675680, Po.Box No. 23002, Doha - Qatar
Website: www.qa.nepalembassy.gov.np, E-mail: eondoha@mofa.gov.np

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१
च.नं. :

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np


# शुभकामना

विश्व अर्थतन्त्र, संस्कृति, व्यापार सहित मानव संसाधनको अन्तरदेशीय आवतजावत विश्वव्यापीकरणसँगै जोडिएको छ । नेपालको सन्दर्भमा मानव संसाधनको अन्तरदेशीय आवतजावत वैदेशिक रोजगारीको सिलसिलामा बढ्दै गइरहेको अवस्थामा विदेशमा रहेका युवाहरुको योगदान नेपालको राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनिय छ ।

गरिबी, अभाव र पारिवारिक आर्थिक अवस्था सुधारको आकाङ्क्षा सहित बर्सेनि लाखौं युवाहरू वैदेशिक रोजगारीमा जाने गरेका छन् । नेपालीको इमानदारिता, लगनशीलता, सहनशीलता र विश्वास लगायतका कारण आज विश्व बजारमा नेपाली श्रमको माग बढ्दो छ ।

रोजगारीको सिलसिलामा विदेशमा श्रमका लागि जाने प्रत्येक नेपालीलाई आवश्यक ज्ञान, सीप र कलाले निपुर्ण बनाई उनीहरूलाई दक्षता प्रदान गर्नु राज्यको दायित्व हो । त्यसका अतिरिक्त विदेशमा आर्जन गरेको सीपलाई स्वदेशमा उपयोग गर्ने वातावरण सिर्जना गरी पटक पटक श्रमिकको रुपमा विदेशमा जानु पर्ने बाध्यात्मक अवस्थाको अन्त्य गरी स्थायी समाधानको खोजी समेत आजको अपरिहार्यता हो ।

स्थानीय सरकारका हैसियतले पोखरा महानगरपालिका रोजगारीको शिलशिलामा कतारमा रहेका कस्केलीहरुको साझा चौतारी कास्की आदर्श समाज कतारमा आबद्ध सदस्य लगायत नेपाली दाजुभाइ तथा दिदिबहीनीहरुको वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित र विश्वासयोग्य बनाउने कार्यमा आवश्यक पहल गर्न प्रतिवद्ध छ । विदेशमा रहेर विभिन्न सामाजिक कार्यहरूमा सहभागिता जनाउँदै मानवीय सेवा सहित समुन्नत, परिष्कृत र आधुनिक समाज निर्माणमा यहाँहरुको उल्लेखनीय योगदान रहेको छ ।

अन्त्यमा, समाजले मुखपत्रका रूपमा प्रकाशन गर्न लागेको **"आदर्श सन्देश स्मारिका वर्ष २, अङ्क २"** ऐतिहासिक, पठनीय र ज्ञानवर्धक बनोस् भनी शुभकामना व्यक्त गर्दछु ।
धन्यवाद ।

वैशाख, २०८१ ।
MAY, 2024.

धनराज आचार्य
नगर प्रमुख

फोन नं. ०६१-५०६४०४

# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाडाँ, कास्की

मादी गाउँपालिका
गण्डकी प्रदेश, नेपाल

## शुभकामना सन्देश

कास्की आदर्श समाज, कतारले आफ्नो २२ औं स्थापना दिवसको उपलक्ष्यको पुनित अवसरमा समाजको मुखपत्रका "आदर्श सन्देश स्मारिका वर्ष २, अङ्क २" प्रकाशन गर्न लागेको खबर सुन्न पाउँदा म लगायत मादी गाउँपालिकावासी अत्यन्तै हर्षित छौं। समाजले गरेका सामाजिक तथा आर्थिक सहयोग लगायतका विविध गतिविधिहरु सहित स्मारिकामा समेटिएका विषयहरु अन्य संघ र संस्थाहरुका लागि पनि मार्गदर्शन हुनेछ भन्ने विश्वास लिएको छु ।

वैदेशिक रोजगारीका क्रममा आफ्नो देश छाडेर विदेशमा रहदाँ पनि संगठित भएर समाजका सदस्यहरु मानवीय सेवामा समर्पित भई आपतविपद् परेका सम्पूर्ण नेपालीहरुलाई गरेको सहयोगको प्रशंसा गर्दछु । मानवीय सेवाको साथसाथै नेपाली समाजमा रहेका विकृति, विसंगतिलाई न्युनीकरण गर्दै समुन्नत, परिस्कृत, सभ्य र आधुनिक समाज निर्माणमा पनि संस्थाको भूमिका महत्वपूर्ण हुनेछ भन्ने विश्वास लिएको छु ।

कतारमा कार्यरत रहेका कस्केलीहरुको साझा चौतारीको रुपमा रहेको यस समाजले अरु सामाजिक एवं रचनात्मक कार्यहरुमा अग्रसरता देखाई सेवाभावको अभिप्रायबाट समाज रुपान्तरणका लागि अहं भुमिका खेल्न सकोस्, समाजमा कृयाशिल पात्रहरु सदा सकृय रहुन्, कतारमा बसोबास गरिरहेका नेपालीहरुको मानविय सेवा तथा गृह जिल्ला एवं समग्र नेपाल राष्ट्रको विकासमा सारथी बन्न सकोस् भन्ने शुभेच्छा सहित कास्की आदर्श समाज कतारले प्रकाशन गर्न लागेको दोस्रो मुखपत्रमा स्वदेश तथा विदेशमा भएका सेवामुलक कार्यहरु सबै समेटिएर समाजमा आदर्श सन्देश फैलाउन सफल रहोस हार्दिक शुभकामना ।

देविजङ्ग गुरुङ
अध्यक्ष
मादी गाउँपालिका, कास्की

# माछापुच्छ्रे गाउँपालिका
## Machhapuchchhre Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पत्र संख्या
Letter No.:
चलानी नं.
Dispatch No.:

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal



## शुभकामना

कास्की आदर्श समाज,कतारले आफ्नो स्थापना समय देखि हालसम्म गरेका सामाजिक तथा सेवामूलक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह खेल्दै आइरहेको छ। यसै परिप्रेक्ष्यमा आफुले गरेका सामाजिक कृयाकलाप एवम् सेवामूलक कार्यहरुलाई लिखित रुपमा सुरक्षित राख्न तथा विविध जानकारी मूलक लेख रचना, विज्ञापन र सन्देशमूलक विषयहरुलाई समेटेर पाठक माझ प्रस्तुत गर्न **आदर्श सन्देश स्मारिका वर्ष २, अङ्क** प्रकाशन गर्न लागेकोमा खुशि व्यक्त गर्दछु।

कास्की आदर्श समाज, कतारले कास्की जिल्ला भित्र रहेर सामाजिक एवम् सेवामूलक कार्य गर्दै आइरहेको र आगामी दिनहरुमा पनि अझ बढी सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा सक्रिय सहभागि भई विकास निर्माण कार्यमा यस संस्थाले अग्रणी भूमिका खेल्ने छ भन्ने पूर्ण आशा लिएको छु। आउँदा दिनहरुमा स्मारिका प्रकाशनसँगै हरेक क्षेत्रमा सक्रिय सहभागीता भई अझ बढी परिस्क्रित, व्यवस्थित र सूचनामूलक बन्दै जाओस भन्ने शुभकामना व्यक्त गर्दछु।

मितिः २०८०।१२।२५

(मिन बहादुर गुरुङ)
अध्यक्ष

"कृषि, पर्यटन, उर्जा र पूर्वाधार: अन्नपूर्ण समृद्धिको आधार"

# अन्नपूर्ण गाउँपालिका

## Annapurna Rural Municipality

### गाउँ कार्यपालिकाको कार्यालय

Office of The Rural Municipal Executive
माछापोखरी, कास्की (Machhapokhari, Kaski)

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या: २०८०/०८१

मिति: २०८१/०१/०३



## शुभकामना

रोजगारीको शिलशिलामा कतारमा रहनुभएका कस्केलीहरूद्वारा स्थापित संस्थाको रुपमा रहेको कास्की आदर्श समाज, कतारले संस्थाको २२ औं स्थापना दिवसको अवसरमा **"आदर्श सन्देश स्मारिका वर्ष २, अङ्क २"** प्रकाशन गर्न लाग्नु भएकोमा म लगायत सम्पूर्ण अन्नपूर्णवासी अत्यन्त हर्षित भएका छौं।

कास्की आदर्श समाज, कतारले कास्की जिल्ला भित्र रहेर सामाजिक एवम् सेवामुलक कार्य गर्दै आईरहेको र आगामी दिनहरुमा पनि अझ वढि सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा सक्रिय सहभागी भई समग्र कास्की जिल्लाको भौतिक एवम् सामाजिक विकास निर्माण कार्यमा अग्रणी भुमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु। आँउदा दिनहरुमा स्मारिका प्रकाशन संगै हरेक क्षेत्रमा उच्च सहभागीताको अपेक्षा समेत लिएको छु।

अन्त्यमा, कास्की आदर्श समाज, कतारको **'आदर्श सन्देश स्मारिका वर्ष २, अङ्क २'** नामक स्मारिकाले समाजमा सकारात्मक प्रभाव पार्ने छ भन्ने विश्वास लिएको छु। साथै सफलताको शुभकामना व्यक्त गर्दछु।

विष्णु बहादुर के.सी.
अध्यक्ष

रुपा गाउँपालिका

**Rupa Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office of the Rural Municipal Executive**

**रुपाकोट, कास्की Rupakot, Kaski**

गण्डकी प्रदेश नेपाल

Gandaki Province Nepal

मिति: २०८१/०१/१८



## "शुभकामना"

कास्की आदर्श समाज कतारले संस्थाको २२ औं स्थापना दिवसको अवसरमा हाल सम्म गरेका महत्वपूर्ण कामहरु संगै, विभिन्न व्यक्तित्वहरुको विचारहरु समेतलाई लिपिबद्द गर्ने उद्धेश्यले "आदर्श सन्देश स्मारिका वर्ष २ अङ्क २" प्रकाशन गर्न लागेको खबर सुन्दा खुसि लागेको छ । संस्थाले विविध गतिविधि सहित स्मारिकामा समेटिएका विषयहरु अन्य संघ-संस्थाहरुका लागि पनि प्रेरणा हुनेछ भन्ने विश्वास लिएको छु ।

कास्की आदर्श समाज कतारले कास्की जिल्ला भित्र फरक क्षमता भएका विद्यार्थीहरुको पठनपाठमा मद्दत पुन्याउनका लागि अक्षयकोष स्थापना गर्ने देखि लिएर विदेशमा रहेर पनि देशभित्र गर्ने विविध सामाजिक कार्य, विविन्न क्षेत्रका सामाजिक व्यक्तित्वहरुलाई सम्मान गर्ने कार्यहरु प्रशंसनिय छ । साथै यस्ता कार्यहरुले अन्य संस्थाहरुलाई समेत सामाजिक कार्यप्रति संलग्न हुन अभिप्रेरित गरेको छ ।

कास्की आदर्श समाज कतारको उद्धेश्य अनुरुप सामाजिक कार्यमा सदैव अग्रिणी स्थानमा रहेर कार्य गर्न सफल रहोस शुभकामना व्यक्त गर्दछु ।

नवराज ओझा
अध्यक्ष
रुपा गाउँपलिका

"रुपाको पहिचान सबै क्षेत्रमा समृद्धिको अभियान"

email:ruparumun@gmail.comWebsite: https://rupamun.gov.np
सम्पर्क अध्यक्ष: ९८५६०८४००९, उपाध्यक्ष: ९८५६०८४००८, प्रमुख प्रशासकीय अधिकृत:९८५६०७२१०१

# पोखरा उद्योग वाणिज्य संघ
## Pokhara Chamber of Commerce & Industry
स्थापित २०११ Estd. 1955

च.नं. :०८१/०८२/०८९
Ch No. :

मिति :
Date. :

### हार्दिक शुभकामना

प्रवासमा रहेका नेपालीहरुको सतत् प्रयासमा सन् २००२ सालमा स्थापित कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा 'आदर्श सन्देश स्मारिका' को दोस्रो अंक प्रकाशन गर्न लागेको जानकारी पाउँदा हामी हर्षित छौं । स्मारिकामा संस्थाको उद्धेश्य 'सभ्य र समृद्ध समाज'लाई टेवा पुऱ्याउने सामग्रीका अलावा प्रवासमा रहेका नेपालीहरुको भावनाहरु समेटिने छ भन्ने हाम्रो अपेक्षा रहेको छ ।

वैदेशिक रोजगार र त्यसले नेपाली अर्थतन्त्रमा पुऱ्याएको योगदानका विविध आयामहरुबारे चर्चा भए पनि प्रवासमै रहेका नेपालीहरुको वास्तविकताबारे कमै चर्चा भएको हामीले महसुस गरेका छौं । नेपाली अर्थतन्त्रको मुलखम्बाको रुपमा प्रतिस्थापित रेमिट्यान्स भित्र्याउने वर्गको कथा-व्यथा अनि सफलताबारेका आलेखलाई स्मारिकाले समेटोस् र यो खोज/अनुसन्धानदाताका लागि पनि उपयोगी र संग्रहणीय बनोस् भन्ने हामी चाहन्छौं ।

रहरले कोही विदेशिँदैन । देशमै केही गरौं भन्ने भावनाले सार्थकता नपाउँदा,बेरोजगारीले सताउँदा र कतिपय अवस्थामा नयाँ सम्भावनाको खोजी गर्दै जाँदा यतिबेला लाखौं नेपालीहरु विदेशी भूमिमा रहनुभएको छ । उहाँहरुले त्यहाँ गरेको मिहिनेतले नेपालको अर्थतन्त्र धानिएको छ । सामाजिक विकासका सूचाङ्कहरु सकारात्मक बनाउन मद्धत पुगेको छ । यस्तो योगदान गर्ने यहाँहरु प्रशंसाका पात्र हुनुहुन्छ । यति हुँदाहुँदै पनि वैदेशिक रोजगारीमा रहनुभएका नेपालीहरुको चाहना देश समृद्ध बनोस् भन्ने नै छ । यहाँहरु देशमा सुशासन र अमनचयन कायम भन्ने कामनामात्र गर्नुहुन्न, रोजगारी सिर्जना होस् र पुनः विदेशिन नपरोस् भन्ने चाहना राख्नुहुन्छ । तर, दुर्भाग्यवश: देश त्यो दिशामा अगाडि बढ्न सकेको छैन । पोखरा उद्योग वाणिज्य संघसहितका निजी क्षेत्रको चाहना पनि अधिकतम रोजगारी सिर्जना र आत्मनिर्भर अर्थतन्त्र निर्माण नै रहेको छ । यस मानेमा, कास्की आदर्श समाज कतार र हामीबीच भावनात्मक रुपले एकमत छ ।

यहाँहरुलाई अवगत नै छ, निजी क्षेत्र यतिबेला चुनौतीको पहाडले थिचिएको छ । अर्थतन्त्रले सही दिशा समात्न सकेको छैन । बजार सुस्त हुँदा व्यवसायले लागत खर्च पनि धान्न सकेको छैन । माग कम हुँदा उद्योगहरु पूर्ण क्षमतामा चल्न सकेका छैनन् । बैंक तथा वित्तीय संस्थाहरुबाट निरन्तर दिइने प्रताडनाको पीडा पनि उस्तै छ । यति हुँदाहुँदै पनि हामीसँग भाग्ने छुट छैन । हामी कर्ममा विश्वास गर्छौं । हामी कर्म गरिरहेका छौं र देशमै रोजगारी सिर्जना गर्न भरमग्दुर प्रयासरत छौं । यसका अलावा हामी रेमिट्यान्सको सही सदुपयोग होस् भन्ने हेतुले विदेशमा क्रियाशिल नेपाली संघ/संस्थासँग हातेमालो गर्न तयार छौं । आउँदा दिनमा कास्की आदर्श समाज कतारसँग पनि समृद्धि र रोजगारी सिर्जनाका सवालमा सहकार्य हुनेछ भन्ने हाम्रो अपेक्षा रहेको छ ।

अन्त्यमा हामी कास्की आदर्श समाज कतारका अध्यक्ष अगन्धर देवकोटा'अग्नी' सहित यो संस्थामा आवद्ध एवं देश विदेशमा रहनुभएका सबै नेपालीहरुमा नववर्ष २०८१ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पवनकुमार प्रजापति
अध्यक्ष

STOP Child Labour

गैह्रापाटन, पोखरा, कास्की, नेपाल, फोन नं. ०६१-५७५२६४, ५४४०२२, ५७०२६४, ५७२२६४
Gairapatan, Pokhara, Kaski, Nepal, Tel : 061-575264, 544022, 570264, 572264, Fax No. +977-061571084
E-mail: pccipkr@gmail.com, pokhara@dmccci.org, Website: www.pokharachamber.org.np
Facebook: facebook.com/pccipkr | Twitter: @pokharachamber

विश्वभरीका कस्केली खोजी अभियान समृद्ध जन्मथलो हाम्रो स्वाभिमान

# कास्की आदर्श समाज अन्तराष्ट्रिय समन्वय परिषद, नेपाल

KASKI IDEAL SOCIETY INTERNATIONAL COORDINATION COUNCIL OF NEPAL

स्थापित: २०७७ (२०२०)

Ref. KISICCN/0245

मिति : २५ अप्रिल, २०२४

## शुभकामना ।।

कास्की आदर्श समाज कतारको २२ औं बर्षमा प्रवेश हुन लागेको अवसरमा कतारमा सामाजिक कृयाकलापमा मात्र नभइ गृह जिल्लामा सामाजिक साथै मानविय सेवामा सकृय भइ कास्की जिल्लाको नाम रोशन गर्न सफल कास्की आदर्श समाज कतार परिवार लाई **हार्दिक बधाई** एवं उत्तरोत्तर प्रगतिका लागी शुभकामना तथा शुभेच्छा प्रकट गर्दछु। समाजको मुखपत्र दोश्रो स्मारिका **आदर्श सन्देश** प्रकाशन हुन लागेको खवर पाउँदा अत्यन्त खुशी लागेको छ।

कतारमा रहेका कस्केली हरुको साझा चौतारी कास्की आदर्श समाज स्थापना कालिन समय देखी कतारमा रहेका अन्य संघ संस्था संग हातेमालो गर्दै दु:ख पिडामा रहेका नेपाली लोकप्रिय सामाजिक संस्थाको रुपमा स्थापित संस्था २१ औं बर्ष पुरा गरी २२ औं बर्ष प्रवेशको पुनित अवसरमा प्रकाशित हुन लागेको मुखपत्र को प्रकाशन सफलताको हार्दिक कामना गर्दछु। कास्की आदर्श समाज कतारले विगतमा हरेक नेपालीको दुख पिडामा सम्झना लायक तवरले कार्य गर्दै आएको छ भने भविष्यमा पनि यो यस्तै कार्यहरुलाई निरन्तरता राख्न सफल हुनेछ भन्ने विश्वास गर्दछु। प्रकाशन उन्मुख स्मारिकामा संस्थाले बिगतमा गरेका कार्यको लिपिवद्द गरी संस्थाको गरिमा बढाउंदै संस्था भित्र कृयशिल ब्यक्तित्व हरुको पहिचान लाई स्थापित गर्न र गृह जिल्लाको बिकासमा इट्टा थप्ने कार्यमा कास्की आदर्श समाज कतार सारथि बन्न सक्षम होस् हार्दिक शुभकामना।

**"विश्व भरिका कस्केलीको खोजि अभियान, सम्वृद्द जन्मथलो हाम्रो स्वाभिमान"** भन्ने नाराका साथ सकृय कास्की आदर्श समाज अन्तराष्ट्रिय समन्वय परिषद्, नेपाल र कास्की आदर्श समाज कतार सँस्थागत सहकार्यको भुमिका निर्वाह हुने अपेक्षा का साथ २२ औं बार्षिक उत्सवको शुभ अवसरमा कास्की आदर्श समाज कतारको सामाजिक सफलताको हार्दिक शुभकामना ब्यक्त गर्दछु।

धन्यवाद, जय कास्की, जय कास्की आदर्श।

भवदिय,

सीता देवी बास्तोला बराल
अध्यक्ष
कास्की आदर्श समाज अन्तराष्ट्रिय समन्वय परिषद्, नेपाल।



ईमेल: kaskiinternational@gmail.com

"For Nepali, By Nepali"
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार
Non-Resident Nepali Association, National Coordination Council, Qatar
Estd: 2003

प.स. : १७२/२३-२५

मितिः ११ मे २०२४

## हार्दिक शुभकामना

कतारमा स्थापीत विभिन्न जिल्ला संस्था मध्यको अग्रणी जिल्ला संस्था कास्की आदर्श समाज कतारले आदर्श संदेश अंक १ को निरन्तरता र संस्थाका विभिन्न गतिविधि एवं समसामयीक लेख रचना जानकारी समेटेर **आदर्श संदेश अंक -२** नामक स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ ।

नेपाली नयाँ वर्ष विक्रम संवत २०८१ को अवसर पारेर २२औं स्थापनाको अवसरमा विमोचन गराउने उदेश्यले प्रकाशन गर्न लागिएको स्मारीकामा समावेश हुने संस्थागत गतिविधिहरुले संस्थाले गरेका मानविय कार्यहरु ससारभर रहेका कास्केली तथा गैरकास्केली आम नेपाली दाजुभाई तथा दिदिबहिनिहरु माफ पुग्नेछ र यसले अन्य व्यक्ति र संस्थालाई मानविय कार्यमा लाग्न प्रेरणा समेत प्रदान गर्नेछ भन्ने अपेक्षा सहित गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार एवं मेरो व्यक्तिगत तर्फबाट पनि असीम शुभकामना व्यक्त गर्दछु ।

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले स्थापनाकाल देखि कास्की आदर्श समाज कतार सँग विभिन्न गतिविधीहरुमा संस्थागत सहकार्य गर्दै आईरहेकोले आगामी दिनमा पनि यसको निरन्तरताको अपेक्षा गर्दछु ।

अन्त्यमा स्मारीका प्रकाशन गर्ने कार्यको नेतृत्व गर्ने वर्तमान कार्यसमिति तथा कास्की आदर्श समाजलाई यो उचाई सम्म ल्याउनुहुने सम्पुर्ण अग्रजहरु प्रति सम्मान व्यक्त गर्दै संस्थाले आफ्नो गर्विलो इतिहासलाई निरन्तरता दिन सकोस भन्ने कामना सहित संस्थाको थप प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

रमेश भट्ट
अध्यक्ष
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार ।

E-mail : nrnancc.qatar2003@gmail.com, rameshbhattaa@gmail.com, rabin.mgr@gmail.com
website : www.nrnaqatar.org

# शुभकामना



आज भन्दा २२ वर्ष पहिले सन् २००२ जुलाई २६ शुक्रवारका दिन "कास्की आदर्शको चाहना, सभ्य र समृद्ध समाजको स्थापना" भन्ने मूल नाराका साथमा ११ जना संस्थापक सदस्यबाट नेपाली डायसपोरा प्रवासमा "कास्की आदर्श" को नामबाट स्थापित पहिलो "कास्की आदर्श समाज कतार" ले आफ्नो स्थापना दिवसको उपलक्ष्यमा पवित्र उद्देश्यका साथमा आफ्नो "आदर्श सन्देश स्मारिका अंक २" प्रकाशन गर्न लागेको सुखद खबर सुन्न पाउदा म हर्षित भएको छु।

सर्वप्रथम २१ वसन्त पार गरी २२ औं वर्षमा प्रवेश गरेको पावन अवसरमा सम्पूर्ण संस्थापक तथा आजीवन सदस्यमा संस्थापक सह-सचिवको तर्फ देखि हार्दिक धन्यवाद एवम् आभार सहित संस्थाको उत्तरोत्तर उन्नति प्रगतिको कामना व्यक्त गर्दछु। मध्यपूर्व खाडी राष्ट्र कतारमा २२ वर्ष अघि स्थापना भई प्रवास तथा स्वदेशमा सामाजिक क्रियाकलापमा सक्रिय रहन सफल सामाजिक संस्था कास्की आदर्श समाज कतारको प्रकाशन आदर्श सन्देश स्मारिका अंक २ वर्ष २ सन्देशमुलक बन्नेमा पूर्ण विश्वस्थ रहँदै कास्की आदर्श समाज कतार, कस्केली एवम समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुको साहरा र विश्वासको घर साथै ढुकढुकी बन्न सफल रहोस् भन्ने संस्थागत एवम व्यक्तिगत कामना गर्दछु।

आदर्श सन्देश स्मारिकामा कार्य देशको नियम कानुन प्रवाह सँगै र धर्मको पालना एवम सन्देश मुलक लेख, संग्रह, रचना र ज्ञान मूलक पठनीय विषय वस्तु, मौलिक सिर्जना र प्रशारण प्रतिभाको सम्मान तथ्यगत सूचना प्रवाहमा महत्वपूर्ण योगदान गर्ने छ। यस "कास्की आदर्श समाज कतार" को मर्म र उद्देश्य अनुरुप आगामी दिनमा अझ शसक्त रुपमा पाईलाहरु लम्किरहुन भन्ने कामनाका साथ देश र समाजलाई आफ्नो अभिव्यक्ति स्मारिका मार्फत् सदैव प्रवाह गरी रहनेछ भन्ने पूर्ण आशा र विश्वासका साथमा संस्थाको उन्नति प्रगतिको कामना सहित, अन्त्यमा स्मारिकाको निरन्तरता सहित सकरात्मक भावना प्रवाह गर्न सफलता मिलोस् भन्ने हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

नेपाली नयाँ वर्ष वि.स २०८१ को पावन अवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनी सम्पूर्णमा सु-स्वास्थ्य, दीर्घायु, चिरायु, सुख, शान्ति, उमंग अमन चयन कायम रहोस्, सबैको उन्नति प्रगति सहितको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**श्री हंशराज ढकाल**

**संस्थापक सह-सचिव, कास्की आदर्श समाज, कतार**
**वरिष्ठ उपाध्यक्ष तथा आपतकालीन राहतकोष संयोजक,**
**कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपाल**

# शुभकामना



हामी प्रवासमा रहेका नेपाली युवाहरुले प्रवासका समस्या पहिचान तथा समाधानका उद्देश्यले संघ संस्था स्थापना गर्ने क्रममा कर्मभुमी कतारमा पनि यहाँ कार्यरत म लगायत अन्य कस्केली साथीहरुको रोहबरमा २००२ जुलाई २६ का दिन कास्की आदर्श सेवा समाज कतार स्थापना गरि, (हाल नाम परिवर्तन कास्की आदर्श समाज कतार) स्थापनाकाल देखी हाल सम्म आफ्नो कर्मभुमिमा नेपाली दुतावास तथा अन्य सामाजिक संघ-सस्थासँग हातेमालो गर्दै विभिन्न मानविय तथा सामाजिक कार्यहरु तथा देशको रितिरिवाज धर्म सँस्कृतीको जर्गेना, कास्कीका विभिन्न धार्मिक, पर्यटकिय स्थलको प्रचारप्रसारका साथ स्वदेशमा पनि विभिन्न कालखण्डमा व्यक्तिगत समस्यामा परेका जिल्लावासी तथा अन्य नेपाली र हरेक दैविप्रकोप, प्राकृतिक प्रकोपमा राष्ट्रलाई योगदान दिदै आएको र कास्की आदर्श अन्तर्राष्ट्रिय समन्वय परिषद नेपालसँग पनि सहकार्य गर्दै कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषदका हरेक राष्ट्रका शाखाहरुसँग भाइचारा सम्बन्ध राख्दै आएकोमा समाज प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

म र हामी आफै संस्थापक बनेर स्थापना गरेको यस संस्था आज २२ औं बसन्तमा प्रवेश गरेको खुसीयालीमा अति हर्षित छु। कास्की आदर्श समाज कतारले स्थापना काल देखि हालसम्म आफुले गरेका हरेक क्रियाकलापको अभिलेखिकरण गर्ने उद्देश्यले संस्थाको मुखपत्रका रुपमा आदर्श सन्देश स्मारिका वर्ष २ अंक २ प्रकाशन गर्न लागेको खबरले अत्यन्त हर्षित छु। मानविय कार्य, समाजसेवा, खेलकुद र सचेतना अभियानका माध्यमबाट प्रवास र स्वदेशमा आम नागरिकलाई जागृत गराउने कार्यमा सदैव तत्पर यस समाजले लामो समयदेखी अतुलनीय योगदान गर्दै आइरहेको छ। प्रवासीलाई समाजसेवी बन्ने अवसर प्रदान गर्दै र आफ्नो पेशा व्यवसायमा आत्मनिर्भर बन्ने प्रेरणा दिने कार्यमा अहम भुमिका रहेको छ। दक्ष र अनुभवि कार्यसमितीको माध्यमबाट गुणस्तरिय सेवा प्रदान गरि समय सापेक्ष बदलिदो रहन सहन जिवनशैली र प्रवासीने क्रमसँगै संसारको कुनकुनै भुगोलमा छरिएर रहेका नेपालीहरुको अभिभावकको भुमिका यस संस्थाले निर्वाह गर्नेमा विश्वस्त छु। कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसर पारि प्रकाशन गर्न लागेको "आदर्श सन्देश स्मारिका वर्ष २ अंक २" मा समावेश भएका इतिहास लेखन, लेख रचनाले यस सँस्थामा आवद्ध रहनुभएका सँस्थापक, पुर्व सदस्य, वर्तमानमा र भविष्यमा पनि आवद्ध रहने सबैलाई सामाजिक तथा मानवीय कार्यमा लाग्ने प्रेरणा र इतिहासको जर्गेना गर्ने उच्च मनोबल मिली रहोस् भन्ने शुभेच्छा सहित २२ औं स्थापना दिवसको अवसरमा कास्की आदर्श समाज कतारको सामाजिक सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। साथै नयाँ वर्ष २०८१ को सम्पुर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**ध्रुवराज अधिकारी**

**संस्थापक सदस्य, पुर्व अध्यक्ष, पुर्व सल्लाहकार, संरक्षक**
**कास्की आदर्श समाज कतार**
रुपा गाउँपालिका-६, रुपाताल अर्जेरा (हाल: दोहा, कतार)

# शुभकामना



सन २००२ जुलाई २६ मा स्थापित यस कास्की आदर्श समाज दोहा कतारले आफ्नो गौरवमय २२ औं स्थापना दिवसको सु-अवसरमा प्रकाशित यस **आदर्श सन्देश स्मारिका दोस्रो अङ्क** प्रति सगौरव खुशी व्यक्त गर्दै संस्थाले विगतमा गरेका सामाजिक क्रियाकलापहरु जीवन्त राख्न यस स्मारिका सफल हुने अभिलाषा प्रकट गर्दछु ।

नेपाली राजदूतावास कतार, गैर आवासीय नेपाली संघ, कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद, नेपाल लगायत कतारमा स्थापित विभिन्न संघ संस्था संग हातेमालो गर्दै मूलतः प्रवासमा रहेका कस्केलीहरुको हितका लागि यस संस्थाले दोहा कतारमा नेतृत्वदायी भूमिका खेल्दै आइरहेका हामी सबैलाई सर्वविदितै छ । यसका अतिरिक्त आफ्नो कला संस्कृति एवम खेलकूद क्षेत्रको विकासको लागि पनि कास्की आदर्श समाज कतारले अग्रणी भूमिका खेल्दै आइरहेको छ ।

यसरी विदेशमा रहेर पनि आफ्नो जागिर तथा व्यवसाय पछि बचेको केही समय संस्थामा निश्वार्थ सेवाभावले लगानी गरी स्थापनाकाल देखि हालसम्म यस संस्थालाई अगाडि बढाउन प्रत्यक्ष एवम अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सबैको सहयोग र योगदानको स्मरण गर्दै कास्की आदर्श समाज कतारको उत्तरोत्तर प्रगतिको कामना गर्दै कतारमा रहेका समस्त कस्केलीहरुको लागि शीतल छहारी र समाजको अभिन्न अङ्ग बन्न सकोस, हार्दिक शुभकामना ॥

**श्री राम प्रसाद गौतम**
संरक्षक एवम् पुर्व अध्यक्ष
**कास्की आदर्श समाज, कतार**
पोखरा महानगरपालिका-८, सृजना चोक, कास्की

# शुभकामना



मध्यपूर्वको खाडी राष्ट्र कतार (जसलाई मिनी नेपाल भनेर पनि चिनिन्छ) जहाँ कास्की जिल्लाबाट रोजीरोटीको सिलसिलामा आउनु भएका अग्रज दाजुभाइहरुको परोपकारी भावनाले सन २००२ जुलाई २६ मा स्थापित यस कास्की आदर्श समाज कतारले आफ्नो स्थापना काल देखि नै प्रवासी कस्केली तथा गैर कस्केली नेपालीहरु माझ सम्पर्क, एकता, सहयोग, सद्भाव, सहिष्णुताको अभिवृद्धी गर्दै तथा प्रवासमा नेपाली कला, संस्कृति भाषा, भेषभूषा, साहित्य खेलकुद तथा चाडपर्वहरुको प्रवर्द्धन मार्फत नेपाललाई चिनाउन तथा स्वदेशमा सामाजिक क्रियाकलाप तथा दैवी प्रकोपमा निर्वाह गर्दै आएको सक्रिय भूमिकाको यस संस्थाको आजीवन सदस्यको हैसियतले समाजको यस प्रकारको गतिविधिहरुको उच्च प्रशंसा गर्दछु ।

जसरी लगनशीलता, मिहेनत, सिर्जनशिलता, इमान्दारिता, मैत्रीभाव र सहयोगीभाव जस्ता गुणहरु मानिसको विशेषता हुन, त्यसरी नै यी सबै प्रवृत्ति एक असल संघ संस्थाको गहना हुन् । मेरो विचारमा कतारमा स्थापित सबै संघ संस्थाहरुको बीच कास्की आदर्श समाज कतारले पनि यो गहना पहिरिन पाएको मैले ठानेको छु ।

अन्त्यमा, कास्की आदर्श समाजले अनवरत रुपमा सामाजिक कार्यमा आफुले गरेको गतिविधि, प्राप्त गरेको उपलब्धि तथा सामना गरेको चुनौतीहरुलाई यथा सम्भव समेटेर उपयोगी एवम ज्ञानवर्धक स्मारिका समाजका सदस्यहरु, नेपाली समुदाय र सरोकारवाला तथा शुभचिन्तकहरुलाई सूचित गर्ने उद्देश्यले **आदर्श सन्देश स्मारिका दोस्रो संस्करण** जीवन्त दस्तावेजको रुपमा प्रकाशन हुन लागेकोमा अत्यन्तै हर्षित छु भने आदर्श सन्देश स्मारिका दोस्रो संस्करण प्रकाशनको अभिभारा वहन गरेकोमा निवर्तमान हुने लागेको वर्तमान कार्यसमिति परिवार एवम् स्मारिका प्रकाशन समितिलाई बधाई तथा विशेष धन्यवाद दिन चाहन्छु । साथै २२ औं स्थापना दिवस तथा नव वर्ष २०८१ सालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**श्री अमिर श्रेष्ठ**
आजीवन सदस्य
**कास्की आदर्श समाज, कतार**
पोखरा महानगरपालिका-२७, लेखनाथ, रिठ्ठेपानी, कास्की, नेपाल

# कार्यसमिति पदाधिकारी (२०२२-२०२४)



श्री अगन्धर देवकोटा (अग्नी)
अध्यक्ष



श्री सुरज रानाभाट
बरिष्ठ उपाध्यक्ष



श्री अमृत बि.क.
उपाध्यक्ष
(खेलकुद तथा अतिरिक्त कृयाकलाप संयोजक)



श्री गोबिन्द बराल
उपाध्यक्ष
(फेवा सांस्कृतिक परिवार संयोजक)



श्री सन्तोष तिमील्सीना
सचिव



श्री बिष्णु तिमील्सीना
सचिव



श्री केदार भण्डारी
सह–सचिव



श्री केशु गुरुङ
कोषाध्यक्ष



श्री बसन्त श्रेष्ठ
सह–कोषाध्यक्ष
(आकस्मिक राहत कोष संयोजक)



श्री पुष्प तिमील्सीना
सदस्य
(संयोजक पोखरा महानगरपालिका)



श्री राजकुमार बि.क.
सदस्य
(संयोजक अन्नपूर्ण गाउँपालिका)



श्री रामदाश भुर्तेल
सदस्य



श्री राम कृष्ण भण्डारी
सदस्य



श्री जित बहादुर गुरुङ
सदस्य



श्री कृष्ण भण्डारी
सदस्य



श्री तुलसी रानाभाट
सदस्य



श्री ऋषीराम बिश्वकर्मा
सदस्य



श्री कल्पना तामाङ
सदस्य

# संरक्षकहरू (२०२२-२०२४)



**श्री आश बहादुर गुरुङ**
संरक्षक सयोजक



**श्री मन प्रसाद रानामगर**
संरक्षक सदस्य



**श्री बिमल सुवेदी**
संरक्षक सदस्य



**श्री राम प्रसाद गौतम**
संरक्षक सदस्य



**श्री धन बहादुर कार्की**
संरक्षक सदस्य

# सल्लाहकारहरू (२०२२-२०२४)



**श्री हेम बहादुर बि.क (बिक्की)**
प्रमुख सल्लाहकार



**श्री रेशम बस्नेत**
सल्लाहकार



**श्री प्रकाश बिश्वकर्मा**
सल्लाहकार



**श्री कृष्ण बहादुर कार्की**
सल्लाहकार



**श्री खुशीमान गुरुङ**
सल्लाहकार



**श्री नवीन पौडेल**
सल्लाहकार



**श्री हरी प्रसाद तिमील्सीना**
सल्लाहकार

## अनुशासन तथा अनुगमन समिति



श्री मन प्रसाद रानामगर
संयोजक



श्री रेशम वस्नेत
सदस्य



श्री हरी प्रसाद तिमील्सिना
सदस्य

## पांचौ अधिवेशनबाट निर्वाचित कार्यसमिति पदाधिकारी र यस कार्यसमितिले चयन गरेका सल्लाहकार समिति

अध्यक्ष : श्री मन प्रसाद रानामगर
प्रथम उपाध्यक्ष : श्री धन वहादुर कार्की
द्वितिय उपाध्यक्ष : श्री केशर क्षेत्री
सचिव : श्री विश्ववन्धु थापा
सह-सचिव : श्री जीवन कुमार सुनार
कोषाध्यक्ष : श्री द्रोण प्रसाद वास्तोला
सह-कोषाध्यक्ष : श्री अगन्धर देवकोटा (अग्नी)

केन्द्रिय सदस्यहरु:

श्री हेम वहादुर बि.क (बिक्की)
श्री प्रेमलाल अधिकारी
श्री बिकास राज वराल
श्री मन वहादुर कुंवर
श्री देव कृष्ण तिमल्सिना
श्री भिम गिरी
श्री महेन्द्र गिरी
श्री सुकदेव सुनार
श्री वाबुराम थापा
श्री दिल कुमारी गुरुङ
श्री सुरज रानाभाट
श्री गोकर्ण सुनार
श्री डिल वहादुर खड्का

फेवा सांस्कृतिक परिवार संयोजक :
श्री हेम वहादुर बि.क (बिक्की)

खेलकुद तथा अतिरिक्त कृयाकलाप संयोजक :
श्री जीवन कुमार सुनार

आकस्मिक राहत कोष संयोजक :
श्री मन वहादुर कुंवर

### सल्लाहकार समिति

सल्लाहकार प्रमुख : श्री आश वहादुर गुरुङ
सल्लाहकार सदस्यहरु :

श्री हंशराज ढकाल
श्री ध्रुवराज अधिकारी
श्री विमल सुवेदी
श्री रेशम वस्नेत
श्री बिष्णु सुवेदी

## छैठौ अधिवेशनबाट निर्वाचित कार्यसमिति पदाधिकारी र यस कार्यसमितिले चयन गरेका संरक्षक समिति, सल्लाहकार समिति

अध्यक्ष : श्री विश्ववन्धु थापा
वरिष्ठ उपाध्यक्ष : श्री हेम वहादुर बि.क (बिक्की)
प्रथम उपाध्यक्ष : श्री प्रकाश बिश्वकर्मा
द्वितिय उपाध्यक्ष : श्री मन बहादुर कुंवर
सचिव : श्री खुशीमान गुरुङ
सह-सचिव : श्री अमृत बिश्वकर्मा
कोषाध्यक्ष : श्री अगन्धर देवकोटा (अग्नी)
सह-कोषाध्यक्ष : श्री बाबुराम थापा

केन्द्रिय सदस्यहरु:

श्री प्रेमलाल अधिकारी
श्री सुरज रानाभाट
श्री केशर कार्की
श्री दिल कुमारी गुरुङ
श्री सुर्य गायक
श्री पारसिङ तामाङ
श्री अरुणा गुरुङ
श्री गणेश जिसी
श्री सुरज परियार
श्री क्षेत्र बहादुर गुरुङ

फेवा सांस्कृतिक परिवार संयोजक :
श्री प्रकाश बि.क.

खेलकुद तथा अतिरिक्त कृयाकलाप संयोजक :
श्री मन बहादुर कुँवर

आकस्मिक राहत कोष संयोजक :
श्री बाबुराम थापा

### सल्लाहकार समिति

सल्लाहकार प्रमुख : श्री मन प्रसाद रानामगर
सल्लाहकार सदस्यहरु : श्री राम प्रसाद गौतम
श्री आश बहादुर गुरुङ
श्री धन बहादुर कार्की
श्री रेशम वस्नेत
श्री प्रभात त्रिपाठी
श्री कृष्ण बहादुर कार्की

### संरक्षक समिति

संरक्षक संयोजक : श्री हंशराज ढकाल क्षेत्री
संरक्षक सदस्यहरु : श्री बलराम सापकोटा
श्री बिल बहादुर गुरुङ
श्री ध्रुवराज अधिकारी
श्री विमल सुवेदी

## सातौं अधिवेशनबाट निर्वाचित कार्यसमिति पदाधिकारी र यस कार्यसमितिले चयन गरेका संरक्षक समिति, सल्लाहकार समिति

| | |
|---|---|
| अध्यक्ष | : श्री हेम वहादुर बि.क |
| वरिष्ठ उपाध्यक्ष | : श्री अगन्धर देवकोटा (अग्नी) |
| उपाध्यक्ष | : श्री प्रेमलाल अधिकारी |
| उपाध्यक्ष | : श्री श्री सुरज रानाभाट |
| सचिव | : श्री अमृत विश्वकर्मा |
| सह-सचिव | : श्री सन्तोष तिमील्सिना |
| कोषाध्यक्ष | : श्री केशर कार्की |
| सह-कोषाध्यक्ष | : श्री सि वि गुरुङ |
| केन्द्रिय सदस्यहरु | : श्री राज कुमार बि.क. |
| | श्री वसन्त श्रेष्ठ |
| | श्री दिल कुमारी गुरुङ |
| | श्री कृष्ण वहादुर रानाभाट |
| | श्री देव वहादुर बि.क (मनोनित) |
| | श्री सरिता गुरुङ (मनोनित) |
| | श्री केशु गुरुङ (मनोनित) |
| | श्री गोविन्द वराल (मनोनित) |
| | श्री इ. प्रदिप खत्री (मनोनित) |

### सल्लाहकार समिति

**सल्लाहकार प्रमुख:** श्री मन प्रसाद रानामगर

**सल्लाहकार सदस्यहरु:**

श्री आश वहादुर गुरुङ
श्री रेशम वस्नेत
श्री प्रकाश वि क
श्री कृष्ण वहादुर कार्की
श्री खुशीमान गुरुङ
श्री नविन पौडेल

### संरक्षक समिति

श्री हंशराज ढकाल
श्री विल वहादुर गुरुङ
श्री धुर्व राज अधिकारी
श्री विमल सुवेदी
श्री धन वहादुर कार्की

### प्रथम विधान मस्यौदा समिति

| | |
|---|---|
| संयोजक | : श्री वलराम सापकोटा |
| सदस्य | : श्री हंशराज ढकाल |
| सदस्य | : श्री तिलकशाली सापकोटा |

### प्रथम निर्वाचन मण्डल, २७ नोभेम्वर २००७

| | |
|---|---|
| संयोजक | : श्री सम्सुदिन मिया |
| सदस्य | : श्री राजेश दर्शन अर्याल |
| सदस्य | : श्री रामहरी गैह्रे |

### विधान संशोधन संयोजकत्व:

प्रथम विधान संशोधन सन् २००७
संयोजक : श्री विल वहादुर गुरुङ
दोस्रो विधान संशोधन सन् २०१४
संयोजक : श्री राम प्रसाद गौतम
तेस्रो विधान संशोधन सन् २०१६
संयोजक : श्री विमल सुवेदी
चौंथो विधान संशोधन सन् २०१८
संयोजक : श्री विमल सुवेदी
पाचौं विधान संशोधन सन् २०२०
संयोजक : श्री धुवराज अधिकारी
छैठौं विधान संशोधन सन् २०२२
संयोजक : श्री मन प्रसाद रानामगर



हिमाल आरोहणको क्षेत्रमा सवैभन्दा जेठो हिमालका रुपमा **अन्नपूर्ण प्रथम** रहेको छ । सन् १९५० जुन ३ तारिखमा सर्वप्रथम फ्रान्सेली नागरिक मोरिस हर्जोगले सफल आरोहण गरेको दिनलाई **अन्नपूर्ण डे** का रुपमा मनाईन्छ ।

# प्रकाशन समिति



श्री अगन्धर देवकोटा (अग्नी)
संयोजक



श्री मन प्रसाद रानामगर
सम्पादक



श्री रेशम वस्नेत
सदस्य सचिव



श्री नविन पौडेल
सदस्य (कोषाध्यक्ष)



श्री विमल सुवेदी
सल्लाहकार

# स्थापनाकाल देखि वर्तमान सम्मका अध्यक्षहरु



श्री बलराम सापकोटा
जुलाई २००२ - अगस्ट २००७



श्री बिल गुरुङ
अगस्ट २००७ - नोभेम्बर २००७



श्री ध्रुवराज अधिकारी
नोभेम्बर २००७ - नोभेम्बर २००८



श्री तिलकशाली सापकोटा
२००८ - २००९



श्री राम प्रसाद गौतम
२००९ - २०११



श्री आश बहादुर गुरुङ
२०११ - जनवरी २०१६



श्री मन प्रसाद राना मगर
जनवरी २०१६ - अप्रिल २०१८



श्री विश्वबन्धु थापा
अप्रिल २०१८ - २०२०



श्री हेम बहादुर वि.क. (बिक्की)
२०२० - २०२२



श्री अगन्धर देवकोटा (अग्नी)
२०२२ - २०२४

'विश्वभरीका कस्केली खोजी अभियान: समृद्ध जन्मथलो हाम्रो स्वाभिमान'

# कास्की आदर्श समाज, यूएई

KASKI IDEAL SOCIETY, UAE

स्थापित: २०७० (२०१४)

राष्ट्रिय समिती २०२२/०२४
अध्यक्ष
श्री शिवकुमार श्रेष्ठ
वरिष्ठ उपाध्यक्ष
श्री शिवराज बस्ताकोटी
प्रथम उपाध्यक्ष
श्री सोम बहादुर खवास
द्वितिय उपाध्यक्ष
श्री धुवराज आचार्य
महिला उपाध्यक्ष
श्री सविता गुरुङ
महासचिव
श्रीराम रानाभाट
सचिव
श्री विजय त्रिपाठी
कोषाध्यक्ष
श्री विनोद के.सी.
सह-कोषाध्यक्ष
श्री अर्जुन बसौला
प्रवक्ता
श्री बुद्धि बहादुर रानाभाट
सदस्यहरु:
श्री सागर श्रेष्ठ
श्री पुष्प पाठक
श्री डि. बि. गुरुङ
श्री कमल शाही
श्री धन बहादुर गुरुङ
श्री सूर्यनाथ सापिकोटा
श्री ममता गुरुङ
श्री दिपक के.सी.
श्री मित्र बहादुर नेपाली
श्री अमित महत
श्री सन्तोष पोखेल

संरक्षक समिती:
संयोजक, श्री केदार कुँवर
सदस्य, श्री शालेन्द्र ब. कार्की
सदस्य, श्री गुलशेखर पौडेल
सदस्य, श्री मनोज कुमार बैदु
सदस्य, श्री पुष्पराज अधिकारी

सल्लाहकार समिती:
संयोजक, श्री राजेश श्रेष्ठ
सदस्य, श्री बलराम अधिकारी
सदस्य, श्री सुरेन्द्र जि.सी.
सदस्य, श्री चन्द्रमोहन आचार्य
सदस्य, श्री शोभा शर्मा
सदस्य, श्री विकास शाही
सदस्य, श्री मुन प्रसाद गुरुङ

Ref. No. / पत्र नं : ०२५/०२४ Date / मिति : २१ मे, २०२४

## "हार्दिक शुभकामना"

कतारमा बसोबास गरिरहेका कस्केलीहरुको साझा घर कास्की आदर्श समाज, कतार ले सँस्थाको स्थापना कालदेखि सामाजिक क्षेत्रमा सम्पन्न गरेका क्रियाकलाप एवम् सेवामुलक कार्यहरुलाई लिखित रुपमा सुरक्षित राख्न तथा विविध जानकारी मुलक लेख, रचना, विज्ञापन र सन्देश मुलक विषयहरुलाई समेटेर पाठक समक्ष प्रस्तुत गरी स्वदेश तथा बिदेशका कुनाकुनामा छरिएर रहनु भएका कस्केली एवम् गैर कस्केली नेपालीहरुका माझ पुर्याउने उदेश्यका साथ आदर्श सन्देश स्मारिका अंक-१ को सफलता र उत्साहले आदर्श सन्देश स्मारिका अंक -२ प्रकाशन गर्न लागेको जानकारी प्राप्त हुँदै गर्दा हामी कास्की आदर्श समाज, यूएई परिवार अत्यन्त हर्षित र गौरवान्वित भएका छौं। बैदेशिक रोजगारीका क्रममा जुन सुकै देशमा रहेतपनि संस्था स्थापना पश्चात मातृभूमि होस् या परदेशमा अनेक समस्या र झमेलामा परेका आफ्ना दाजुभाई -दिदीबहिनीहरु प्रतिको जिम्मेवारी लाई मध्यनजर गर्दै अहिलेसम्म गर्दै आएका हरेक सामाजिक गतिबिधिहरुलाई लिपिबद्ध गरेर राख्दै गर्दा आउने पुस्ताहरुलाई उर्जा एवम् मार्गदर्शन मिल्नुका साथै अन्य देशहरुमा स्थापित र संगठित संघ-संस्थाहरुलाई समेत हौसला एवम् प्रोत्साहन मिल्ने छ भन्ने हामीले विश्वास लिएका छौं।

हो भौगोलिक अवस्थाका कारण हामीले फरक फरक स्थानबाट संस्था स्थापना गरि पुर्याउँदै आएको योगदान भने उस्तै उस्तै छ। हाम्रो घर एउटै हो, कोठा अलग छन् , कोठा कोठामा बस्ने सदस्य एउटै परिवारका हौं, हाम्रो दायित्व र उद्देश्य एउटै हो, सामुहिक रुपमा दिने संदेश एउटै हो, यसकारण हरेक काम कर्तव्य र जिम्मेवारीमा साथ, सहयोग र सहकार्य गर्न हामी कास्की आदर्श समाज यूएई परिवार सधैं तत्पर रहेको कुरा पनि बिश्वस्त गराउन चाहन्छौं।

स्मारिकामा प्रकाशन हुने लेख, रचना तथा विविध बिषय बस्तुहरुले बैदेशिक रोजगारीको सिलसिलामा हामी नेपालीहरुले भोग्नु परेका अनेक समस्या, चुनौती, अवसर र आवश्यकताहरुको बारेमा पनि सरोकारवालाहरुलाई झकझक्याउन सक्नेछ भन्नेमा हामी बिस्वस्त छौं। २२औं स्थापना दिवस को पुनित अवसरमा प्रकाशोन्मुख स्मारिकाको जिम्मेवारी लिएर प्रकाशनको तयारी गर्नुहुने कार्यसमिती लगायत प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नुहुने सामाजिक व्यक्तित्वहरु प्रति धन्यवाद ब्यक्त गर्दै स्मारिका प्रकाशनको उदेस्य प्राप्ति एवम् समग्र संस्थाको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**सधन्यवाद् प्रार्थी,**

श्रीराम रानाभाट
(महासचिव)

शिवकुमार श्रेष्ठ
(अध्यक्ष)

**कास्की आदर्श समाज, यूएई परिवार।**

सम्पर्कका लागि: ०५५ ५३५ ३६४५ (अध्यक्ष), ०५२ ९५७ १४६७ (महासचिव)
ईमेल: kaskiidealuae@gmail.com; https://www.facebook.com/profile.php?id=100073801459197

# श्री सिर्जना बहिरा आवासीय माध्यमिक विद्यालय

पोखरा-२६, कास्की

स्था: २०४४

मिति : २०८१/०३/०५

## शुभकामना !!!

कास्की आदर्श समाज कतारले हाम्रो विद्यालय सिर्जना बहिरा आवासीय माध्यमिक विद्यालय पोखरा-२६, अघौंसँग विगत वर्षहरु देखि हातेमालो गर्दै आइरहेको छ । यस संस्थाले विद्यालयको शैक्षिक उन्नयनमा टेवा पुऱ्याउने हेतुले रु. २,२५,०००/- (अक्षरुपी दुई लाख पच्चिस हजार) को अक्षयकोष स्थापना गरी यस सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता सहित विद्यालयलाई साथ दिएको छ । यस विद्यालयमा हाल करिब ४७ जिल्लाका २५० जना बहिरा अपाङ्गता भएका बालबालिकाहरु अध्ययनरत गर्ने विद्यालयमा संस्थाले अक्षयकोष स्थापना गरी यस्ता प्रकृतिका बच्चाहरुको शिक्षामा टेवा पुऱ्याउने असल कार्यमा संस्थाले पुऱ्याएको योगदान प्रति विद्यालय परिवार हार्दिक आभार व्यक्त गर्दछ । संस्थाको उत्तरोत्तर प्रगतिको कामना सहित आगामी दिनमा पनि संस्थाले यस्ता क्षेत्रहरुमा अतुलनीय योगदान पुऱ्याउन सफलता मिल्दै जानेछ भन्ने सदिक्षा व्यक्त गर्दछौं ।

सामाजिक सेवाका विभिन्न क्षेत्रमा वास्तविक रुपमा आफुलाई "आदर्श समाज" को रुपमा स्थापित गर्न सफल सामाजिक संस्था कास्की आदर्श समाज कतारको २२ औं स्थापना दिवसको उपलक्ष्यमा संस्थाले आदर्श सन्देश स्मारिका अंक-२ प्रकाशन गर्न लागेकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

प्रकाश लाल श्रेष्ठ<br>अध्यक्ष<br>विद्यालय व्यवस्थापन समिति<br>पोखरा-२६, अर्घौ<br>९८५६०८७७४५

सुनिल कुमार भण्डारी<br>प्रधानाध्यापक<br>सिर्जना बहिरा आवासीय मा.वि<br>पोखरा-२६, अर्घौ<br>९८४६०२६५१७, ०६१५६२४६६

## शुभकामना

थुप्रै बुद्धिजीवी अग्रज सामाजिक अभियन्ता जन्माएको र थेरै सामाजिक संघ संस्थाहरुको पथ प्रदर्शक, अग्रणी संस्था कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवस र नयाँ वर्ष २०८१ को अवसर पारेर संस्थाको गतिविधि लगायत साहित्यिक, वौद्धिक लेख रचनाको खुराकले सुसज्जित आदर्श सन्देश स्मारिका-२ प्रकाशन गरेकोमा हार्दिक बधाई दिन चाहन्छौं । २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सवैका लागि नमुना बनोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ को सवैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



श्री पारसिङ तामाङ<br>अध्यक्ष<br>कास्की सार्दिखोला समाज, कतार

# सम्पादकिय....



मन प्रसाद रानामगर

तत्कालिन समयमा वैदेशिक रोजगारीमा रहेका गृह जिल्लावासीहरुको निम्ति दुःख सुखको चौतारी बन्ने र नेपाली समुदाय बीच सहयोग, सहकार्य र समन्वयलाई आधार वनाएर सभ्य र समृद्ध समाज स्थापनाको पवित्र उद्देश्य सहित स्थापना भएको कास्की आदर्श समाज कतारले २२ औं वसन्तमा प्रवेश गरेको छ । यही गौरवमय अवसरलाई अझ ऐतिहासिक बनाउन दुई दशक भन्दा बढी अनवरत रुपमा सम्पन्न गरिएका सामाजिक गतिविधिहरुको अभिलेख राख्ने र समाजका समसामयिक विषयहरुलाई उठान गर्दै प्रकाशन गरिने कार्यको निरन्तरता **"आदर्श सन्देश स्मारिका अङ्क २"** ले गरेको छ। पहिलो अङ्कले जस्तै दोस्रो अङ्क मार्फत कास्की आदर्श समाज कतारले केवल संस्थागत जानकारी र क्रियाकलापका गुणगान मात्र लिपिवद्ध नगरेर स्वदेश तथा विदेशमा रहेका नेपाली समाज, समुदाय र समग्र नेपालीहरु संग कही न कही सरोकार राख्ने विषयगत खुराकहरु समेट्ने प्रयत्न गरेको छ। यसरी कास्की आदर्श समाज कतारका कार्यसम्पादन भएपछि चाङ लागेका गतिविधिहरुलाई संकलन गरेर, टक्टक्याएर, सुचीवद्ध गर्दै आउने पिंढिका निम्ति अभिलेख राख्ने कार्य संगै समाज र समुदायलाई झक्झक्याउन, यथार्थतामा डुबुल्की लगाउन दोश्रो अङ्कले महत्वपूर्ण भूमिका खेल्ने नै छ। समाज र श्रमिक संग सम्वन्धित विषयहरुलाई केन्द्र विन्दुमा राखेर विभिन्न कोणबाट पर्गेल्ने प्रयास गरिएको छ। र यो प्रयासका निम्ति अध्यक्ष अगन्धर देवकोटा (अग्नी) र टिमलाई धन्यवाद व्यक्त गर्दछु।

नेपालमा भएको चरणवध्द ऐतिहासिक जनआन्दोलन र व्यवस्था परिवर्तन संगै खुशहालका किरणहरु जनताको घर दैलोमा पुग्नुपर्ने हो। तर परिवर्तनका स्वाद जनताले तृप्त त के चाख्न पनि नपाएको उदाहरण समाजमा यत्रतत्र भेटिन्छ। नयाँ व्यवस्थाले निर्देशित गरे जस्तो स्थानिय देखि सरकारी तह सम्म निष्पक्ष सेवाको अनुभुती गर्न सकिरहेको छैन। देशमा व्यवस्था परिवर्तन भएपनी रोजगारीका अवसर यथोचित रुपमा सिर्जना हुन सकिरहेको छैन। स्वदेशमै गरी खान्छु भनेर लगानी गरेका केही वाहेक अधिकांश लगानीकर्ता आफ्नो लगानी सुरक्षित गर्नै अनेक संघर्ष गर्नु परिरहेको छ। भर्खर वयस्क भएका र १२ कक्षा सकेका युवाहरु जस्ले राष्ट्रको भविष्य सुन्दर बनाउने तर्फ स्वदेश मै दिलोज्यानले लाग्नुपर्ने हो तर अवसरको कमी र जेनतेन घरको आर्थिक अवस्था चलायमान वनाउनकै निम्ति विदेशिन वाध्य छन। असमानता, वाध्यता, अभाव, पीडा, शोषण जस्ता मानवलाई नपच्ने परिस्थितिहरु परिवर्तन गर्नका लागि नै मानव समाजमा ठुला-ठुला अभियान, क्रान्ति, आन्दोलनहरु सतहमा आउने गर्दछन्। मानव ईतिहासमा परिवर्तन एउटा अपरिहार्य पाटो हो। तर हाम्रो मुलुकमा परिवर्तन केवल केही वर्गलाई मात्र भएको छ। उनिहरुको जीवनमा कायापलट भएको छ। आम जनजीवनमा विगत र वर्तमानमा खासै भिन्नता देखिदैन बस् समस्याको प्रकृति फरक छ, संघर्ष फरक छ। समाज परिवर्तनको परिभाषा निश्चित व्यक्तीहरुको जीवन परिवर्तनमा सिमित हुन पुगेको छ। र यसलाई समाज विकासको राम्रो सुचक मान्न सकिदैन।

आजको विश्व एउटा गाउं जस्तै भएको छ। जहाँ व्यापार, सांस्कृतिक, आर्थिक र राजनीतिक सरोकारहरु एक अर्कामा जेरी जस्तै जेलिएका छन्। वैदेशिक अर्थ व्यापार, खुला श्रम वजार, सांस्कृतिक आदान प्रदान आदिले फरक परिवेशलाई सामिप्यता त गराएको छ। तर हाम्रो जस्तो विकासोन्मुख राष्ट्रहरुलाई भने फाईदा भन्दा घाटा धेरै भएको यथार्थता छ। वदलिदो समय परीवेश, वैदेशिक अर्थनिती, राष्ट्र हित, वदलिदो समाज, स्वदेश तथा विदेशमा सिकेको सिप सदुपयोग, शैक्षिक गुणस्तर, रोजगारीको सुनिश्चितता जस्ता महत्वपूर्ण विषयहरुमा सम्वन्धित निकाय र सरकार दत्तचित्त भएर लागि परेमा समाज सकरात्मक बाटो र विकास तिर लम्किनेछ।

अन्त्यमा, संघ संस्थामा जोडीएको होस् या नहोस्, हरेक व्यक्तीमा सामाजिक दायित्व र जिम्मेवारी हुन्छ। समाजका निम्ति असल र सकरात्मक काम गर्न कहिल्यै पनि ढिलो हुँदैन। आपसी सद्भाव, समन्वय र सहकार्यले नै समाजलाई सभ्य र समृद्ध तर्फ उन्मुख गराउंदछ।

अन्त्यमा, यस संस्थाले गरेका गतिविधिको अभिलेख, प्रत्यक्ष नेपाली जनजीवन संग जोडीएका षियहरुको उठान एवम् जानकारीहरुले समाजका अन्य संघ संस्थाहरुलाई सामाजिक कार्य प्रति अभिप्रेतित गर्न कास्की आदर्श समाज, कतार अव्वल बन्नेछ भन्ने अपेक्षा राख्दै २२ औं स्थापना दिवसको शुभकामना व्यक्त गर्दछु। साथै वि.स २०८१ सालको सुखद अवसरमा विश्वभरी छरिएर रहनु भएका नेपालीजनको प्रगति, सु-स्वास्थ्य, सुख र शान्तीको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

# बिषयसूची


१. अध्यक्षको कलमबाट - श्री अगन्धर देवकोटा (अग्नी) ........ १-२
शुभकामना : कास्की आदर्श समाज, बहराइन

२. संस्थागत गतिविधिहरु - श्री अगन्धर देवकोटा (अग्नी) ........ ३-१५
शुभकामना : कास्की आदर्श समाज स्पेन, साउदी अरेविया, सुदुरपश्चिमेली नेपाली समाज कतार, सि.बि गुरुङ

३. कतारका एच.एच अमिर शेख तमिम विन हमाद अल थानीको ऐतिहासिक नेपाल भ्रमण र शिष्टाचार भेटघाट ..... १६

४. संस्थागत गतिविधिहरु तस्विरमा ........ १७-२२

५. कास्की जिल्ला संक्षिप्त परिचय - श्री रेशम वस्नेत ........ २३ - २४
शुभकामना : रोल्पाली सेवा समाज कतार, मधेसी एकता समाज कतार

६. सार्दिखोला : अंध्यारोबाट उज्यालो तर्फ - श्री मित्रलाल आचार्य ........ २५ - २७
शुभकामना : लुम्विनी प्रदेश समन्वय परिषद कतार, तमु (गुरुङ) समाज कतार

७. शुभकामना : स्याङ्जा सहयोग समाज कतार, तनहुँ सेवा समाज कतार ........ २८

८. संस्थागत गतिविधिहरु तस्विरमा ........ २९ - ३२

९. शुभकामनाः गण्डकी प्रदेश समन्वय परिषद कतार, श्री कृष्ण पन्थी ........ ३३

१०. वैदेशिक रोजगारीका समस्या, संघ संस्था र नेपाल सरकारको दायित्व - श्री विमल सुवेदी ........ ३४ - ३८
शुभकामना : अर्घाखांची सेवा समाज कतार

११ संस्थालाई प्राप्त सम्मान-पत्रहरु ........ ३९ - ४१

१२. वर्तमान सिच्दै भविश्य कोर्दै - परदेशमा नेपाली महिला - श्री माया के.सी ........ ४२ - ४३
शुभकामनाः नेपाली महिला समाज कतार

१३. कतारबाट फर्किएपछि अध्ययनले दिएको खुशी - श्री सन्तोष आचार्य ........ ४४ - ४६
शुभकामना : कास्की परिवार दक्षिण कोरिया

१४. अनुभव र आवश्यकता - श्री कृष्ण भण्डारी ........ ४७
शुभकामनाः म्याग्दी प्रवासी नेपाली संघ (मोना)

१५. संस्थागत गतिविधिहरु तस्विरमा ........ ४८ - ४९

१६. शुभकामना - श्री केशु गुरुङ ........ ५०

१७. पूर्व प्रकाशित सामाग्रीहरु ........ ५१
शुभकामना - श्री धन बहादुर कार्की

१८. प्रवासी नेपाली श्रमिकका निमित्त योगदानमा आधारित सामाजिक सुरक्षा कोष - श्री खेमराज सुवेदी ........ ५२ - ५४
शुभकामना : श्री शान्ती अधिकारी, उपाध्यक्ष का.आ.स.अ.स.प. नेपाल, तमु प्ये ल्हु संघ कतार शाखा

१९. स्वदेशमा रोजगारीका अवसरहरु - श्री विश्वनाथ पौडेल ........ ५५ - ५६

२०. Impact of Foreign Labor Migration on Social Change and Development in Nepal - Pratikshya Shrestha .. ५७ - ५९
शुभकामनाः सर्लाही प्रवासी सेवा समाज कतार

२१. International Migration and Foreign Employment in Nepal: Current Trends - Bhim Rai ....... ६० - ६१
शुभकामनाः नेपाल मगर संघ शाखा कतार, अन्तर्राष्ट्रिय नेपाली मुस्लिम समाज कतार

२२. गर्मी मौसममा हुन सक्ने समस्या र आफुलाई कसरी सुरक्षित राख्ने ?- श्री खुशीमान गुरुङ .................. ६२

२३. किन हुन्छ हृदयघात? हृदयघात रोक्न कस्तो विधी अपनाउने ? - श्री अविसुखी सुवेदी (अन्सु) ............ ६३ - ६४
शुभकामनाः गुल्मी सेवा समाज कतार

२४. के हो त हिट स्ट्रोक ? कसरी सुरक्षित रहने ? - डा निरज, कान्तिपुर मेडिकल कतार ...................... ६५
शुभकामना - कर्णाली प्रदेश समन्वय परिषद, कतार

२५. प्राकृतिक चिकित्सा र त्यसको सम्बन्ध - डा अविश्रम गुरागाइ ........................................ ६६ - ६८
शुभकामनाः राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल कतार शाखा, लमजुङ्ग सेवा समाज कतार, श्री हरि प्रसाद तिमिल्सिना

२६. जलवायु परिवर्तन र नेपाल - श्रीराम सुवेदी ............................................................ ६९ - ७०

२७. प्रवासमा भलिवल र अविस्मरणिय क्षणहरु - श्री अमृत विश्वकर्मा ........................................ ७१ - ७३
शुभकामनाः नेपाली रक्तदाता संघ कतार, नेपाली जनसम्पर्क समिति कतार, नेपाली एकता समाज जनमोर्चा कतार

२८. खेलकुद गतिविधिहरु तस्विरमा........................................................................ ७४ - ७५

२९. अनागरिक बन्ने दौडमा किन हाम्रा सन्तति - प्रा. देवीभक्त ढकाल ...................................... ७६-७७
शुभकामनाः श्री ऋषिराम भण्डारी

३०. श्री सिर्जना बहिरा आवासीय मा.वि.मा सहयोग ........................................................ ७८
शुभकामनाः क्षत्री समाज, कतार

३१. नेपाली कला र साहित्यमा कस्केली सदावहार व्यक्तित्वहरु - श्री रेशम वस्नेत .............................. ७९ - ८०
शुभकामनाः गोरखा सेवा समाज कतार, सिन्धुली सेवा समाज कतार

३२. सुर, ताल र अनुशासन, कला, संस्कृतिको सम्मान - श्री महेश तमाङ ...................................... ८१ - ८२
शुभकामनाः नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि., श्री कृष्ण भण्डारी, मधेश प्रदेश समन्वय परिषद कतार

३३. साहित्य फांट .................................................................................. ८३ - ९३
शुभकामनाः जनप्रगतिशिल मञ्च कतार, श्री पुष्पराज तिमील्सिना, Passport Holiday & Recruit Consultancy, जनप्रगतिशील मञ्च कतार, पर्वत समाज कतार, संगम अधिकारी, अन्तर्राष्ट्रिय नेपाली समाज कतार

३४. कतारका लागि नेपाली राजदुत डा. नरेश विक्रम ढकाल संग समसामयिक संवाद .............................. ९४ - ९८

३५. संस्थागत गतिविधि संचार माध्यममा ................................................................ ९९

३६. आजीवन सदस्यहरुको नामावली .................................................................. १०० - १०४

३७. हार्दिक श्रद्धाञ्जली एवम् समवेदना ................................................................ १०५

३८. वि.सं. २०८१ सालको भित्तेपात्रो ............................................................... १०६ - १०७

३९. संक्षिप्त व्यवसायिक जानकारी .................................................................... १०८

४०. अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित कार्यक्रममा श्री कलावती थापा तृत्तीय, वाइ के किराना पसल १०९

४१. शुभकामना - नविन पौडेल ....................................................................... ११०



## विशेष धन्यवाद

प्रुफ रिडिङ्ग :- श्री अग्निधर तिमिल्सिना
लेआउट सेटिङ्ग :- श्री जीवन श्रेष्ठ
मुद्रण :- ए फोर जेड ग्राफिक डिजाइन एण्ड प्रिन्टिङ्ग प्रेस, ०६१-५७२७१५

# अध्यक्षको कलमबाट



अगन्धर देवकोटा
(अग्नी)

गण्डकी प्रदेश कास्की जिल्ला अन्नपूर्ण गाउँपालिका-६ लुम्लेमा जन्म भई चिसो हावापानी स्वच्छन्द, वातावरण पारस्परिक हातेमालो हुने गाउँ घरको वातावरणमा घुलमिल हुँदै पारिवारिक जिम्मेवारी सम्हाल्ने स्थितिमा आइपुग्दा भनेजस्तो सोचेजस्तो रोजगारको अभावमा लाखौँ अन्य युवा जस्तै आफ्नो परिवार गाउँघरसँग विदा मागेर परदेश लागेको पनि निकै समय भैसकेको छ। परदेशमा सुरुवाती दिनका समस्या, परिवारको अपेक्षा र आफ्नो भविष्य सम्भिदै प्रायः पसिनामा निथ्रुक्क हुँदै अगाडि बढियो, जेनतेन पारिवारिक स्थिति समय सापेक्ष बनाउन सक्ने भएं। त्यसपछि आफ्नो समाजको एकापसमा हातेमालो गरेर एक अर्काको सुख दुःख बाँड्ने परम्परामा हुर्के बढेको मलाई त्यस्तै भावना मनमा जागृत हुन थाल्यो। संगत बिनाको फल भनेझैं त्यस समयमा कास्कीको जिल्ला संस्थामा आवद्ध अग्रजहरुसंग सम्पर्क हुन थाल्यो र मेरो मनमा अंकुरित सामाजिक भावनाले फुल्ने फल्ने मौका पायो। यसका लागि कास्की आदर्श समाजका संस्थापक, तमाम अग्रजहरु शुभचिन्तकहरु प्रति म आभारी छु। जसले म सामान्य मजदुरलाई कतारको प्रतिष्ठित संस्थाको साधारण सदस्य, आजीवन सदस्य, कार्यसमिति सदस्य, सह-कोषाध्यक्ष, कोषाध्यक्ष, वरिष्ठ उपाध्यक्ष हुँदै संस्थाको नेतृत्व गर्ने तहसम्म पुग्ने अवसर जुराई दिनुभयो। कास्की आदर्श समाज कतारको अध्यक्ष भई रहंदा संस्थाको विधानको मर्म अनुसार सबैलाई साथमा लिएर अग्रजहरुको राय सल्लाह लिंदै अगाडि बढ्दै जाँदा सबैको साथ सहयोग पाएं। समाजकै अग्रजहरुको सहयोगले नै गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको २०२१-२०२३ कार्यकालको निर्बाचित कार्यसमिति सदस्य, गण्डकी प्रदेश समन्वय परिषद कतारको २०२१-२०२३ कार्यकालको सचिव, नेपाली रक्तदाता संघ कतारको कार्यसमिति सदस्य जस्तै अन्य संघ संस्थामा विभिन्न पदमा रहेर काम गर्ने अवसर मिल्यो। जसले गर्दा कतारमा रहेका नेपाली समाजलाई अझै बृहत रुपमा बुझ्ने अवसर पाएँ। समाजमा आइपर्न सक्ने समस्या र त्यसका समाधानका बाटाहरु बुझ्ने मौका पाएँ। सामाजिक अन्तर सम्बन्ध र यसका फाईदाका बारेमा बुझ्ने अवसर पाएँ। आफ्नो समाज, क्षेत्र अनी आफ्नो संस्कृतिको महत्व अझ बृहत रुपमा बुझ्ने मौका पाएँ। आफ्नो समाजप्रतिको जिम्मेवारी बोध र अग्रजहरुको सल्लाह सुझावको कारणले समाज के हो भन्ने कुरा बुझ्न मलाई कुनै समाज शास्त्रीको उद्धरण पढ्नु परेन। २/४ जनाको अगाडि केही कुरा राख्न हिचकिचाउने म समाजका अगाडि आफ्ना कुरा निर्धक्कसँग राख्न सक्ने भए। यो मेरो लागि ठुलो उपलब्धि थियो र यो यही समाजका कारणले नै भएको थियो। त्यसैले म कास्की आदर्श समाज कतारको अध्यक्ष भईरहंदा समाजका लागि केही नयाँ गर्ने हुटहुटि बढिरह्यो।

संस्थाले धेरै अघि देखि गर्न खोजिरहेको केही महत्वपूर्ण कार्यहरु यस कार्यकालमा सम्पन्न गर्न हामी कस्केली सफल भएका छौं। हामीले २०२३ मई २६ का दिन कतारको हमद हस्पिटलको ब्लड डोनर सेन्टरमा संस्थाका सल्लाहकार नविन पौडेलको संयोजकत्वमा रक्तदान कार्यक्रम आयोजना गर्यौं। जसमा १२६ जना उपस्थिति भएर ५० जनाले रक्तदान गर्नु भएको थियो। गृह जिल्ला कास्कीमा फरक क्षमता भएका विद्यार्थीहरुको लागि पोखराको लेखनाथ क्षेत्रमा रहेको श्री सिर्जना वहिरा आवासीय माध्यमिक विद्यालयका विद्यार्थीहरुको पठनपाठनमा सहयोग पुर्‍याउने हेतुले अक्षयकोष स्थापना गर्ने कार्य सम्पन्न गरी पुनः छोटो अवधिमै हाम्रो पहल कदमीमा गण्डकी प्रदेश समन्वय परिषद कतार, समाजसेविहरु श्री विमल सुवेदी, श्री रामचन्द्र सुनारको आर्थिक सहयोगमा कोष श्रीवृद्धि गरि २ लाख २५ हजार रुपैयाँ पुर्‍याइएको छ। यस पुण्य कार्यमा सहयोग गर्नुहुने सवै प्रति कृतज्ञता र धन्यवाद व्यक्त गर्दै भविष्यमा पनि सहयोगको अपेक्षा गर्दछु। त्यस्तै, संस्थाले इस्लाम धर्मालम्बीहरुको महान पर्व ईदको अवसरमा नेपालीहरुले निकै उत्सुकताका साथ हेर्ने भलिबल खेल प्रतियोगिता अन्तर नेपाली समुदाय स्तरमा आयोजना गरेर हजारौं नेपालीहरुलाई छुट्टीको समयमा खेल मैदानको वरिपरी आकर्षित गरेर राख्न सफल भयो। खेल रोमान्चित बनाउन र कतारमा रहेका खेलाडीहरुको आत्मबल र हौसला बढाउन कास्की आदर्श समाज कतारले नेपालबाट राष्ट्रिय स्तरका खेलाडी समेत बोलाएको थियो। हामीले जन्मभूमिलाई छोडेर कर्म भूमिमा कर्म गरिरहँदा हाम्रो संस्कार, संस्कृति, रहनसहन, परम्परालाई संवर्द्धन गर्ने खालका गतिविधि गरिरहयौ। आपसी भाइचाराको अभिवृद्धि सामाजिक रुपान्तरण कला, संस्कृति परम्पराको संवर्द्धन एवं प्रवर्द्धनका लागि संस्थाले नेपाली मौलिक चाड पर्वका अवसरमा परम्परागत रितिरिवाज अनुसारका गतिबिधिहरु गरेर नेपाली समुदायलाई आफ्नो रितिरिवाज प्रति गौरव गर्न सक्ने माहोल सिर्जना गर्ने गरेका छौं। जस्तै तिहारको अवसरमा देउसी भैली खेल्ने कार्यक्रम, तीजको अवसरमा दिदीबहिनीहरुलाई बोलाएर दर खुवाउने, तीजका मौलिक गीतहरु गाउने, नाच्ने गरिन्छ। सबै नेपाली चाडपर्वको अवसर पारेर एकमुष्ठ रुपमा शुभकामना आदानप्रदान गर्ने कार्यक्रम पनि आयोजना गर्ने गरिएको छ। चाडपर्वका

अवसरमा आयोजना गरिने कार्यक्रमहरुमा कास्की आदर्श समाज कतारकै सांस्कृतिक विभाग फेवा सांस्कृतिक परिवारको विशेष भूमिका हुने गरेको छ। कुनै जात, धर्म, लिङ्ग, जातजाति, समुदाय प्रति कहिल्यै विमति नराखी आपत विपत परेको समयमा संगै-संगै हातेमालो गर्दै अगाडि बढ्यौ। विशेषतः संस्थाले प्रवासमा रहेका आफ्ना कस्केली दाजुभाइ दिदीबहिनीहरुलाई आपत विपत परेको खण्डमा सहयोग गर्ने होस या देशमा आउने विभिन्न मानवीय, दैवी प्रकोप, प्राकृतिक विपत्ति हुन वा असहाय गरिवको स्वास्थ्य उपचारको लागि होस् संस्था र संस्थामा आवद्ध जो कोही आफ्नो खल्ती हलुँगो पार्न कहिल्यै हिच्किचाउँदैनन्। देश या परदेशमा समस्या आउँदा कास्की आदर्श समाज कतार यहाँका सामाजिक संस्था, वैचारिक संस्था, जातीय संस्था साहित्य एवं सांस्कृतिक संस्थाहरुसंग सहयोग आदान प्रदान गर्न संधै तत्पर रहन्छ। संस्थाले गर्ने यस्तै तमाम सामाजिक एवं परोपकारी गतिविधिहरु लिपिबद्ध गरि सबैका सामु ल्याउने र दस्तावेजका रुपमा आउने नयाँ पिंढीलाई पनि जानकारी गराउने उद्देश्यले कास्की आदर्श समाज कतारले आदर्श सन्देश स्मारिका अङ्क २ प्रकाशन गरेको हो। स्मारिका प्रकाशन गर्नका लागि सर सल्लाह, सुझाव, लेख, रचना उपलब्ध गराईदिने स्मारिकामा शुभकामना सन्देश दिएर आदर्श सन्देश स्मारिका अङ्क २ लाई ओझिलो पारिदिने गण्डकी प्रदेश माननीय मुख्य मन्त्रीज्यू, नेपाली राजदूतावास कतारका महामहिम ज्यू, पोखरा महानगरपालिका प्रमुखज्यू, अन्नपूर्ण, मादी, रुपा, माछापुच्छ्रे गाउँपालिकाका अध्यक्षज्यूहरु, पोखरा उद्योग वाणिज्य संघका अध्यक्षज्यू, गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्षज्यू, कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद, नेपालका अध्यक्षज्यूलाई हार्दिक धन्यबाद दिन चाहन्छु। त्यस्तै स्मारिकामा विज्ञापन शुभकामना उपलब्ध गराएर आर्थिक पाटोमा सहयोग गर्नुहुने सम्पूर्ण विज्ञापन दाताहरुलाई धन्यवाद एवं यहाँहरुको व्यवसायको उत्तरोत्तर प्रगतिको लागि शुभकामना पनि दिन चाहन्छु। स्मारिका प्रकाशनका लागि शुभकामना सन्देश दिनुहुने तमाम सामाजिक, वैचारिक जातिगत संघ-संस्थाका प्रमुखज्यूहरु, सामाजिक अभियन्ताज्यूहरु, कास्की जिल्लाका विदेश स्थित भगिनी संस्थाहरु सम्पूर्णमा हार्दिक हार्दिक धन्यबाद एवं आभार प्रकट गर्न चाहन्छु। विशेष प्रकाशन समितिमा रहनु हुने मन प्रसाद रानामगरज्यू, विमल सुवेदीज्यू, रेशम बस्नेतज्यू र नबिन पौडेलज्यू, प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण सस्थाका संस्थापकज्युहरु, संस्थाका संरक्षक संयोजकज्यू, संरक्षकज्यूहरु, सल्लाहकार प्रमुखज्यू, सल्लाहकार सदस्यज्यूहरु, कार्यसमितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यज्यूहरु, प्रति पनि हार्दिक-हार्दिक धन्यवादसहित आभार व्यक्त गर्दछु। संस्थागत गतिविधिहरु संप्रेशण गर्नका लागि संस्थाको आफ्नै वेवसाइट https://kaskiadarshasamajqatar.com पनि सञ्चालनमा ल्याएको जानकारी गराउँदछु।

अन्त्यमा, कास्की आदर्श समाज कतारको २२ औं स्थापना दिवस र नेपाली नयाँ वर्ष २०८१ सालको सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। र आगामी दिनमा पनि यस्तै साथ, सहयोग, हौसला र प्रेरणा पाईराख्ने अभिलाषाका साथ विदा माग्दछु। धन्यवाद ॥

"कस्केलीको एकता आजको अपरिहार्यता, समाजसेवा र विकासमा हाम्रो सहभागिता"

## कास्की आदर्श समाज, बहराईन
## राष्ट्रिय समन्वय समिति

# शुभकामना

स्थापना कालदेखि नै विशुद्ध सामाजिक कृयाकलापहरुमा कृयासिल कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा संस्थाका गतिविधीहरु अभिलेख गर्ने, समाजका समसामयिक विषयहरु उजागर गर्ने, विविध लेख, रचना एवम सन्देशमुलक विषयवस्तु पाठक माझ पुर्याउने उद्देश्यका साथ पहिलो अङ्कका रुपमा प्रकाशन गरिएको **आदर्श सन्देश स्मारिका**लाई निरन्तरता दिंदै दोस्रो अङ्क प्रकाशन गरी विमोचन गर्न गइरहेको सुन्न पाउँदा अत्यन्त खुशी लागेको छ। २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना वन्न सकोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा कस्केली एवम गैर कस्केली पाठक दीर्घलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्री तिर्थ वहादुर भण्डारी
अध्यक्ष
कास्की आदर्श समाज, बहराईन, राष्ट्रिय समन्वय समिति

# संस्थागत गतिविधिहरू
## (सन् २०१७ देखि सन् २०२४ जुलाईसम्म)



अगन्धर देवकोटा
(अग्नी)

अभिलेखिकरण, हस्तान्तरण र पुस्तान्तरण समाजको महत्वपूर्ण पक्ष हो । आदिम युगदेखि हरेक पटक नयाँ पिँढीलाई जानेर वा नजानेर नै हरेक कुराहरु प्राप्त भएको कुरालाई नकार्न सकिन्न । त्यस्ता विषय वस्तुहरु या त व्यवहारत जीवनसँग जोडिएरै आउने गर्छ, या त खोज तलासले प्राप्त हुने गर्दछ । मानव जातिले आफ्नो सुविधाको लागि मात्र नयाँ-नयाँ अन्वेषण गर्ने गर्दैन । आफुले गरेका क्रियाकलापहरुलाई अजर अमर राख्न प्रयत्न पनि गर्ने गर्दछ । आउने पिँढीलाई सहज बनाउन ईतिहास रचेर राख्दछ । समय परिवर्तनशिल छ, समाज समयसँगै परिवर्तन हुने गर्दछ । समाज परिवर्तनसँगै वर्तमान भविष्यमा विलिन हुन्छ । तर त्यो भविष्यको आधार हिजोको वर्तमान हुने गर्दछ । कास्की आदर्श समाज कतारले पनि भविष्यलाई आजको वर्तमान र भूतलाई आधार बनाएर एउटा ईतिहास रच्ने प्रयत्न गरिरहेको छ । प्रवासमा खासगरी कतारमा रहेका कस्केलीहरुको दुःख सुखमा सारथी बन्ने उद्देश्यका साथ सन् २००२ सालमा तत्कालीन अग्रजहरुले स्थापना गर्नुभएको कास्की आदर्श सेवा समाज हालको कास्की आदर्श समाज कतारले आफ्ना गतिविधि र विभिन्न सन्देशमुलक लेख रचना समेटी वि.सं. २०७४ सालमा आदर्श सन्देश नामको स्मारिका प्रकाशन गरेर पाठक माझ ल्याइ सकेको अवस्था हो । आदर्श सन्देश स्मारिका अङ्क १ ले कास्की आदर्श समाज कतारको स्थापनाकालदेखि सन् २०१७ सम्मका आफ्ना गतिविधिहरुलाई समेटेको थियो । त्यही पदचापलाई पछ्याउदै त्यस यताका सामाजिक एवम् मानविय संस्थागत गतिविधिहरुलाई लिपिवद्ध गर्ने जमर्को गरेका छौं । विषेशत यस विशुद्ध समाज/संस्थामा विशाल हृदय लिएर आउने र आदर्श सन्देश स्मारिका अध्ययन गर्ने पाठकहरुलाई स्थापना देखिका गतिविधिहरु अध्ययन गर्न सहज रहोस् भनेर वुंदागत रुपमा सूचिबद्ध गरिएको छ । एक कार्यकाल भरी समय परिस्थितिले के कति कार्य सम्पादन गर्न सकियो भन्ने कुरा निर्धारण गर्ने भएता पनि एकमुष्ठमा एकतावद्ध भएर संस्थागत कार्यसम्पादन हो भन्ने कुरा हामीले बुझ्नुपर्दछ । यद्दपि, संस्थाले कहिले एक्लै अनि कहिले विभिन्न संघ संस्थाहरुसँग सहकार्य अनि समन्वयमा कर्मभूमि र जन्मभूमिमा गरेका सेवा तथा गतिविधिहरुलाई तपसिलमा सूचिवद्ध गरिएको छ :-

### २०१६ - अप्रिल २०१८ कार्यसमिति (आदर्श सन्देश स्मारिका अंक १ मा छुटेका केही गतिविधिहरू)

- माछापुच्छ्रे गाउँपालिका रिभान हुम्दिमा भएको वाढिपीडितहरुलाई आर्थिक सहयोग ।
- ढिकुरपोखरी कास्की कि दुवै मृगौला पीडित श्रीमती गंगा दाहाललाई आर्थिक सहयोग ।
- निर्मलपोखरी कास्कीका व्रेन ट्युमरबाट स्वर्गिय भएका सरोज आचार्यका परिवारलाई उहाँको नाममा उठेको सहयोग हस्तान्तरण ।
- गुल्मी जिल्लामा जेहेन्दार विद्यार्थीका निम्ति छात्रवृत्ती प्रदान गर्ने उद्देश्यले गुल्मी सेवा समाज कतारद्वारा आयोजित कार्यक्रममा आर्थिक सहयोग ।
- वागलुङ सेवा समाज कतारको अधिवेशन कार्यक्रमलाई आर्थिक सहयोग ।
- वृद्धाश्रम तथा अपांग मानिसहरुका निम्ति आर्थिक सहयोग संकलन गर्ने उद्देश्यका साथ नुवाकोट सेवा समाज कतार द्वारा आयोजित नयां बर्ष धमाका कार्यक्रमलाई आर्थिक सहयोग ।
- नेपाल आइडलको पहिलो आइडल श्री वुद्ध लामा सहित टप १२ सँग भेटघाट तथा सम्मान ।
- साहित्यकार तथा चित्रकार श्री रमेश श्रेष्ठसँग भेटघाट तथा सम्मान ।
- रोजगार मिडियाका पत्रकार श्री उद्धव भट्टराईसँग भेटघाट तथा सम्मान ।
- जिल्ला संस्थाहरुको समन्वयमा वकिरमा रहेका पीडितहरुसँग प्रत्यक्ष भेटघाट गरी आर्थिक सहयोग वितरण।
- जिल्ला संस्थाहरुको समन्वयमा शहेलिया रहेका पीडित नेपालीहरुलाई रासन वितरण ।
- गैर आवासीय नेपाली संघ कतारको अगुवाइमा पूर्वी तराइका वाढिपीडितहरुका निम्ति सहयोग अभियानमा सहभागी भइ आर्थिक सहयोग ।
- गैर आवासीय नेपाली संघ कतारको समन्वयमा यहां स्थापित विभिन्न संघ संस्थाहरुद्वारा आयोजित क्रिसमस नव बर्ष २०७४ र २०७५ को शुभकामना आदानप्रदान कार्यक्रममा आयोजकको रुपमा रही कार्यक्रम सम्पन्न गर्न सहकार्य र सफलतापूर्वक सम्पन्न ।

## छैठौं अधिवेशन, २०१८-२०२० कार्यसमितिका संक्षिप्त गतिविधिहरु:

- ❖ हरितालिका तीजको अवसरमा नेपाली लोक संस्कृतीका धरोहर गायिका, साहित्यकार, कवियत्री, प्राज्ञ श्री हरिदेवी कोइरालाज्यूलाई निमन्त्रणा गरी रमाइलो तीज सांस्कृतिक कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको थियो ।
- ❖ कतारमा विभिन्न कम्पनी, संघ संस्था (मिरिक कम्पनी, सिमसिमा युथ क्लव, बाहुर कम्पनी शाहानिया र पाल्पा सेवा समाज कतार) हरुले आयोजना गरेको भलिबल प्रतियोगितामा कास्की आदर्श सेवा समाज कतारले पनि सहभागी भएर उत्कृष्ट खेल प्रदर्शन गरी तीन पटक तृत्तीय र एक पटक प्रथम स्थान हासिल गर्न सफल भएको थियो।
- ❖ कास्की, माछापुच्छ्रे गाउँपालिका वडा नं २ कि वर्ष १९ कि अस्मिता बि.कलाई अंप्लास्टिक जस्तो घातक रोग लागेको हुनाले सफल उपचारका निम्ति कतारी रियाल ४१५ आर्थिक सहयोग हस्तान्तरण गरिएको थियो ।
- ❖ कास्की, माछापुच्छ्रे गाउँपालिका वडा नं ३ का कुशल भलिबल खेलाडी सन्दिप छिनाल कतारमा भलिबल खेल खेल्दै गर्दा अचानक अस्वस्थ भएपछि तत्काल अपरेसन गर्नुपर्ने भएकोले सफल उपचार गराइ स्वदेश फिर्ती हुने अवस्थामा नेपाली रुपैयाँ एक लाख नेपाल मै प्रत्यक्ष भेट गरी हस्तान्तरण गरिएको थियो ।
- ❖ दलित एकता सन्जाल कतारले क्यान्सर पीडित आयुशा बि.क को उपचारार्थ सञ्चालन गरेको आर्थिक संकलन अभियानलाई कास्की आदर्श समाज कतारले कतारी रियाल १०१ सहयोग गरिएको थियो ।
- ❖ गैरआवासीय नेपाली संघ कतारले नेपालको बारा, पर्सा जिल्लाहरुमा विनाशकारी हावाहुरिले पीडित बनेका नेपाली दाजुभाइ दिदीबहिनीहरुलाई राहत उपलब्ध गराउने अभियानमा कास्की आदर्श सेवा समाज कतारले कतारी रियाल ३५१ सहित सहभागिता जनाउदै आर्थिक सहयोग गरेको थियो ।
- ❖ गोरखाकी चेली कास्की निवासी सुनीता गुरुङ बोन म्यारो पीडितलाई संस्थाले कतारी रियाल १५६८ सहयोग नेपालमा पूर्व केन्द्रिय सदस्य भिम गिरी मार्फत हस्तान्तरण गरिएको थियो । उक्त रकम हस्तान्तरण गर्दा आइ जी पी हेम बहादुर गुरुङज्यूले सहजीकरण गर्नुभएको थियो ।
- ❖ नेपालको लोक संस्कृती प्रवर्द्धन र जगेर्ना गर्ने पवित्र हेतुले सञ्चालन भई रहेको वहुचर्चित इन्द्रेणी कार्यक्रमलाई नेपाली रुपैयाँ २५,००० अध्यक्ष स्वयम विश्वबन्धु थापा लगायत संस्थाका प्रतिनिधिहरु कार्यक्रम स्टुडियोमा नै पुगेर सहयोग रकम हस्तान्तरण गरिएको थियो ।
- ❖ पोखरा छोरेपाटनमा रहेको मानव सेवा आश्रममा पुगेर संस्थाका अध्यक्ष, संस्थापक, संरक्षक लगायतले त्यहा रहेका व्यक्तिहरुलाई खाना खुवाउने कार्य सम्पन्न गरेको थियो ।
- ❖ मृगौला पीडित अमृता बि.क.लाई नेरु ४०,०००, शरीरको कम्मर मुनिको भाग नचल्ने गौमान बि.क लाई ४०,०००, कास्की लाहाचोकका मृगौला पीडित हरिलाल परीयारलाई ने रु १०,०००, आन्द्रामा घाऊ भएर उपचार गरिरहेकी लक्ष्मी परीयारलाई १०,००५ र कास्की अन्नपूर्णका मृगौला पीडित राज गुरुङलाई ने रु १०,००० फरक-फरक समयमा आर्थिक सहयोग गरिएको थियो ।
- ❖ कास्की आदर्श सेवा समाज कतारका संस्थापक एवम् संरक्षक श्री हंशराज ढकाल गण्डकी प्रदेश समन्वय परिषद कतारको अध्यक्षमा निर्वाचित र सल्लाहकार श्री आश वहादुर गुरुङ परिषदको प्रमुख सल्लाहकारमा चयन हुनुभएकोमा हार्दिक बधाई सहित सफल कार्यकालको निम्ति शुभकामना व्यक्त गरिएको थियो ।
- ❖ कास्की आदर्श सेवा समाज कतारको निमन्त्रणामा कतार पाल्नु भएकी प्राग्य श्री हरिदेवी कोइराला र अन्य विविध कार्यक्रमका निम्ति कतार आउनुभएका भोइस अफ नेपालका विजेता श्री विजय अधिकारी, उपविजेता श्री तेजेन्द्र गन्दर्व, कस्केली र लमजुङ्की कलाकार द्वय श्री रुपा गुरुङ र भारती घलेलाई फरक समयमा भेटघाट गरी सम्मान गरिएको थियो ।
- ❖ नेपाली राजदूतावास दोहा कतारका राजदूत श्री रमेश प्रसाद कोइरालाज्यू आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी नेपाल जानु हुने भएकोले उहाँले दोहामा रहुन्जेल कतारवासी नेपालीहरुको हक र हितको लागि गर्नु भएको बिभिन्न कार्यको उच्च सम्मान गर्दै स-सम्मान एक समारोहमा कास्की आदर्श सेवा समाज कतारले दोसल्ला ओडाई सम्मान सहित बिदाई गरिएको थियो ।
- ❖ नेपाल सरकारका पूर्व महिला, वालवालिका तथा समाज कल्याण मन्त्री माननीय कुमार खड्का कतार भ्रमणमा रहनु भएका वखत कास्की आदर्श सेवा समाज कतारले भेटघाट गरी समसामयिक विषयमा छलफल गरेको थियो।
- ❖ २०१९ अगस्ट इदको अवसरमा नेपथ्य ब्याण्ड कार्यक्रम लेभल एफ एन इभेन्ट म्यानेजमेन्टले इदको अवसरमा शान्तिको लागि संगीत (music for peace) भन्ने नारा सहित Nepathya live in doha कार्यक्रम

आयोजना गरेको थियो । उक्त कार्यक्रममा कास्की आदर्श सेवा समाज कतारले सह आयोजकको भूमिका निभाएको थियो ।

❖ कास्की आदर्श सेवा समाज, कतारमा सक्रियताका साथ सहयोग योगदान पुऱ्याउनु भएका र कतार नफर्कने गरी नेपाल जानु भएका महानुभावहरुले संस्था प्रति गर्नुभएको योगदानको उच्च कदर गर्दै दोसल्ला ओडाई सम्मान पत्रद्वारा सम्मानका साथ तपसिल बमोजिमका महानुभावहरुलाई बिदाई गरियोः- श्री तेज परियार (भलिबल खेलाडी), श्री हरिबिनोद अधिकारी, कलाकार (पूर्व केन्द्रिय सचिव) श्री सुर्य बहादुर गायक (केन्द्रिय सदस्य तथा बाध्यबाधक), श्री सन्दिप परियार (भलिबल खेलाडी), श्री दिनेश तामाङ (कलाकार), श्री बाबुराम देवकोटा (आजीबन सदस्य), श्री मन बहादुर कुँवर (उपाध्यक्ष), श्री सागर प्रत्याल (भलिबल टिम क्याप्टेन) ।

❖ दोहामा संस्थाको बिबिध कार्यक्रम, गतिबिधि वा बैठक हुने दिन कस्केलीको एकताको सन्देश प्रवाह संस्थाको नाम र लोगो अङ्कित टिसर्ट जहिलेपनी सामुहिक रुपमा लगाउने निर्णय भएको हुनाले नेपालमा खिम बहादुर कार्कीसँग सम्पर्क गरी सुन्तला रङ र कलरमा निलो देखिने संस्थाको लोगो नाम राखीएको टि-सर्ट तयार बनाई सबैले बैठक सामुहिक सभामा लगाउनको लागि हस्तान्तरण गरियो ।

❖ संस्थाको सह कोषाध्यक्ष श्री बाबुराम थापाको जीवनसाथी श्रीमति डिल कुमारी थापाज्यू शिक्षा आयोगमा स्थायी रुपमा नियुक्ती हुनुभएको सुखद खुसीको अवसरमा संस्थाको उन्नती प्रगतिको कामना गर्दै संस्थालाई १५ थान भलिबल जर्सी हस्तान्तरण गर्नुभएको थियो ।

❖ ताप्लेजुङमा भएको हेलिकप्टर दुर्घटनामा संस्कृती पर्यटन तथा नागरीक उडड्यन मन्त्री रबिन्द्र अधिकारी लगायत अन्य व्यक्तिहरुको अकल्पनीय दुःखद निधन भएकोमा उहाँहरुप्रति एक शोक सभा आयोजना गरी श्रद्धाञ्जली सहित हार्दिक समवेदना प्रकट गरियो । उहाँहरुको शोकाकुल परिवारजनमा भगवानले धैर्य धारण गर्ने शक्ती प्रदान गरुन् भनी कामना गरियो ।

## सातौं अधिवेशन, २०२०-२०२२ कार्यसमितिका संक्षिप्त गतिविधिहरुः

❖ कतारमा स्थापित संघ संस्थाहरु (गैरआवासीय नेपाली संघ, गण्डकी प्रदेश समन्वय परिषद, नेपाली जनसम्पर्क समिति, नेपाल मगर संघ शाखा कतार, गोरखा सेवा समाज, नेपाली महिला समाज) फरक-फरक समयमा आयोजना गरेको बृहत् रक्तदान कार्यक्रममा कास्की आदर्श समाज कतारले संस्थागत सहभागिता जनाउँदै जिल्लावासी रक्तदाताहरु उपस्थित भएर रक्तदान गरिएको थियो ।

❖ २५६६ औं वुद्ध जयन्तीको अवसरमा गैरआवासीय नेपाली संघ कतारको संघ संस्था समन्वय समिति मार्फत कतारमा स्थापित सामाजिक एवम् जातिय संस्थाहरुसँग समन्वय गरी आयोजना गरिएको कार्यक्रममा कास्की आदर्श समाज कतारले पनि कतारी रियाल ५० स-शुल्क सहित सहभागिता जनाएको थियो ।

❖ गैर आवासीय नेपाली संघ कतारको संघ संस्था समन्वयमा कतारमा स्थापित संघ संस्थाहरुको संयुक्त आयोजनामा इद उल फित्र तथा नेपाली नयाँ वर्ष २०७९ को शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक कार्यक्रममा कास्की आदर्श समाज कतार पनि स-शुल्क कतारी रियाल ४०० सहित आयोजकको रुपमा सहकार्य गरिएको थियो ।

❖ गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा कतार च्यारिटी मार्फत प्राप्त सेनिटाइजर श्रमिकहरु माझ वितरण गर्ने कार्यमा सहभागी भएर कार्य सम्पादन गरेको थियो ।

❖ गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा ईस्लाम धर्मालम्विहरुको पवित्र महिना रमजानको अवसरमा रोजा (व्रत) बस्ने व्रतालुहरुलाई कतार च्यारिटी मार्फत वितरण हुने फुड प्याकेजहरु वितरण गर्ने कार्यमा समन्वय गरी कार्य सम्पादन गरिएको थियो ।

❖ तमु गुरुङ समाज कतारले मृगौला पीडित बिकाश गुरुङको उपचारका निम्ति सञ्चालन गरिएको आर्थिक सहयोग अभियानमा कास्की आदर्श समाज कतारको तर्फबाट १०१ रियाल सहयोग हस्तान्तरण गरिएको थियो ।

❖ संस्थाका आजीवन सदस्य स्व. इच्छे गुरुङको परिवारलाई नेपाली रु. ७०,००० आर्थिक सहयोग उक्त एकमुष्ठ रकममा संस्थागत सहकार्य जनाउँदै तमु गुरुङ समाज कतारबाट ५७७ रियाल कास्की सार्दिखोला समाजबाट ४०७ रियल सहयोग र सहभागिता सहित हस्तान्तरण गरिएको थियो ।

❖ कास्की जिल्ला निवासी मृगौला पीडित मिन बहादुर सार्कीलाई नेपाली रु. २०,००० आर्थिक सहयोग हस्तान्तरण गरिएको थियो ।

- ❖ कोरोना महामारीको समयमा गैरआवासीय नेपाली संघ कतारसंग संस्थागत सहकार्य गर्दै १ अक्सिजन सिलिन्डर बराबरको आर्थिक सहयोग ४२५ कतारी रियाल सहयोग सहित सहभागिता जनाइएको थियो ।
- ❖ कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय समितिले कोरना महामारीको समयमा कास्की जिल्लामा आवश्यक सहयोगको लागि चलाएको अभियानमा संस्थागत सहभागिता जनाउँदै नेपाली रु. ६२,७५५ आर्थिक सहयोग हस्तान्तरण गरिएको थियो ।
- ❖ कास्की जिल्ला निवासी राम बिश्वकर्मा मुम्बाईमा उपचार गराई रहेको र आर्थिक अवस्था अत्यन्तै नाजुक रहेको हुनाले क.रि ६०० आर्थिक सहयोग गरिएको थियो ।
- ❖ नेपाल मगर संघ कतार शाखाको देउसी भैलो कार्यक्रममा क.रि १०१ सहयोग गरिएको थियो ।
- ❖ तमु (गुरुङ) समाजको देउसी भैलो कार्यक्रममा क.रि १०१ सहयोग गरिएको थियो ।
- ❖ नेपाल मगर संघ कतार शाखाको मकर संक्रान्ति कार्यक्रमको लागि क.रि १०१ सहयोग गरिएको थियो ।
- ❖ गुल्मी सेवा समाज कतारको छात्रवृत्ती स्थापनाको लागि आयोजित कार्यक्रममा क.रि १५१ आर्थिक सहयोग गरिएको थियो ।
- ❖ गुल्मी सेवा समाज कतारको अधिबेशनमा क.रि १०१ आर्थिक सहयोग गरिएको थियो ।
- ❖ विभिन्न चाडपर्वहरुमा नेपाली संस्कृती र पहिचान संरक्षण र प्रवर्द्धन गर्ने हेतुले विविध सांस्कृतिक कार्यक्रमहरु पनि आयोजना गरी सम्पन्न गरिएको थियो ।
- ❖ गण्डकी प्रदेश समन्वय परिषद कतारमा २१ जना परिषद सदस्यहरुको नामावली, प्रति सदस्य कतारी रियल ५० परिषद सदस्य शुल्क र संस्थागत २५० सहित १३०० शुल्क संस्थागत सहकार्यका लागि हस्तान्तरण गरिएको थियो ।
- ❖ कास्की आदर्श समाज कतारका सह-सचिव श्री सन्तोष तिमिल्सिना जागौ नेपाल प्रवास समितिको संयोजक पदमा र संस्थाका वरिष्ठ उपाध्यक्ष श्री अगन्धर देवकोटा जागौ नेपाल प्रबास समितिको प्रवक्ता पदमा चयन हुनुभएकोमा बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गरिएको थियो ।
- ❖ संस्थाका प्रमुख सल्लाहकार श्री मन प्रसाद रानामगर जागौं नेपाल कतार शाखा संयोजक पदमा र संस्थाका आजीवन सदस्य श्री सुवास श्रेष्ठ कार्यसमिति सदस्य पदमा चयन हुनुभएकोमा बधाई सहित सफल कार्यकालको शुभकामना ब्यक्त गरिएको थियो ।
- ❖ संस्थाका सल्लाहकार सदस्य श्री खुसीमान गुरुङ तमु गुरुङ समाज कतारको अध्यक्ष पदमा निर्वाचित र तमु गुरुङ कलाकार संघ विदेश बिभागको सल्लाहकार हुनुभएकोमा बधाई सहित सफल कार्यकालको शुभकामना ब्यक्त गरिएको थियो ।
- ❖ संस्थाका वरिष्ठ उपाध्यक्ष श्री अगन्धर देवकोटा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको कार्यसमिति सदस्य पदमा निर्बाचित हुनुभएको र त्यसै गरी गण्डकी प्रदेश समन्वय परिषद कतारको सचिव पदमा मनोनित हुनुभएकोमा बधाई सहित कार्यकाल सफलताको शुभकामना ब्यक्त गरिएको थियो ।
- ❖ संस्थाका सह-कोषाध्यक्ष सी.बी गुरुङ र कार्यसमिति सदस्य केशु गुरुङ तमु प्ये ल्हु संघ कतार शाखाका क्रमश कोषाध्यक्ष र प्रथम उपाध्यक्ष पदमा निर्बाचित हुनुभएकोमा बधाई सहित कार्यकाल सफलताको शुभकामना ब्यक्त गरिएको थियो ।
- ❖ संस्थाका संरक्षक श्री बिल बहादुर गुरुङ गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको अनुसाशन समितिको संयोजकमा चयन हुनुभएकोमा बधाई सहित कार्यकाल सफलताको शुभकामना ब्यक्त गरिएको थियो।
- ❖ संस्थाका निबर्तमान अध्यक्ष विश्वबन्धु थापा कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपालको नेपाल च्याप्टर संयोजकमा निर्वाचित हुनुभएकोमा बधाई सहित कार्यकाल सफलताको शुभकामना ब्यक्त गरिएको थियो ।
- ❖ कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपालको पाचौ स्थापना दिवस तथा तेश्रो महाधिवेसन बाट निर्वाचित र कतारबाट निर्वाचित हुनुहुने क्रमश संस्थाका संरक्षक श्री हंसराज ढकाल वरिष्ठ उपाध्यक्ष संस्थाका प्रमुख सल्लाहकार श्री मन प्रसाद रानामगर उप-महासचिव, संस्थाका पूर्व सल्लाहकार प्रभात त्रिपाठी सचिव पद र संस्थाका सह-सचिव सन्तोष तिमिल्सिना युवा सह संयोजक (पछि प्रबक्तामा मनोनित) मा निर्वाचित हुनुभएकोमा बधाई सहित कार्यकाल सफलताको शुभकामना ब्यक्त गरिएको थियो ।
- ❖ संस्थाका सलाहकार सदस्य श्री आश बहादुर गुरुङ तमु प्ये ल्हु संघ कतार शाखाको संरक्षक पदमा चयन हुनुभएकोमा बधाई सहित कार्यकाल सफलताको शुभकामना ब्यक्त

गरिएको थियो ।

❖ कास्की आदर्श समाज कतारमा आवद्ध भएर विभिन्न जिम्मेवारी वहन गरी संस्था मार्फत सेवा दिइ रहनु भएका महानुभावहरु कर्मभूमि कतारको वसाइलाई बिट मारी स्वदेश फर्कने हुनु भएपछि तपसिलका महानुभावहरुलाई संस्थाबाट मायाको चिनो सहित सम्मान गरी बिदाई कार्यक्रम सम्पन्न गरिएको थियोः- निवर्तमान अध्यक्ष श्री विश्वबन्धु थापा, केन्द्रिय सदस्य श्री राज कुमार बि.क, पूर्व केन्द्रिय सदस्य श्री सुर्य वस्नेत, महिला विभाग संयोजक श्री दिल कुमारी गुरुङ, निवर्तमान सह-कोषाध्यक्ष श्री बावुराम थापा र भलिबल खेलाडी श्री दिपक परियार ।

❖ मिति २०२१-०७-३० तारिकको दिनमा संस्थाको स्थापना दिवस संस्थाका अध्यक्ष बिक्की बि.कको अध्यक्षतामा र कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपालका तत्कालिन महासचिव हंशराज ढकालज्यूको प्रमुख अतिथ्यमा कोरोनाको कारण जुम भर्च्यूल मार्फत र कार्यसमितिका साथीहरुको उपस्थितिमा सनैया स्थित संस्थाका सल्लाहकार श्री आश बहादुर गुरुङज्यूको निवासमा सम्पन्न गरिएको थियो ।

❖ मिति २०२१-०९-२४ मा वार्षिक साधारण सभा संस्थाका अध्यक्ष बिक्की बि.कको अध्यक्षतामा र कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपालका तत्कालिन अध्यक्ष गोविन्द पौडेल ज्युको प्रमुख अतिथ्यमा कोरोना को कारण जुम भूर्चुयल मार्फत सम्पन्न गरिएको थियो ।

❖ मिति २०२१-०९-०९ मा महिलाहरुको महान पर्व हरितालिका तीजको शुभ अवसरमा कतारमा रहनु भएका सम्पूर्ण कस्केली दिदि बहिनिहरुलाई समेटी दर खुवाउने कार्यक्रम कास्की आदर्श समाज कतार मातहत रहेको फेवा सांस्कृतिक परिवार कतारका संयोजक श्री प्रेमलाल अधिकारीज्यूको अध्यक्षतामा र संस्थाका संरक्षक श्री धुर्बराज अधिकारीज्यूको प्रमुख अतिथ्यमा साहनियाको अल दोसरी जुमा तीज कार्यक्रम सम्पन्न भएको थियो ।

❖ मिति २०२१-१०-१७ मा नेपालीहरुको महान पर्व विजया दशमीको शुभ अवसर पारेर समाजका अग्रज व्यक्तित्वहरुको हातबाट टिका, जमरा र आशिर्वाद ग्रहण गर्ने कार्यक्रम दोहाको वक्रा स्थित समुन्द्री किनारमा संस्थाका अग्रज रेशम बस्नेतज्यूको हातबाट उपस्थित सम्पूर्ण कस्केली दाजुभाई तथा दिदीबहिनीहरुले टिका, जमरा र आशिर्वाद ग्रहण गर्नु भई कार्यक्रम सम्पन्न गरिएको थियो ।

❖ त्यसै गरि २०७८ सालको शुभ दिपावली कार्यक्रम पनि संस्थाले सम्पन्न गरेको थियो जसमा संस्थाका संरक्षक श्री धुर्बराज अधिकारीज्यू र केन्द्रिय सदस्य श्री गोविन्द बरालज्यूको निमन्त्रणालाई स्वीकार गरि उहाँहरुको निवासमा २ दिन देउसी भैलो खेली आफ्नो संस्कार संस्कृतिलाई प्रवासमा भए पनि जगेर्ना गरि भव्य र सभ्य रुपमा मनाईएको थियो ।

❖ मिति २०२२ ०३-०४ मा लामो समयको कोरोना महामारी केहि कमि भए संगै कास्की आदर्श समाज कतारले रमाइलो बनभोज कार्यक्रम र साथमा बधाई तथा शुभकामना कार्यक्रम राखेको थियो जसमा संस्थाका अध्यक्ष बिक्की बिकको अध्यक्षतामा र गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष मोहम्मद मुक्तादा मुसलमानज्यूको प्रमुख आतिथ्यमा साहनियाको अल दोसरी पार्क विविध सांस्कृतिक कार्यक्रमहरु सहित सम्मान तथा बधाई पत्र वितरण गरि कतारमा रहेका कस्केली तथा गैर कस्केलीहरुको सहभागितामा कार्यक्रम भव्य र सभ्य रुपमा सम्पन्न गरिएको थियो ।

❖ कास्की आदर्श समाज कतारले प्रकाशित गरेको नेपाली नया वर्ष २०७८ सालको र २०७९ सालको भित्ते पात्रो प्रकाशन गरिएको र उक्त पात्रो को विमोचन २०७८ सालको विमोचन कार्यक्रम जुम भर्चुयल मार्फत र २०७९ को विमोचन ग्राण्ड मल स्थित पार्कमा विमोचन गरि लोकार्पण गरिएको थियो ।

❖ कतारमा नेपालीहरु माझ लोकप्रिय रहेको नेपालको राष्ट्रिय खेल भलिबलमा कास्की आदर्श समाज कतारको खेलकुद विभागका संयोजक श्री सुरज रानाभाटको सहयोगमा खेलाडी श्री दिपेन सुनार, श्री दुर्गा भित्रकोटि, श्री राजेन्द्र पोखेल लगायत खेलाडीहरुको कप्तानीहरुमा कास्की आदर्श भलिबल टिम कतारमा हुने अन्तर नेपाली खेलहरुमा सहभागी भई पुरस्कार समेत हात पार्न सफल भएको थियो ।

## आठौं अधिवेशन, २०२२-२०२४ कार्यसमितिका संक्षिप्त गतिविधिहरुः

➢ मिति २०२२ जुलाइ ०७ मा स्याङ्जा हरिनास इकाइद्वारा आयोजना गरिएको भलिबल प्रतियोगितामा संस्थागत सहभागी जनाइएको थियो ।

➢ मिति २०२३ अप्रीलको इदमा पाल्पाली सेवा समाज कतारले आयोजना गरेको पुरुष भलिबल प्रतियोगीतामा सहभागी जनाई ३४ समूह मध्ये कास्की आदर्श समाज कतारले तृत्तीय स्थान हासिल गरेको थियो ।

- मिति २०२२ सेप्टेम्वर २६ मा जनताधन मा.वि. विद्यालयमा अध्ययनरत दृष्टीबिहीन विद्यार्थीहरुलाई म्युजिकल स्टुमेन्ट खरिदको लागि गण्डकी प्रदेश र वाग्लुङ सेवा समाजले चलाएको अभियानलाई संस्थागत क.रि १०१ सहयोग गरिएको थियो ।
- मिति २०२२ सेप्टेम्वर ३० मा सर्लाही सेवा समाजलाई भाग्यशाली चिठ्ठा काटेर संस्थागत क.रि १०१ सहयोग गरिएको थियो ।
- मिति २०२२ अक्टुवर २८ मा गुल्मी सेवा समाज कतारको देउसी भैलो कार्यक्रमलाई संस्थागत क.रि १०१ सहयोग गरिएको थियो ।
- मिति २०२२ अक्टुवर २८ मा माछापुच्छ्रे गाउँपालिका १ निवासी मृगौला पीडित आयुस गुरुङलाई संस्थागत क.रि १०१ सहयोग गरिएको थियो । संस्थाको सहकोषाध्यक्ष श्री बसन्त श्रेष्ठको पहलमा क.रि २,१०४ गरी ने.रु ७५,०९६ सहयोग गरिएको थियो ।
- मिति २०२२ अगस्टमा तनहुँ सेवा समाज कतारले आयोजना गरेको बहुउद्देश्यीय अक्षयकोष बृद्धीका भाग्यशाली चिट्टा काटेर संस्थागत क.रि २५० सहयोग गरिएको थियो ।
- २०२२ नोभेम्वरमा गोरखा सेवा समाज कतारले मानव आश्रम भवन निर्माण सहयोगार्थ अभियानमा सहभागी भई क.रि २५० सहयोग गरिएको थियो ।
- मिति २०२२ नोभेम्वरमा लमजुङ्ग सेवा समाजले कोष अभिबृद्धी तथा आश्रमको लागि भाग्यशाली चिठ्ठा काटेर संस्थागत क.रि २५० सहयोग गरिएको थियो ।
- मिति २०२२ डिसेम्बरमा पर्वत सेवा समाजको भाग्यशाली चिठ्ठा काटेर संस्थागत क.रि २५० सहयोग गरिएको थियो ।
- मिति २०२२ डिसेम्बर ३० मा तमु (गुरुङ) समाज कतार र तमु प्ये ल्हु संघ कतार शाखा कतारले आयोजना गरेको ल्होसार कार्यक्रममा संस्थागत क.रि १०५ सहयोग गरिएको थियो ।
- मिति २०२३ मार्चमा स्याङ्जा सहयोग समाजको आपतकालीन राहत कोष स्थापनार्थ भाग्यशाली चिठ्ठा काटेर संस्थागत क.रि २५० सहयोग गरिएको थियो ।
- मिति २०२३ मा नेपाल मगर संघ कतारले आयोजना गरेको बृहत बनभोज तथा विविध सांस्कृतिक कार्यक्रममा सहयोग अपेक्षा सहित क.रि ५० को १० प्रति कुपन पत्र प्राप्त भएको हुनाले संस्थागत करी ५०० सहयोग गरिएको थियो ।
- मिति २०२३ फेब्रुअरी १४ मा नेपाली जनसम्पर्क समिति कतारको बनभोज कार्यक्रममा संस्थागत क.रि १०१ सहयोग गरिएको थियो ।
- मिति २०२३ फेब्रुअरी १७ मा प्युठान सेवा समाज कतारले आयोजना गरेको बनभोज कार्यक्रममा संस्थागत क.रि २०१ सहयोग गरिएको थियो ।
- मिति २०२३ मार्चमा दलित एकता सञ्जाल कतारले आयोजना गरिएको बनभोज कार्यक्रममा संस्थागत क.रि १०१ सहयोग गरेको थियो ।
- मिति २०२३ मार्च १० मा मोना कतारको अधिवेशनमा संस्थागत क.रि १०५ सहयोग गरिएको थियो ।
- मिति २०२३ मार्च ३ मा स्याङ्जा सहयोग समाजको वालवालिका तथा बृद्धाश्रम सहयोगार्थ कार्यक्रममा संस्थागत क.रि १०५ सहयोग गरिएको थियो ।
- कास्की आदर्श समाज युएईले प्रकाशन गरेको स्मारिकामा शुभकामना सन्देश सहित संस्थागत क.रि ५०० सहयोग गरिएको थियो ।
- मिति २०२३ मार्च ३ मा स्याङ्जा सहयोग समाजको आपतकालीन राहतकोष स्थापनार्थ संस्थागत क.रि २५० सहयोग गरिएको थियो ।
- मिति २०२३ मार्च मा हेल्प मधेशको कार्यक्रममा संस्थागत क.रि ५१ सहयोग गरिएको थियो ।
- मिति २०२३ मे, तमु (गुरुङ) समाज कतारले आयोजना गरेको बैशाख पूर्णिमाको अवसर पारेर दाजुभाइ भेटघाट कार्यक्रममा संस्थागत क.रि १०५ सहयोग गरिएको थियो।
- मिति २०२३ जुनमा मोना कतारको अक्षय कोष वृद्धिका निम्ति संस्थागत सहयोग चिठ्ठा कार्यक्रममा सहभागी भई क.रि १०० सहयोग गरिएको थियो ।
- मिति २०२३ मा नेपाली महिला समाज कतारले आयोजना गरेको अनाथ आश्रममा रहेको बालवालिकाको सहयोगार्थ आयोजित बनभोज कार्यक्रममा संस्थागत क.रि १५५ सहयोग गरिएको थियो ।
- मिति २०२३/२०२५ कार्यकालका लागि गण्डकी प्रदेश समन्वय परिषद कतारलाई संस्थागत र सदस्यता शुल्क सहित ८१० कतारी रियाल बुझाएको थियो ।
- मिति २०२३ मा शुक्ला साहित्य प्रतिष्ठान बाटुलेचौरले

आयोजना गरेको कार्यक्रममा संस्थागत क.रि १५६ सहयोग गरिएको थियो।

- ➢ मिति २०२३ मा तमु प्ये ल्हु संघ कतार शाखाको नवौं बार्षिकउत्सव तथा चौथो अधिवेशनमा संस्थागत क.रि १०१ सहयोग गरिएको थियो।
- ➢ मिति २०२३ सेप्टेम्वरमा मोना कतारको अक्षयकोषको अधिवेशनमा संस्थागत क.रि १०० सहयोग गरिएको थियो।
- ➢ मिति २०२३ मा रुकुम जाजरकोट भूकम्प पीडितलाई गण्डकी प्रदेश र गैरआवासीय नेपाली संघ कतार मार्फत संस्थागत क.रि २०० सहयोग गरिएको थियो।
- ➢ मिति २०२४ जनवरी ५ मा वाग्लुङ सेवा समाज कतारको अधिवेशनमा संस्थागत क.रि १०१ सहयोग गरिएको थियो।
- ➢ जापानमा डिप निमोनियाका कारण उपचार गराइरहेका कास्की अन्नपूर्ण ६ निवासी शिब देवकोटाको उपचारार्थ र कास्की अन्नपूर्ण ६ निवासी रेशमलाल जैसीको श्रीमति सिता जैसीको (स्तन क्यान्सर पीडित) उपचारार्थ आर्थिक सहयोग संस्थागत क.रि २०२ सहयोग गरिएको थियो। जसमा संस्थाको अध्यक्ष अग्निधर देवकोटाको पहलमा अन्नपूर्ण बचत समूहका साथीहरु र कास्की आदर्श समाजका साथीहरु मार्फत क.रि ३,२३४ जसमा नेरु १,१२,९९१.४६ सहयोग रकम दुबै जना पीडितहरुलाई बराबरी हस्तान्तरण गरेको थियो।
- ➢ मिति २०२४ मा लमजुङ्ग सेवा समाज कतारको अधिवेशनमा संस्थागत क.रि १०१ सहयोग गरिएको थियो।
- ➢ मिति २०२४ अप्रील २६ मा पर्वत समाज कतारको बार्षिक साधारण सभा तथा बिविध सास्कृतिक कार्यक्रममा बहुउद्देश्यीय अक्षयकोष स्थापनार्थ संस्थागत नेरु ७,००१ सहयोग गरिएको थियो।
- ➢ ०३ मे २०२४ मा लमजुङ्ग सेवा समाज कतारको वनभोज कार्यक्रमका निम्ति संस्थागत १०१ रियाल सहयोग गरिएको थियो।
- ➢ ०३ मे २०२४ का दिन फुलवारी रेष्टुरेण्टले आफ्नै सभा हलमा सम्पन्न गरेको मानव सेवा आश्रम सहयोगार्थ सांस्कृतिक कार्यक्रममा संस्थागत १०० रियाल सहयोग गरिएको थियो।
- ➢ २४ मे २०२४ मधेश प्रदेश महोत्तरी जिल्ला मटिहानी नगरपालिका वडा नम्बर ६, जर्लाहावा गाछिमा भएको आगलागी अनि हावाहुरीका कारण लगभग २०० घर जलेको दुःखद घडिमा पीडित परिवारको सहयोगार्थ गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको समन्वयमा रकम संकलन अभियान सुरु गरिएको उक्त अभियानमा संस्थागत सहयोग क.रि २५० गरिएको थियो।
- ➢ २०२४ जुलाई ५ मा गण्डकी प्रदेश समन्वय परिषद कतारको वार्षिक साधारण सभा तथा स्वास्थ्य सचेतना कार्यत्रुममा संस्थागत सहयोग २५० कतारी रियाल गरिएको थियो।

### यसै गरी यही कार्यकालमा,

- ❖ मिति २०२२ जुलाई १७ गते कतारका लागि नवनियुक्त महामहिम राजदुत डा. नरेश बिक्रम ढकालज्यूलाई पुष्प गुच्छा खादा सहित स्वागत सम्मान भेटघाट तथा संस्थाको नया कार्यसमिति बारेमा सूचीकृत गर्दै राजदूतावास सभाहलमा एक विशेष कार्यक्रम बीच परिचयात्मक कार्यक्रम सम्पन्न गरिएको थियो। उहाँलाई दोहा कतारमा स्वागत गर्दै बधाई एवम् सफल कार्यकालको लागि शुभकामना व्यक्त गरिएको थियो। उहाँलाई संस्थाद्वारा प्रकाशित भित्तेपात्रो २०७९ र आदर्श सन्देश स्मारिका पनि प्रदान गरिएको थियो।
- ❖ कास्की आदर्श समाज, कतारको २०२२ जुलाइ २ ९ तारीखका दिन अध्यक्ष श्री अगन्धर देवकोटा (अग्नी) को सभापतित्वमा, कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपालका वरिष्ठ उपाध्यक्ष श्री हंशराज ढकालज्यूको प्रमुख आतिथ्यतामा ग्रिन रेष्टुरेष्टको सभाहलमा २० औ वार्षिक उत्सव एवम् स्थापना दिवस कार्यक्रम सभ्य भव्य रुपमा सम्पन्न गरिएको थियो।
- ❖ मिति २०२२ सेप्टेम्बर २ मा प्लाजामल स्थित सेन्चुरी रेष्टुरेष्टमा कास्की आदर्श समाज, कतारले हरितालीका तीज कार्यक्रम संस्थाको अध्यक्ष श्री अगन्धर देवकोटा (अग्नी) को सभापतित्वमा नेपाली महिला समाज कतारकी अध्यक्ष श्री सरीता भण्डारी ज्यूको प्रमुख आतिथ्यमा फेवा सांस्कृतिक परिवारका कलाकारहरुको बेजोड प्रस्तुती सगै सव्य भव्य संग कार्यक्रम सम्पन्न भएको थियो। वर्षेनी रुपमा माइतीको तर्फबाट चेलीबेटी दिदीबहीनीहरुलाई निमन्त्रणा गरी दर खुवाउने परम्परा अनुसार सो कार्यक्रम आयोजना गरिएको थियो।
- ❖ मिति २७ जनवरी २०२३ का दिन सनैया स्थित फुलवारी

रेष्टुरेष्टको सभा हलमा अंग्रेजी नयाँ वर्षको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रममा संस्थाका अध्यक्ष श्री अगन्धर देवकोटाज्यूको अध्यक्षतामा NRNA ICC का युवा उपाध्यक्ष श्री राज रेग्मीज्यूको प्रमुख आतिथ्यमा विविध सांस्कृतिक कार्यक्रम सहित सम्पन्न भयो । उक्त कार्यक्रममा आजीवन सदस्यहरुलाई आजीवन सदस्यताको प्रमाणपत्र वितरण गरिएको थियो । साथै कार्यक्रममा प्रायोजक गर्नु हुने सहयोगी दाताहरुलाई सम्मान पत्र र दोसल्ला ओडाइ सम्मान गरिएको थियो ।

❖ मिति २०२३ अप्रील १४ का दिन संस्थाको भितेपात्रो विमोचन दाजुभाइ रेष्टुरेण्टको सभाहल सनैयामा कार्यक्रम सम्पन्न गरियो । साथै नेपालमा पनि पूर्व कार्यसमिति पदाधिकारीहरुले सक्रियताका साथ वितरण गरिएको थियो।

❖ मिति २०२३ जुन २१ तारिकका दिन ओल्ड दरबार रेष्टुरेष्टमा संस्थाको अध्यक्ष श्री अगन्धर देवकोटा (अग्नी) को सभापतित्वमा एन आर एन ए कतारका अध्यक्ष श्री मोहम्मद मुक्तदा मुसलमानज्यूको प्रमुख आतिथ्यतामा दोहा कतारमा भएका पत्रकारहरुको उपस्थितिमा खुल्ला पुरुष भलिबल प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्नको लागि कतारमा भएका संघ संस्था एवम् खेलाडीहरुलाई जानकारी होस भन्ने उदेश्य साथै प्रचारप्रसार गर्नको लागि पत्रकार सम्मेलन गरिएको थियो ।

❖ मिति २०२३ जुन २७ तारीकमा कास्की आदर्श समाज कतारले नेपाली समुदायका निम्ति नेपालबाट राष्ट्रिय खेलाडीलाई कतार निमन्त्रणा गर्दै खेलमा समावेश गरी खुला पुरुष भलिबल प्रतियोगिता भव्यताका साथ सम्पन्न गरी प्रथम स्थान हासिल गर्न सफल भएको थियो । उक्त प्रतियोगिता गैरआवासीय नेपाली संघ कतारको खेलकुद विभाग संग समन्वय गरी सफलतापूर्वक सम्पन्न गरिएको थियो । संस्थाका उपाध्यक्ष एवम् खेल संयोजक श्री अमृत बिश्वकर्माको संयोजकत्वमा खुल्ला पुरुष भलिबल प्रतियोगिता कार्यक्रमको खेलमा जम्मा १४ समूह समावेश भइ उक्त कार्यक्रम भव्य रुपमा सम्पन्न गरिएको थियो। उक्त प्रतियोगितालाई अनुशासित र स्तरीय बनाउनको निम्ति र कतारमा भएको खेलाडीहरुको मनोवल बढाउन साथै हौशला प्रदान गर्नको लागि नेपालबाट राष्ट्रिय स्तरको खेलाडीहरु बिशाल बिक र राष्ट्रिय रेफ्री मनोज खड्कालाई निमन्त्रणा गरी खेललाई रौनक र रोचक बनाइ बिवादरहित सौहार्दपूर्ण वातावरणमा हजारौ दर्शकहरुको साथ खेल सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा प्रथम पुरस्कार क.रि ५,००० (नेरु, एक लाख बयासी हजार रुपैयाँ), ट्रफी, मेडल, खादा, प्रमाणपत्र आयोजक संस्थाले नै हासिल गर्न सफल भएको थियो । द्वितीय पुरस्कार युथ क्लव ३८ ले क.रि २,५०० ट्रफी, मेडल, खादा, प्रमाणपत्र, तृतीय स्थान क.रि १,०००, ट्रफी, मेडल, खादा, प्रमाणपत्र स्याङ्जा सहयोग समाज र सान्त्वना स्थान क.रि ५००, ट्रफी, मेडल, खादा, प्रमाणपत्र बाग्लुङ सेवा समाज प्राप्त गर्न सफल भएको थियो । उक्त खेलमा बिधागत पुरस्कारहरुमा हाम्रै संस्थाका सर्वोत्कृष्ट खेलाडी बिशाल बिक, उत्कृष्ट ब्लकर राजेन्द्र पोखरेल, उत्कृष्ट सटर मनोज खडका थिए भने उत्कृष्ट डिफेन्स स्याङ्जा सहयोग समाज सन्जु सुनार र उत्कृष्ट स्पाइकर युथ क्लव ३८ का सरोज थापालाई पुरस्कार प्रदान गरिएको थियो। उक्त खेल सनैया स्थित ५२ लेफट साइडको खेल मैदानमा ३ दिन सम्म सञ्चालन गरिएको थियो ।

❖ कास्की आदर्श समाज, कतारको २०२३ अगस्ट ४ तारीखका दिन अध्यक्ष श्री अगन्धर देवकोटा (अग्नी) को सभापतित्वमा कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद, नेपालका बरिष्ठ उपाध्यक्ष श्री हंशराज ढकाल ज्यूको प्रमुख आतिथ्यमा दाजुभाइ रेष्टुरेष्टको सभाहलमा २१ औ वार्षिक उत्सव तथा स्थापना दिवस कार्यक्रम सभ्य भव्य रुपमा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा संस्थाले आयोजना गरेको पुरुष भलिबल प्रतियोगितामा प्रथम स्थान हासिल गराउन सफल खेलाडीहरुलाई हौसला स्वरुप खादा लगाइ नगद राशी सहित सम्मान गरिएको थियो । साथै उक्त कार्यक्रममा सांस्कृतिक प्रस्तुती दिनहुने राष्ट्रिय चर्चित गायिका जुनु प्रसाइ लाई पनी खादा लगाइ नगद सहित सम्मान गरिएको थियो ।

❖ २०२४ फेब्रुअरी १६ का दिन कतार च्यारीटीको सभाहलमा संस्थाको अध्यक्ष श्री अगन्धर देवकोटा (अग्नी) को सभापतित्वमा, नेपाली राजदूतावास कतारका प्रथम सचिव श्री कृष्ण कुमार सुवेदीज्यूको प्रमुख आतिथ्यमा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा संस्थाले आयोजना गरेको खुल्ला पुरुष भलिबल प्रतियोगितामा आर्थिक, नैतिक, भौतिक सहयोग गर्नुहुने सहयोगी दाताहरुलाई सम्मान सहित नेपाली ढाकाटोपी, सम्मान-पत्र, प्रंशसा-पत्र र मायाको-चिनो प्रदान गरिएको थियो भने स्वंयसेवकहरुलाई पनी ढाकाटोपी र प्रंशसा-पत्रले सम्मान गरिएको थियो । साथै आजीवन सदस्यहरुलाई आजीवन सदस्यताको प्रमाण-पत्र पनि वितरण गरिएको थियो ।

❖ २०२३ मे २६ मा हमाद हस्पिटलको ब्लड डोनर सेन्टरमा

कास्की आदर्श समाज कतारको आयोजना र नेपाली रक्तदाता संघ कतारको समन्वयमा सल्लाहकार नविन पौडेलको संयोजकत्वमा बृहत रक्तदान कार्यक्रम सव्य र भव्य तरिकाले सम्पन्न गरिएको थियो। उक्त रक्तदान कार्यक्रममा जम्मा १२७ जना सहभागी मध्य ५० जनाले रक्तदान गर्नुभएको थियो।

- २०२४ मार्च ०८ मा गण्डकी प्रदेश समन्वय परिषद कतार अन्तर्गतका जिल्ला संस्थाहरुको संयुक्त आयोजनामा र नेपाली रक्तदाता संघ कतारको समन्वयमा कस्केलीहरुको उच्च उपस्थितिको बीचमा रक्तदान गरी कार्यक्रम सम्पन्न भएको थियो। उक्त रक्तदान कार्यकममा कास्की आदर्श समाज कतार आयोजक संस्थाको भूमिकामा थियो।
- २०२३ जनवरी २१, नेपाली रक्तदाता संघ कतारको र दोहाका बिभिन्न संघ संस्थाहरुको संयुक्त आयोजनामा आयोजित रक्तदान कार्यक्रममा कस्केलीहरुको उच्च उपस्थितिका साथ रक्तदान गरी कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त रक्तदान कार्यकममा कास्की आदर्श समाज कतार आयोजक संस्थाको भूमिकामा थियो।
- मिति २०२३ फेब्रुअरी ०८ मा नेपाली राजदूताबास कतारका द्वितीय सचिव श्री प्रवीण भट्टराईज्यूलाई दोसल्ला ओडाइ सम्मान-पत्र द्वारा सम्मान एवम् विदाइ पनि गरिएको थियो।
- मिति २०२३ अप्रिल २७ मा, कला संस्कार र संस्कृती हाम्रो पहिचान हो। बिशेष कार्यक्रमको लागि नेपाल देखि कतार आउनु भएका कास्कीका राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान नेपालका केन्द्रिय सचिव जीवन दाहालज्यूलाई र लोक दोहोरी प्रतिष्ठान गण्डकी प्रदेशको प्रथम उपाध्यक्ष माया गुरुङ्ज्यूलाई भेटघाट तथा खादा, दोसल्ला सम्मान पत्रद्वारा सम्मान गरिएको थियो।
- मिति २०२३ जुन ३०, संस्थाले आयोजना गरिएको भलिबल प्रतियोगितालाई रोचक बनाउनको लागि नेपाल बाट आमन्त्रण गरिएको राष्ट्रिय खेलाडी बिशाल बिक र राष्ट्रिय रेफ्री मनोज खड्काज्यूलाई दोसल्ला ओडाई सम्मान पत्र एबम् नगद सहित सम्मान गरिएको थियो।
- मिति २०२२ अगस्ट २६ शुक्रवारको दिन नेपाली हिन्दु नारीहरुको महान पर्व हरितालीका तीजको अवसरमा नेपाली महिला समाज कतारले ओसीस बिच क्लवमा आयोजना गरेको रमाइलो तीज तथा सचेतना कार्यक्रम २०२२ सम्पन्न गर्नमा कास्की आदर्श समाज कतार सहयोगी संस्थाको रुपमा रहेको थियो।
- मिति २०२२ अगस्ट २६ शुक्रवारको दिन नेपाली हिन्दु नारीहरुको महान पर्व हरितालीका तीजको अवसरमा गैर आवसीय नेपाली संघ राष्टिय समन्वय परिषद कतार र कतारमा स्थापित बिभिन्न सघ संस्थाहरु द्वारा आयोजित शुभकामना आदानप्रदान तथा वृहत सांस्कृतिक कार्यक्रम २०२२ मा नेपाल बाट राष्ट्रिय स्तरको ख्याती प्राप्त कलाकारको प्रस्तुती रहेको थियो। उक्त कार्यक्रममा कास्की आदर्श समाज कतार आयोजक संस्थाको रुपमा रहेको थियो।
- मिति २०२२ अक्टुवर ०७ सहयोगापेक्षी मानवीय सेवाको सहयोगार्थ गण्डकी प्रदेश समन्वय परिषद कतारको समन्वय र मातहातमा रहेको जिल्ला संस्थाहरुले सयुक्त रुपमा अल दोसरी पार्कमा आयोजना गरिएको वडा दशै शुभ दिपावली नेपाल सम्वत र छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान तथा वृहत वनभोज एवम् सांस्कृतिक कार्यक्रम २०२२ मा कास्की आदर्श समाज कतार आयोजक संस्थाको रुपमा रहेको थियो।
- मिति २०२३ मे ५ मा २५६७ औ बुद्व जयन्ती गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको र कतारमा स्थापित सघ संस्थाहरुको संयुक्त आयोजनामा नेपाली राजदूतावासको सभाहलमा आयोजित कार्यक्रममा कास्की आदर्श समाज कतार आयोजक संस्थाको रुपमा रहेको थियो।
- मिति २०२३ सेप्टेम्वर १५ मा, नेपाली महिला समाज कतार र गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको महिला विभागको समन्वयमा कतारमा स्थापित संघ संस्थाहरुको सयुक्त आयोजनामा athien sports event al thumama आयोजित सचेतना तथा विविध सांस्कृतिक कार्यक्रम २०२३ रमाइलो तीज कार्यक्रममा कास्की आदर्श समाज कतार आयोजक संस्थाको रुपमा रहेको थियो।
- मिति २०२३ अक्टुवर २३ मा गण्डकी प्रदेश समन्वय परिषद कतार मातहतमा रहेको जिल्ला संस्थाहरुको सयुक्त आयोजनामा नेपाली राजदूतावासको सभाहलमा आयोजित कतारको आधारभूत श्रम कानुन सामाजिक सुरक्षा तथा राहदानी र श्रम स्वीकृती अनलाइन नविकरण प्रशिक्षण कार्यक्रम २०२३ मा कास्की आदर्श समाज कतार आयोजक संस्थाको रुपमा रहेको थियो।
- मिति २०२४ मार्च ०८ शुक्रवारको दिन मोना कतार बहुउद्देश्यीय अक्षयकोष श्रीबृद्वीका लागि आयोजना गरेको २१ औ वार्षिकोत्सव तथा पाँचौ विविध सांस्कृतिक

कार्यक्रम २०२४ मा जसमा नेपालबाट ख्याती प्राप्त कलाकारहरुको उपस्थिति रहेको थियो । कास्की आदर्श समाज कतार सहयोगी संस्थाको रुपमा रहेको थियो ।

❖ मिति २०२४ अप्रिल ११ मा तनहुँ सेवा समाज कतारले बहुउद्देश्यीय अक्षयकोष बृद्विका लागि आयोजना गरेको बृहत् सांस्कृतिक कार्यक्रम २०२४ मा कास्की आदर्श समाज कतार सहयोगी संस्थाको रुपमा रहेको थियो । जसमा नेपालबाट ख्याती प्राप्त कलाकारहरुको उपस्थिति रहेको थियो ।

❖ मिति २०२४ अप्रिल १९ मा स्याङ्जा सहयोग समाज कतारको १९ औ बार्षिक उत्सव तथा राम्दीधाम वृद्धाश्रमको सहयोगार्थ शुभकामना आदानप्रदान कार्यक्रम २०२४ ट्युनीसेयीन स्कुल अल लुक्तामा आयोजित कार्यक्रममा कास्की आदर्श समाज कतार सहयोगी संस्थाको रुपमा रहेको थियो । जसमा नेपालबाट ख्याती प्राप्त कलाकारहरुको उपस्थिति रहेको थियो ।

❖ बिभिन्न संघ संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा कास्की आदर्श समाज कतारले सधै सक्रियरुपमा संस्थागत सहभागिता जनाउदै धेरै भन्दा धेरै रक्तदाताहरुलाई उपस्थिति गराइ तपसिलका संघ संस्थाहरु द्वारा आयोजित कार्यक्रमहरुलाई भव्य र सभ्य रुपमा सफल पार्न अहम् भूमिका खेली संस्थागत सहकार्य गरिएको थियो । जसमा तपसिलका संघ संस्थाहरु रहेका छनः- नेपाली राजदूतावास कतार र नेपाली रक्तदाता संघ कतारको सयुक्त आयोजनामा आयोजित कार्यक्रम, कर्णाली प्रदेश सेवा समाज कतार, लुम्बिनी प्रदेश समन्वय परिषद कतार, नेपाली श्रमिक कल्याणकारी संघ कतार, लमजुङ्ग सेवा समाज कतार, बाग्लुङ सेवा समाज कतार, स्याङ्जा सहयोग समाज कतार, गोरखा सेवा समाज कतार, समाजसेवा अभियान रुपन्देही कतार, मोरङ सुनसरी सेवा समाज कतार, मोना कतार, पर्वत सेवा समाज कतार, नेपाल मगर संघ शाखा कतार, नेपाली रक्तदाता संघ कतार लगायतका संघ संस्थाहरुको वृहत रक्तदान कार्यक्रममा सक्रिय सहभागिता रहेको थियो ।

❖ कास्की आदर्श समाज कतारका विभिन्न पदमा आसिन व्यक्तित्वज्यूहरु तपसिलका संस्थाहरुमा निम्न पदहरुमा निर्वाचित र मनोनित हुंदा बधाई शुभकामना व्यक्त गरिएको थियो ।

➢ संस्थापक सहसचिव हंशराज ढकाल र वर्तमान संरक्षक आश बहादुर गुरुङ, गण्डकी प्रदेश समन्वय परिषद कतारको २०२३-२०२५ कार्यकालको संरक्षक पदमा मनोनित हुनुभएकोमा संस्थाद्वारा बधाई शुभकामना व्यक्त गरियो ।

➢ संस्थाका प्रमुख सल्लाहकार हेम बहादुर बिक (बिक्की) गण्डकी प्रदेश समन्वय परिषद कतारको २०२३-२०२५ कार्यकालको उपाध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा संस्थाद्वारा बधाई शुभकामना व्यक्त गरियो ।

➢ संस्थाका संरक्षक मन प्रसाद रानामगर, गण्डकी प्रदेश समन्वय परिषद कतारको २०२३-२०२५ कार्यकालको सल्लाहकार पदमा मनोनित हुनुभएकोमा संस्थाद्वारा बधाई शुभकामना व्यक्त गरियो ।

➢ संस्थाका पूर्व सल्लाहकार प्रभात त्रिपाठी अध्यक्षमा र क्रमश संरक्षक मन प्रसाद रानामगर, आजीवन सदस्य द्वय राम्जी अधिकारी र बुद्ध गुरुङ, प्रवासी नेपाली मञ्च कतारको राष्ट्रिय कमीटी सदस्यमा निर्वाचित हुनुभएकोमा संस्थाद्वारा बधाई शुभकामना व्यक्त गरियो ।

➢ संस्थाका सल्लाहकार प्रकाश बि.क दलित एकता सञ्जाल कतारको वरिष्ठ उपाध्यक्षमा निर्वाचित हुनुभएकोमा संस्थाद्वारा बधाई शुभकामना व्यक्त गरियो ।



- संस्थाका निवर्तमान संरक्षक द्वय बिल बहादुर गुरुङ र ध्रुवराज अधिकारी कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपालको क्रमश सल्लाहकार संयोजक र सल्लाहकार हुनुभएकोमा संस्थाद्वारा बधाई शुभकामना व्यक्त गरियो।

- संस्थाका निवर्तमान सचिव सन्तोष तिमील्सीना कास्की जिल्ला संगीतकर्मी संघ पोखरा र पोखरा टेलिभिजन द्वारा सम्मानित हुनुभएको र, युथ अन्तर्राष्ट्रिय मानव अधिकार नेपालको सदस्यता प्राप्त गर्न सफल हुनुभएकोमा संस्थाद्वारा बधाई शुभकामना व्यक्त गरियो।

- तमु प्ये ल्हु संघ कतारको २०२३ २०२५ कार्यकालको लागि हाम्रो संस्थाका निवर्तमान कोषाध्यक्ष सि.बी गुरुङ प्रथम उपाध्यक्ष, केन्द्रिय सदस्य अन्जीब गुरुङ सहकोषाध्यक्ष पदमा निर्वाचित र संरक्षक आश बहादुर गुरुङ संरक्षक पदमा र कोषाध्यक्ष केशु गुरुङ प्रमुख सल्लाहकार मनोनित हुनुभएकोमा संस्थाद्वारा बधाई शुभकामना व्यक्त गरियो।

- अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा WOMEN COMMUNITY LEADERS FORUM (WCLF), QATAR ले आयोजना गरेको चित्रकला प्रतियोगिता कार्यक्रममा ११ देशले भाग लिएको थियो। उक्त कार्यक्रममा हाम्रो संस्थाको आजीवन सदस्य कलावती थापाले भाग लिइ नेपाली महिलाहरुको जीवन संघर्ष र सफलता झल्काएको चित्रकलाले तेस्रो स्थान हासिल गर्न सफल हुनु भएकोमा संस्थाद्वारा बधाई शुभकामना व्यक्त गरियो।

- संरक्षक राम प्रसाद गौतमले आफ्नो छोरीको शुभबिवाहमा संस्थागत निमन्त्रणा गर्नु भएकोले नेपालबाट संस्थागत प्रतिनिधित्व गर्दै सह-कोषाध्यक्ष बसन्त श्रेष्ठ र केन्द्रीय सदस्य रामदास भूर्तेल सहभागी हुनु भई मायाको चिनो र खादा लगाइ सफल दाम्पत्य जीवनको लागि बधाई तथा शुभकामना व्यक्त गरियो।

- दोहा कतारमा स्थापित विभिन्न संघ संस्थाहरुको अधिवेशन पश्चात जानकारी भएसम्म निर्वाचित अध्यक्ष तथा कार्यसमितिलाई सफल कार्यकालको लागि सामाजिक सञ्जाल मार्फत बधाई तथा शुभकामना व्यक्त गर्दै आइरहेको छ। संस्थामा आवद्व व्यक्तित्वहरु यात्राको क्रममा शुभयात्राको कामना साथै जन्म दिनको अवसरमा पनि शुभकामना दिदै आइरहेको छ।

- कास्की आदर्श समाज, कतारमा सक्रियताका साथ सहयोग योगदान पुऱ्याउनु भएका र कतार नफर्कने गरी नेपाल जानु भएका मित्रहरुलाई उहाँहरुले संस्थाप्रति गर्नुभएको योगदानको उच्च कदर गर्दै दोसल्ला ओडाई सम्मान पत्र मायाको चिनो द्वारा सम्मानका साथ तपसिल बमोजिमका व्यक्तित्वहरुलाई बिदाई गरियो।

- क) प्रेम अधिकारी, निवर्तमान उपाध्यक्ष तथा सांस्कृतिक संयोजक

- ख) बिल बहादुर गुरुङ, निर्वतमान संरक्षक

- पूर्व कोषाध्यक्ष शिवराज अधिकारी र पूर्व कार्यसमिति सदस्य प्रकाश अधिकारीको पिता स्व. गिरीधारी अधिकारीको मिति २०७९ असोज ९ गते भएको दुःखद निधनमा संस्थाद्वारा हार्दिक श्रद्वाञ्जली एवम् समवेदना व्यक्त गरियो।

- संरक्षक संयोजक आश बहादुर गुरुङको सासु आमा स्व. जैसुवा गुरुङको मिति २०७९ कार्तिक १० गते भएको दुःखद निधनमा संस्थाका अग्रजहरुद्वारा भेटघाट गरी समवेदना पत्र सहित हार्दिक श्रद्वाञ्जली एवम् समवेदना व्यक्त गरिएको थियो।



❖ तुलसी रानाभाट कार्यसमिति सदस्यको पिता स्व. बिष्णुकान्त रानाभाटको मिति २०७९ मंसिर २१ गते भएको दुःखद निधनमा संस्थाद्वारा हार्दिक श्रद्धाञ्जली एवम् समवेदना व्यक्त गरिएको थियो ।

❖ नेपाली राजदूतबास कतारका महामहिम राजदुत डा. नरेश विक्रम ढकालको आमा, स्व. नन्दकली ढकालको दुःखद निधनमा संस्थाद्वारा हार्दिक श्रद्धाञ्जली एवम् समवेदना व्यक्त गरिएको थियो ।

❖ कार्यसमिति सदस्य राजकुमार बि.क र नि.कार्यसमिति सदस्य देव बहादुर बि.कको स्व. पिता भानुभक्त कामीको मिति २०८० साउन २ गते भएको भएको दुःखद निधनमा संस्थाका बसन्त श्रेष्ठ र कृष्ण भण्डारी द्वारा भेटघाट गरी समवेदना पत्र सहित हार्दिक श्रद्धाञ्जली एवम् समवेदना व्यक्त गरिएको थियो ।

❖ पूर्व उपाध्यक्ष बिमल गुरुङको पिता स्व. सन्त बहादुर गुरुङको मिति २०८० भाद्र ११ मा दुःखद निधनमा संस्थाका बिल बहादुर गुरुङ द्वारा भेटघाट गरी समवेदना पत्र सहित हार्दिक श्रद्धाञ्जली एवम् समवेदना व्यक्त गरिएको थियो ।

❖ आजीवन सदस्य रामचन्द्र सुनारको माता स्व. सन्त बिकको मिति २०८० पौष २५ मा दुःखद निधनमा संस्थाका आश बहादुर गुरुङ र सन्तोष तिमील्सीना लगायतका साथीहरुद्वारा भेटघाट गरी समवेदना पत्र सहित हार्दिक श्रद्धाञ्जली एवम् समवेदना व्यक्त गरिएको थियो ।

❖ संस्थापक अध्यक्ष बलराम सापकोटाको स्व. श्रीमति नारायणी सापकोटाको मिति २०८० पौष २६ गते का दिन, दुःखद निधनमा संस्थाका आश बहादुर गुरुङ र सन्तोष तिमील्सीना लगायतका साथीहरुद्वारा भेटघाट गरी समवेदना पत्र सहित हार्दिक श्रद्धाञ्जली एवम् समवेदना व्यक्त गरिएको थियो ।

❖ सल्लाहकार नवीन पौडेलको पिता स्व. लोकनाथ पौडेलको मिति २०८०/१२/२२ गते का दिन, दुःखद निधनमा संस्थाका अग्रज साथीहरुद्वारा भेटघाट गरी समवेदना पत्र सहित हार्दिक श्रद्धाञ्जली एवम् समवेदना व्यक्त गरिएको थियो ।

❖ प्रकट पंगेनी शिव - गजलकार एबम गितकारका मिति २०८१ वैशाख ०४ का दिन दुःखद निधनमा संस्थाको सामाजिक सञ्जाल मार्फत हार्दिक श्रद्धाञ्जली एवम् समवेदना व्यक्त गरिएको थियो ।

❖ मिति २०२३ जनवरी १५ आइतवार दिन काठमाण्डौ बाट बिहान १०:३० बजे पोखराको लागि उडेको यती एयरलाइन्सको ९ एन ए एन सी बिमान पोखरा बिमानस्थल नजिकै नयाँ गाउँस्थित सेती नदी किनारमा अकल्पनीय दुःखद दुर्घटनाले कास्की आदर्श समाज कतारलाई स्तब्धः बनाएको छ । उक्त घटनामा परि दिवंगत हुनु भएकाहरु प्रती भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चीर शान्तिको कामनाका साथ शोकाकल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका थियौ ।

❖ हाल कास्की हेम्जा निवासी इन्द्र मोक्तानको प्रेसरले ढलेर दुर्घटना परि उपचारको क्रममा कतारको हमाद हस्पिटलमा रहेको जानकारी संस्थालाई प्राप्त भएपछि समय परिवारबाट सम्पर्कबिहिन भएको बिरामीसँग मोवाइल पनी नभएको अवस्थामा रहेको परिवारलाई सम्पर्क गराई संस्थाका सल्लाहकार हरि प्रसाद तिमील्सीनाले उक्त बिरामी र परिवार बीच सम्पर्क गराइ हस्पिटलमा रहेको बेला सम्म निरन्तर सम्पर्कमा रही बिरामीलाई सहयोग गर्नु भएको थियो ।

❖ कास्की आदर्श समाज कतारका अध्यक्ष श्री अगन्धर देवकोटा (अग्नी) ले दोहा कतारमा कार्यरत नेपाली दाजुभाइहरुको राहदानी नवीकरण फारम भर्नमा लगभग


शुभकामना

स्थापना कालदेखि नै विशुद्ध सामाजिक कृयाकलापहरुमा कृयासिल कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा संस्थाका गतिविधीहरु अभिलेख गर्ने, समाजका समसामयिक विषयहरु उजागर गर्ने, विविध लेख, रचना एवम सन्देशमुलक विषयवस्तु पाठक माझ पुऱ्याउने उद्देश्यका साथ पहिलो अङ्कका रुपमा प्रकाशन गरिएको आदर्श सन्देश स्मारिकालाई निरन्तरता दिंदै दोस्रो अङ्क प्रकाशन गरी विमोचन गर्न गैरहेको सुन्न पाउँदा अत्यन्त खुशी लागेको छ। २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बन्न सकोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा कस्केली एवम गैर कस्केली पाठक दीर्घलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



श्री गोरख चन्द ठकुरी
अध्यक्ष
सुदुर पश्चिमेली नेपाली समाज, कतार

५० जना भन्दा बढीको निशुल्क फारम भरी सहयोग समन्वय गर्नु भएको थियो भने सामाजिक सुरक्षा कोषको लागि पनि सहयोग गर्नुभएको थियो ।

❖ शुभ दिपावलीको अवसरमा ध्रुवराज अधिकारीज्यू र हंशराज ढकालज्यूको निमन्त्रणालाई स्वीकार्दै उहाँहरुको निवासमा देउसी भैलो कार्यक्रम सम्पन्न गरियो ।

❖ कास्की आदर्श समाज कतारले संस्थाको प्रचारप्रसार साथै संस्थामा पोशाक लगाइ एकताको उदाहरण दिनको लागि संस्थाको नाम र लोगो अंकित टिसर्ट बनाई संस्थाको सदस्यहरु तथा शुभचिन्तकहरुलाई वितरण गरिएको थियो।

❖ संस्थामा कस्केलीहरुलाई आवद्ध गराउने उद्देश्य अनुरुप २६ जना आजीवन सदस्य र साधारण सदस्य बनाइएको थियो ।

❖ कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपालकी संस्थापक तथा पूर्व सल्लाहकार एवम् बर्तमान संरक्षक सदस्य तथा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदकी अध्यक्ष श्री रविना थापा, कास्की समाज अमेरिका बाल्टिमोरका संस्थापक अध्यक्ष एवम् कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपालका संस्थापक तथा पूर्व सल्लाहकार श्री नारायण थापा, कास्की आदर्श समाज कतारका पूर्व उपाध्यक्ष श्री टंक प्रसाद तिमील्सिना, श्री नेत्र प्रसाद तिमील्सिना लगायत अन्य कस्केली महानुभावहरुलाई दोहा भ्रमणको क्रममा भेटघाट गरी संस्थागत बिषयमा पनि छलफल तथा उहाँहरुलाई सम्मान गरिएको थियो ।

❖ २०२३/०७/०७ मा बक्रा बिचमा खेलाडीहरुलाई हौसला स्वरुप आन्तरिक बनभोज कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा खसीको स्पोन्सर आजीवन सदस्य अमिर श्रेष्ठले गर्नुभएको थियो ।

❖ २०२३/११/१७ मा अल दोसरी पार्कमा संस्थाको व्यक्तित्व ज्यूहरुको परिवार पारिवारिक भ्रमणका लागि कतार आउनु भएका सबैलाई उपस्थिति गराइ एक आपसमा परिचय आदान प्रदान गरी सांगीतिक माहोल सँगै वनभोज कार्यक्रम सम्पन्न गरिएको थियो ।

❖ विभिन्न चाडपर्वहरुमा नेपाली संस्कृती र पहिचान संरक्षण र प्रवर्द्धन गर्ने हेतुले विविध सांस्कृतिक कार्यक्रमहरु पनि आयोजना गरी सम्पन्न गरिएको थियो ।

❖ मिति १७ मे २०२४ का दिन वक्र स्थित सार्वजनिक समुन्द्री तटमा आन्तरिक वनभोज तथा भेट्घाट कार्यक्रम सम्पन्न गरिएको थियो ।

❖ २०२४ मे २४ मा २५६८ औ बुद्ध जयन्ती गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको र कतारमा स्थापित संघ संस्थाहरुको संयुक्त आयोजनामा नेपाल राजदूतावासको सभाहलमा आयोजित कार्यक्रममा कास्की आदर्श समाज कतार आयोजक संस्थाको रुपमा रहेको थियो ।

❖ कास्की आदर्श समाज कतारले कास्की लेखनाथमा रहेको श्री सिर्जना बहिरा आवासीय माध्यमिक विद्यालयमा ने.रु १ लाखको अक्षयकोष स्थापना गरेकोमा फेरी गण्डकी प्रदेश समन्वय परिषद कतारले उपलव्ध गराएको ने.रु ५० हजार, आजीवन सदस्य श्री रामचन्द्र सुनारज्यूले उपलव्ध गराउनु भएको ने.रु ५० हजार र संरक्षक श्री विमल सुवेदीज्यूले उपलव्ध गराउनु भएको ने.रु २५ हजार गरी एकमुष्ठ ने.रु २ लाख २५ हजारको अक्षयकोष स्थापना गरिएको छ ।

❖ संस्थाको गतिविधि एवम् आवश्यक जानकारीहरु संप्रेशण गर्नका लागि संस्थाको वेबसाइट वनाइको र वेबसाइट निर्माणमा श्री संगम अधिकारीले सहयोग गर्नुभएको थियो ।


शुभकामना

कतारमा स्थापित संघ संस्थाहरुका माझ हातेमालो गर्दै विशुध्द सामाजिक एवम मानविय कृयाकलापहरुमा कृयासिल कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा प्रकाशन गर्न गईरहेको "आदर्श सन्देश स्मारिका वर्ष २ अङ्क २" को पूर्ण सफलताको कामना सहित नव वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ती र संमृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



श्री क्षेत्र बहादुर गुरुङ (सि.बि.)
प्रथम उपाध्यक्ष, तमु प्ये ल्हु संघ कतार शाखा
निवर्तमान सह-कोषाध्यक्ष, कास्की आदर्श समाज, कतार

# कतारका एच.एच अमिर शेख तमिम बिन हमाद अल थानीको ऐतिहासिक नेपाल भ्रमण र शिष्टाचार भेटघाट









# संस्थागत गतिविधिहरू तस्विरमा






























वृहत रक्तदान कार्यक्रम २०२३









तमू प्ये ल्हु संघ, कतार


















कास्की आदर्श समाज, कतार
KASKI IDEAL SOCIETY, QATAR










DONATION








वृहत रक्तदान कार्यक्रम २०२३


















बृहत रक्तदान कार्यक्रम २०२२
DONATE BLOOD
SAVE LI
14 June








तेस्रो साधारणसभा






बृहत रक्तदान कार्यक्रम २०२२


कास्की आदर्श समाज, कतार
KASKI IDEAL SOCIETY, QATAR



# कास्की जिल्ला संक्षिप्त परिचय



रेशम वस्नेत
सल्लाहकार
कास्की आदर्श समाज कतार

२८° ०६'' उत्तरी अक्षांश देखि २८° ३६'' उत्तरी अक्षांश सम्म र ८३° ४०'' पूर्व देशान्तर देखि ८४° १२'' पूर्वी देशान्तर सम्म फैलिएको कास्की जिल्लाको पूर्वमा तनहुँ र लमजुङ्ग पश्चिममा पर्वत र म्याग्दी उत्तरमा मनाङ र मुस्ताङ दक्षिणमा स्याङ्जा जिल्ला पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल २,०१,७०० हेक्टर रहेको छ । समुन्द्र सतहबाट न्युनतम ४५० मिटर देखि ८०९१ मिटर सम्मको उचाईमा अवस्थित कास्की जिल्लाको टेलिफोनको क्षेत्रीय संकेत ०६१ हो । यस जिल्लामा ४ गाउँपालिका र १ महानगरपालिका रहेका छन् । यहाँका जनताको मुख्य आयश्रोत कृषि नै हो तर यहाँको भौगोलिक अवस्था र प्राकृतिक श्रोत साधनको भरपुर उपयोग गर्ने हो भने पर्यटन व्यवसाय बहुसंख्यक जनताको रोजीरोटीको माध्यम बन्न सक्ने कुरामा दुईमत छैन ।

विषेशतः पृथ्वी राजमार्ग सिद्धार्थ राजमार्ग र पोखरा बागलुङ राजमार्ग कास्की जिल्लासम्म पुग्न सकिने माध्यमहरु हुन् । त्यसबाहेक हवाई यात्रा अर्को विकल्प हो । प्राकृतिक छटा र सांस्कृतिक विविधताले भरिपूर्ण कास्की जिल्लाका प्रत्येक गाउँ आँफैमा एक संग्राहलय हुन्। जहाँ नेपाली संस्कार र संस्कृतिका अनुपम बिरासतहरु आजपनि महसुस गर्न पाइन्छ । घान्द्रुक ल्वांङ घलेल, चिप्ली सिक्लेश ताङतिङ आदि लालिगुरांसको घुम्टो ओडेर आफ्नो सांस्कृतिक धरोहर जोगाएर बसेका गुरुङ बस्तिहरु हुन् । यहाँको स्वच्छंद हावामा श्वास लिन जो कोही लालायित हुन्छन । संधै कोशौं टाढाबाट माछापुच्छ्रे, अन्नपूर्ण हिमश्रृङ्खला नियालिरहेका जो कोहीलाई यिनको सन्निकट पुगेर यिनको विशालताको महसुस गर्ने चाहना हुन्छ । जुन चाहना माथि उल्लेखित गुरुङ बस्तिहरुमा पुगेपछि सजिलै पुरा हुन्छ । धार्मिक दृष्टिकोणले पनि कास्की जिल्ला उत्तिकै महत्वपूर्ण छ । यहाँ रहेका विभिन्न मठ मन्दिरहरु मध्ये बिन्ध्यबासिनी मन्दिर, ताल बाराही मन्दिर, भूकाली मन्दिर, बौद्ध स्तुपा, माटेपानी गुम्बा पुम्दिकोटमा अवस्थित भगवान शिवको विशाल मुर्ति प्रमुख छन् । प्रत्येक दिन श्रद्धालु भक्तजनहरुको घुइंचो लाग्ने यी धार्मिक स्थल बाहेक पनि कास्की जिल्लामा थुप्रै मठ मन्दिरहरु रहेका छन् ।

पोखरा जो विगतमा कास्की जिल्लाको सदरमुकाम थियो । देशमा गणतान्त्रिक व्यवस्था लागु भए पश्चात गण्डकी प्रदेशको राजधानी पोखरा बनेको छ । आफ्नो अलौकिक सुन्दरताको बान्कीले विश्वमा प्रख्यात पोखरालाई सात तालको शहरको उपनामले पनि चिनिन्छ। फेवाताल, रुपाताल, बेगनासताल, दिपांगताल, मैदीताल, खास्टेताल र निउरेनीताल, यी मध्ये पनि फेवा, रुपा र बेगनासताल आम नेपालीहरु बीच बिशेष रुपमा परिचित छन् । पोखरा घुम्न आउने जो कोहि यी तालहरुको अवलोकन नगरी पोखरा घुमाई पूर्ण भएको मान्दैनन । त्यस्तै गरि पोखरामा घुम्न आउने पर्यटकहरुलाई लोभ्याउने प्राकृतिक संरचना मध्ये यहाँका गुफाहरु पनि हुन । पोखराको बाटुलेचौरमा रहेका महेन्द्र गुफा, चमेरी गुफा, क्रेजी गुफा, कुमारी गुफा अनि पोखरा छोरेपाटनमा अवस्थित गुप्तेश्वर गुफा, बाह्य एवं आन्तरिक पर्यटकको रोजाईमा पर्ने यी गुफाहरु सम्म पोखरामा चल्ने सार्वजनिक यातायात मार्फत सजिलै पुग्न सकिन्छ । त्यस्तै फेवाताल र यसको उद्गम हर्पन खोलाको क्रियाकलाप नियाल्दै सदियों देखि उभिएको कास्कीकोट र सेती नदीको जगमा उभिएको काहुँ डाँडा पर्यटकहरु रोमान्चित हुने पर्यटकीय स्थल हुन । कास्कीकोट र काहुँडांडा आमुने सामुने उभिएर आँखा जुधाई रहेको भान हुने यी दुई डाँडाको शिरमा पुगेपछि समग्र पोखरा संगै उत्तरतर्फ रहेका लहरै हिमशिखरहरु आफ्नै हत्केलामा समेटेको आभास हुन्छ । अझ आकाशै ढाक्ने गरी सराङकोटबाट उडान भरेका रंङ्गी बिरंगी प्याराशुटहरुले त पोखरालाई फुल भरेको रुमाल सरह सुन्दर बनाईदिन्छन् । पोखरा बजारको दक्षिण भागमा रहेको डेविज फल्स (पातले छाँगो) प्रायः पर्यटकहरुले अवलोकन गर्ने स्थल हो । पानीको छाँगो पातालमा झरेर जमिन भित्रै बिलिन भएको आभास हुने उक्त ठाउँ हुँदै पुम्दी भूम्दी शिब मन्दिर र बौद्ध स्तुपा पुग्न सकिन्छ ।

पोखरामा रहेका संग्राहलयबाट पनि समग्र नेपालको इतिहास चालचलन जैविक विविधताको बारेमा जानकारी पाउन सकिन्छ । अन्नपूर्ण पुतली संग्राहलयमा विश्वमा पाइने ६६० प्रकारका पुतली, १५० किसिमका चराचुरुंगी ७० किसिमका बोटबिरुवा लगायतको बारेमा जानकारी पाउन सकिन्छ । अन्तर्राष्ट्रिय पर्वतारोही संग्राहलयबाट हिमाल आरोहण सम्बन्धि जानकारी, आरोहणको विकासक्रम सम्बन्धि जानकारी लिन सकिन्छ, सन २००२ मा सगरमाथा आरोहणकर्ता जुन्को तावेई जापानीज र नेपाली आप्पा शेर्पाले यो संग्राहलयको उद्घाटन गर्नु भएको थियो । त्यस्तै गोर्खा मेमोरियल संग्राहलय गोर्खालीहरुले लडेका प्रथम र द्वितीय विश्वयुद्ध, गोर्खाली योद्धाहरुले पाएका तक्मा साथै गोर्खाली सेनाको शान्ति सेनामा सहभागिता बारे जानकारी पाउन सकिन्छ यी बाहेक पोखरामा रहेको अर्को क्षेत्रीय संग्राहलयबाट पनि नेपाली सभ्यताको संस्कृतिको जनजीवनको विकासक्रमको बारेमा थाहा पाउन सकिन्छ ।

देशमा काठमाडौं पछि सबैभन्दा साक्षार भएको जिल्ला कास्की जिल्ला हो। यहाँ थुप्रै राष्ट्रिय स्तरका शैक्षिक संस्थाहरु रहेका छन्। पोखरा विश्वविद्यालय देखि देशकै पुरानो मध्यको कलेज पृथ्वी नारायण कलेज, इन्जिनियरिंग अध्ययन संस्थान पश्चिमाञ्चल क्याम्पस पोखरामै रहेका छन । पश्चिमको बुढानिलकण्ठ भनेर चिनिने गण्डकी बोर्डिङ स्कुल देखि वि.सं २००४ सालकै हाराहारीमा स्थापना भएका बिन्ध्यवासिनी मा.वि, अमरसिंह मा.वि, राष्ट्रिय मा.वि, लगायतका विद्यालयका उत्पादनहरु देशको निजामति सेवामा, राजनीतिमा संवैधानिक निकायमा उपल्लो ओहदामा पुगी सकेका छन्। शिक्षा संगै स्वास्थ्य क्षेत्रमा पनि कास्कीमा केहि आशा लाग्दा स्वास्थ्य संस्थानहरु छन् । मणिपाल शिक्षण अस्पताल, पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, गण्डकी मेडिकल कलेज, हरियो खर्क अस्पताल, हिमालय आँखा अस्पताल लगायत थुप्रै अस्पतालहरुले कास्की लगायत छिमेकी जिल्लालाई समेत स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन् ।

कृषि क्षेत्रमा पनि कास्की जिल्लाले नयाँ-नयाँ सोध गरिरहेको छ । ल्वाङको चिया खेती, अर्मला क्षेत्रको अलैंची खेती, मौरी पालन, सार्दीखोलाको ट्राउट माछा पालन, हेम्जाको आलु खेती, बाघमाराको सुन्तला आदि भविष्यमा कास्कीलाई चिनाउने नयाँ पर्याय हुनेछन भन्नेमा म बिश्वस्त छु। कास्कीको लुम्लेमा रहेको लुम्ले कृषि अनुसंधान केन्द्र पनि आन्तरिक पर्यटकहरुले हेर्न रुचाउने मध्येको गन्तब्य हो । नेपालको सबैभन्दा बढि वर्षा हुने ठाउँ कास्कीको लुम्ले हो । र नेपालको पहिलो कविता गाउँ पनि लुम्ले नै हो । त्यस्तै अर्मलाकोट, ढिकीडांडा, रंगशाला, रुपाकोट विश्वकै सबैभन्दा लामो जिप लाइन अन्नपूर्ण पद मार्ग लगायत थुप्रै पर्यटकीय गन्तब्यहरु अन्वेषण हुदैछन। पोखरामा आन्तरिक एवं बाहिरी पर्यटकहरुको लागि बजेट अनुसारका तारे होटल रिसोर्ट देखि साना होटलहरु उपलब्ध छन् । फुलबारी होटल, रुपाकोट रिसोर्ट, बर पिपल रिसोर्ट, देउराली रिसोर्ट, होटल फेवा लगायत थुप्रै होटलहरु पाहुनाको स्वागतार्थ हमेशा तयार रहन्छन। यी बाहेक पनि कास्की जिल्ला भरि गाउँ-गाउँका आमा दिदी बहिनीहरुको सक्रियतामा अर्गानिक खाना सहितका होमस्टेको अवधारणा र सञ्चालनले आजकल निकै ख्याती कमाएको छ। त्यसै गरी पोखरा बजारलाई एकै साथ अवलोकन गर्न पोखरा वरिपरिका डांडाहरुमा बनेको रिसोर्ट, रेष्टुरेण्टहरुले आन्तरिक र वाह्य पर्यटकहरुलाई स्वागत गरिरहेका छन ।

संक्षिप्तमा कास्की पोखरा सेरोफेरोले आन्तरिक एवम् बाह्य पर्यटनलाई मन्त्रमुग्ध त पार्छन नै, अझ सम्पन्न भईसकेको पोखरा क्षेत्रिय विमानस्थल नियमित सुचारु, बन्दै गरेको पहाडि लोक मार्गले मुर्तरुप पायो भने कास्की जिल्लाको पर्यटनले अझै विस्तारित रुप लिनेछ।







# सार्दिखोला : अंध्यारोबाट उज्यालो तर्फ



मित्रलाल आचार्य

### भौगोलिक अवस्थितिः

सार्दिखोला गाउँ, गण्डकी प्रदेश अन्र्तगत कास्की जिल्लाको उत्तर पट्टि रहेको माछापुच्छ्रे गाउँपालिका वडा नं. २, मा अवस्थित रहेको छ। साविक सार्दिखोला गाविस (हाल माछापुच्छ्रे गाउँपालिका वडा नं. २) का समतल भूभागहरुमा भूजुङ्गखोला, चौरा गाउँ र भराभरी हुन् । यिनमा सबैभन्दा फराकिलो समतल भू-भाग भूर्जुङ्गखोला नै हो । यि समतल भू-भाग वाहेक अधिकांश भू-धरातल अग्ला डाँडाकाँडा, खोँचले ढाकिएका भू-भागबाट यो सार्दिखोला क्षेत्र बनेको छ। समुन्द्री सतहदेखि करिब १२०० मिटरको उचाइमा रहेको यस विद्यालय करिब २८°४५ उत्तरी अक्षांश र ८३°१२ पूर्वी देशान्तरमा रहेको छ। समशितोष्ण प्रकारको हावापानी पाइने यस क्षेत्रमा बार्षिक बर्षा सरदर १५० मि.मि.सम्म हुन्छ। पोखरा महानगरपालिकाको वडा नं. १ बगरबाट करिब १४ कि. मि. उत्तरमा रहेको यो गाउँ हाल लामाचौर-माछापुच्छ्रे ग्रामिण सडक मार्गबाट जोडिएको छ। यसको उत्तरमा सेती नदीबाट माछापुच्छ्रे वडा नं. १ छुट्टिएको छ। दक्षिणमा भूर्जुङ्गखोलाले पोखरा महानगरपालिका वडा नं. १९ बाट छुट्टयाएको छ। पूर्वमा उत्तर दक्षिण फैलिएको सिक्लेसको डाँडा र भूर्जुङ्गखोलाले सिमानाको काम गरेको छ। त्यस्तै पश्चिम पट्टि प्रसिद्ध सेती नदिले माछापुच्छ्रे गा. पा. वडा नं. ३ घाचोकबाट अलग पार्ने काम गरेको छ। यस क्षेत्रलाई चिनाउने प्रशिद्ध तातोपानी कुण्ड (खारापानी), महभीर, दलामभीर, ताराहिल, माछापुच्छ्रे हिमाल, अन्नपूर्ण हिमाल, घलेखर्कको कोट, ट्राउट माछा उत्पादन क्षेत्र, विभिन्न कृषि फर्महरु, कटिङ्ग ढुङ्गा, आदि महत्वपूर्ण सम्पतीका रुपमा रहेका छन्।

### सामाजिक अवस्थाः

यस गाउँको भौगोलिक क्षेत्रमा विभिन्न धर्मावलम्वीहरु र जनजातिहरुको मिश्रित बसोबास रहेको छ। सबैभन्दा बढी बौद्ध धर्मावलम्वीहरु रहेका छन् भने दोश्रो स्थानमा हिन्दु धर्मावलम्वीहरु र अन्य केही मात्रामा रहेका छन्। जनजातिहरु मध्ये गुरुङ्गहरुको बाहुल्यता रहेको छ भने तामाङ्ग तथा मगरहरु पनि उल्लेख्य मात्रामा रहेका छन्। त्यस बाहेक दलित जातिहरुको पनि प्रशस्तै रहेको छ। अन्य अल्पसंख्यक जातिहरुमा ब्राम्हण, सन्यासी र नेवार रहेका छन् । यस क्षेत्रमा बोलिने भाषाहरुमा गुरुङ्ग, तमाङ्ग र खस भाषा प्रचलित छन् । यस क्षेत्रका मानिसहरुले मनाउने चाड पर्वमा दशैं, तिहार, तीज, नयाँबर्ष, ल्होछार, माघे सक्रान्ती, श्रावण सक्रान्ती, श्रीपञ्चमी, पुषे पन्ध्रम्, बौद्धजयन्ती, ट्होटे पर्व, क्रिसमस डे, आदि पर्दछन्। न्वारन, छ्योर, ब्रतबन्ध, विवाह, काजक्रिया, अर्घौं, आदि संस्कारजन्य रीतिरिवाज हुन्। समशितोष्ण हावापानीको क्षेत्र परेकोले भेष-भूषा, लवाई-खवाई आदिमा ऋतु परिर्वतनको प्रभाव परेको देखिन्छ। यस क्षेत्रलाई धार्मिक तथा जातिय सहिष्णुताको संगम् स्थलको रुपमा लिन सकिन्छ। अधिकांश मानिसहरु वैदेशिक रोजगारमा संलग्न रहेको कारणले यहाँको जनजीवनमा वैदेशिक रहन सहनको प्रभाव बढ्दै गएको देखिन्छ। साक्षरताको प्रतिशत ९ प्रतिशत रहेको छ।

### आर्थिक क्रियाकलापः

यस क्षेत्रका मानिसहरुको प्रमुख आर्थिक क्रियाकलाप कृषि नै हो। साथ साथै पशुपंछी पाल्ने काम पनि सँगसँगै गरिन्छ। यस क्षेत्रका धेरै जसो युवा जनशक्ति बैदेशिक रोजगारको सन्दर्भमा विश्वका विभिन्न मुलुकमा छरिएर रहेका छन्। जापान, कोरिया, अष्ट्रेलिया, खाडी मुलुकहरु, भारत, वेलायत, सिगांपुर लगाएतका देशमा सेना तथा अन्य पेशा व्यवसायमा संलग्न भइ थुप्रै रेमिट्यान्स भित्र्याउन र आ-आफ्नो जीवनस्तर उकास्न टेवा पुगेको छ। आफ्नो गाउँ आँफैं बनाउँ, जनसहभागिता, विश्व विकास बैंङ्क लगाएतका महत्वपूर्ण सहयोगबाट यो क्षेत्रलाई पक्की मोटरबाटोले जोडेको हुँदा आर्थिक सम्भावनाका ढोका खुलेको छ। टाढा टाढाबाट समेत यस क्षेत्रमा रोजगारका लागि प्रशस्तै मानिसहरु आइरहेका छन्। यातायाको सुविधाले गर्दा ढुङ्गा कटिङ्ग व्यवसाय, गिट्टी, वालुवा तथा ढुङ्गा ढुवानी व्यवसाय ठूला ठूला नमुना कृषि फार्महरु व्यापार व्यवसायहरु फस्टाउँदै गएका छन्। जाँगर तथा सिप भएकाहरु भोकै मर्न नपर्ने अवस्था सृजना भएको हुँदा हाल पर्वतीय कृषि सहकारी, रेन्वोट्राउट माछापालन कृषि सहकारी, पर्वतीय कृषि फार्म, क्षेत्रदिप अन्नपूर्ण ट्राउट फार्म, गण्डकी ट्राउट फार्म, कादुरी ट्राउट नमुना फार्म, भैंसी तथा गाई पालन फार्म, बाख्रा तथा कुखुरा पालन फार्महरु, तरकारी फार्महरु विस्तार भै आकर्षणको केन्द्र बन्न पुगेको छ।

### यस क्षेत्रका विकासका पूर्वाधारहरु:

सार्दिखोला, २०४६ सालको राजनैतिक परिवर्तन सँगै मोटरबाटो निर्माणले विकास निर्माणमा फड्को मार्न अनुकुलता थपिदिएको छ । सार्दिखोला पुरुञ्चौर सिंचाई आयोजनाले कृषि उत्पादन बढाउन र तरकारी खेतीको लागि व्यावसायिक सम्भावनाको ढोका खोलिदिएको छ । पाइपद्वारा स्वच्छ पिउने पानी सबै टोल बस्तीमा उपलब्ध छ। यस क्षेत्र भित्र १ निजी विद्यालय, ३ आधारभूत विद्यालय र १ वटा कक्षा १२ सम्म सञ्चालित माध्यमिक विद्यालयले महत्वपूर्ण सम्भावनाहरु बोकेको छ । सञ्चार सुविधा तथा विजुली वत्तीको सुविधाले जीवनस्तरलाई सहज बनाएको छ। रेन्बोट्राउट माछा फार्म, कृषि फर्महरु, ढुङ्गा कटिङ्ग, स-मिल, वालुवा, ढुङ्गा तथा गिटी ढुवानी व्यावसायले थुप्रै रोजगारका सम्भावनाहरुको ढोका खोली दिएको छ। प्राथमिक उपचारको लागि स्वास्थ्य चौकिको स्तरोन्नतीको आवश्यकता पूरा भएमा र शान्ति सुरक्षाको समुचित व्यवस्थाले मानिसहरुलाई व्यवसाय सञ्चालन गर्न र जीविकोपार्जनको लागि सहजपन ल्याउने सम्भावना रहेको छ। मन्दाकिनी हाइड्रोपावर, उपल्लो सेती जलविद्युत आयोजना, रमणीय परिदृश्यले अर्को महत्वपूर्ण पर्यटन व्यावसाय र समशितोष्ण प्रकारको हावापानीले महत्वपूर्ण जडीबुटी उत्पादनको सम्भावना पनि यस क्षेत्रका विकासका सम्भावना हुन् । हाल आएर गुणस्तरीय शिक्षा र भविष्यमा व्यवस्था गरिने प्राविधिक धारको शिक्षाको प्रबन्धबाट स्वदेश तथा बैदेशिक रोजगारको लागि युवा शिक्षित जनशक्ति महत्वपूर्ण सम्भावना बोकेको क्षेत्र हो।

### ट्राउट माछाले चिनाएको क्षेत्र:

चिसोपानीको वर्षभरिको तापमानको सन्तुलनको स्वस्थ वातावरणमा हुर्कने रेन्बो ट्राउट माछा यस क्षेत्रका सार्दिखोला र भूर्जुङ्खोलाको किनारमा व्यावसायिक अभ्यासहरु हुँदा सयौंको रोजगारी तथा करोडौंको कारोबार भएको छ। एसिया मै सबैभन्दा ठूलो मात्रामा ट्राउट माछा उत्पादक अन्नपूर्ण क्षेत्रदिप माछापालन संस्थाले सार्दीखोलाको पानीलाई दलाम मुहान, च्याङ्लुङ फेदी तथा मन्दाकिनी हाइड्रोपावरको पावर हाउस माथि तीन स्थानबाट उत्पादन र बिक्री वितरण गरिरहेको छ । खुद्रा तथा होलसेलमा मात्र बिक्री गर्ने तर आफ्नै रेष्टुरेण्ट भने सञ्चालन गरेको छैन ।

त्यस्तै कादुरी ट्रष्टद्वारा भूर्जुङखोला क्षेत्र तर पोखरा महानगरपालिका वडा नम्बर १९ मा पर्ने स्थानमा ट्राउट माछा सिकाई परियोजना सञ्चालित छन्। सिकाई परियोजनामा हाल पनि माछा उत्पादन र बिक्री वितरण गर्दै आइरहेको छ। पोखरा १९ मा नै पर्ने माछापुच्छ्रे ट्राउट तथा रेष्टुरेण्टले पनि आकर्षक र नयाँ व्यवस्थापनमा माछापालन तथा रेष्टुरेण्ट सञ्चालन गरिरहेको छ । यस क्षेत्रकै प्रसिद्ध र सफल व्यवसाय भने गण्डकी ट्राउट फार्म रहेको छ। जसले बर्षेनी हजारौं ग्राहकलाई ट्राउट माछाको मिठो स्वादसँगै पारिवारिक जमघट भेटघाट र मनोरञ्जनको केन्द्र बनाइरहेको छ। त्यती मात्रै हैन सार्दिखोला क्षेत्रमा आन्तरिक पर्यटनलाई जोड्ने कार्य पनि यस फार्मले गरेको छ र यस क्षेत्रको परिचयलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म पर्‍याएको छ।

### शैक्षिक क्षेत्रमा फड्को मार्दै माछापुच्छ्रे मा.वि:

समुदायको माया, विश्वास र सहयोगमा हुर्किएको श्री माछापुच्छ्रे माध्यमिक विद्यालय हाल मुलुककै असल अभ्यासको गन्तव्य रहेको छ। कक्षा नर्सरी देखि कक्षा १२ सम्म नै अंग्रेजी माध्यममा संचालित यस विद्यालयले सामुदायिक विद्यालयमै गुणस्तरीय शिक्षाको सम्भावनालाई चरितार्थ बनाएको छ । त्यसैले पनि नेपालका विभिन्न भूभागका ३२ जिल्लाका विद्यार्थीहरू यस विद्यालयमा अध्ययनरत छन् । यस विद्यालयले विदेशमा रहेका भू.पु विद्यार्थीहरूको अनवरत सहयोग पाइरहेको छ। साथै यस विद्यालयले स्वदेशमा पनि सामुदायिक साथ र सहयोग पाई अब्बल जनशक्ति उत्पादन गरिरहेको छ। गुणस्तरीय शिक्षाका लागि गाउँ छोडेर पोखरा र आसपासका क्षेत्रहरूमा जानुपर्ने बाध्यताको अन्त्य गर्दै गाउँमा नै अन्य जिल्लाका विद्यार्थीहरुलाई आकर्षण गरिरहेको छ।

### वित्तीय संस्थाहरू र आर्थिक क्रियाकलाप:

१७ वर्ष पहिले यसै क्षेत्रमा स्थापित सार्दिखोला बचत तथा ऋण सहकारी संस्थाले यस क्षेत्रकै मन जितेको छ माछापुच्छ्रे गाउँपालिका कार्यक्षेत्र रहेको यस सहकारीको केन्द्रीय कार्यालय भूर्जुङ्गखोलामा रहेको छ भने घाचोक, टुसे र खोरामुख बजारमा पनि सेवा केन्द्र सञ्चालित छन्। ५० करोडको हाराहारीको कुल सम्पत्ति रहेको यस संस्थामा माछापुच्छ्रे गाउँपालिका भरका २७६६ शेयर सदस्य रहेका छन्। माछापुच्छ्रे गाउँपालिकाका बासिन्दालाई सामाजिक उत्तरदायित्व तथा बचत तथा ऋण प्रवाहमा महत्वपूर्ण सेवा प्रदान गर्दै आएको यस संस्थाले निकट भविष्यमा नै धम्पुसमा तेस्रो सेवा सञ्चालन गर्न गइरहेको छ। त्यसै गरी यही वडामा विगत केही वर्ष यता जयलक्ष्मी सहकारी तथा ऋण संस्था र नेपाल फाइनान्सको शाखाले पनि स्थानियहरुलाई सेवा दिइरहेको छ।

### जलविद्युत उत्पादनको क्षेत्र:

सार्दिखोलाको पश्चिमी सिमानामा बगेको सेती नदीबाट खारपानी माथि मुहान भई भूर्जुङ्खोलाको पुछारमा २५ मेगावाटको सेती नदी हाइड्रोपावर सञ्चालनको नजिक पुगेको छ। त्यस्तै सार्दिखोलाकै पानीबाट मेप्राङ गाउँको पुछारमा ४ मेगावाटको मन्दाकिनी हाइड्रोपावर सञ्चालित छ । सोही प्रोजेक्टले सार्दिखोलाको पानीको उपयोग गर्दै २.५ मेगावाटको अपर सार्दिखोला पनि सञ्चालनको लागि सम्पूर्ण प्रक्रिया पुरा गर्न लागिरहेको छ। यस क्षेत्रका स्थानीय बासिन्दाहरुले पनि यी हाइड्रोपावरहरूमा करोडौं

लगानी तथा रोजगारीका अवसरहरु पाइरहेका छन् । यसका साथै जयलक्ष्मी सहकारी पोखराको एउटा सेवा केन्द्र तथा नेपाल फाइनान्सको माछापुच्छ्रे शाखा तथा विभिन्न लघुवित्तहरूले पनि वित्तीय क्रियाकलापहरू सञ्चालन गरिरहेका छन् ।

### व्यवसायिक कृषिमा फड्को मार्दै:

ट्राउट माछाले प्रसिद्ध भए पनि कुखुरा पालन, च्याउ खेती, कालिज पालन, व्यवसायिक दुग्ध उत्पादन, बाख्रा पालन, बङ्गुर पालन, गोलभेडा खेती, आदिमा पनि यस क्षेत्र अघि बढिरहेको छ। प्राकृतिक रुपमा पाइने टुसामा पनि बर्सेनी लाखौंको आम्दानी गरिरहेका घलेखर्क, खैमराङ गाउँका किसानहरुले पछिल्ला दिनहरुमा लाखौं रुपैयाँकै स्थानीय जातको कांक्रा उत्पादन गरी पोखरा बजारमा बिक्री वितरण गरिरहेका छन् ।

### वैदेशिक रोजगार, अध्ययन र स्वदेशी अवसरमा सार्दिखोलाबासीहरू:

देशमा भएको बढ्दो वेरोजगारी र परिवारका आर्थिक आवश्यकता पूरा गर्न यस क्षेत्रका धेरै युवाहरू आफ्नो अमूल्य पसिना बगाउँदै खाडी क्षेत्रका कतार, साउदी अरेयिबा, दुबई, अबुदाबी, बहराइन, कुवेत, आदि देशमा कार्यरत छन् । विगतमा ठूलो संख्यामा यस क्षेत्रका युवा विभिन्न समस्याका वाबजुद पनि खाडी मुलुकमा श्रम बेचिरहेको अवस्थामा हाल भने स्थानीय विद्यालयमा नै १०+२ उत्तिर्ण गर्दै जापान, कोरिया, फ्रान्स, स्पेन, फिन्ल्यान्ड, अमेरिका, बेलायत, क्यानडा, पोर्चुगल, माल्टा, न्युजिल्यान्ड, जर्मनी, आदि देशहरूमा यस क्षेत्रका विद्यार्थी गइरहेका छन् । ब्रिटिश सेनाका परिवारहरू भने बेलायत, हङकङ जस्ता देशमा नै धेरै बसोबास र रोजगारी गर्ने गरेको पाइन्छ । त्यति मात्र नभई विगतमा भन्दा एसुइइ, +२, स्नातक र स्नातकोत्तर उत्तिर्ण गर्नेहरूको संख्या पनि दिन प्रति दिन बढिरहेको छ । पोखरा क्षेत्रबाट राम्रो बाटो भएका कारण आफ्नै साधनमा पोखरा पुगेर अध्ययन, रोजगारीका साथै अन्य कृयाकलापमा लाग्नेको संख्या पनि दिनानुदिन बढिरहेको छा पोखराको बगरबाट नियमित बसको व्यवस्थाका कारणले पनि पोखरामा सामान्य कामले डेरा या होटलमा बास बस्ने बाध्यता हटेको छ ।

बढ्दो शैक्षिक स्थितिका कारण शिक्षक सेवा आयोग, लोक सोवा आयोग, दुर सञ्चार प्राधिकरण, विद्युत प्राधिकरण तथा विभिन्न स्थानीय तहहरूमा पनि प्राविधिक जनशक्ति उत्पादित हुँदै स्वदेशी रोजगारको क्षेत्रमा पनि सकारात्मक उर्जा फैलाइरहेका छन् ।

समग्रमा हेर्दा स्थानीय स्तरमा नै शिक्षा, स्वास्थ्यको उपलब्धता र विकाससले नै यस क्षेत्रको मोटर बाटोले छोएका जग्गाहरु आनाकै दशौं लाखसम्मको उच्च मूल्यमा बिक्रीसम्म हुने गरी मूल्याङ्कनमा वृद्धि हुँदा र गाउँले बजारको रुपमा भूर्जुङखोला बजारले विकास गर्दैगर्दा सार्दिखोला क्षेत्र अँध्यारोबाट उज्यालोको यात्रामा अगाडि बढिरहेको महसुस हुन्छ ।

*(लेखक श्री माछापुच्छ्रे मा.वि, भूर्जुङखोला, कास्कीका*






# स्याङ्गजा सहयोग समाज, कतार

## SYANGJA WELFARE COMMUNITY, QATAR

## शुभकामना

रोजगारीको शिलशिलामा कतारमा रहनु भएका कस्केलीहरुद्वारा कतारमा स्थापित अग्रणी संस्थाको रुपमा रहेको कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा **"आदर्श सन्देश स्मारिका वर्ष २, अंक २"** स्मारिका प्रकाशन गर्न लागेकोमा म लगायत स्याङ्गजा सहयोग समाज कतार परिवार अत्यन्तै खुशी व्यक्त गर्न चाहन्छौं। हामी संसारको जुनसुकै क्षेत्रमा रहे पनि आफ्नो मातृभुमी प्रतिको अगाध माया र जिम्मेवारी वहन गर्न आ-आफ्नो क्षेत्रबाट चिन्तन सहित कर्तव्य निष्ठ पूर्वक अग्रसर छौं, भन्ने उदाहरण स्वरुप यहाँहरुले स्थापना दिवसको अवसरमा प्रकाशन गर्नुहुने स्मारिका मार्फत जन्मथलो, मातृभुमी र प्रवास गर्ने यहाँहरुको प्रयास र भूमिका प्रति स्याङ्गजा सहयोग समाज कतार हार्दिक आभार व्यक्त गर्दछ।

स्याङ्गजा सहयोग समाज सहित कतारमा स्थीपत विभिन्न सामाजिक संघ/संस्था हरु सँग सहकार्य गर्दै, कतार बासी कस्केली तथा गैर कस्केली साथै मातृभूमिमा समेत सामाजिक कार्यबाट पुऱ्याउनु भएको योगदान प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छौं।

वैदेशिक रोजगारीमा रहेर प्राप्त अनुभव, सिप र प्रविधिको ज्ञान हासिल गर्नुका साथै मातृभूमिमा पठाएको विप्रेषणले आफ्नो परिवार एवम् बालबच्चाको शिक्षाको स्तरोन्नतीका साथै देशको अर्थतन्त्रमा विशेष योगदान पुऱ्याउन हामी प्रवासी नेपाली श्रमिक हरुको आवाज लाई समेत सम्बोधन गर्न सक्ने यस स्मारिका प्रकाशनका लागि विभिन्न तह र तप्काबाट योगदान गर्नुहुने कास्की आदर्श समाजका सम्पूर्ण युनिटलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

आगामी दिनहरुमा आफ्नो गौरवपूर्ण विरासतलाई कायम गर्दै, सृजनशीलता र सशक्ततालाई आत्मसाथ गर्दै, अघि बढी रहोस् स्याङ्गजा सहयोग समाज कतार संस्थागत रुपमा यहाँहरुको साथमा हरपल रहने प्रण गर्दछौं। देश विदेशमा रहनु भएका दाजु भाइ तथा दिदी बहनी, आमा बुवाहरुमा नयाँ वर्ष २०८१ सालको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**प्रकाश परियार**
अध्यक्ष एवम्
**स्याङ्गजा सहयोग समाज, कतार परिवार**

---

"सबल र समृद्ध जिल्ला निर्माणमा प्रवासीको योगदान, सहयोग र सद्भाव सबैमा तनहुँ सेवा समाजको अभियान"

# तनहुँ सेवा समाज दोहा, कतार

## Tanahun Welfare Society Doha, Qatar

मिति: २९ अप्रिल, २०२४

## शुभकामना

कतारमा अग्रणी संस्थाका रुपमा रहेको **कास्की आदर्श समाज कतार**ले आफ्नो २२ औं स्थापनाको अवसरमा संस्थाका हालसम्म प्रकाशन नगरिएका गतिविधि एवं विभिन्न समसामयिक लेख, रचना र जानकारी समेटेर **आदर्श सन्देश अंक-२** नामको समारिका प्रकाशन गर्ने लागेकोमा तनहुँ सेवा समाज दोहा, कतार यहांहरुमा धन्यबाद व्यक्त गर्दछ।

हामी संसारको जुनसुकै क्षेत्रमा रहेपनि आफ्नो मार्तभूमि प्रतिको अगाध माया र जिम्मेवारी बहन गर्न आ-आफ्नो क्षेत्रबाट चिन्तित र अग्रसर छौं भन्ने उदाहरण स्वरुप यहाँहरुले २२ औं स्थापनाको अवसरमा प्रकाशन गर्ने आदर्श सन्देश अंक-२ स्मारिका मार्फत आफ्नो जन्मथलो, मार्तभूमि र प्रवासमा रहेका श्रमजिवीहरुको हकमा सन्देश मुलक जानकारी एवं सूचना प्रवाह गर्ने यहाँहरुको प्रयास र भूमिकाको लागि तनहुँ सेवा समाज दोहा कतार यहाँहरुमा धन्यवाद व्यक्त गर्दछ।

वैदेशिक रोजगारीबाट पाएको अनुभव, शिप र प्रविधिको ज्ञान साथै मार्तभूमिमा पठाएको बिप्रेषणले आफ्ना परिवारका एवं बाल बच्चाको शिक्षाको स्तरोन्नतका साथै मुलुकको अर्थतन्त्रमा विशेष योगदान पुर्याउने हामी प्रवासी नेपालीहरुको आवाजलाई समेत सम्बोधन गर्न सक्ने यस स्मारिका प्रकाशनका लागि आ-आफ्नो तह र तप्काबाट योगदान गर्नुहुने सम्पूर्ण कास्की बासीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

बिगतमा जस्तै आउँदा दिनहरुमा पनि तनहुँ सेवा समाज दोहा कतार संगको यहाँहरुको निरन्तर रुपमा सहकार्य, साथ र सहयोगको अपेक्षा गर्दछौ। धन्यवाद।

| | |
|---|---|
| सन्तोष रेग्मी | पदम गिरी |
| महासचिव | अध्यक्ष |

Email: serveforbetterchange@gmail.com | Contact #+97470909722/+97433234443

# संस्थागत गतिविधिहरू तस्विरमा















नेपथ्य





















कास्की आदर्श समाज, कतार

























# शुभकामना

कतारमा स्थापित विविध संघ संस्थाहरु माझ जेठो संस्थाहरु मध्ये पर्ने र विशुद्द सामाजिक कृयाकलापहरुमा स्थापना काल देखी नै सकृय रुपमा सेवा गर्दै आइरहेको अग्रणी संस्था कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा संस्थाका गतिविधीहरु अभिलेख गर्ने उद्देश्यका साथ पहिलो अंकका रुपमा प्रकाशन गरिएको **आदर्श सन्देश स्मारिका**लाई निरन्तरता दिंदै दोस्रो अंक प्रकाशन गरी विमोचन गर्न गैरहेको सुन्न पाउँदा अत्यन्त खुशी व्यक्त गर्दै हार्दिक बधाई दिन चाहन्छौं । २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बन्न सकोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा कस्केली एवम गैर कस्केली पाठक दीर्घलाई **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**श्री सागर पौडेल**
अध्यक्ष
**गण्डकी प्रदेश समन्वय परिषद, कतार**

# हार्दिक शुभकामना

"कास्की आदर्शको चाहना, सभ्य र समृद्ध समाजको स्थापना" भन्ने मुल नाराका साथ स्थापित कास्की आदर्श समाज कतारको २२ औं स्थापना दिवसको पावन अवसरमा प्रकाशित हुन गइरहेको "**आदर्श सन्देश स्मारिका वर्ष २, अंक २**" को पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु। साथै नेपालीहरूको नयाँ वर्ष २०८१ को पावन अवसरमा सम्पूर्ण नेपाली आमा, बुवा, दाजुभाई तथा दिदिबहिनीहरुमा सु-स्वास्थ्य, दीर्घायु एवम उत्तरोत्तर प्रगतीको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु। धन्यवाद ॥



**श्री कृष्ण पन्थी**
प्रथम उपाध्यक्ष तथा श्रमिक विभाग संयोजक
**गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद, कतार**

# वैदेशिक रोजगारीका समस्या, संघसंस्था र नेपाल सरकारको दायित्व



विमल सुवेदी
संरक्षक
कास्की आदर्श समाज कतार

अवसरको खोजीमा भारत पस्ने र लाहुरे बन्ने परम्परासँगै विदेशिन थालेका नेपालीहरु पछिल्लो समय विश्वका १५० मुलुकमा भन्दा वढी राष्ट्रमा पुगेका छन भने ८० राष्ट्रमा सामाजिक अभियानमा सक्रिय छन । वैदेशिक रोजगारी हाम्रो लागि रहर नभै वाध्यातात्मक थियो र यद्पि छ भन्ने कुरा बर्तमान अवस्थाले जनाउँदछ । यसरी परापूर्व कालदेखि वर्तमान सम्म आउंदा पनि बिदेशिनुको कारणमा परिवर्तन आउन नसक्नु निश्चित रुपमा दुःखको विषय हो ।

अघोषित रुपमा भारतमा रोजगारी गर्न जाने आउने चलन सुगौली संन्धी भन्दा अगाडि देखिनै भए पनि विधिवत रुपमा इस्टइन्डिया कम्पनी र नेपालबीच भएको सुगौली संन्धीबाट वैदेशिक यात्राको सुरुवात भएको मानिन्छ। २०४२ साल भन्दा अगाडि सामान्य नागरिक रोजगारीको लागि भारत मात्रै जान सक्दथे । तत्कालिन अवस्थामा पासपोर्ट वनाएर तेस्रो मुलुक जाने अधिकार सामान्य नागरिकलाई थिएन । तर ब्रिटिश आर्मीमा भने भर्ती भएर जाने परम्परा सुगौली सन्धीवाट नै सुरु भएको हो । सुगौली सन्धि पछि नेपालीहरुको वहादुरी देखेर बेलायत सरकारले नेपालीलाई ब्रिटिश गोर्खामा भर्ती सुरु गरे सँगै वेलायती सेनामा नेपालीहरुले रोजगारी तथा वहादुरी देखाउने अवसर प्राप्त गरेका हुन । कालन्तरमा तिनै लाहुरे जीवनका सैनिक परिवारले बेलायतको आवासीय भिषा प्राप्त गर्न सक्षम भए । अधिकार प्राप्तिका लागि गोर्खा भूपूहरुले निकै ठुलो कानुनी लडाईं लड्न नपरेको भने हैन । पछिल्लो चरणमा हङकङ, बेलायतमा नेपालीहरुको बाक्लो उपस्थिति रहेको छ । बेलायतको केही वडा तथा नगरहरुका निर्वाचनमा नेपाली उमेद्वार बनाउन त्यहाँका राजनैतिक पार्टीहरु रस्साकसी गर्नुले पनि बिदेशमा नेपालीहरुको शानमान वढ्दो देखिन्छ ।

परापरम्परागत लाहुरे जीवनमा पुरुष मात्रै बिदेसिन्थे भने वर्तमानमा महिला पुरुष सरावरी रुपमा बैदेशिक रोजगारीमा निस्कने परम्पराको विकास भएको छ । नेपाली महिलाहरु चुलो चौकोमा मात्रै सीमित हुन्छन भन्ने तितो यथार्थलाई चिरेको छ । वैदेशिक रोजगारीमा जानेहरुको प्रवासी जीवन सोचेजस्तो सरल र खोजेजस्तो सुन्दर भने छैन, केही अपवाद वाहेक मैले वाल्यकालमा सुनेको गीत "आमा रुँदै गाउँवेसी मेलैमा छोरो रुँदै गोरखपुर रेलैमा" गीतको मर्म भाव जस्तो छ। वर्तमानमा आप्रवासी जीवनको भोगाइ केही अपवाद वाहेक यथार्थता झल्किन्छ । हामी नेपालीको लागि आप्रावासी जीवन वर्मा गए कर्म सँगै नेपाल गए कपाल सँगै भने झै छ । विश्वका सम्पन्न मुलुक पुग्ने लोभमा परेवा वाजको चङ्गुलमापरी श्रीलंका मध्यपूर्वका देशलाई ट्रान्जिट प्वाइन्ट बनाएर अफ्रिकन मुलुकका डान्सवारहरुमा नचाउने, त्यहाका जङलमा लगेर छोड्ने जस्ता अमानविय दुःख श्रमको लागि निस्कनेहरुले झेली रहेका छन । पछिल्लो चरणमा रसियन, युक्रेन युद्मा नेपालीहरुको सङ्लग्नता र मृत्युको खवरले हाम्रो वैदेशिक रोजगारी क्षेत्र थप भयावह बनेको छ ।

लाहुरे जीवन र भारतको श्रम रोजगारको समयमा सूचना प्रविधिमा अहिलेको जस्तो आधुनिकता थिएन । तथापि त्यो समयमा दुःख दर्दहरु ब्यक्त गर्न सकिन्थ्यो । अहिले अभिव्यक्ती दिन पनि हिच्किचाउनु पर्ने अवस्था छ । पात वजाउँदै विरह पोख्दै मुग्लान पस्नेहरु छुट्टीमा घर फर्कदा लाहुरेको परिचय बोकेर फर्कन्थे । हातमा घडी, टेप र सिग्रेट पहिचान जस्तै हुन्थ्यो । त्यो समयमा कम पिडा थियो जस्तो लाग्दछ। किनभने लाहुरे गाउं आएपछि ऊ स्वयम खुशीले रमाउँदथ्यो । गाउंवासीलाई समेत खुशी बनाउन सक्षम हुन्थ्यो । समयको परिवर्तन सँगै वर्तमानमा न विदेश जाने खुशी देखिन्छन न विदेश जाने अवसर नमिलेकाहरु खुशी देखिन्छन । गएका पनि पछुताउने र स्वदेशमै रहेका पनि पछुताउने कस्तो विडम्बना ! उतिवेला विदेशिएको मान्छेले घरको र घरकाले विदेशिएकाको खवर पाउन मुस्किल थियो । सूचना प्रविधिमा आएको विकासले अहिले त्यो अवस्था छैन । घर भित्रै बसेर कार्य क्षेत्रदेखि बासस्थान सम्मको अवस्था नियाल्न सहजै सकिन्छ तर पनि परदेशी र गाउँवासी बीच जुन आत्मियता थियो अहिले त्यस्तो देखिदैंन । "पाईन खवर खवर घर फर्की आउनुहोस् मेरो हजुर" भित्र विरह जति छ, त्यतिनै आत्मियता छ । तत्कालिन अवस्थामा मुग्लान पसेका वर्तमान जेष्ठ नागरिकहरु सँग बुज्ने हो भने भारतमा कोइला खानीमा र भारी बोक्नेहरुको कथा व्यथासँग वर्तमानमा खाडीको निर्माण क्षेत्रसँग सम्वन्धित कामदार कथा व्यथा उस्तै छ । तथापि नेपाल सरकारले सोच्नुपर्ने, बुज्नुपर्ने वर्तमान समयमा पनि आफ्नो नागरिकले ढुङ्गे युगको जस्तै दुःख गरी आफ्नो दैनिकी गुजार गर्ने अवस्थाको अन्त्य कहिले सम्म गर्ने ?

नेपालको वैदेशिक रोजगारीलाई विश्लेषण गर्दा २०४६ साल भन्दा अगाडिको समयलाई परापूर्व काल र २०४६ सालको परिवर्तन पछिको

समयलाई आधुनिक समय भनेर अध्ययन गर्दा स्पष्ट हुन्छ। २०४२ सालमा परिमार्जन गरिएको श्रम ऐनले सर्वसाधारण नेपालीलाई पासपोर्ट बनाउने अधिकार दियो । २०४६ सालको परिवर्तनले नेपालीहरु तेस्रो मुलुक वैदेशिक रोजगारीको सिलसिलामा जान पाउने भए। स्वः प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला प्रधानमन्त्री हुँदै गर्दा देशमा भएको वेरोजगारीलाई कम गर्नको लागि खाडी मुलुक कतार सँग तपाईंहरुलाई श्रमिक चाहिएको छ, हामी दिन्छौ मिलेर सहकार्य गरौ दुवै देशलाई फाईदा हुनेछ भन्नु भएको शब्द उतिबेला निकै चर्चामा थियो। लगभग ३० वर्ष पछाडि फर्केर त्यो आवाजलाई बुज्ने हो भने नेपालीहरुको उपस्थितिले कतारले देश विकासमा फड्को मारेको छ भने नेपाललाई वेरोजगारी कम गर्न र आर्थिक स्थिरता कायम राख्न सहयोग पुगेको छ। तत्कालिन प्रधानमन्त्रीले त्यसरी वैदेशिक रोजगारीको ढोका नखोलेको भए देश आज गरिबी र वेरोजगारीको चरम अवस्थामा रहन सक्दथ्यो। राज्य निकाय गम्भिर यहाँ हुनुपर्ने देखिन्छ । २०५२ सालबाट सुरुभएको हिंसात्मक आन्दोलनले वैदेशीक रोजगारीमा जाने क्रम झनै तिव्र वनायो। वैदेशिक रोजगारीमा जानेहरुको लर्को दिनको दुई गुना रातको चौगुना वढ्दै गएर अहिले स्वदेशमा युवा समेत पाउन मुस्किल बनेको अवस्था छ।

## निम्न तीन उद्देश्यका साथ नेपालीहरू विदेशिएको पाइन्छ:

### क) विद्यार्थीको रुपमा आप्रवासन जाने र त्यही देशमा स्थायी बसोवास अनुमती प्राप्त गर्ने उद्देश्य:

नेपालीहरुको प्रमुख उद्देश्य नै त्यस्ता मुलुक जाने जहाँ पिआर, ग्रिनकार्ड वा आवासीय भिषा मिल्दछ । त्यस्तोमा जानेहरु अधिकांश विद्यार्थी भिषामा गएर आवासीय भिसा प्राप्तिको प्रकृयामा हुन्छन। अध्ययन र आवासीय भिषा प्राप्त गर्नैको लागि धेरै संघर्ष गरीसकेका हुन्छन। मेशिनको घुमाइ शैलिमा जीवन दौडी रहन्छ घडी हेर्यो काम गर्यो बेतन लियो आवासीय भिषालिन संघर्ष गर्यो जवसम्म आवासीय भिषा मिल्दैन । जव आफ्नो लक्षित उदेश्य प्राप्ती हुन्छ त्यती वेलासम्म जीवन जिर्ण र थकित भैसकेको हुन्छ । थकित मनले कहिले काही सोच्दछ जुरूक्क उठेर कहीं जाऊँ, स्वदेश फर्किऊँ आफ्नै संस्कार आफ्नै वैभवमा रमाउ तर व्यक्तिगत आर्थिक सुरक्षा स्वास्थ्य शिक्षाको सुविधा काम गर्ने बातावरणको अभावको कारण फर्कन पनि सक्दैनन। अर्कोतर्फ पासपोर्ट परिमार्जन संगै स्वदेशको नागरिकता त्याग जस्ता समस्याका कारण सहज रुपमा फर्कन पनि सक्ने अवस्था रहदैन। यो समूहसँग देशले प्राप्ती गर्नु भन्दा देशबाट धेरै गुमाउन परेको छ। तर सवै नेपालीको अपेक्षा यही समूह सँग छ केही गर्न सक्छन भनी। यही समूहमा रहेका हरुको नै माग हो नागरिकताको निरन्तरता र स्वदेशमा लगानी गरी नाफा विदेश लैजान पाउनु पर्दछ भन्ने।

### ख) तेस्रो मुलुक गएर पेसा, ब्यवसाय तथा रोजगारी गरी स्वदेशमा आफ्नो लिभिङ स्टाटसलाई वढाउने:

यो समूहमा विशेषगरी निम्न र मध्यम वर्गिय परिवारका मानिसहरु पर्दछन्। जुन समूहका युवाहरु श्रम गर्नैका लागि नेपाल सरकारसंग श्रम स्वीकृति लिएर खाडी, मलेसिया, कोरिया तथा जापान जस्ता देशहरुमा पुगेका छन। यही समूहले आफ्नो परिवार खर्चका लागि पठाएको रेमिटान्सको श्रोतवाट राष्ट्रले वैदेशिक मुद्रा आर्जन गरी राष्ट्रको लागि आवश्यक बस्तु आयतको भूक्तानी गर्दछ । युवा जनशक्ती पलायन सँगै राष्ट्रिय उत्पादनमा कमी आएकाले धेरै जसो उपभोग्य वस्तु पनि विदेशबाट आयत गर्नु पर्दा राष्ट्रलाई वैदेशिक मुद्राको आवश्यकता पर्ने र त्यसको श्रोत श्रमिक निर्यात गरी प्राप्ती हुने रेमिटान्स हो। रेमिटान्स नै देशलाई फेलर हुन बाट बचाउने अस्त्र सरकारको लागि वनेको छ । यसरी देश वचाउनेहरुको लागि सरकारले अहिले सम्म रिटायर जीवनको बारेमा सोच्न नसक्नु दुःखको कुरा हो। श्रम स्वीकृति लिएर श्रमगर्न जानेहरुको योगदानलाई मुल्याङ्कन गरी उनिहरुको रिटायर लाइफको भविष्य सुनिश्चित गर्नु पर्दथ्यो नेपाल सरकारले यद्दपि गर्न सकेको छैन। रेमिटान्स मार्फत देश वचाउनेहरु दुहुनो र थारो गाइको कथा ब्यथा संग मिल्दो जुल्दो व्यबहारमा परेका छन । दुध आइन्जेल खाने र दुध दिन छोडेपछिको थारो गाइको जस्तो व्यवहार गरेको छ। त्यसैले स्वदेश फर्कन्दा रित्तो हात मात्रै हैन श्रमसमेत गर्न नसक्ने गरी फर्कनु परेको छ। सरकारले प्राप्त रेमिटेन्सलाई सदुपायोग गर्न नसक्नु कमजोरी हो। सरकारले योजनाबद्ध रुपमा श्रम स्वीकृति लिएर विदेश जान सुरुगरेदेखि नै उनिहरुलाई सामाजिक सुरक्षाकोष भित्र समेटेर आप्रावासी श्रमिकलाई सुविधा दिन सक्नु पर्दथ्यो। हाम्रो नीति निर्माणकै कमजोरी हो। सरकारले स्वदेशका श्रमिकहरुलाई सञ्चयकोषमा आवद्ध गरे झै श्रम स्वीकृति लिएर जानेहरुलाई यस्तै कोषमा आवद्ध गराउन सकेको भए राम्रो हुन सक्दथ्यो। ढिलो गरी आएको योगदानमा आधारित श्रमिक सुरक्षा कोषमा सरकारले आफ्नो तर्फवाट थप्नुपर्ने रकम थप्न नसक्नु सरकारको कमजोरी हो।

### ग) सार्क राष्ट्र भित्र गएर दैनिकी गुजारा गर्ने :

गरिबीको रेखामुनी र भौगोलिक दृष्टि र शिक्षाको अभावमा रहेका लगभग अधिकांस नेपालीहरुको गन्तव्य भारत हो । विश्वभर छरिएर रहेका नेपालीहरुको संख्याको आधा हिस्सा भारतमा रोजगारी गर्दछन् । भारतीय रोजगारी नेपालीका लागि यती सहज वन्यो की तेस्रो मुलुकमा जाने नेपालीहरुले प्रायः काम गर्ने पनि भारतीय मुलककाले सन्चालन गरेका कम्पनीहरुमा काम गर्दछन । यसरी हेर्दा हाम्रो रोजगारी विश्वका जुन मुलुकमा भए पनि रोजगारीको श्रोत भारत वा भारतीय नै हुन। भारतमा गएर रैथाने भएर बस्ने, काम हुँदा नेपालमै गर्ने नहुँदा सिमा पारी गएर कमाएर ल्याउने गरिबीका रेखामुनी रहेका धेरै नेपालीहरु छन ।

केही प्रतिशत नेपालीहरु भारतीय सरकारी अफिसमा र प्राइभेट सेक्टरमा पनि महत्वपूर्ण पदहरुमा रहेको पाइन्छ । अधिकांस नेपालीहरु फुटकर रुपमा श्रम गरेको पाईन्छ। भारत गएर काम गर्न पासपोर्ट नचाहिने भएकोले पनि कती नेपाली भारतीय भूमिमा छन यकिन गर्न कठिन छ। भारत नेपालको धार्मिक, सांस्कृतिक तथा खुला सिमानाको कारण रोटीबेटिको सम्बन्ध समेत जोडिएको हुनाले यहाँ रहने नेपालीहरुको यथार्थ चित्रण गर्न कठिन छ । भारतीय भूमिमा बस्ने नेपालीहरुले देशलाई आवश्यक परेको खण्डमा जुनसुकै किसिमको राजनैतिक, सामाजिक तथा आर्थिक योगदान गर्दै आएका छन। विशेष गरी २००७ र २०४६ सालको राजनैतिक परिवर्तनमा भारतलाई कर्मस्थलो बनाउने नेपालीहरुको महत्वपूर्ण योगदान थियो। यहाँ रहेका नेपालीहरुलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्न सके देश र नागरिकका लागि राम्रो हुन सक्दछ।

## संघ संस्थाको स्थापना:

"जती भाँडो उती चुबुर्को" भने झै जती धैरै विदेशिने क्रम वढ्दै जान थाल्यो। त्यसरी नै दिन प्रतिदिन विदेशिने नेपालीहरुमा विविध समस्याहरु देखिन थाले। "वर्मा गए कर्म सँगै, नेपाल गए कपाल संगै" म्यानपावर कम्पनीको नाफामुखी व्यवसायिक योजनाका कारण दोहोरो तेहोरो सम्झौता र कार्यरत कम्पनिमा आउंदा फरक तलव मात्र र व्यवस्थापननै अधिकांश श्रमिक समस्यामा पर्न गएका हुन। एक नेपालीले अर्को नेपालीलाई परेको समस्यालाई टुलुटुलु हेरेर वस्ने कुरा भएन । एक्लैले समस्याको समाधान गर्ने सम्भावना पनि न्युन रहने हुँदा सहयोगी भाव भएका साथीहरु मिलेर संघ, संस्था गठन गर्ने प्रचलन वढ्न थाल्यो । भिसाको समस्या, कम्पनीको समस्या साथै काम गरेर तलव नपाउने जस्ता समस्या एक पछि अर्को आउदै गर्दा राज्यको उपस्थित भएको ठाउमा राज्यले मात्रै सम्वोधन गर्न नसक्ने भएको ठाउमा झन हुने कुरै भएन। यस्ता समस्यालाई सम्बोधन गर्न गैरआवासीय नेपाली संघ संगै बिभिन्न जिल्ला, विकास क्षेत्रस्तरिय, वैचारिक, जातिय तथा धार्मिक संघ संस्था खुल्न थाले यस्तै संघ संस्थाको भिडमा कास्की आदर्श समाज पनि स्थापना भएको हो।

कास्की आदर्श समाज, कास्कीमा जन्मथलो भएका रोजगारी, व्यवसाय र अध्ययनको सिलसिलामा विदेशिएका कास्कीवासीहरुले कास्कीको नाममा विभिन्न संस्था स्थापना गरी सहयोगी भूमिका खेलेको पाईन्छ। धेरै जसो नाम कास्की आदर्श समाज, कास्की समाज (दुवै नामको पछाडि संवन्धित देशको नाम) राख्ने प्रचलन छ । विदेशमा गएर पनि संस्था मार्फत कास्कीको पहिचान स्थापित गर्न सक्षम भएका ति तमाम व्यक्तित्वहरु जस्ले संस्थागत विधी पद्धति मार्फत सामाजिक योगदान गर्नु हुने सवैलाई हार्दिक धन्यवाद यसै आलेख मार्फत दिन चाहन्छु। सामाजिक संघ संस्थाले गर्ने कार्य समाजसेवा नै हो, सामाजिक न्याय, मानवअधिकार र समाज विकासको कार्यमा योगदान दिने नै हो। तथापि प्रवासमा स्थापना भएका सामाजिक संस्थाले विदेशी भूमिमा आएर दुःख पिडामा रहेका अथवा स्वदेशमा छरछिमेकी जो आम्दानीको दृष्टिले निम्न कोटिका छन। दीर्घ रोगी अथवा घातक रोगका कारण उपचार हुन नसकेको अवस्थामा संस्थामा आवद्धहरुले हातेमालो गर्दै आर्थिक सहयोग जुटाउने गर्दछन। समुदायमा रहेका अन्य भूमिकाहरु पनि खेल्दछन। कास्की आदर्श समाज कतार पनि यही उद्देश्यका साथ स्थापना भएको संस्था हो, संस्थाले पीडितको उद्दार, मृत्यु भएकाहरुको लास नेपाल पठाउने देखि उसका लालवालाहरु अप्ठ्यारामा छन भने आर्थिक सहयोगको जोहो थोरै मात्रै किन नहोस बैंकमा खाता खोलेर मुद्दतिमा पैसा राखिदिने कार्य गर्दै आएको छ ।

संस्थाले स्वदेशमा भइपरी आउने समस्याहरुमा आर्थिक र भौतिक सहयोग गर्दै आएको छ भने सरकारी विद्यालयहरुको भौतिक सुधारमा योगदान गर्दै आएको छ। यसरी कतार देखि नेपाल सम्म विभिन्न समस्यामा रहेका कास्कीवासी तथा गैर कास्कीवासीहरुलाई सहयोग गर्दै आएको छ। कास्की आदर्श समाज कतारले कमजोर परिवार र समुदायको जीवनमा सहयोगीको महत्वपूर्ण भूमिका खेल्दै आएको छ। हालै मात्र सिर्जना बहिरा आवासीय विद्यालयमा एउटा अक्षय कोषको स्थापना गरेको छ। कतारमा रहेका कस्केली दाजुभाइ दिदीबहिनीहरुले गरेको सामाजिक कार्यले सामाजिक विकासको पैरवी गरेको महसुस मैले गरेको छु।

## कास्की आदर्श समाज अन्तर्राष्ट्रिय:

कास्की आदर्श समाज कतार जस्तै कास्कीबाट विभिन्न देशमा जाने साथीहरु मिलेर कास्की फुर्को जोडेर विभिन्न देशमा संस्था गठन गरेका पनि छन । डाटावेस त तयार भएको छैन तथापि (कास्की आदर्श सेवा समाज कतार) परिवर्तित नाम कास्की आदर्श समाज कतार पुरानो संस्था हो भन्नेमा कुनै दुविधा छैन । विभिन्न मुलुकमा छरिएर रहेका कास्की सँग सन्वन्धित संस्थाहरुलाई एकीकृत गर्दै एउटै मालामा उन्ने अभिप्रायले "कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपाल" नामक एक विश्वब्यापी संजालको परिकल्पना भएको छ। यो अभियान निश्चय नै राम्रो हो । सामाजिक चेतना र भावना विहिन संस्थाको कल्पना पनि गर्न सकिंदैन । त्यस्तै संचार र संवाद, अन्तर-सदस्यीय निकटता, भाषा र संस्कृति, संगठनभित्र नैतिकताका सवालहरु र संस्थाको विधान सामाजिक संस्थाका चरित्र र प्रभावकारीता निर्धारित गर्ने मुलभूत तत्वहरु हुन । कास्की आदर्श समाज अन्तर्राष्ट्रिय यस्तै भाववाट प्रेरित संस्था हो। स्वभाविक रुपमा संस्था वहुउद्देश्यिय हुन्छ संस्थाको स्थापना गर्नु भन्दा संस्थाको लक्ष्य उद्देश्य हासिल गर्दै संस्थालाई जीवन्त वनाउने कुरा निकै नै चुनौती पूर्ण हुन्छ। तसर्थ संस्थाको जिम्मेवार

सदस्यहरुले संस्था प्रतिको काम, कर्तब्य र जिम्मेवारी नभूलीकन संस्थागत लक्ष्य हासिल गर्ने पथमा एक ढिक्का भएर अगाडि वढ्न सकेमा मात्रै लक्ष्यमा पुग्न सकिन्छ।

वास्तवमा नेपालमा रहेका नेपाली र नेपाल बाहिर रहेका नेपालीहरूको साथ र हातले मात्र नेपाल बन्नेछ भन्ने कुरामा दुइमत छैन। कास्की आदर्श समाज अन्तर्राष्ट्रिय समन्वय परिषद नेपाल बनाउने अभियानको एक जिम्मेवार अङ्गको रुपमा स्थापित हुन सकोस भन्ने सवैको चाहना हो। प्रवासमा स्थापित संस्थाहरु मध्ये नेपाल सरकार संग नजिक रहेर कार्य गर्दै आएको संस्था गैरआवासीय नेपाली संघ हो। वर्तमानमा विश्वभर नेपालीहरुको बढ्दो उपस्थितिले गैर आवासीय नेपाली संघले मात्रै सवैलाई समेट्न सक्ने अवस्था छैन। देश संघियतमा रहेको वर्तमान अवस्थामा जिल्लागत संस्थाको अन्तर्राष्ट्रिय संजालले पक्कै पनि नेपालसँग जोड्ने र जोडिने कार्यमा महत्वपूर्ण भूमिका गैरआवासीय नेपाली संघ सँग मिलेर खेल्न सहज हुनेछ। यस अर्थमा कास्की आदर्श समाज अन्तर्राष्ट्रियको समाजमा उपस्थिति अपरिहार्य छ।

भैपरी आउने विभिन्न दैवीप्रकोप, आपत विपदमा संघ संस्थाको भूमिका महत्वपूर्ण रहदै आएको छ। विश्वभर छरिएर रहेका कास्की वासिको संस्थालाई सशक्त र परिपक्क बनाउन सकेमा यसको लाभ स्वदेश तथा कास्की वासिलाई नै हुनेछ। गैरआवासीय नेपाली संघ जस्तै कास्की आदर्श समाजको अन्तर्राष्ट्रिय संजाल एक सशक्त र महत्वपूर्ण संस्थाको रुपमा समाजमा स्थापित गराउन पर्ने अहिलेको आवश्यकता छ। कास्की आदर्श समाज अन्तर्राष्ट्रिय संस्था भित्र संस्थाको सस्थागत मान्यतालाई आत्मसाथ गर्दै मातृभूमिका लागि योगदान दिने सवालमा दीर्घकालीन सोच वनाएर दूरदर्शी स्वयमसेवी भाव राख्ने संस्थाको प्रशासनिक संयन्त्रलाई चुस्त दुरुस्त बनाउँदै कुशलतापूर्वक संस्थालाई नेतृत्व प्रदान गर्न सकेमा समाजमा संस्थाले प्रभावकारी र सकरात्मक सन्देश दिन सक्नेछा तसर्थ संस्थामा आवद्ध सवैले संस्थाको गरिमा उच्च बनाउन सक्ने गरी कार्य गर्न गराउन तन, मनले काम गरी संस्थालाई एक उदाहरणिय संस्थाको रुपमा स्थापित गर्न सकौं।

## नेपाल सरकारले तत्काल र दीर्घकालमा श्रम आप्रवासनको सम्बन्धमा गर्न पर्ने कामहरु:

**क) गन्तव्य मुलुकसँगको श्रम सम्झौतालाई समयसापेक्ष बनाउनु पर्ने:** पछिल्लो समयमा विश्वका करिव १५० नेपाली श्रमिकहरू रोजगारीका लागि पुगेको अनुमान छ। तर नेपाल सरकारले अहिले सम्म जम्मा १० मुलुकसँग मात्रै औपचारिक श्रम सम्झौता गरेको छ। जती पनि श्रम सम्झौता भएका मुलुकहरु छन। १९९० को दशक देखि श्रम गन्तव्यको रुपमा रहेका देशहरु मात्रै छन। तसर्थ, यी पुराना श्रम सम्झौता भएका देशमा समय सापेक्ष नविकरण गर्ने र नयाँ-नयाँ गन्तव्य देशहरु सँग जति सक्दो छिटो श्रम सम्झौता गरी वैदेशिक रोजगारीमा जानेहरुको श्रम मर्यादित र सुरक्षित बनाउनु पर्ने। रेमिटान्सलाई सदुपयोग हुने लक्ष्य सहित नेपाली वजारमा लगानीका क्षेत्र पहिचान गर्ने श्रमिकले पठाएको रेमिटान्सलाई सदुपयोग हुने गरी लगानीको वातावरण वनाउनु पर्ने।

**ख) विचौलियाको अन्त्य:** नेपाल सरकारले वैदेशिक रोजगार व्यवसायी संघलाई गन्तव्य मुलुकका रोजागार दातासम्मको पहुंच सम्म पुऱ्याएर बिचौलिया मार्फत हुने शोषणको अन्त्य गरिनु जरुरी छ। विचौलियाहरूका भरमा श्रमिक पठाउँदा कामको प्रकृति र करार पत्रहरूका कसीमा नेपालबाट जाने, पठाइने र लगिने श्रमिकहरूलाई दक्षिण एसियाका अफगानिस्तान बाहेकका आप्रवासी श्रमिक मध्ये कम दक्ष श्रमिकका रूपमा लिइन्छ, यसको अन्त्य जरुरी छ।

**ग) मानव बेचबिखनको अन्त्य:** मानव संसाधन जस्तो संवेदनशिल विषयसंग मानव बेचबिखन जोडिनु श्रम आप्रवासन भित्रको पेचिलो पक्ष हो। जसको अन्त्य जरुरी छ। नेपालले प्रतिवद्धता जनाएका आप्रवासन व्यवस्थापन, मानव बेचबिखन विरुद्धका अभिसन्धि र सामाजिक न्याय सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डसँग मेल नै खान्छन। तथापि कहाँ नेर कमजोरी छ भनेर श्रम आप्रावासनको सैद्धान्तिक वहस चलाउनु जरुरी छ। वैदेशिक रोजगार ऐन-२०६४, वैदेशिक रोजगार नीति-२०६८, श्रम ऐन-२०७४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन- २०६४ बीचका खाडलहरू हेरे पुग्छ। तसर्थ श्रम आप्रवासनसँग जोडिएका राज्यका संघीय, प्रादेशिक र स्थानीय तहका सबै निकाय जस्तो गृह, महिला, परराष्ट्र, श्रम, बैंकिङ र बीमा क्षेत्र, न्यायिक निकाय, योजना आयोग, स्वास्थ्य, शिक्षा, गैरआवासीय नेपाली लगायतलाई समेट्ने एकीकृत आप्रवासनको नीतिगत खाका तयार गर्नु जरुरी छ।

**घ) वैदेशिक रोजगार व्यवसायलाई सामाजिक न्यायसँग जोड्नुपर्ने:** नीतिगत पक्ष व्यवस्थापिका-संसद र मन्त्रालयको राजनीतिक नेतृत्वको सहकार्यको दायरा भित्रका हुन भने संरचनागत सुधार, तिनको कार्य व्यवस्थापन, अनुगमन मन्त्रालयको प्रशासनिक नेतृत्वको दायित्व, जसमा वैदेशिक रोजगार व्यवसायीको अनुगमन पनि पर्छ। वैदेशिक रोजगार व्यवसायीको अनुगमन र व्यवस्थापनका चुनौती सिधै गएर राजनीतिक पार्टीहरूसँग ठोक्किन्छन। अहिलेको प्रशासनिक नेतृत्वको श्रम आप्रवासनप्रतिको सैद्धान्तिक प्रष्टता र उसको सुधारप्रतिको गतिशीलता हेर्दा मन्त्रालयको आफ्नो दायित्वको सन्दर्भमा शंका गरिहाल्नुपर्ने देखिन्न। तथापि राजनीतिक पार्टीहरूका भ्रातृ संगठनका रूपमा रहेका वैदेशिक रोजगार व्यवसायीहरूको अनुगमन मन्त्रालयको प्रशासनिक नेतृत्वको प्रमुख चुनौती वनेको

छ । नेपालले प्रतिवद्धता जनाएका अन्तर्राष्ट्रिय मापदण्डका आधारमा वैदेशिक रोजगार व्यवसायलाई मानव तस्करी होइन, व्यवसायकै नैतिक धरातल र सामाजिक न्यायको अवधारणामा रूपान्तरण गर्नेतिर लैजानु पर्दछ ।

**ङ) समन्वयको खोजी:** वर्तमान श्रम ऐन र विभिन्न टुक्रे नियमका कारण श्रमिकहरुले श्रम स्वीकृति लगायत, विभिन्न इन्सोरेन्सको प्राप्तिको लागि हैरानी भएको छ । श्रमिक मात्रैले हैन, व्यवस्थापकिय जिम्मेवारीमा रहेका समेत अन्योलमा रहेको पाईन्छ। तसर्थ विभिन्न तहमा रहेका सरोकारवाला बीच समन्वयका साथै श्रमिकलाई सामाजिक न्याय र संरक्षण प्रदान गर्दै श्रम आप्रवासनको प्रक्रियामा मूलप्रवाहीकरण गर्नुपर्ने, दूतावासहरूको भूमिकालाई आप्रवासीमैत्री बनाउनुपर्ने, विद्युतीय प्रणालीलाई प्रर्वद्धन गरी श्रम आप्रवासन रोज्नेलाई श्रम स्वीकृति लगायतका जानकारीमूलक सूचना र आवश्यक सेवा प्रदेश तथा स्थानीय तहसम्म विकेन्द्रीकृत रूपमा सहजीकरण गर्दै लैजाने जस्ता अग्रगामी कदम नेपाल सरकारले चाल्नु जरुरी छ ।

## समाधान र निराकरण:

राष्ट्रिय आयको मेरुमेरुदण्डको रुपमा वैदेशिक रोजगारको बिकास संगै त्यसमा हुने जोखिममा कमी ल्याउन त्यति सहज छैन । यसलाई स्विकार गर्न सक्नु पर्दछ, परदेश जाने संख्यानै वढ्दो भएपछि मानविय क्षतिका घटनाहरुमा वढोत्तरी हुनु स्वभाविक छ । सवै सरकारको मुख ताकेर मात्रै समाधान हुन पनि सक्दैन । माथि धेरै कुरा उल्लेख गरिएको भए पनि अहिलेसम्म गन्तब्य राष्ट्रसँग श्रम व्यवस्थापनमा जे जति कार्य गरेको भए पनि एक लोकतान्त्रिक, समाजवाद उन्मुख देशको सरकारले ध्यान आप्रवासी श्रमिकको सन्दर्भमा गम्भिर हुन जरुरत छ । रेमिटेन्सले देश वनेको इतिहास अहिलेसम्म छैन । आज जती युवाहरु विदेशि रहेका छन गल्फ क्षेत्र, मलेसिया, कोरियामा रहेका युवाहरु वाहेक विदेश पुगेका युवा घर फर्कने अवस्था छैन । देश दिन दिनै वालक, युवाविहिन वन्दै गएको छ । यही अवस्था रहेमा देशमा मानव वस्ती न्युन हुँदै गएर शुन्यता तिर नजाला भन्न सक्ने अवस्था छैन । किनकी विकसित राष्ट्रले पनि आन्तरिक वसाइ सराइको कारण कतिपय ठाउमा वाहिर देशबाट मानिस ल्याएर पूर्ती गरिरहेका छन । त्यस्तो भयावह स्थिती नआओस भन्नका खातिर पनि नेपाल सरकारले युवालाई विदेश पठाउन भन्दा स्वदेशमै स्वरोजगारिका कार्यक्रम ल्याउन सक्नु पर्दछ । वैदेशिक रोजगार ऐन-२०४२ लागु संगै जसरी वैदेशिक रोजगारिको क्षेत्र खुल्यो त्यसलाई व्यवस्थित वनाउनु सरकारलाई फलामको चिउरा वनेको छ । अव सरकारको ध्यान वैदेशिक रोजगारको क्षेत्र व्यवस्थापन संगै प्रतिस्थापनमा केन्द्रित हुनुपर्दछ । श्रम र सिप भएकाहरुलाई व्यवसायिक कर्जा सुनिश्चित गरिनु पर्दछ । कृषिको आधुनिकीकरण गरिनु पर्दछ । रोजगारी तथा वितरणमा स्वदेशीलाई प्राथमिकतामा राख्नु पर्दछ । रोजगारी अभिमुखी करणमा ध्यान दिने पर्यटन लगायत संभावनाको क्षेत्रको पहिचान गरी स्वदेशी वस्तुको उपयोगमा जोड दिने श्रमको सम्मान गर्ने र तिव्र गतिमा कलकारखना खोलेर विदेशमा रहेका युवाको ज्ञान सिप र पूंजिलाई उपयोग गर्ने रणनीति वनाएर घरफिर्तिको तयारी सरकारले गर्न सकेमा मात्रै धेरै समस्याहरुको समाधान हुन सक्दछ । सरकारले वेलैमा फरक शैलिले सोचेर कार्य नगर्ने हो भने युवाहरुको पलायनसंगै समग्र देशको अर्थतन्त्र ओरालो लाग्ने नै छ भने प्रशासन क्षेत्र शहर केन्द्रित वाहेक अन्यत्र नहुन सक्दछ। सरकारले समयमा नै ध्यान पुर्याउन सकोस ।

नेपालीहरुको नयाँवर्ष २०८१ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्णमा सुस्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । धन्यवाद ॥


हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ सालको

पावन अवसरमा देश विदेशमा रहनुभएको सम्पूर्ण नेपाली आमाबुबा, दाजुभाइ तथा दिदिबहिनीहरुमा सु-स्वास्थ्य दीर्घायु एवम् समृद्धीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री विष्णु बहादुर कुँवर
अध्यक्ष तथा
अर्घाखाँची सेवा समाज, कतार परिवार

# संस्थालाई प्राप्त सम्मान पत्रहरू
































नेपाली जनसम्पर्क समिति कतार
प्रशंसा-पत्र


नेपाली जनसम्पर्क समिति कतार
प्रशंसा-पत्र


मधेश प्रदेश समन्वय परिषद कतार
MADHESH PRADESH CO-ORDINATION COUNCIL QATAR
कास्की आदर्श समाज कतार


नेपाली महिला समाज, कतार
Nepalese Women Society, Qatar
कदर पत्र
कास्की आदर्श सेवा समाज, कतार


नेपाली महिला समाज, कतार
Nepalese Women Society, Qatar
सम्मान पत्र


गैरआवासीय नेपाली संघ राष्ट्रिय कार्यकारी समिति कतार
प्रशंसा पत्र


गैरआवासीय नेपाली संघ राष्ट्रिय कार्यकारी समिति कतार
सम्मान पत्र


नेपाली श्रमिक कल्याणकारी संघ कतार
NEPALESE WORKERS WELFARE ASSOCIATION QATAR
सम्मान-पत्र
कास्की आदर्श समाज कतार


गोरखा सेवा समाज, कतार
GORKHA WELFARE SOCIETY, QATAR
ESTD. 2003
सम्मान-पत्र




गुल्मी सेवा समाज कतार
Gulmi Welfare Society Qatar
धन्यवाद ज्ञापन-पत्र


गोरखा सेवा समाज, कतार
GORKHA WELFARE SOCIETY, QATAR
ESTD. 2003
हार्दिक धन्यवाद


तमू प्ये ल्हु संघ,कतार
कदर-पत्र


तमू प्ये ल्हु संघ,कतार
TAMU PYE LHU SANGH,QATAR
कदर-पत्र




EVEREST NEPAL YOUTH ASSOCIATION, QATAR


LETTER



# वर्तमान सिंच्दै भविष्य कोर्दै-परदेशमा नेपाली महिला



माया के.सी., कतार

*"मदनले बाटो कोरे - मुनाहरुले त्यही बाटो पछ्याए"*

महाकवि लक्ष्मी प्रसाद देवकोटाको वि. सं. १९९६ मा प्रकाशित लोकप्रिय काव्यकृति खण्डकाव्य "मुनामदन" को कथा परिधिका मुख्य पात्र "मदन" डाँडाकी जून हुँदै गरेकी आमाको पाटीपौवा बनाउने ईच्छा पुरा गर्न र लहलहाउँदो बैंसमा पनि लाउँला खाउँलाको चाहना नदेखाएर सादगीपनमा सुखी देखिने प्रयत्नरत पत्नी मुनालाई सुखमा राख्न धन नै चाहिने रहेछ भन्ने महसुस भएपछि धन कमाउन भोट जान्छन् ।

आफु र आफ्नो परिवारको वर्तमान सँगै भावी जीवनयापन सरल र सहज बनाउने सुनौलो सपना बोकेर नेपाली महिलाहरु मुग्लान पसिरहेका छन् । सपनालाई सार्थकता दिन समृद्ध भविष्यको कल्पनामा डुब्दै दुःख पीडा भूलेर वर्षौं देखि विदेशी भूमिमा कर्म गरिरहेका छन् । विभिन्न मिडिया प्रविधिको विकास तथा सूचनाको पहुँच बढेसँगै महिलाहरु आफ्नो खुट्टामा उभिएर आत्मनिर्भर हुनु पर्ने विषयमा जागरुक भएका छन् । महिलाहरु विदेश गएर घरपरिवार प्रतिको आर्थिक जिम्मेवारी घरको धुरी खाँबोले झैं बोध गराउन थाले पछि छोरी बुहारीहरु घर भित्र मात्र सीमित हुनु पर्दछ विदेश जान हुँदैन भन्ने परम्परागत मान्यता चिरिँदै गएको छ ।

NEPAL ECONOMIC FORUM का अनुसार नेपालमा सन् १९९० को जनआन्दोलन पछि अन्तर्राष्ट्रिय श्रमिकमा पनि मुख्यतया घरेलु कामदार र हेरचाह गर्ने कामदारका रुपमा महिला आप्रवासन बढ्यो । सन् १९९० को दशकमा नेपाली महिला कामदारको बसाई हङकङ र जापानमा घरेलु श्रमिक तथा सेवा क्षेत्रमा केन्द्रित थियो । सन् २००० को दशकमा अरवियन देशहरुले नेपाली महिला आप्रवासीहरुलाई घरेलु कामदार र हेरचाहकर्मीको रुपमा काम गर्न आकर्षित गर्न थाले । सन् २००७ सम्ममा अरब राज्यहरुमा काम गर्ने अनुमानित ८० प्रतिशत नेपाली महिलाहरुले निजी घरहरुमा सरसफाई गर्ने, खाना पकाउने, परिवारका बालबालिका र वृद्ध सदस्यहरुको हेरचाह जस्ता कामहरु गरिरहेका थिए भने एशिया लगायत अन्य देशमा होटल, रेष्टुरेन्ट, उत्पादन, चिकित्सा क्षेत्र र ब्युटीपार्लरमा काम गर्नेहरु थिए । पछिल्लो समय युएई, कतार, साउदी अरेबिया, कुवेत र साईप्रस छन् जहाँ नेपालको कुल आप्रवासी मध्ये ७७ प्रतिशत रोजगारीका लागि जाने गर्छन् । गल्फ कोअपरेशन काउन्सिल (GCC) र अन्य छिमेकी देशहरुमा सन् २००७ सम्म महिला आप्रवासन गैरकानूनी र अवैध थियो । म्यँभ का अनुसार सन् २००८ देखि युएई, कुवेत, मलेसिया, कतार, साउदी अरेबिया, लेबनान, साईप्रस र जोर्डन जस्ता श्रम गन्तव्य देशमा जान १ लाख ७६ हजार भन्दा बढी महिलाले श्रम स्वीकृति लिएका छन् । Nepal Labour Migration Report 2020 का अनुसार सन् २०१८/१९ मा महिला आप्रवासीको हिस्सा करिव ८.५ प्रतिशत रहेको छ । घरेलु कामदारका रुपमा गएका अधिकांस महिलाहरुबाट शारीरिक हिंसा, मानसिक तनाव एवं आर्थिक शोषणका गुनासाहरु अत्यधिक आउन थाले पछि सन् २०१७ मार्चमा नेपाल सरकारको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले महिलालाई खाडी मुलुकमा घरेलु कामदारको रुपमा रोजगारमा जान रोक लगाएको छ ।

कतारलाई श्रम गन्तव्य बनाएर विभिन्न पेशा तथा व्यवसाय गरिरहेका नेपाली महिलाको संख्या २४/०१/२०२३ मा कतार सरकार पराराष्ट्र मन्त्रालय वाणिज्य दुतावास मामिला विभाग द्वारा नेपाली राजदुतावास कतारलाई उपलब्ध डाटा अनुसार १५,५५५/- रहेको छ । कतारमा नेपाली महिलाहरु घर, रेष्टुरेन्ट, होटल, फरक प्रकृतिका कम्पनीहरु, विद्यालय, सुपरमार्केट, ब्युटी पार्लर, अस्पताल लगायत अरु धेरै क्षेत्रमा उपल्लो देखि तल्लो विभिन्न तप्का तहमा कार्यरत छन् । ललितपुर - ५, बाग्मती की registered nurse सुजाता डि. सी. कतारको सरकारी अस्पताल हमदको मातहतमा काम गर्छिन् । तिलोत्तमा - १७, बुटवल कि उमी राना International franchise cloth store H&M दोहा फेस्टिभल सिटीमा sales associate को रुपमा कार्यरत छन् । हेटौंडा - १२, पदमपोखरी कि बिन्दा सापकोटा कतारकै अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल सिद्रामा patient transfer को काम गर्छिन् । गल्छी - १, धादिङ कि मेनुका भण्डारी खतिवडा अलमिरा हाईपरमार्केटमा cash control officer को रुपमा कार्यरत छिन् । विदुर गौरीबेसी, नुवाकोट कि सुशीला रिमाल तावर मलमा facility officer पदमा कार्यरत छिन् । यि कतारमा लामो समय देखि रोजगारमा रहेका केही प्रतिनिधि पात्र हुन् । विशेष गरेर शैक्षिक योग्यता भएका, भाषिक ज्ञान राख्ने तथा सम्बन्धित क्षेत्रको कामको अनुभव भएका हरुलाई राम्रो कम्पनीमा उच्चस्तरको पदमा काम गर्ने लगायत कम योग्यताले पुग्ने सामान्य कामहरुको लागि पनि प्रशस्त अवसरहरु छन्। उच्च वा सामान्य जुन तप्का तहमा काम गर्ने भए पनि आप्रवासी कामदारका लागि कतारको नीति नियम समान छ । महिलालाई दिइने

प्राथमिकता तथा सामाजिक सुरक्षाको हिसाबमा कतार अन्य देश भन्दा सुरक्षित मानिन्छ ।

नेपाली महिलाहरु विदेशमा आफ्नो रोजगारीको निरन्तरतासँगै सामाजिक कार्यमा पनि उत्तिकै क्रियाशील छन् । विदेशमा विभिन्न प्रकृतीका फरक फरक उद्देश्य राखेर विशेष गरि नेपालीहरुलाई एकतावद्ध गर्नको लागि जिल्ला, प्रदेश, जातीय, धार्मिक रुपमा स्थापना भएका संघ संस्थाहरुमा आवद्ध रहेर सामाजिक क्रियाकलापमा सक्रिय रुपमा सहभागिता जनाउनुका साथै समाजमा परिआएका घटना परिघटनाहरुको नजिकबाट साक्षि बन्ने गरेका छन् । चाहे समस्यामा परेका नेपालीको उद्दार कार्य होस् अथवा नेपालमा आई पर्ने भवितव्य होस् जहाँ जे मा पनि आफ्नो उपलब्धता र क्षमता अनुसार भौतिक, आर्थिक तथा नैतिक रुपमा सहभागी भएकै हुन्छन् । यो खालको क्रियाशिलताले आपसी एकता बढेको छ, नेपालीहरु विचको सद्भाव बढाएको छ, सुख दुख साझा गर्न सजिलो भएको छ । अचानक आइलाग्ने भवितव्यहरुमा साथ सहयोग मिलेको छ ।

आजाद भिषामा भए पछि जुनसुकै ठाउँमा पनि काम गर्न पाइने सजिलो भिषा माध्यम सोंचेर महंगो शुल्क तिरेर कतार छिर्नेको संख्या दिन प्रतिदिन बढ्दो छ । तर पछिल्लो समय बढि चर्चामा आएको “आजाद भिषा” प्रणाली कतारमा छैन । व्यक्तिगत फाइदाको लागि केही व्यक्तिले आफ्नो कम्पनीको भिषामा बोलाएर केही रकम वार्षिक रुपमा लिएर बाहिर काम गर्न दिने गरेकामा यसैलाई आजाद भिषाको रुपमा बुझिएको छ। यि यावत विषयमा सचेतनाको कमिले गर्दा आजाद भिषाको नाममा कतार आएर फरक कम्पनीमा काम गर्ने तरिकाले प्रवेश गरेकाहरुको हकमा काम खोज्ने देखि वैधानिक रहनकै लागि पनि धेरै समस्या परेको छ र यो खालको समस्या अझ बढिरहेको देखिन्छ । रोजगारीको लागि कतार प्रवेश गर्ने हरेक व्यक्ति भिषामा उल्लेखित कम्पनीकै माताहतमा वैधानिक रहेर काम गर्नु पर्छ । आफु सम्बधित कम्पनी भन्दा बाहिर काम गर्न पर्यो भने बढीमा ६ महिनाको लागि ईयारा अनुमति दिने नियम छ तथापि व्यक्तिगत रुपमा फरक कम्पनीमा गएर काम गर्ने अनुमति वा नियम छैन ।

वैदेशिक रोजगारीका लागि जान चाहनेहरुले आफु जान लागेको कम्पनी, कम्पनीको ठेगाना तथा सम्पर्क विवरण, कामको प्रकृती, तलव, बसोबासको व्यवस्था र ठेगाना, यातायात तथा खाना सम्बन्धि सुविधा, स्थानीय कानुन आदिका बारेमा जानकारी लिनु जरुरी छ । यि जानकारी लिनको लागि सम्बन्धित कम्पनी सम्म पुऱ्याउने जिम्मेवारी लिएको म्यानपावर एजेन्सीमा मात्र भर पर्नु हुँदैन । सम्बन्धित देशमा रहेका आफन्त साथीभाईबाट पनि सोधपुछ गर्नुपर्छ । त्यस्तै कम्पनीको वेबसाइट मार्फत पनि कम्पनीको अवस्था बारे धेरै ज्ञान लिन सकिन्छ। आफु के कामको लागि जाने भन्ने तय भए पछि सम्बन्धित कामबारे ज्ञान शीप हुनु जरुरी छ । संभव भएसम्म सम्बन्धित देशको स्थानीय भाषाको ज्ञान लिनु, आफुले गर्नुपर्ने कामको सामान्य भए पनि तालिम लिनु अत्यावश्यक विषय हुन् । रोजगारदातासँगको सम्झौता-पत्र हस्ताक्षर गर्नु अगाडि सम्झौता-पत्रमा उल्लेख गरिएका बुँदाहरु प्रष्ट बुझेपछि मात्रै हस्ताक्षर गर्नुपर्छ ।

समस्या परिसके पछि निराकरण तर्फ लाग्नु भन्दा समस्या आउनै नदिन तर्फ लाग्नु राम्रो हुन्छ । कुनै पनि रोजगारदाता कम्पनीले कामदार ल्याउने प्रक्रियामा आधारभूत आवश्यकताहरु जस्तै बसोबास, खाना, कामको प्रकृती र समय, तलब लगायत अन्य सुविधाको व्यवस्थापन पुरा गर्न सक्ने कागजातहरु संलग्न गरी स्वीकृतिको लागि सम्बन्धित देशमा रहेको नेपाली नियोगमा पेस गर्दछ । यसरी पेस गरेका मागपत्रहरुलाई नियोगले स्थलगत अनुगमन गरि उचित भए स्वीकृति दिने गरेमा हाल देखा परेका समस्याहरु केही हद सम्म कम हुन सक्छन् । आफ्नो नागरिकको हकहीत र सुरक्षाको लागि नेपाली नियोग सधैं अग्रसर हुन जरुरी छ ।

**(पङ्तिकार स्याङ्जा सहयोग समाज कतारका संरक्षक तथा नेपाली महिला समाज कतारका अध्यक्ष हुनुहुन्छ ।)**


# शुभकामना

कास्की आदर्श समाज कतारले संस्था स्थापनाको उद्देश्यलाई आत्मसाथ गर्दै विदेश देखि देश सम्म भैपरि आएका समस्याहरुमा मल्हम बन्दै आएको कुरा सर्वविदितै छ । आगामी दिनहरुमा पनि संस्थाको गरिमालाई उच्च स्थानमा राख्दै यो शिलशिला थप फलदायी तथा सृजनात्मक बन्दै जानेमा हामी विश्वस्त छौं । स्थापना काल देखि आज सम्म गर्दै आएको उल्लेखनीय कार्यहरुको सह्राना गर्दै २२ औं स्थापना दिवसको अवसरमा **हार्दिक बधाई एवम शुभकामना** व्यक्त गर्दछौं ।

श्री माया के.सी.
अध्यक्ष तथा
नेपाली महिला समाज, कतार परिवार

# कतारबाट फर्किए पछि अध्ययनले दिलाएको खुशी



सन्तोष आचार्य
प्र.अ., श्री माछापुच्छ्रे मा.वि.
भूर्जुङ्गखोला, कास्की

कोही खुशीले खाडी पुग्दैन, जो पुग्छ तिनीहरूका भित्री कथा र व्यथा फरक हुन्छन् । त्यो सँगै जोडिएका हुन्छन् केही स्वदेशकै असफलताहरु भने केही परिवारको कमजोर आर्थिक अवस्था, यस्तै थियो मेरो अवस्था। २०५२ सालको एस.एल.सी. परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण गरेपछि विज्ञान पढ्ने सबैको सल्लाह बमोजिम पृथ्वीनारायण क्याम्पस पोखरामा विज्ञान, त्यो पनि बायोलोजी समूहमा अज्ञानतापूर्वक भर्ना भएँ। अहिले सम्झँदा आफ्नो परिस्थिति र आफ्नो पूर्व विद्यार्थी जीवनबाट पाएका सक्षमताहरुले नपुग्ने नै थियो विज्ञान संकायको पढाइ जस्तो लाग्छ। कनिकुथी पढियो तर खासै पढाइ नबुझिने, सबै विषयहरु अंग्रेजीमा पढ्नुपर्ने, आदि विविध कारणले पनि प्रथम वर्षको परीक्षा पछि द्वित्तीय वर्ष त पढियो तर नतीजा नआउन्जेल सम्म जव प्रथम वर्षमा धेरै विषयमा अनुत्तीर्ण भइयो त्यसपछि भने काम खोज्न थालेँ। द्वित्तीय वर्षको परीक्षा नजिक थियो तर प्रथम वर्षको असफलताले नै अब सक्दिन भन्ने बनाएको थियो र परिवारसँग आर्थिक सहयोग माग्न पनि यो मनले मानेन, एक महिना एउटा स्टेशनरी पसलमा सेल्समेनको काम पछि घर छेउ तल्लाकोट पुरुञ्चौरको एक बोर्डिङ्ग स्कुलमा प्राथमिक तहमा पढाउन थालेँ। तलव मासिक एक हजार आठ सय मात्र थियो त्यो पनि मासिक भूक्तानी नहुने जहाँ छ महिना काम गरे पनि तलब भने तीन चार महिनाको भन्दा धेरै बुझिन होला। त्यसै विद्यालयमा छँदा बुझेको केही रकमबाट घरमा बुबाको सल्लाह बमोजिम पासपोर्ट बनाएँ र फोटोकपी कतारमा रहेका भानिज दाईलाई फुपू मार्फत पठाइयो। तत्पश्चात माछापुच्छ्रे माध्यमिक विद्यालयमा नै प्राथमिक तह दरबन्दीमा अस्थायीमा काम गर्ने अवसर मिल्यो र ८ जना अन्य प्रतिस्पर्धीलाई पछि पार्दै र छ महिना जति पढाउँदै गर्दा २०५६ साल वैशाख १५ गते विदेश (कतार) जाने भिसा लाग्यो।

## कतारको १४ महिनाको जागिरे अनुभवः

दुब्लो, पातलो, ख्याउटे अनुहार १९ वर्ष पुगेर २० वर्ष लाग्दै गरेको अवस्थामा कतार पुगियो। अलनासर भन्ने ठाउँमा जेम्को बिल्डिङ तथा दोहा क्लिनिक नजिकै अलताइफ सुपरमार्केटको छेउमा लिवानिज बारबिक्यु रेस्टुरेण्ट, जुन हामी पुग्दा बन्दै थियो त्यहाँ पुगियो। १५-१६ दिन दैनिक साँझ बिहान साहुले अन्त कतैबाट किनेर ल्याइदिएको सवार्मा हुनुपर्छ जस्तो लाग्छ अहिले सम्झँदा खाएर त्यो बन्दै गरेको रेस्टुरेण्टको सरसफाईको काम गरियो। सँगै थिए नवराज कटेल- नवलपरासी र पाल्पा-बुटवल तिरका विष्णु पन्त दाई र काका पशुपति पन्त। विष्णु पन्त सँग अझै पनि सम्पर्कमा छु। बिस्तारै लेबनान, टर्की, मोरक्को, इजिप्टका अन्य कर्मचारी पनि आइपुगेपछि रेस्टुरेण्ट सुरु भयो। मलाई लेबनानी ठूलो रुमाले रोटी बनाउने कुकको सहयोगीमा जिम्मा लगाइयो। तर म बिहान ७ बजे अर्को पिज्जा बनाउने टर्कीका कुकसँगै रेष्टुरेण्ट जाने र साँझ ११ बजे पछि मात्र घर फर्कने गर्दा १६ घण्टे कामको थकाई र गाह्रो धेरै भएपछि मलाई पनि दिउँसो ११ बजेबाट साँझ ११ बजेसम्मको जिम्मेवारी दिइयो। रुमाले रोटी बनाउने ती लेबनानी कुक लगभग केही महिनामै स्वदेश फर्किएपछि भने मलाई नै साना साना सवार्मा (Sandwich जस्तै) प्रयोग हुने रोटी बनाउने जिम्मा दिइयो। आफ्नो रेष्टुरेण्ट मात्र नभई अन्य रेष्टुरेण्टका लागि पनि बनाउनुपर्ने भयो तर सम्पूर्ण रोटी बनाउने सेट भने हामी बस्ने AC नभएको एउटा कोठामा राखियो। जुन कष्टकर थियो भने पिठो मुछ्ने मेसिन भने रेष्टुरेण्टमा नै राखेकोले ठूलो भाँडामा घुँडामा कपडा बेरेर हातले नै मुछ्नुपर्ने भयो। बिहान सबैले खाना रेष्टुरेण्टमै गएर खाने र हाम्रो आवासमा फ्रिज पनि नभएकोले साँझ ल्याइदिएको खाना खाने भएपनि बिहान भने कैयौं दिन धुलो दुध, चिनी र आफैले बनाएको रोटी खाएँ। समय कठिन थियो पछि भने मैले आफ्नो जिम्मेवारी निरन्तरता गर्दा स्वास्थ्य समस्या नै आउला जस्तो भएपछि भने म सक्दिन भनेर मलाई रेष्टुरेण्टमा नै लगियो। फेरि सुरु भयो १२ घण्टे जागिर, पिज्जा बनाउने कुकको सहयोगी बाहेक सरसफाई, भाडा माझ्ने, आदि सबै काम गरियो। कार्यरत रेस्टुरेण्टमा जिम्मेवारी लिएका लेबनानी म्यानेजरको लापरवाहीले उसलाई निष्कासन गरी लेबनान नै पठाइयो भने त्यहींको सवार्मा बनाउने एकजना कुकलाई म्यानेजरको भूमिका दिइयो। सो कुकले पनि राम्रोसँग रेखदेख नगरेपछि सो रेस्टुरेण्ट बन्द गर्न निर्देशन आयो जुन रेष्टुरेण्टको मुख्य लगानी कतारी राजाको सेनामा भएको कुनै आफन्तको थियो। गएको भर्खर १३ महिना मात्रै भएको थियो। सुरुमा ५०० रियल भए पनि काम र मेहनतले घाटामा नै गएको रेष्टुरेण्टले पनि ६०० रियल दिन थालेको थियो। नेपालमा कतारी मुद्राको सटही दर पनि जाँदा रु. १८ थियो भने एक वर्षपछि रु. २० पुगेको थियो। यसरी हेर्दा मासिक नेपाली रु १२००० कमाउने जोगाउने अवस्थामा थिएँ। तर कतार पुगेको १३ महिनामा नै रेष्टुरेण्ट बन्द हुने भयो। केही दिन भने कतारमा नै अन्य स्थानमा जागिरको खोजी पनि गरियो तर गतिलो जागिर भने पाइएन। अन्तत : १४

महिना पछि २०५७ साल असार २७ गते नेपाल फर्कियो । घरमा र कतारमा पनि फोन सम्पर्क नभएकोले घरमा पुग्दा मात्रै घरका परिवारलाई घर फर्केको थाहा भयो ।

## गाउँमा कुरा काट्नेहरूको वृद्धि:

एस.एल.सी.मा प्रथम श्रेणीमा पास गरेको मान्छे आइ.एस्.सी.मा फेल, नेपालको पनि बोर्डिङ र सरकारी जागिर छोडेर कतारबाट पनि १४ महिनामा फर्किएपछि सानो गाउँ, घर परिवार सबैतिर बिग्रिएको व्यक्तिमा परियो । मन मनै दुःख पनि लाग्यो आफ्नै कारणले भन्दा पनि अन्य प्राविधिक कारणले कतारबाट फर्किनु परे तापनि सबैले भने पक्कै जागिरबाट निकालिदिएको या आफैँ छोडेर आएको हुनुपर्छ भन्ने सङ्का गर्न थालियो ।

गाउँमा बस्दा बढ्ने निराशा सम्झेर सानोतिनो जागिरको खोजी र पोखरा बहुमुखी क्याम्पस टुँडिखेल, जुन त्यो बेला अहिलेको राष्ट्रिय माध्यमिक विद्यालय भित्र सञ्चालित थियो । म एस्.एल्.सी. पास गरेको पाँच वर्षपछि फेरि भर्ना भएँ आइ.ए. मुख्य विषय अंग्रेजी, जनसङ्ख्या शास्त्र र राजनीतिक शास्त्रमा। सबै विषय पढ्न क्याम्पस जान नपाए पनि स्व-अध्ययनमा नै पास गर्न सम्भावना थियो । कतारमा बस्दा सिकेको अरबी भाषा, रेष्टुरेण्टमा काम गर्ने सिप, आदिले फेरि पनि दुवई या अन्य देश जाने सोंच छँदै थियो तर पनि निश्चितता नभएकोले यता पढाइ पनि सुरु गरेको थिएँ । जागिरकै खोजीमा बेनी सम्म पुगेँ, एउटा बोर्डिङ्मा पढाउन सुरु गरेँ, जागिर त भयो तर भर्ना गरेको पढाई छुट्ने पक्का भयो । जसका कारण तलब पनि नबुझि केही हप्ता नबित्दै पोखरा फर्किएँ । क्याम्पस जाने गाउँले दाइ र भाइसँगै बसेको कोठामा बस्दै जागिर खोज्ने क्रममा लगभग कार्तिक मङ्सिर तिर दशैं तिहारको बिदापछि पार्दी बिरौटामा रहेको बालोदय बोर्डिङ स्कुलमा पढाउन थालेँ मुख्य विषय विज्ञान र स्वास्थ्य शारीरिक विषय प्राथमिक तहमा ।

## ढाँट्दै पढेको पढाई:

बालोदयमा पढाउँदा थाहा भयो स्नातक (बीए) पासहरू त नर्सरी, केजी तिर ग्रेड शिक्षक रहेछन् म भने कक्षा ५ सम्म पढाउने । सबैले सोध्नुहुन्थ्यो कति पढ्नुभएको भनेर, आइएस्सी फेलपछि कतार गएर आएको मात्रै भनेँ तर फेरि आइए सुरु गरेको भन्न सकिन । डेरा दीपमा, क्याम्पस टुडिखेल, स्कुल बिरौटामा भएकोले बिहानको दुई पिरियड मात्र कक्षा लिन सम्भावना थियो र लिएर पढेँ । प्रथम वर्षको परीक्षा जेनतेन दिइयो । दोस्रो वर्षमा पनि काठमाडौँबाट विदेश जाने प्रयास हुँदै अध्ययन जारी भयो । दुवईको रेष्टुरेण्टको लागि दिएको अन्तर्वार्ता पछि सारजहा जा भन्यो मेनपावरले तर विश्वविद्यालयको क्यान्टिनमा भएकोले टिप्स पनि पाइँदैन भनेर गइन र पढाइ भने निरन्तर रह्यो । त्यो बेला आइएको परीक्षा बिहानमा हुन्थ्यो । दुवै वर्ष विद्यालयबाट परीक्षा छ नभनी बिदा पनि नलिकन परीक्षाको दिनमा केही ढिलो हुन्छ कि भन्दै परीक्षा दिएँ । परीक्षा दिँदा पनि उत्तीर्ण प्रतिशतमा मात्र ध्यान दिइयो अंग्रेजी विषयको परीक्षामा त १० बजे परीक्षा सकिन्थ्यो तर म भने १० नबज्दै स्कुल पुगिसकेको हुन्थेँ, अन्तत परीक्षा पनि सकियो र नतीजा पनि राम्रै आयो ।

## नसोचेको सफलता:

आइ.ए द्वितीय वर्षको परीक्षामा मात्र समग्रमा ५१ प्रतिशत ल्याए पनि क्याम्पस टप गरेछु र ऐच्छिक अंग्रेजीमा भने ६० अङ्क आएछ। असफलताले निराश भएर आफ्नै क्षमता भूलेको मलाई अब त केही गर्न सक्छु कि भन्ने भयो । घरमा समस्याज्युका त्युँ थिए । दुई भाइ, दुई बहिनी विद्यालयमै पढ्दै थिए । घरमा पास भएको कुरा भनेँ । बाले अब त आइए पनि पास भएछस् जा फेरि अरब भन्नुभयो आमा मार्फत । तर मनमा भने पढ्ने हुटहुटी आशा भर्खरै जन्म लिँदै थियो बालाई भन्न सकिन तर आमालाई क्याम्पस टप गरेको अब तीन वर्ष पढ्न चाहेको कुरा व्यक्त गरेँ । पोखरा फर्किएर पृथ्वीनारायण क्याम्पसमा अंग्रेजी र जनसङ्ख्या मुख्य विषय लिएर पढ्न थालेँ । विद्यालयमा भने जानकारी दिएको थिएन किनकि पढ्ने मान्छेलाई विद्यालयमा समय दिन्न भनेर सोच्छन् भन्ने लाग्थ्यो । पछि बिस्तारै थाहा पाएपछि भने सामाजिक अध्ययन र जनसङ्ख्या वातावरण भन्ने विषय कक्षा ८ सम्म पढाउन थालेँ। न्युन तलब मासिक रु. ३०००.०० बाट सुरु भएको जागिर रु. ६०००.०० को हाराहारीमा पुगेको थियो भने अब पढाइ पनि द्वितीय तृतीय वर्षमा पुग्दा सम्म अब डिग्री (स्नातकोत्तर) नगरी हुन्न भन्नेमा पुगेको थिएँ । केही समय होस्टेल वार्डेन बसेर पैसा जोगाउँछु कि भन्ने कोसिस गरेको आफै फेल भइएला जस्तो भयो र त्यो छोडेर डेरा पनि लेकसाइडमा सरेँ र बिहान ४:३० मा उठ्ने ४:४५ मा बस चढेर पि.एन. क्याम्पस पढ्ने, बिहानको खाना क्याम्पस गेट अगाडि होटलमा खाने, त्यसपछि बोर्डिङको जागिर साँझमा होम ट्यूसन लिन थालेँ । साँझको पैसा जोगाएर डिग्री पढ्ने पैसा जोगाउन थालेँ । सङ्घर्षशील परिवार भएकोले असार र मङ्सिरमा अनि दशैंमा भने अलिअलि रकम घर दिन्थेँ । अन्तत : २०६२ सालसम्म बिए पनि पास भएँ । २०६२ माघमा काठमाडौँ गएर अंग्रेजी केन्द्रीय विभागमा भर्ना भएँ तर चैत मसान्तसम्म शैक्षिक सत्र पूरा गर्नुपर्ने जिम्मेवारीले पोखरा नै फर्किएँ ।

२०६२/०६३ सालको जनआन्दोलनको ३/४ दिन पहिला कीर्तिपुर पुगियो । गाउँकै दाजु नर्वेमा अध्ययन गर्ने ६ महिनाको भाडा तिरेको र सबै सामान उपलब्ध भएको कोठा बम्पर पाइयो। डिग्री पढ्न लगेको ८०,००० हजार त ८ महिनामा सकियो तर आन्दोलनको कारणले प्रथम वर्षको परीक्षा नै १६ महिनामा भयो । कतारमा नै कार्यरत भाइहरु माधव आचार्य, टिकाराम आचार्य, गोविन्द भट्टराईले १०/१० हजार सहयोग गर्नुभयो । भने माइलो भाइ लोकराजले जो अहिले फार्मासिस्ट भएको छ, उ पनि कतारमै थियो र बाँकी सबै महिनाको खर्च भाइले नै पठाइदियो । गाउँको बिग्रिएको शैक्षिक अवस्थाले कान्छो भाइ

पनि कीर्तिपुर नै लगेँ ९ र १० कक्षा पढाउन । अन्तत ६९.७५ प्रतिशत अङ्क सहित एम ए अंग्रेजी पास गरियो भने एक वर्ष बीएड पनि कीर्तिपुरमा नै सकियो । डिग्रीको शोध पत्र (थेसिस) गर्दै नेपाल जापान फ्रेन्डसिप एकेडेमीमा केही महिना र त्यसपछि भने नेपाली सेनाको व्यवस्थापनमा सञ्चालित विद्यालय वीरेन्द्र सैनिक आवासीय विद्यालय भक्तपुरमा दुई वर्ष अध्यापन गरेँ । साथसाथै ब्रिटिश काउन्सिलमा IELTS को Reading र Listening को उत्तरपुस्तिका परीक्षणको काम पनि पार्ट टाइमको रुपमा डेढ वर्ष गरियो । यसैबीचमा बिहेबारी गरियो ३० वर्षको उमेरमा भने बिहे सँगै बढेको जिम्मेवारीले परिवार लिएर पोखरा फर्किएँ । २०६७ साल जेठ महिनामा उही शिक्षण जागिर प्रगति बोर्डिङ स्कुल बाटुलेचौरमा, श्रावणपछि बिहानमा अन्नपूर्ण क्याम्पस फुलबारीमा दुई पिरियड तथा कार्तिक पछि भूकाली बहुमुखी क्याम्पस कुँडहरमा पनि दुई पिरियड पढाउन थालेँ । आत्म स्वाभिमानले बोर्डिङको जागिर छोड्नु पर्ने अवस्था थियो। कुनै स्कुलतिर नै ११/१२ पढाउने सोच गर्दागर्दै कतार जाँदा छोडेको विद्यालय उही श्री माछापुच्छ्रे माध्यमिक विद्यालयमा नै शैक्षिक सत्र २०६८ सालबाट निजी स्रोत शिक्षकको रुपमा भित्रिएँ २०६८ पुस महिनापछि सट्टा दरबन्दीमा रहेर काम गर्न थालेँ । मुख्य विषय अंग्रेजी माध्यमिक तहको शिक्षकको रुपमा । एक वर्ष भने खुब दौडाहामा परियो बाटुलेचौर बस्ने, बिहान अन्नपूर्ण क्याम्पस, भूकाली क्याम्पस र दिउँसो माछापुच्छ्रे माध्यमिक विद्यालय, साँझ कक्षा १० को ट्युसन कक्षा र साँझ ढल्कँदै गर्दा पोखरा डेरामा फर्किने । २०६८ सालको एस्.एल्.सी. नतिजा सत प्रतिशत उत्तीर्ण भएपछि सरोकारवालाहरूले २०६९ सालबाट १० जोड २ सुरु गर्ने निर्णय गरे र अन्तत : २०६९ साल असारमा एस्.एल्.सी. पास गरेको १७ वर्षपछि पूर्ण रुपमा नै गाउँको आफ्नो घरमा फर्कियो श्रीमति अमृता र छोरा प्रतिकसँगै। अस्थायित्व र विस्थापनको डरले २०७२ सालको भूकम्पको बावजुद पनि करिब २०/२२ दिन असार विदामा काठमाडौँ बसेर शिक्षक सेवा आयोगको परीक्षा तयारी गरी दिइयो र माध्यमिक तह तथा निम्न माध्यमिक तह दुबैमा नाम निस्किएकोले मा.वि. तहमै कार्यरत विद्यालयमा नियुक्ति लिइयो र निरन्तरता दिइयो । पूर्व प्रधानाध्यापक निवृत् भएपछि २०७२ साल चैत्र मसान्त पछि हालसम्म प्रधानाध्यापकको रुपमा कार्यरत छु । मौका मिलेको बेला अंग्रेजी शिक्षक तालीमको प्रशिक्षक र प्रधानाध्यापक तथा सरोकारवालाहरूसँग असल अभ्यास साटासाट गरिरहेको हुन्छु। पछिल्लो क्रममा पुस्तकालयको राम्रो प्रयोग सम्बन्धी असल अभ्यास साटासाट पनि गर्ने गरेको छु। केही वर्ष पहिले इ.पी.एम. (एजुकेसन प्लानीङ् एण्ड म्यानेजमेन्ट) विषयमा एम.एड्. पृथ्वीनारायण क्याम्पसबाट नै प्रथम श्रेणीमा प्रथम भएर पूरा गरियो। शिक्षा र अन्य उत्प्रेरणात्मक पुस्तक अध्ययन त छँदैछ ४५ औ वर्षमा पनि फेरि एल्.एल्.बी. अध्ययन गर्ने जमर्को गर्दैछु ।

अध्ययन गर्न कहिले ढिलो नहुँदो रहेछ, कतारबाट फर्कंदा आफैले पढ्न सुरु गर्दा अलि हिच्किचाउँथेँ, तर धेरै साथीहरुसँग पछि भेट भयो विभिन्न परिस्थिति र चाहनाले एकपटक पढाइ छोडेर पनि पछि पढाई सुरु गरेकाहरु । यो लेखको उद्देश्य पाठकलाई आफ्नो सफलता देखाउनु नभई हामी पनि मौका र समयले साथ दिएसम्म पढौँ र पछि फर्किएर स्वदेशमा पनि केही गर्न सकियोस् भन्ने नै हो । कास्की जिल्लावासीहरूको साझा चौतारी कास्की आदर्शको प्रकाशन हुन लागेको स्मारिकामा लेख लेख्न हौसला प्रदान गर्ने प्यारा गाउँले भाइ तथा प्लस टु का आफ्नै विद्यार्थी मन प्रसाद राना मगरलाई धेरै धेरै धन्यवाद । यो लेखको अध्ययन पछि नेपाल छुट्टीमा आउँदा माछापुच्छ्रे माध्यमिक विद्यालयमा यहाँहरू सँगै साक्षात्कार गर्न पाउँ, आशावादी छु ।


## हार्दिक शुभकामना

सर्वप्रथम "कास्की आदर्शको चाहना, सभ्य र समृद्ध समाजको स्थापना" भन्ने मुल नाराका साथ स्थापित कास्की आदर्श समाज कतारको २२ औं स्थापना दिवसको पावन अवसरमा प्रकाशित हुन गईरहेको **"आदर्श सन्देश स्मारिका वर्ष २, अंक २"** मा कास्की परिवार दक्षिण कोरियाको तर्फवाट शुभकामना सन्देश राख्ने सु-अवसर प्रदान गर्नुभएकोमा समस्त कास्की आदर्श समाज कतार एंवम सम्पूर्ण कार्यसमितिमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

कास्की आदर्श समाज कतार र कास्की परिवार दक्षिण कोरीया विगतमा मित्रवत रूपमा सहयोग आदानप्रदान हुदै आएको छ । र हामी कस्केली जहाँ छरिएर रहेता पनि वृहत कस्केली एकता, समग्र कास्कीको विकास, र कस्केली समुदायमा स्वदेश होस् या परदेशमा पर्ने समस्याको सामुहिक सहयोग र सहकार्य द्वारा नै समाधान गर्ने हाम्रा समान उदेश्य हुन । कास्की आदर्श समाज कतारले कतारमा हुने कस्केली दाजूभाइ दिदीवहिनीहरु माझ र गृह जिल्ला कास्कीमा गर्नुभएको अतुलनिय सामाजिक गतिविधिहरुको लागि उच्च सम्मानका साथ हार्दिक धन्यवाद व्यक्त गर्दछौं । आगामी दिनमा कास्की परिवार दक्षिण कोरिया कास्की आदर्श समाज कतार संग थप सामाजिक कार्य र समग्र कास्कीको विकासको लागि सहकार्य गर्न प्रतिवद्ध रहेको प्रतिवद्धता व्यक्त गर्दै हाम्रो सहकार्यले कास्की र कस्केली दाजुभाई दिदिवहिनीहरुको वृहत्तर हित र सहयोग हुने विश्वास व्यक्त गर्दछौं । आउँदै गरेको नेपालीहरूको नयाँ वर्ष २०८१ को पावन अवसरमा विभिन्न कामको सिलसिलामा कतारमा वसोवास गरिरहनु भएका कस्केली एवम् गैर कस्केली दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै प्रकाशित हुन लागेको **"आदर्श सन्देश स्मारिका वर्ष २, अंक २"** को पूर्ण सफलताको कामना व्यक्त गर्दछौं ।

**श्री सन्तोष पौडेल**
अध्यक्ष एवम्
**कास्की परिवार दक्षिण कोरिया**

# अनुभव र आवश्यकता



कृष्ण भण्डारी
कार्यसमिति सदस्य
(२०२२-२०२४)

नेपालीहरु कामदारको रुपमा विदेश जाने इतिहास धेरै पुरानो छ। नेपालबाट विदेश काम गर्न जाने पहिलो व्यक्ति बलभू कुँवर रहेको कुरा इतिहासकारहरु बताउँछन। उनि तत्कालिन भारतको लाहोर (हाल पाकिस्तान) बाट काम गरेर फर्किंदा लाहोरबाट फर्केकाले लाहुरे भन्ने उपनाम पाए। हालसम्म पनि विदेशबाट काम गरेर फर्किने नेपालीलाई गाउँ घरमा लाहुरे भन्ने प्रचलन रहेको छ। यति लामो इतिहास बोकेको वैदेशिक रोजगारीको अवस्था अझै वैज्ञानिक र व्यवस्थित हुन सकेको छैन। हाम्रा बुवा जिजुबुवा बर्मा गएका हुन छोरा नाति दुबई, कतार गएको होस् अवस्था भगवान भरोसामै अड्किएको छ। चाहे अहिलेको फ्री भिसा, फ्री टिकटको कुरा होस् वा २००७ मा म आँफै फ्री भिसा, फ्री टिकटमा आउँदा होस् अवस्थामा खासै अन्तर छैन। मलाई थाहा भएसम्म सन् २००५ बाट होला करिब म भन्दा एक दुइ साल पहिले मेरा लगभग ६०/७० जना साथिहरु कोही इन्जिनिएर, कोहि फोरमेनमा आएका थिए। सायद त्यति धेरै मात्रामा दक्ष कामदारहरु एउटै कम्पनीमा आएको यो नै पहिलो र अन्तिम पटक होला। यसरी नेपाल बाट यति धेरै दक्ष कामदारहरु भित्राउने कम्पनीलाई हृदय देखि धन्यबाद दिन चाहन्छु।

रोजगारीका क्रममा मैले खाडीका कतार, साउदी र युएई मा काम गर्ने अवसर पाएँ। यस क्रममा मैले अमेरिकन, युरोपिएन, अफ्रिकन र एसियाका सबै मुलुकका मानिसहरु संग काम गर्ने अवसर पाएँ। एशिया बाट प्रायः चार किसिमका कामदारहरु आउछन। पूर्ण दक्ष, दक्ष, अर्ध दक्ष, र अदक्ष नेपाल बाट आउने कामदारहरु प्रायः अपबाद बाहेक अदक्ष नै हुन्छन। त्यसैले हामीलाई हेर्ने दृष्टिकोण अरुलाई हेर्ने दृष्टिकोण भन्दा फरक छ। सायद २०११/२०१२ तिरको कुरा होला जतिबेला म साउदीमा थिए। एक जना अरबिक म्यानेजरले मलाई "do you have university in Nepal" भनेर सोध्नु भयो। मलाई अचम्म लाग्यो अरबिक म्यानेजर त टाढाको कुरा हाम्रो छिमेकी देश भारतका म्यानेजरले 'we haven't seen Nepalese working in this position' भन्नुभयो। यी त केहि उदाहरण मात्र हुन्। अब हामीले आफुले आँफैलाई बदल्ने समय आएको छ। हामी नेपालीहरु नेपालबाट जुन काममा आउछौं, अपवाद बाहेक आफ्नो skill development मा निकै पछाडि छौं। अव समय अनुसार आँफैलाई परिमार्जित गर्ने समय आएको छ। आँफैले आँफैलाई लगानी गरेर सिप सिक्ने र आ-आफ्नो कम्पनीमा स्थापित हुने बेला आएको छ। अदक्ष कामदारको रुपमा आएका मेरा प्राय अफ्रिकन साथीहरु सिप सिकेर समय र माग अनुसार आफुले आँफैलाई परिमार्जित गर्दै हाल राम्रो अवसर पाएका छन्। त्यसका लागि धेरै मेहनत गर्न पनि पर्दैन केही तालिमहरु हामी अनलाइन मार्फत पनि सिक्न सक्छौं उदाहरणको लागि BASIC HEATLH AND SAFETY COURSE जुन मात्र ३० देखि ४० घन्टाको मात्र हुन्छ। यस्ता धेरै अनलाइन कोर्सहरु हुन्छन। कति तालिमहरु त एक दुइ दिनका मात्र पनि हुन्छन। जस्तै SCAFFOLDING SUPERVISOR, RIGGING SUPERVISOR आदि हुन। जुन सामान्य मानिसले छोटो समयमा पनि गर्न सक्छन। यी त उदाहरण मात्रै हुन यस्ता धेरै अवसरहरु हुन्छन, जुन हामीले सजिलै गर्न सक्छौं। हाम्रा अभिभावकहरु अशिक्षित थिए, अहिले समय परिवर्तन भएको छ। अव वैदेशिक रोजगारीमा दक्ष कामदारको रुपमा जान जरुरी छ। जहाँ पैसा र इज्जत दुवै मिलोस, वैदेशिक रोजगारीमा कर्म संगै आफ्नो इमान्दारिता मेहनत साथै समय अनुसारको सिप, यो नै आजको आवश्यकता हो।

शुभकामना

थुप्रै बुद्धिजीवी अग्रज सामाजिक अभियन्ता जन्माएको र धेरै सामाजिक संघ संस्थाहरूको पथ प्रदर्शक, अग्रणी संस्था कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवस र नयाँ वर्ष २०८१ को अवसर पारेर संस्थाको गतिविधि लगायत साहित्यीक, बौद्धिक लेख रचनाको खुराकले सुसज्जित **आदर्श सन्देश स्मारिका-२** प्रकाशन गरेकोमा हार्दिक बधाई दिन चाहंछौं। २२ औं बसन्त पार गरेको बयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बनोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ को सबैमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

श्री राजु पौडेल
अध्यक्ष
म्याग्दी प्रवासी नेपाली संघ (मोना)

# संस्थागत गतिविधिहरु तस्विरमा


































# शुभकामना



"कास्की आदर्शको चाहना, सभ्य र समृद्ध समाजको स्थापना" भन्ने मुल उद्देश्य लिएर सन २००२ मा स्थापना भएको कास्की आदर्श सेवा समाज (अहिले कास्की आदर्श समाज) कतारले सुरुवाती दिन देखी नै सामाजिक एवम मानविय कृयाकलापहरुमा अनवरत क्रियाशील रही सेवा पुर्याउदै आएको सर्वविदितै छ। संस्थागत रुपमा गरेको पुण्य कार्यहरु अभिलेख राख्ने, प्रवासमा रहेका श्रमिक देखि समाजका सकभर सबै पक्षहरुलाई समेटेर लेख, रचनाहरु संकलन गरी पुस्तक, क्यालेण्डर र स्मारिका प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिँदै **आदर्श सन्देश स्मारिका अङ्क २** प्रकाशन गर्न गईरहेकोमा हार्दिक बधाई एवम सफलताको शुभकामना व्यक्त गर्दछु।

दुई दशक भन्दा बढी कतारको बसाईको क्रममा आफ्नो रोजगारीको समय भन्दा बाहिरको समय नेपाली समुदाय वा संघ संस्थाहरुलाई के कति योगदान गर्न सकें, एउटा समिक्षाको पाटो रहला। यद्यपी प्रत्यक्ष रुपमा कास्की सार्दिखोला समाज कतार, तमु प्ये ल्हु संघ कतार शाखा र कास्की आदर्श समाज कतारमा आवद्ध भएर विभिन्न जिम्मेवारी वहन गर्दै सेवा गर्ने अवसर प्राप्त गरेकोमा स्वयमलाई भाग्यमानी ठान्दछु। यस संघ संस्थाहरुमा आवध्द भएर कार्यसम्पादन गरिरहंदा प्रवासी भूमिमा आफ्नो रोजगार संगै हाम्रो नेपाली सामाजिक तथा सांस्कृतिक पक्षहरुको संरक्षण र संवर्द्धन गर्न केही न केही योगदान र सहयोग गर्न सकेको महसुस गरेको छु। हामी जो जहाँ रहे पनि आफ्नो भेषभूषा, कला, संस्कृतिको संरक्षण र अपेक्षित दाजुभाइ दिदीबहिनीहरुलाई सहयोग गर्नुपर्दछ।

अन्त्यमा, कास्की आदर्श समाज कतारले आगामी दिनहरुमा पनि यस्तै सकरात्मक, सिर्जनात्मक क्रियाकलापहरु गर्ने नै छ भन्ने पूर्ण अपेक्षा गर्दै नव वर्ष वि.स २०८१ सालको शुभ उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण परिवारजन, इस्टमित्र, कस्केली, गैर कस्केली एवम शुभचिन्तकहरुमा सुख, शान्ति र समृद्धिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु। धन्यवाद ॥

**श्री केशु गुरुङ**
**प्रमुख सल्लाहकार, तमु प्ये ल्हु संघ कतार शाखा**
**कोषाध्यक्ष, कास्की आदर्श समाज, कतार**

# पूर्व प्रकाशित सामाग्रीहरु


















# प्रवासी नेपाली श्रमिकका निमित्त योगदानमा आधारित सामाजिक सुरक्षा कोष



खेमराज सुवेदी

सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई सो बमोजिम २०६७ साल चैत्र ७ गते भएको हो। यस ऐनले स्थापनाकाल देखि सामाजिक सुरक्षा कोषको व्यवस्थापन गर्दै आएकोमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि सो ऐन बमोजिम कार्य गर्दै आएको छ। ऐनको प्रस्तावनामा उल्लेखित श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्नु यस कोषका मुख्य उद्देश्य रहेका छन्।

सबै नेपाली श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरुको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्दै सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिन तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संविधान द्वारा प्रदत्त हकलाई सुनिश्चित गर्ने तर्फ सामाजिक सुरक्षा कोषका कार्यक्रमहरू लक्षित छन्।

सामाजिक सुरक्षा कोष अन्तर्गतका सामाजिक सुरक्षा योजनालाई अर्थतन्त्रका औपचारिक क्षेत्रका अतिरिक्त अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीका क्षेत्रमा समेत विस्तार गरी योगदानमा आधारित सामाजिक सुरक्षालाई व्यापक र प्रभावकारी बनाउँदै यस प्रणालीलाई तुलनात्मक रूपमा समान र समाजवाद उन्मुख अर्थतन्त्रको एक संवाहकको रूपमा स्थापित गर्नको लागि सामाजिक सुरक्षा कोष प्रतिबद्ध रहेको छ।

सामाजिक सुरक्षा कोष ILO अभिसन्धी १०२ का योजना अन्तर्गत कार्यान्वयनमा आएको हो। हाम्रो देश नेपाल समेत अन्तर्राष्ट्रिय श्रमिक सङ्गठनको सदस्य भएको हुँदा अन्तर्राष्ट्रिय श्रमिक संगठनको उक्त अभिसन्धी १०२ लागू गर्न बाध्य हुन्छ। अभिसन्धी १०२ अन्तर्राष्ट्रिय रूपमा ४ जुन १९५२ देखि कार्यान्वयनमा आएको हो। यो अभिसन्धी लागू गर्न नेपाललाई ७२ वर्ष लाग्यो। अझै यसको पूर्ण कार्यन्वयनमा जान छोडेर देशका ठूला राजनीतिक शक्तिहरू यसको क्रेडिट लिने तर्फ लागिरहेका छन्। अन्तर्राष्ट्रिय श्रमिक संगठनले नितान्त श्रमिकको हितको निम्ति मात्र काम गर्दछ, त्यसकारण यो अभिसन्धीले निर्धारण गरेको कुरामा हामी सशंकित हुनु पर्दैन। जसले यो सामाजिक सुरक्षा कोषलाई पूर्ण रूपमा कार्यान्वयनमा लैजानलाई हिचकिचाइ रहेका छन् हामीहरू उनीहरू प्रति सशंकित बन्नु पर्दछ। प्रवासिएका प्रत्येक नेपाली श्रमिकले नेपालका ठुला राजनैतिक शक्तिलाई "किन श्रमिकको हीत नचाहेका ?" भनेर प्रश्न गर्न सक्नु पर्दछ।

अन्तर्राष्ट्रिय श्रमिक सङ्गठनको १०२ नम्बर अभिसन्धी अनुसार हेर्ने हो भने हाम्रो सामाजिक सुरक्षा कोषले न्यूनतम रूपमा स्वास्थ्य सुरक्षा सम्बन्धि सुविधा, बिमारी हुँदा प्राप्त गर्ने सुविधा, वेरोजगारीको अवस्थामा प्राप्त हुने सुविधा, वृद्ध अवस्था सुरक्षा योजना, काम गर्दाको समयमा चोट लागेको अवस्थामा प्राप्त हुने सुविधा, आश्रित परिवार सुरक्षा योजना, महिला श्रमिकका निमित्त प्राप्त हुने प्रसुति अवस्थाको सुविधा, अवैधताको अवस्थामा प्राप्त हुने सुविधा, न्यूनतम रूपमा बाँच्नको निमित्त प्राप्त हुने सुविधा समेतलाई आफ्ना योजनामा समेट्नु पर्ने देखिन्छ। अहिलेको अवस्थामा नेपाली श्रमिकका निम्ति सामाजिक सुरक्षा कोषले तीन वटा योजनाहरू सन्चालनमा ल्याएको छ। जस अन्तर्गत दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना तथा वृद्ध अवस्था सुरक्षा योजना समावेश छन्।

वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिक र विदेशमा स्वरोजगारमा रहेका नेपाली नागरिकको लागि योगदानमा आधारित सामजिक सुरक्षा ऐन २०७४ बमोजिम सामाजिक सुरक्षा योजना सन्चालन गर्न सामाजिक सुरक्षा योजना सन्चालन कार्यविधि २०७९ साल मङ्सिर २५ गते सम्बन्धित मन्त्रालयबाट प्रमाणित भइ सञ्चालनमा आए सँगै प्रवासमा रहेका नेपाली श्रमिकको निमित्त यो योजना अनिवार्य भएको हो।

आर्थिक वर्ष २०७९/८० मा रोजगारीको निम्ति विदेशिने नेपालीको संख्या ७ लाख ७१ हजारभन्दा बढी भएको विभिन्न माध्यमका तथ्याङ्कहरूले देखाएका छन्। यस आर्थिक वर्षमा अहिलेसम्मकै सबै भन्दा बढी ७ लाख ७१ हजार जना नेपाली श्रमिक श्रम स्वीकृति लिएर नेपाल बाहिर गएको वैदेशिक रोजगार विभागको तथ्याङ्कले जनाएको छ। यसरी विदेशिने नेपाली श्रमिकहरूको मुख्य गन्तव्य

थलोहरू मध्य मध्यपूर्वका अरविक देश तथा दक्षिण कोरिया, क्रोएसिया, पोल्यान्ड, रोमानिया लगायतका देशहरू छन् । नेपाल भित्रै बसेर दैनिक जीवनयापन गर्न कठिन बन्दै गए पछि यसरी विदेशिनेको संख्याले नयाँ किर्तिमान बनाउँदै गएको अवस्था छ। समग्र रूपमा यसरी विदेशमा गएर श्रम गर्ने सबै नेपाली श्रमिकको न्यूनतम सामाजिक सुरक्षालाई यस कोषले सुरक्षित राख्ने प्रावधान गरेको छ ।

सामाजिक सुरक्षा कोष कार्यान्वयनमा आउनु अगाडि श्रमिकका सामाजिक सुरक्षाका निमित्त कतैतिरबाट सम्बोधन नगरिएको कारण समग्र स्वदेशमा रहेका तथा प्रवासमा भएका नेपाली श्रमिकहरू सामाजिक तथा आर्थिक रूपमा असुरक्षित थिए। श्रमिकका न्युनतम सामाजिक सुरक्षा सम्बन्धि अधिकार हरूको सुरक्षा हुने व्यवस्था यस कोषले गरेको छ। विदेशमा भएका नेपाली श्रमिकका निमित्त ल्याइएको यस कोष अन्तर्गतका तीन वटा (दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना तथा वृद्ध अवस्था सुरक्षा योजना) योजनाहरू मार्फत प्रवासमा भएका नेपाली श्रमिकहरूले लाभ लिन सक्दछन् ।

वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध भएका नेपाली श्रमिकहरूले नेपाल सरकारले समय-समयमा औद्योगिक क्षेत्रका लागि तोकिदिएको न्युनतम आधारभूत पारिश्रमिकको २१.३३ % देखि यसको तीन गुणासम्म योगदान गर्न सक्ने व्यवस्था यस कोषको कार्यविधि २०७९ ले गरेको छ। अहिलेको सन्दर्भमा नेपाल सरकारले आधारभूत न्यूनतम पारिश्रमिक १०,८२० नेपाली रुपियाँ तोकेको छ । यसरी योगदान गरिएको २१.३३% (२३०८ नेपाली रुपियाँ) मध्येबाट ७.४८ % (८०९ नेपाली रुपियाँ) दुर्घटना र अशक्तता सुरक्षा योजना तथा आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ भने बाँकी रहेको १३.८५% (१४९९ नेपाली रुपियाँ) वृद्ध अवस्था सुरक्षा योजनामा जम्मा हुन्छ। बृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत निवृत्तिभरण सुविधा तथा अवकास सुविधा गरि दुइवटा सुरक्षा योजना संलग्न रहने व्यवस्था समेत यसको कार्यविधिले गरेको छ।

न्यूनतमभन्दा बाहेकको रकम कोषमा जम्मा गरेको खण्डमा योगदानकर्ताले चाहेमा उक्त अतिरिक्त रकमलाई अवकास सुविधा योजनामा निवेदन दिएर परिवर्तन गर्न सकिने व्यवस्था छ। योगदान गर्नको निमित्त तोकिएको न्यूनतम रकमका अतिरिक्त जम्मा गरेको रकमलाई योगदानकर्ताले जुनसुकै अवस्थामा कोषबाट निकाल्न सक्ने व्यवस्था कोषको कार्यविधि २०७९ ले गरेको छ।

सामाजिक सुरक्षा कोष अन्तर्गतको एउटा अङ्ग सामाजिक बीमा कोषमा जम्मा भएको रकम (१०८२० को ७.४८ % - ८०९ नेपाली रुपियाँ) प्रत्येक महिना बीमा भूक्तानीमा खर्च हुने भएकोले उक्त रकम बाँकीका योजनाहरूमा जोडिदैन। वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गतको व्यक्तिगत कोषमा पेन्सनको निमित्त जम्मा भएको न्युनतम रकम १४९९ नेपाली रुपियाँ योगदानकर्ताको उमेर ६० वर्ष पूरा भए पछि सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कूल योगलाई १६० अङ्कले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना योगदानकर्ताले जीवनकालभर प्राप्त गर्ने छन् । यस्तो निवृत्तिभरण प्रत्येक तीन वर्षमा मुद्रास्फीतिसँगै समायोजन हुँदै जाने व्यवस्था कोषको कार्यविधिले गरेको छ।

### ७.४८% अन्तर्गत योगदान गरिएको रकम द्वारा प्राप्त हुने सुविधाहरू यस प्रकार छन् :

१) दुर्घटना उपचार खर्च वार्षिक १ लाख सम्म।

२) अशक्तता पेन्सनः मासिक न्यूनतम आधारभूत पारिश्रमिकको (१०८२०) ६०% (६४९२) तथा कोषको संचालक समितिले निर्धारण गरेबमोजिमको दरले हरेक तीन वर्षमा मुद्रास्फीति समायोजन हुँदै जाने रकम मासिक रूपमा प्राप्त हुने छ। यसको निम्ति कम्तिमा १२ महिना मा ९ महिनाको रकम योगदान गरेको हुनुपर्नेछ।

३) आश्रित श्रीमान/श्रीमतिलाई आजीवन पेन्सनः न्यूनतम



आधारभूत पारिश्रमिकको ४०% सम्म कोषले प्रदान गर्ने छ।

४) सन्ततीको लागि २१ वर्ष सम्म शैक्षिक वृत्ति, फरक क्षमताको हकमा उमेरको हक नलाग्ने, यसको निमित्त १२ महिनामा ९ महिनाको रकम योगदान गरेको हुनु पर्नेछ।

### १३.८५% अन्तर्गत योगदान गरिएको रकमद्वारा प्राप्त हुने सुविधाहरू यस प्रकार छन् :

१) वैदेशिक रोजगारको समय अवधी सकिएपछि अवकाश बचत योजनाको एकमुष्ट रकम निकाल्न पाइने।

२) १८० महिनाको (१५ वर्ष) योगदान रकम जम्मा भै योगदान कर्ताको उमेर ६० वर्ष भै सकेपछि पेन्सन सुविधा हुनेछ।

पछिल्लो १२ महिनामा कम्तिमा ९ महिना योगदान गरेको प्रवासमा रहेका नेपाली श्रमिकको दुर्घटना भएको अवस्थामा कोषले तोकेको अस्पताल मार्फत वार्षिक रूपमा एक लाख नेपाली रुपियाँ कोषले व्यहोर्ने व्यवस्था सामाजिक सुरक्षा योजना सन्चालन कार्यविधि २०७९ ले गरेको छ। यसका साथै दुर्घटनाको कारण अस्थायी पूर्ण असक्षम भएमा काममा नफर्के सम्म नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ६०% बराबरको रकम प्राप्त गर्न सक्ने व्यवस्था समेत कोषले गरेको छ। यसरी कम्तिमा १२ महिनामा ९ महिना योगदान गरेको श्रमिकको दुर्घटनाको कारण स्थायी रूपमा अशक्त भएमा अशक्तताको अनुपातमा नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ६०% सम्म आजीवन असक्षमता पेन्सन पाउने ग्यारेन्टी कोषले गरेको छ।

आश्रित परिवार सुरक्षा योजना अन्तर्गत योगदान कर्ताको जुनसुकै कारणबाट मृत्यु भएमा वृद्धा अवस्था सुरक्षा योजनामा जम्मा भएको रकम प्रतिफल सहित फिर्ता हुनेछ। आश्रितलाई नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ४०% प्रतिमहिना पेन्सन दिने व्यवस्था कोषले गरेको छ। मृत्यु भएका योगदान कर्ताको बालबच्चालाई आधारभूत पारिश्रमिकको ४०% शैक्षिक वृत्तिको निमित्त तथा मृतकको अन्तिम संस्कार वापतको तोकिएको खर्च समेत कोषले व्यहोर्ने व्यवस्था गरिएको छ। प्रवासमा रहेका नेपाली श्रमिक आफ्ना पाखुरी चलुन्जेल श्रम गर्दै पसिना बगाएर स्वाभिमानको जिन्दगी जिउँछन् भने, वृद्ध अवस्थामा समेत कोषमा आफूले योगदान गरेको रकमबाट कसैको आश्रय वा भरमा नपरी बाँकी जीवन आनन्दले विताउन सक्छन्। दुर्घटनामा परेर अशक्त हुँदा तोकिएको अस्पताल मार्फत वार्षिक रूपमा एक लाख नेपाली रुपियाँसम्मको कोष मार्फत निःशुल्क उपचार गराउन पाउने छन्।

यस कोषले प्रवासमा रहेका नेपाली श्रमिकको न्यूनतम आर्थिक सुरक्षा प्रदान गरेको छ। प्रवासी नेपाली श्रमिकहरूले यस कोषमा नियमित रूपमा योगदान गरेको खण्डमा आफ्नो खातामा संचित भएको रकमबाट विभिन्न किसिमका आर्थिक समस्याहरू सजिलै निराकरण गर्न सक्ने छन्। सामाजिक सुरक्षा कोषले प्रवासी नेपाली श्रमिकहरूलाई आर्थिक सुरक्षा प्रदान गर्नुको साथै उनीहरूको योगदानले उनीहरूलाई समृद्धि र न्यूनतम आर्थिक सुरक्षा समेत प्रदान गरेको छ।

यस कोषको सुरुवाती कार्यन्वयनका सन्दर्भमा धेरै चुनौतीहरू आएका भएता पनि ति चुनौतीहरूको सामना गर्दै कोष आफ्नो योजनामा द्रुत गतिमा अगाडि बढि रहेको छ। कोषले केही सुविधा सन्दर्भमा प्रवासमा रहेका नेपाली श्रमिक र स्वदेशमा रहेका नेपाली श्रमिक बिचमा विभेदको खाडल निर्माण गरेता पनि आगामी दिनमा सामाजिक सुरक्षा कोष सबै किसिमका नेपाली श्रमिकहरूका निमित्त समान तथा न्यायिक सुविधा प्रदान गर्न सफल होस्। यस कोषको सफलता हामी सम्पूर्ण नेपाली श्रमिकहरूको सफलता हो। हामी सम्पूर्ण प्रवासी नेपाली श्रमिक यस योगदानमा आधारित सामाजिक सुरक्षा कोषको सफलताको निमित्त हार्दिक शुभकामना व्यक्त गर्दछौं।

सन्दर्भ सामाग्री स्रोत: वैदेशिक रोजगार विभाग



# स्वदेशमा रोजगारीका अवसरहरु



विश्वनाथ पौडेल

हामी नेपाली हौ, हाम्रो देश नेपाल हो । नेपाल धार्मिक प्राकृतिक सम्पदा वैदिक अस्तित्व, सुन्दरता आदिमा विश्वमा प्रख्यात छ। एकतामा अनेकता र अनेकतामा एकताको सामान्ज्यस्ताको इतिहास हो । विश्वामानचित्रमा भारत र चीनका बिचमा २६.२२ र ३०.२७ उत्तरी अक्षांश तथा ८०.४ र ८८.१२ पूर्वी देशान्तर मानमा रहेको भूपरिवेष्ठित देश नेपाल आफैमा सक्षम छैन। देशको सर्वोत्तम विकासका लागि वहिमुर्खी प्रवृतिको योगदान अवश्य भए पनी यसको नाममा राष्ट्रियता एवम् आफ्नोपनलाई बेवास्ता गरी विदेशको अन्धभक्त बन्नु सुहाउँदैन। हाम्रो उन्नतिको जग आफ्नो स्वदेश प्रेम हो। नेपाल कृषि प्रधान देश भएर पनि कृषिका लागि आवस्यक पर्ने मल, बिउ किटनाषक औषधी तथा सिचाई सुविधा नहुनाले किसानहरु चिन्तित छन । त्यसमा पनि तराईको केहि भाग खेति योग्य भएर पनि मल बिउ पुरानो खेति प्रणाली हुनाले कृषि उत्पादन प्रणाली अवैज्ञानिक छ।

पहाडमा केहि मात्रामा रहेको जमिन पनि घडेरी आवासका लागि टुक्रा-टुक्रा पार्ने चलनले खाद्यान्न संकट पर्ने अवस्था छ। स्वदेशमा आत्मा निर्भरका उपाय नहुने हो भने वा निर्यात भन्दा आयात बढी हुनाले हाम्रो करोडौ रुपैयाँ विदेशिने गरेको छ। व्यापारमा विविधता ल्याउन आधारभूत उद्योगहरुको स्थापना गर्न आवश्यक छ। निर्यात परिमाण बढाउन गरिएका चेष्टालाई आफ्नो शिक्षा, शिपलाई उपयोग गरि उच्च बनाउनु हामी सबैको कर्तव्य हो।

**हिमाली भाग:** नेपालीको भाग्य विधाता अरु कोहि होइन नेपाली नै हो। समुन्द्र सतहदेखि ८८४८ मिटर सम्म अग्ला भागहरु नेपालमा छन्। नेपालको उत्तरी भाग १५ प्रतिशत हिमाल र पहाडले ढाकेको छ। शुन्य डिग्री भन्दा कम तापक्रम रहने हुनाले बसोबास र खेति योग्य कम छ। यहाँ पाइने जडिबुटी बहुमुल्य छ।

**पहाडी भाग:** जम्मा भूभाग मध्ये ६७.५ भाग पहाडी भाग छ। नेपालको कुल जनसंख्याको ६३ प्रतिशत जनसंख्या यहि भागमा बसोबास गर्दछन। खेति योग्य जमिन कम छ। वनजंगल बढिरहेको छ। आवश्यक बस्तु आफैबाट उत्पादन गर्न सके मात्र आयातलाई रोकी निर्यात बढाउन सके देशको अर्थतन्त्र बलियो हुन्छ। खेति योग्य जमिन मासी आवास बनाउनु र आवासको भाग दिनहु बनमा परिणत हुनु दुखको कुरा हो। यस विषयमा राज्य स्तरबाट नीति नियम नबने सम्म कृषिमा आत्मा निर्भरका अवस्था आउदैन, बढ्दो जनसंख्या र खाद्यान्नको शिर्षक वारे आयात रोक्न पृथ्वी नारायण शाहको "खेति योग्य जमिन भए आवास उठाई खेति गर्नु तब मात्र मुद्रा बाहिर जादैन" भन्ने भनाइ सार्थक हुन्छ।

**तराई भाग:** तराई भाग १७ प्रतिशत भाग ओगटेको छ। देशको लागि आवश्यक पर्ने सम्पूर्ण खाद्यान्न यहि भूभागबाट उत्पादन हुन्छ। यसले देशको आवश्यकता पुरा नहुने र रोजगारीका अभावले वर्षेनी लाखौं जनशक्ति ठुलो धनराशी आर्जनका लागि विदेशिने गरेका छन्।

यो केवल अल्पकालीन उपाय हो त्यसमा पनि अमेरिका, अस्ट्रेलिया, क्यानाडा, जर्मन फ्रान्स, नर्वे जस्ता देशमा गएका व्यक्तिबाट जनशक्तिको साथ-साथै ठुलो धन राशी बाहिरिएको छ। पछि त्यो जनशक्ति फर्कने सम्भावना पनि कम छ। यस विषयमा समयमा नै सरकारले दीर्घकालिन नीति नियम ल्याउन सकेन भने भोलि देशमा रहेका विद्यालय, विश्वबिध्यालयमा लोकसेवामा समावेश हुने कर्मचारी, गाउँघरमा छरछिमेकीको अभाव नहोला भन्न सकिन्न। अवश्य पनि अभाव हुन्छ। खेति गर्न जनशक्ति त के मलामीको समेत अभाव हुन्छ। यि विषयमा सरकारले समयमा नै देश विकास र जनशक्ति व्यवस्थापन गर्ने सोच ल्याउनु पर्ने हुन्छ। देशको शिक्षा प्रणालीलाई वैज्ञानिक, प्राविधिक, व्यवहारिक उत्पादनमुखी, रोजगारीमुलक पढेपछि रोजगार पाउने शिक्षा आजको आवश्यकता हो। स्वदेशको रोजगारीले आफ्ना परिवार पाल्न सक्ने पारिश्रमिकको व्यवस्था पनि आवश्यक देखिन्छ। खाई राखेको रोजगारी छोडी विदेशिनु भूक्तानी प्रणाली अपर्याप्तता हो, जसले मासिक खर्च धान्न कठिन छ। खाली जमिन उपयोग गर्न विभिन्न उपायहरु छन्। रसिलो मलिलो पनि कुलो भएको भागमा मुख्य बालि मकै धान गहुं तरकारी लगाउनु पर्दछ। सुख्खा ठाउँमा कोदो, अदुवा, बेसार, पिडालु र बादर लाग्ने ठाउँमा अदुवा, बेसार, अलैची, अम्रिसो बास, बेत आदि लगाई कलात्मक बस्तु निर्माण गरि बिदेशी मुद्रा आर्जन गर्नुपर्दछ।

राज्यले वातावरण बनाइ जग्गाको चक्लाबन्दी उद्यमशिलता अनुदान शिक्षा रोजगारीको अवसर दिएमा कोहि पनि जनता आफ्नो जहान परिवार छोडीज्यानको बाजी राखेर विदेशिन पर्ने थिएन। घरमा परिवार बृद्ध बुबाआमाले स्याहारसुसार पाउने थिए। यातायातको व्यवस्था, मल, बिउ, औषधी प्राविधिक सहयोग, सिचाई सुविधा, खानेपानी सुविधा भूक्तानी प्रणालीको उचित व्यवस्थापन, बजार व्यस्थापन हुन आवश्यक छ। हाल देशको खस्कदो आर्थिक अवस्था नै देशको राजनैतिक अस्थिरता नै मूल जड रहेको छ। देशको अधिकांश राजश्व देश विकास र जनतामुखी नहुनु, जनता जुधाएर नेता मोज गर्नु, राजस्वमा भ्रष्टाचारका विभिन्न समाचार सुन्नु जसले गर्दा नयां पिँढिमा नैरास्यता आई विदेश पलायन हुने अवस्था देखियो। दैनिक आवश्यक वस्तुहरु निर्माण गर्न स-साना उद्योग, कुटिर उद्योग जस्तो धातु, काठ, माटो हस्तिहाड, उन, बेत बांस आदिका समानले समेत आय आर्जन गर्न सकिन्छ। मझौला उद्योग छालाजुता, ईटा, टायल, कपडा, तयारी पोसाक, साबुन, मसला, होटेल सेवा, घरबास सेवा आन्तरिक तथा बाहय पर्यटकको लागि उचित व्यवस्थापन, संचार मोबाईल टिभी आदि आदि समेतको सोच उद्यमसिलातामा लगानी गर्न सकिन्छ। शैक्षिक योग्यता पुरा गरि शिक्षक, कर्मचारी बैंक वित्तिय संस्था विश्वविद्यालय आदि त पहिलो रोजाईमा छन्। तेस्को अलवा शैक्षिक योग्यता कम भयका जो रोजगारीभन्दा बाहिर छन् तर सिप जागर तत्परता हुनेका लागि विदेश धाउन नपर्ने वातावरण भएमा अवश्य पनि स्वदेश नै स्वर्ग बन्ने थियो।

## स्वदेशमा गर्न सकिने केही रोजगारीका अवसरहरू निम्न छन :-

### १) बाख्रा पालन

देशको अधिकांश भाग जमिन बनजंगलले ढाकेको छ। खेतिका लागि छुट्याएको जमिन बांझो भई बनजंगलमा परिणत भयको छ। बाख्रालाई आवश्यक पर्ने घांसपात, चरण, तापक्रम गाउमा छ। कम शिक्षाका व्यक्तिबाट पनि सेवा लिन सकिने हुनाले कम खर्चमा हुने व्यवसाय हो। खोरको राम्रो व्यवस्थापन गर्न सके यो व्यवसाय सबैभन्दा राम्रो छ। उत्पादन गर्न सके बजार व्यवस्थापनमा कठिनाई छैन। हाम्रो देशमा उत्पादन बढाउन सके भारत र तिब्बतबाट आयात गर्न पर्दैन। यसका लागि सरकारी अनुदान विभिन्न जातका बाख्रा जमुना पारि बोयर लिखु आदि जातका बाख्रा पाल्न सके विदेशलाई जित्न सक्ने र आफु पनि परिवारका सबै सदस्यसंग बस्न पाइने सबै सहभागी हुने व्यवसाय हो। यसबाट मनग्य आय आर्जन गर्न सकिन्छ।

### २) पशु पालन

दुग्ध व्यवसायका लागि गाई, भैसी पालन अहिले अती नै राम्रो मनिएको छ। विभिन्न जातका गाई भैसी पालन गरि ठाउँठाउँमा राम्रो व्यवसाय गरेको पाइएको छ।

### ३) कुखुरा पालन

मासु तथा अण्डाका लागि आफ्नै देशमा कुखुरा पालन व्यवसाय गर्न सके वर्शेनी कयौ रकम विदेशिने थिएन। हाल नेपालमा मासु तथा अण्डा भारतबाट आयात हुन्छ सानातिना वस्तुमा पनि आयात रोक्न नसक्नु यहाको दुःखद कुरा हो। यस बिषयमा सरकारले नीति नियम अनुदान सहयोग आदिको व्यवस्था गर्न आवश्यक छ। स-सानो लगानीबाट जो सुकैले पनि गर्न सकिने व्यवसाय कुखुरा पालन व्यवसाय हो।

### ४) माछा पालन

अर्को आयमुलक व्यवसाय माछा पालन हो। माछा पालन व्यवसाय संग अरु व्यवसाय पनि समावेश गर्न सकिन्छ। कुखुरा, माछा, बंगुर, बदेल संगै गरिने काम पनि हो।

### ५) कफी तथा अलैची खेति अदुवा बेसार

थोरै लगानी, मौसमी प्रभाव कम सजिलो व्यवसाय यो पनि हो। ठुलो मात्रामा व्यवस्थापन गर्नु राम्रो छ।

**६) फलफुल खेती, अम्रिसो, जडिबुटी, सुन्तला, आँप ड्रागन, मौरी पालन** आदि गर्न सके स्वदेशी रोजगारीका आधार हुन्।

यी विविध व्यवसायमा प्रत्यक्ष प्रभाब पार्ने आर्थिक र बातावरण पक्ष हो। यी सबै विषयमा सबै सक्षम हुदैनन् यसका लागि सरकारले अधिकार प्रत्यायोजन गरि स्थानीय तहबाट शिक्षा प्रशिक्षण, अनुदान सुपरिवेक्षण, प्राविधिक सहयोग रेखदेख गरि जनताको आय स्थर उकास्न सक्नु महान पक्ष हो। सरकारका तिन तह बनाई सम्पूर्ण राजस्व खर्चिनु उपुक्त हुदैन। दुई तह बनाई प्रदेश स्तरको सम्पूर्ण खर्च कटाई सबै परिवारलाई एक परिवार एक बस्तुको अवधारणा ल्याई आवश्यक पर्नेलाई ऋण प्रबाह गर्नु न्युन ब्याज, ब्याज मिनाहा जस्ता कार्यक्रम ल्याउनु पर्दछ। सरकारी स्तरबाट संचालन हुने उद्योगहरु मल कारखाना, दाना उद्योग, औषधि आदि भएमा रकम बाहिर नजाने जनतालाई आय आर्जनमा टेवा पुग्ने सरकारलाई पनि आत्मा निर्भर बनि राजस्व बृद्धि हुने, ग्राहस्थ प्रतिव्यक्ति आयमा बृद्धि हुन्छ तब मात्र सुखी जनता सक्षम आत्मा निर्भर देश बन्न सक्छ। यहि हुन पनि आबश्यक छ।

(लेखक पृथ्वी नारायण क्याम्पस पोखराका प्राध्यापक हुनुहुन्छ ।)

# IMPACT OF FOREIGN LABOR MIGRATION ON SOCIAL CHANGE AND DEVELOPMENT IN NEPAL



Pratikshya Shrestha
Student,
Nepal Open University

Nepal, a developing country, experiences various factors contributing to social change and development within its society. One such significant factor is migration, which has been an ongoing process since the existence of society itself.

However, in the context of Nepal, foreign labor migration has seen a remarkable increase. Various factors contribute to this trend. Economic factors, such as a lack of income or job opportunities, drive people to seek better prospects abroad. Social factors, such as feelings of insecurity or injustice, also play a role. Environmental factors, like natural disasters such as the 2015 earthquake, further push individuals to leave. Additionally, political instability, demonstrated by events like the Maoist period with its civil unrest and violence, adds to the reasons for migration. These factors are interconnected and have profound effects on Nepalese society, leading to unemployment and poverty. Consequently, there has been a significant increase in foreign labor migration, with even remaining family members gradually choosing to leave in search of improved livelihoods and greater security. This mass labor migration has resulted in a significant loss of skilled and unskilled workers in the country. As a result, Nepali society has undergone profound changes, affecting various aspects of its economy, society, and politics.

To fully understand the role of foreign labor migration on social change and development in Nepal. Let's delve deeper into this evaluation and illustrate it with some examples that I have been observing.

## Economic Impact:

**Positive Impact:** Remittances from Nepali migrant workers significantly contribute to Nepal's economy, developing an important portion of its GDP. Nepal ranks among the top recipients of remittances relative to its GDP, with these inflows stabilizing the country's economy and strengthening its financial standing. Families of migrant workers may have a quality life with the benefits of quality education, health facilities, transportation, Housing, or even setting up a new business.

**Negative Impact:** Nevertheless, heavy reliance on remittances poses long-term economic risks. Family members

of migrant workers can make a habit of standard living by avoiding rural life. Moreover, the outflow of migrant workers can lead to labor shortages in critical domestic sectors such as agriculture, construction, the health care sector, and other key sectors too, impacting overall productivity.

For example, in village Syangja, where many men and women have migrated to different countries for work, remittance income has led to visible improvements in infrastructure, such as the construction of concrete Houses, health clinics, more retail businesses, and schools. But, on the other hand, agriculture firms have shortages of human resources that lead to fertile land becoming barren, causing environmental degradation. They are thrusting themselves to depend on imported sources; the concept of having costly vehicles in each House somehow adds to the conflict in social stratification.

However, money from migrant workers improved their family's livelihoods and provided relief for a moment, but they failed to invest in the domestic micro- or macro-industry and infrastructure or productivity in their own land. This led to a struggle to achieve sustained economic development in the future. Therefore, the Nepalese people and government must focus on long-term strategies to sustain economic growth.

## Social Impact:

**Positive Impact**: Migration may have a positive impact on society, particularly for marginalized communities. Individuals who migrate often hail from rural areas with limited economic opportunities. By seeking employment abroad, migrant workers can significantly improve their financial situation and lift their families out of poverty. Moreover, migration enables individuals to maintain their social status and can help them escape from social injustices.

**Negative Impact:** On the flip side, it disrupts social structures and familial relationships. The departure of young men can leave behind vulnerable family members, such as women, children, and the elderly, leading to challenges related to family separation and emotional well-being and also leading to crime. Such as killing a spouse or family member for money. Moreover, the absence of migrant workers may worsen social issues in communities, such as a lack of role models for youth and increased dependency on external support.

Example: The absence of migrant workers has created challenges for family dynamics and intergenerational relationships. In villages like Sindhupalchowk, where many men and women have migrated, elderly parents are left behind to care for grandchildren, leading to strains on familial bonds and emotional well-being. Now we can see that incidents, crime, and exploitation among children and elderly people are on the rise. Thus, the community has come up with better ideas to stop this vulnerable crime.

## Political impact:

**Positive Impact**: Migration can influence political dynamics through transnational advocacy. Nepali migrants living abroad often form diaspora communities and associations, advocating for policy reforms and contributing to development projects in their Home country. Their collective efforts can raise awareness about migrant rights and influence government policies related to labor migration.

**Negative Impact:** However, political elites may exploit migrant workers for their own interests, neglecting broader issues of social justice and inclusive development, and the government prioritizes foreign labor migration to boost remittances rather than addressing the underlying reasons why Nepali people migrate.

## Conclusion:

Foreign labor migration in Nepal has had significant impacts across economic, social, and political dimensions. Firstly, remittances positively contribute to the economy, yet labor shortages and environmental degradation pose challenges. Secondly, migration affects family dynamics, culture, and gender roles, empowering women economically but also disrupting familial relationships. Thirdly, remittance income serves as social security, covering essential expenses, but heavy reliance on it poses long-term vulnerabilities. In terms of business, migration stimulates entrepreneurship but causes labor shortages in critical sectors like agriculture. Housing and infrastructure benefit from remittance money, yet education and healthcare needs may be overlooked.

Overall, while migration offers economic opportunities, it also brings along many issues that need to be addressed promptly. Nepal must strengthen regulations, raise awareness, and tackle root causes like unemployment, ensuring migrant workers' rights are safeguarded for sustained development.



# INTERNATIONAL MIGRATION AND FOREIGN EMPLOYMENT IN NEPAL: CURRENT TRENDS



Bhim Rai
BA Student, NOU

International migration and foreign employment have become significant facets of Nepal's socio-economic landscape. With over four million Nepali citizens working abroad, the trends in migration and foreign employment profoundly impact the country's economy, society, and development trajectory. Understanding these current trends is crucial to comprehending the broader implications of this phenomenon.

Firstly, the trend of international migration in Nepal has been steadily increasing over the past few decades. A primary driver is the limited availability of domestic employment opportunities. Nepal's economy, predominantly agrarian, struggles to absorb the rapidly growing workforce. Consequently, many Nepali citizens seek better opportunities abroad, particularly in the Gulf countries, Malaysia, UAE, Qatar, South Korea and many more. These destinations offer higher wages and more job opportunities compared to Nepal, making them attractive for job seekers.

Furthermore, the remittances sent back by Nepali workers abroad constitute a substantial portion of the national economy. According to recent data, remittances contribute nearly 30% to Nepal's GDP. This influx of money has been pivotal in improving living standards for many families, funding education, healthcare, and other essential services. Moreover, remittances have helped reduce poverty levels in rural areas, where economic opportunities are often scarce.

However, the reliance on foreign employment comes with significant challenges. One major concern is the vulnerability of migrant workers to exploitation and abuse. Many Nepali workers face harsh working conditions, inadequate legal protections, and violations of their rights. Additionally, the socio-economic impact on families left behind cannot be overlooked. The absence of a parent or spouse for extended periods can lead to emotional and psychological strains, affecting family dynamics and the upbringing of children.

Another critical issue is the brain drain phenomenon. While the country benefits economically from remittances, it simultaneously loses a significant portion of its skilled and educated workforce to foreign markets. This outflow of talent hampers Nepal's ability to develop its industries and infrastructure, perpetuating a cycle of dependency

on foreign employment.

Addressing these challenges requires a multi-faceted approach. The Nepali government must strengthen policies to protect migrant workers, ensuring their rights and safety abroad. Bilateral agreements with host countries should be enhanced to guarantee fair treatment and appropriate working conditions. Moreover, creating more domestic employment opportunities through industrialization and development projects can mitigate the need for international migration.

Investing in education and vocational training is also essential. By equipping the workforce with relevant skills, Nepal can reduce its dependency on foreign employment and foster local economic growth. Encouraging entrepreneurship and supporting small and medium-sized enterprises (SMEs) can create a more robust domestic job market, offering viable alternatives to migration.

To a nutshell, while international migration and foreign employment have undeniably contributed to Nepal's economy through remittances, the associated challenges must be addressed to ensure sustainable development. By focusing on protecting migrant workers and bolstering domestic employment opportunities, Nepal can harness the benefits of migration while mitigating its adverse effects. The future of Nepal's socio-economic progress hinges on striking this delicate balance.


नेपाल मगर संघ, शाखा कतार

NEPAL MAGAR ASSOCIATION QATAR CHAPTER

**शुभकामना**

सन् १९९० को खाडी युद्ध पश्चात कतारमा नेपालको ७७ वटा जिल्ला बाट रोजगारीको सिलसिलामा बाक्लो रुपमा प्रवेश गरेको देखिन्छ। यसै बिच कास्की जिल्ला बाट पनि जिल्ला भित्र बसोबास गर्ने दाजुभाइ तथा दिदीबहिनीहरु आफ्नो रोजीरोटी, व्यापार व्यवसाय तथा अध्ययन अध्यापनको लागि कतारमा प्रवेश गर्दै आएको पाइन्छ।

सन् २००२ मा कास्की आदर्श समाज कतार स्थापना गरेर कास्की जिल्ला वासी दाजुभाइ तथा दिदीबहिनीहरुलाई एकताबद्ध गरेर जिल्ला भित्र तथा नेपालको विभिन्न जिल्लामा परेको आपत विपतमा सहयोग गर्दै आइरहेको छ।

विभिन्न आरोह अवरोह पार गर्दै कास्की आदर्श समाज कतार २१औं बसन्त पुरा गरेर २२औं स्थापना दिवस मनाउदै गर्दा यसले समाज प्रति खेलेको भूमिकालाई उच्च सम्मान गर्दै समाज प्रति अझै सद्भाव, माया जिम्मेवारी बोध गर्नु हुनेछ भन्ने आशा व्यक्त गर्दै कास्की आदर्श समाज कतारको २२औं स्थापना दिवसको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

रश्मि आले मगर
अध्यक्ष
नेपाल मगर संघ, शाखा कतार


अन्तर्राष्ट्रिय नेपाली मुस्लिम समाज, कतार

INTERNATIONAL NEPALESE MUSLIM SOCIETY, QATAR

**शुभकामना**

धन्यवाद

अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली मुस्लिम समाज कतार

E-mail: inmsqatar@gmail.com

# गर्मी मौसममा हुन सक्ने समस्या र आफुलाई कसरी सुरक्षित राख्ने ?



✍ खुशीमान गुरुङ, दोहा

बहुमुल्य वस्तु (हिरा, सुन आदी) आकारले सानो हुन्छ । त्यस्तै कतार पनि भौगोलिक हिसावले सानो भएता पनि आफैमा पूर्ण र सुन्दरता छ । वर्तमान अवस्थामा कतार विकासशील देशहरु मध्ये एक हो । दिनहुं यहाँ हुने विकासका परिवर्तन सुन्दा आश्चर्य नै लाग्दछ । यहाँ २४ घण्टा नै दिनहुँ काम हुन्छ । यहाँ Indoor / Outdoor धेरै थरीका कामहरु सञ्चालन भैरहेका छन ।

यहाँ म विशेष गरी Construction Area निमार्णाधिन क्षेत्रको बारेमा थोरै चर्चा गर्न चाहन्छु । कतारमा विभिन्न समय मौसम बदलिए अनुसार गर्मीको मौसम (समर सिजन) मे, जुन, जुलाई र अगष्ट महिनामा अधिकतम गर्मी हुने महिना भनेर चिनिन्छ ।

जसरी जाडोमा मानिसलाई काम गर्नको लागि कठिन अप्ठेरो हुन्छ त्यस्तै गर्मीमा पनी गाह्रो हुन्छ । यस समयमा सबै कामदारहरुलाई के गर्ने, कसरी गर्ने भन्ने सुरक्षाका उपायहरुको सामान्य ज्ञान अनिवार्य जानकारी भएको हुनुपर्दछ ।

सबैभन्दा पहिला सरकारले तोकेको समय तालिकालाई पालना गर्नुपर्दछ । जुन कम्पनीले नै व्यवस्थापन गर्नेछ ।

यहाँ केही गर्मीमा हुन सक्ने असर, लक्षण र बच्नका लागि उपायहरु प्रष्टाउन खोजीएको छ :-

## गर्मीका असर लक्षणहरु :

- टाउको दुख्ने, रिङगटा चक्कर लाग्ने ।
- शरीर कमजोरी शिथिल महसुस हुने ।
- मुटुको धड्कन तिव्र हुने ।
- नसाहरु बाउडिनु, खुम्चीनु, नाकबाट रगत बग्न सक्ने।
- ऐंठन हुनु, छाती चस्किनु दुख्ने ।

## बच्ने उपायहरु :

- गर्मीको समय कफी पेय पर्दाथहरु सेवन नगर्ने ।
- सधै चिसो ठन्ठा पानी पिउने ।
- सिधा घाममा काम नगर्ने, सकभर छायाँ क्षेत्रमा काम गर्ने ।
- तिर्खा लागेपछि मात्र पानी पिउने हैन की पानी लगातार पिइरहने ।
- शरीरमा हलुका सुर्तिका लुगाहरु लगाउने ।
- टोपी वा फेसकभरको प्रयोग गर्ने, सन स्क्रीन लगाउने ।
- घाममा काम गर्नु परेमा लगातार आराम गर्ने व्यस्थापन गरी पर्याप्त आराम लिने ।
- गर्मीको समय हल्का मात्रामा खाना खाने, चिल्लो पिरो कम खाने ।
- काम गर्ने क्षेत्रमा पंखाको व्यवस्थापन गर्ने ।
- शरीरमा अस्वस्थ भएमा तुरुन्तै फोरमेन सुपरभाइजर लाई जानकारी दिने, मेल नर्स सामु जाँच गर्ने ।
- कुनै पनी औषधी डाक्टरको सल्लाह विना सेवन नगर्ने ।









(लेखक कतारमा एक कम्पनीमा Safety Trainer / Officer पदमा कार्यरत हुनुहुन्छ ।)

# किन हुन्छ हृदयघात ?
## हृदयघात रोक्न कस्तो विधी अपनाउने ?



अविसुखी (अन्सु) सुवेदी

अहिलेको विज्ञानले आधुनिकता थप्दै विकासशील हुँदै गरेको समाजमा मानिसहरु बाहिरी मोह र देखावटीको पछाडि दौडी रहँदा आफू र आफ्नो स्वास्थको ख्याल राख्न पछाडि पर्दै गईरहेका छन। यसको फलस्वरुप वर्तमान समयमा के यूवा, के प्रौढ, के वृद्ध हरेक उमेर समूहका मानिसहरू हृदयघात जस्तो डरलाग्दो र घातक रोगको शिकार भइरहेका छन।

हृदयघातकै कारण अधिकांस ४०-४५ वर्ष उमेर समूहका प्रौढहरुको मृत्यु भएको हामी सवैले सुन्दै आएको हो। यति सुन्दर जीवन छोटो समयमा टुङ्गिनु दुःखको कुरा हो। वर्तमान समयमा झनै २५-३० वर्षका यूवाहरू पनि यसको शिकार हुने क्रम बढ्न थालेको छ। यो झनै दुःखको विषय बन्दै गएको छ। हामीसँग पहिले भन्दा धेरै मेडिकल हस्पिटलहरु छन, स्वास्थ्य सुविधा पहिलाको अवस्थामा भन्दा बढी नागरिकहरुको पहुंचमा पनि पुगेको छ। तथापि यस्तो भयावह स्थिति बढ्दै जानुमा कही न कही कमजोरी अवश्य छ। पछिल्लो समयमा फैलिको कोरोना भाईरसले जती मानिसको ज्यान लियो त्यो भन्दा वढी मानिसहरुको ज्यान हृदयघातको कारणले गुमेको छ भन्दा अचम्म लाग्न सक्दछ तर यथार्थता यही हो। यसरी यूवा प्रौढ तथा वृद्ध नभनी अचानक मृत्यु वा मृत्युको मुखमा मानिसलाई पुर्याउने हृदयघात आखिरी कसरी हुन्छ र यसबाट कसरी बच्न सकिन्छं, सोध खोज हुन र सतर्क हुन जरुरी छ। भनिन्छ, रोग लागेपछि उपचार गर्नु भन्दा रोगै लाग्न नदिनु उत्तम उपाय हो। पछिल्लो समयमा मेडिकल साइन्सले समस्या देखिएपछि उपचार पद्दति त हामीलाई दियो तर त्यसको रोकथामको उपाय बताउन सकेन हरेक पटकको बिरामीमा पहिलो भन्दा दोस्रो हाइडोजको औषधी दिएर रोगलाई नियन्त्रण गर्ने पद्दति मेडिकल साइन्सले दिएको छ। अहिले गुगलको जमाना छ आफुलाई चाहिएको कुरा सर्च गरेर हेर्न सकिन्छ। त्यहाँ भएका सवै कुराहरु सवैले बुझ्दछन् भन्ने छैन र खोजेको सवै कुरा एकै ठाउमा पांइदैन पनि, तथापि नहेर्नु भन्दा हेरेर बुज्ने प्रयास गर्नु राम्रो हो। आउनोस् म तपाईंलाई सरल रुपमा हृदयघात किन हुन्छ र कस्तो पद्दति अपनाउँदा यसको न्यूनीकरण गर्न सकिन्छ, संक्षिप्तमा जानकारी दिनेछु।

हृदयघात हुनाको धेरै कारणहरु भए पनि सबै भन्दा मुख्य कारण भनेको मानसिक तनाव हो। सानै उमेरबाट नै धेरै तनाव लिने मानिसलाई हृदयघात हुने सम्भावना बढी भएको देखिएको छ।

*"जति तनाव उति हृदयघात तर्फ एक पाहिला अगाडि"*

मानिसका तनावको श्रोतहरू बिभिन्न चरणमा विभिन्न खालका हुन सक्दछन्। टिन एजका उमेरकालाई अरूको स्टाइल लवाई खुवाई तथा आफ्नो पढाइ हुन सक्दछ। पढाईमा पनि दक्षिण एसियाली शैलिको रटान र पुस्तकको चाङहरूले अन्य साथीहरु भन्दा आफू कमजोर देखिनु, शिक्षक शिक्षिकाको व्यवहारले पनि प्रभाव पर्दछ। त्यस्तै यूवामा रोजगारी देखि सेटल हूने तनाव, प्रौढहरूमा घर व्यवहार परिचालन सम्वन्धी आउँने तनावहरू हुन। यस्ता तनावहरू बढ्दै जाँदा हृदयघात हुने सम्भावना बढी हुन्छ। त्यस्तै प्रमुख अन्य कारणहरुमा पुरानो हृदय रोग हुनु, धुम्रपान गर्नु, निश्चित लिपिडको उच्च रगत स्तर (ट्राइग्लिसराइड्स, कम घनत्व लिपोप्रोटिन) र उच्च घनत्व लिपोप्रोटिन (एचडीएल) को कमस्तर, मधुमेह रोग, उच्च रक्तचाप, मोटोपना, क्रोनिक मृगौला रोग, अत्यधिक मदिरा सेवन, लागू पदार्थको दुर्व्यसनिहरुलाई वढी हृदयघात हुन सक्ने सम्भावना रहन्छ। भनिन्छ, मानिसले यस्ता वस्तुको सेवन पनि तनावले नै गर्दछ।

अब हामी कुरा गरौ तनाव मुक्त कसरी हुन सकिन्छ।



वर्तमान समयमा मानिसहरू कसरी अरुभन्दा अगाडि हुने आधुनिक तथा नयाँ-नयाँ सुविधाका वस्तुहरू आफूले कसरी प्राप्त गर्ने देखि लिएर व्यक्तिका आवश्यकता र त्यसको पूर्ति कसरी गर्ने चक्करमै मानिसको दैनिकी वित्दछ। हरदिन उही अभाव, तनाव र शान्तिको श्वांस फेर्ने समय छैन। अनि मानिस तनावमुक्त कसरी हुन सक्दछ ? तत्कालिन आवश्यकता र त्यसको पूर्तिको पछाडि भाग्दा भाग्दै मानिसले आफनो स्वस्थ्य जस्तो अमूल्य चिजलाई विर्सन पुगेको छ। लाख पर्ने इन्जिन गाडीलाई तन्दुरुस्त राख्न राम्रो तेल र इन्जिन वाइल राख्न हामी विर्सिदैनौं तर करोडौको आफ्नो जीवनलाई कसरी स्वस्थ्य राख्ने, आफू कसरी निरोगी हुन सकिन्छ, आहार विहार कसरी गर्ने त्यो बारेमा ध्यान केन्द्रित गर्दैनौं। प्राकृतिक चिकित्साको दृष्टिमा यो लापरवाहपना हो। शरीरलाई कति समय काम गरेपछि कसरी आराम दिने, आफुलाई कसरी शान्ता राख्ने भन्ने बारेमा सोच्न नसक्नु हाम्रो कमजोरी हो र त्यही कमजोरीले नै हृदयघात निम्त्याउँछ भन्ने बुझ्न जरुरी छ। तनावमुक्त अथवा तनाव हुन बाट जोगिनका लागि हामीहरुलाई हरेक दिनको केही समयनै चाहिन्छ र प्रकृतिको हिसावले जीवन जीउने प्रयास गर्न सक्यौं भने तनावमुक्त हुन सक्दछौं।

प्राकृतिक चिकित्साले मनुष्यको शारीरिक, मानसिक र आध्यात्मिक स्वास्थ्यलाई सन्तुलित बनाउन प्राकृतिक तत्वलाई उपचारको साधन बनाउँछ। यो विधाको उपचारले शरीर, मन र आत्माको त्रिमानसिक सन्तुलन कायम गर्छ। प्राकृतिक चिकित्स्यामा विभिन्न उपचारहरु छन जस्ले हामीलाई तनावमुक्त हुन सहयोग गर्दछ। जस्तैः

**१) रेफ्लेक्सोलोजिः** विभिन्न थरिका माट्टो, बालुवा, सानो सानो ढुङ्गा म खाली खुट्टा ले हिडेउ भने एस्ले हाम्रो शरीरमा हुने Symathetic Activities (जस्तैः उच्च रक्तचाप (High Blood Pressure), श्वास प्रश्वास (Respiration Rate) घटाउने गर्छ।)

**२) योग र ध्यानः** योगले हाम्रो शरीरमा नियन्त्रण गर्न सिकाउछ। यदी हामी हाम्रो शरीरमा नियन्त्रण गर्न सिकेउ भने दैनिक जीवनमा हुने कामहरुमा पनि नियन्त्रण आउछ।

**३) प्राणायमः** प्राणायम गर्दा हाम्रो शरीरमा ९२००० नाडीहरु छन जस्मा इडा नाडी, पिङ्ला नाडी र सुसुब्ण नाडी प्रमुख हुन। प्राणायमले सबै नाडीहरुलाई सफा गर्ने काम गर्छ। नाडी, भनेको नसा हो। प्राणायमले हाम्रो श्वास प्रश्वासलाई सन्तुलनमा राख्ने कार्य गर्दछ। ध्यानले हाम्रो मानसिक सन्तुलन बनाइ राख्ने काम गर्छ।

यदी हामीले हाम्रो शारीरिक र मानसिक स्थिति दुवै सन्तुलनमा राख्न सक्यौं भने मानसिक तनाव घट्छ। जसको लागि हामीले नियमित रुपमा प्राकृतिक चिकित्सा पद्धतिको, ध्यानयोगा विधिलाई फलो गर्न सक्नु पर्दछ। ध्यान योगाको अलवा आफ्नो जीवनशैली, खानपान, सबैमा सवै कुरामा ध्यान पुर्‍याउनु पर्दछ। प्राकृतिक चिकित्सामा हुने विभिन्न जल चिकित्साद्वारा पनि हामी हाम्रो मानसिक तनाव कम गर्न सक्दछौं।

मानवलाई प्रकृतिसँग जोड्दै उच्चस्तरीय स्वास्थ्य स्तर कायम गर्नु नै प्राकृतिक चिकित्साको मुख्य लक्ष्य हो। स्वास्थ्य रहनू सम्पूर्ण शारीरिक, मानसिक, आध्यात्मिक एवम् सामाजिक स्थिति हो। जसले व्यक्ति र समाजलाई सुख, समृद्धि र सन्तुलित जीवनको अनुभूति गर्ने क्षमता र आत्मविश्वास प्रदान गर्छ। मन चिन्तामुक्त र स्थिर हुँदा मात्र मानिस सन्तुष्ट हुन्छ। शरीर स्वस्थ नभई मन र आत्मा स्वस्थ हुँदैन।

यदि हामिले उपर्युक्त सामान्य विधि आ-आफ्नो लागि दिनमा वढीमा एक घण्टा समय निकालेर गर्न सक्यौं भने हृदयघात जस्तो घातक रोगबाट आफुलाइ बचाउँन सकिन्छ। यति गर्न सकेमा अकालमा हुने घटनाबाट बाँच्न सकिन्छ भने यस्तो जीवन शैली हामीले किन नअपनाउने ?

(लेखिका एस टि एम कलेज, उजिरे ब्याङ्लोर, भारतमा अध्ययनरत प्रथम वर्षका विद्यार्थी हुनुहुन्छ ।)



# के हो त हिट स्ट्रोक ? कसरी सुरक्षित रहने ?

**कतारमा नेपालीकै व्यवस्थापनमा सन्चालन भई स्वास्थ्य सेवा दिदै आएका कान्तिपुर मेडिकल र यहाँ कार्यरत स्वास्थ्यकर्मी डा. निरज ले यस आदर्श सन्देश स्मारिका मार्फत विशेशतः गर्मी मौसममा काम गर्ने र अत्यधिक गर्मीका कारण हुन सक्ने समस्या र त्यस बाट कसरी सुरक्षित रहने भन्ने विषयमा दिनुभएको स्वास्थ्य सम्बन्धी जानकारी यस प्रकार छनः–**

**सर्व प्रथम त हिट स्ट्रोक वा अत्याधिक गर्मीले कसरी मानव शरीरलाई असर गर्छ भन्ने बारे डा. निरज भन्नुहुन्छः**



उच्च तापमानले अत्याधिक गर्मी हुँदा शरीरबाट प्रशस्त पसिना बगेर जाँदा मानिसको शरीरमा पानीको मात्रा कम हुन गई रिंगटा लाग्ने, वाकवाकी लाग्ने हुन सक्छ। हामीले बुझ्नु पर्ने कुरा शरीरबाट पसिना मात्र बगेर जाँदैन, पसिनासंगै शरीरको पोषक तत्व पनि बगेर गइरहेको हुन्छ । त्यसैले हामीले सम्भव भए ग्लुकोज पानी यदि नभए कागती नुन चिनीको मिश्रित पानीको घोल बनाएर प्रशस्त मात्रामा पिउने र शरीरबाट बगेर गएको पोषक तत्वको पूर्ति गर्नु पर्दछ ।

हिट स्ट्रोकले गर्दा मान्छे भ्रमित हुने, बेहोश हुनेसम्मको असर हुने गर्दछ । प्रायः बृद्धहरुलाई यसले छिटो असर गर्दछ । कार्य स्थलमा कसैलाई यस्तो हुने महसुस भएमा तुरुन्तै छहारीमा बस्ने पानी पिउने र आफ्नो आसपासको साथीभाई वा इन्चार्ज लाई भन्नु पर्दछ ।

हामिले धेरै कामदारहरु बेलुका सुतेको ठाउँमा मृत भेटिएको खबर सुन्ने गरेका छौं । मान्छेहरु Heart attack भएको रहेछ भन्ने गर्छन तर Heart attack किन भयो त ? वास्तवमा शरीरबाट प्रशस्त पानी र पोषक तत्व बगेर गएपछि मुटु पनि शिथिल हुन्छ । यसका धमनीहरु खुम्चिन्छन जसले गर्दा Heart attack हुने गर्छ । हामी बाहिर गर्मीबाट कोठामा आउने बित्तिकै एसी चालु गरेर बस्ने गर्छौं जुन शरीरको लागि घातक हुन्छ त्यसैले कोठामा आएपछि एकछिन बसेर पसिना ओभाएपछि शरीरको तापक्रम र कोठाको तापक्रममा समानता हुन्छ। त्यस पछि मात्र एसी चलाउँदा शरीरको लागि राम्रो हुन्छ। त्यस्तै Our health start with us भनेझैं, तेलमा फ्राई गरेका खानेकुरा सकभर नखाने, नुन, मसला कम गर्ने गरेमा हामी पेटको रोग जस्तै ग्यास्ट्रिक, अल्सर जस्ता रोग बाट बच्न सक्छौं। फ्रिजको चिसो पानी भन्दा कोठाको तापक्रममा राखेको नर्मल पानी पिउने, पेप्सी कोकाकोला, ड्यु जस्ता पेय पदार्थ नपिउने, धुम्रपान, मध्यपान, सुर्तिजन्य पदार्थको सेवन नगर्ने, समयमा सुत्ने, समयमा उठ्ने गरेमा हामि हाम्रो शरीरमा आउन सक्ने धेरै समस्या बाट बच्न सक्छौं ।

विशेषतः युवाहरुले सुर्तीजन्य पदार्थ, मध्यपान, धुम्रपान गर्दा एकातिर आफ्नो स्वास्थ्य बिग्रदै गएको छ भने अर्को तिर यसले आर्थिक पाटोमा पनि असर गरेको हुन्छ। जसले गर्दा आफु र परिवारमा समेत मानसिक असर पार्दछ । एक त गर्मीमा काम गर्नुपर्ने बाध्यता, अर्को तिर हामी कुलतमा फंस्दा मधुमेह, उच्च रक्तचापजस्ता दीर्घ रोग लाग्न सक्ने ठुलो सम्भावना रहन्छ । "Healthy mind lives in healthy body" भनेझैं हामी यहाँ आफ्नो श्रम बेचेर परिवारको आवश्यकता पुरा गर्न आएका हौं। हामिले अनुशासन पूर्वक आफ्नो जिम्मेवारी पुरा गरेर सकुशल शरीर लिएर आफ्नो देश फर्कौं र सपरिवार खुशी साटासाट गरौं ।

**(कान्तिपुर मेडिकल नेपालीकै व्यवस्थापनमा सञ्चालन भईरहेको छ । र डा निरज कान्तिपुर मेडिकलमा कार्यरत हुनुहुन्छ ।)**


## शुभकामना

स्थापना कालदेखि नै विशुद्ध सामाजिक कृयाकलापहरुमा कृयासिल कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा संस्थाका गतिविधीहरु अभिलेख गर्ने, समाजका समसामयिक विषयहरु उजागर गर्ने, विविध लेख, रचना एवम सन्देशमुलक विषयवस्तु पाठक माझ पुर्‍याउने उद्देश्यका साथ पहिलो अङ्कका रुपमा प्रकाशन गरिएको आदर्श सन्देश स्मारिकालाई निरन्तरता दिदै दोस्रो अङ्क प्रकाशन गरी विमोचन गर्न गैरहेको सुन्न पाउदा अत्यन्त खुशी लागेको छ। २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बन्न सकोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा कस्केली एवम गैर कस्केली पाठक दीर्घलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री डम्मर बुढामगर
अध्यक्ष
कर्णाली प्रदेश समन्वय परिषद, कतार

# प्राकृतिक चिकित्सा र त्यसको सम्बन्ध



डा. अविश्रम गुरागाइ

“यद् पिण्डे तद् ब्रह्माण्डे (चरक संहिता” अर्थात जुन तत्वले मानव शरीर बनेको छ त्यही तत्वले नै ब्रह्माण्ड बनेको छ। जसरी प्रकृतिको बनोट बनेको छ, हाम्रो शरीरको वनावट पनि त्यसरी नै वनेको हुन्छ। व्रमाण्डको वनावट अभूतपूर्ण छ। व्रमाण्डको वनावटमा पञ्चतत्व मिलेर प्रकृति बनेको हुन्छ। जसरी पञ्च तत्व (पृथ्वी, हावा, जल, आकाश र आगो) बाट प्रकृति बन्न पञ्च तत्वको आवश्यकता परे झै प्रकृतिमा वस्ने मानिसको शरीर पनि पञ्चतत्वबाट नै मिलेर बनेको हुन्छ।

**१) पृथ्वी:** जसरी प्रकृति वन्नको लागि पृथ्वीलाई मेरुदण्ड मानिएको हुन्छ त्यसरी नै हाम्रो शरीरमा पनि पृथ्वी समान हड्डी र मांशपेशी लिइन्छ तिनै हड्डी र माम्सपेसीले हाम्रो शरीरलाई आकार दिएको हुन्छ।

**२) पानी:** जसरी प्रकृतिमा ७० प्रतिशत पानी हुन्छ, त्यसरी नै हाम्रो शरीरमा पनि रगत, लिम्फ, जुस र हर्मोनको रूपमा समान प्रतिशत तरल पदार्थ हुन्छ, तिनीहरूले शरीरमा धेरै महत्वपूर्ण भूमिका खेलेका हुन्छन।

**३) अग्नि अथवा सूर्य:** प्रकृति वन्नको लागि सूर्यका किरण र ताप चाहिन्छ। त्यसरी नै तत्व र सुर्य वनेर हाम्रो शरीरमा पाचनप्रकिया र तापक्रमलाई लिन सकिन्छ। मेटाबोलिज्म र तपक्रम विना हाम्रो शरीरमा केही पनि अस्थित्व रहन्न। मेटाबोलिज्मले नै हामिले खाएको खाना पचाऊने काम गर्दछ। सूर्यको किरण मार्फत हाम्रो जीवनको पालना भएको हुन्छ तसर्थ सूर्य किरण विना मानवीय जीवन प्रक्रिया असंभव प्रायः हुन्छ।

**४) हावा:** प्रकृति र जीवन दुवैमा हावाको महत्वपूर्ण भूमिका रहेको हामी सबैलाई थाहा भएको कुरा हो। हावाले हाम्रो फोक्सोलाई प्रतिनिधित्व गर्छ श्वास-प्रश्वास र अक्सिजन प्रकृयामा फोक्सोको महत्व पूर्ण भूमिका हुन्छ। हावा विना मानव जातिको लागि कुनै प्रकारको जीवन र प्रकृतिको उपस्थिति हुनेनै थिएन।

**५) आकाश:** आकाश तत्व जस्ले हाम्रो शरीरमा पाचन र प्रजननलाई प्रस्तुत गर्दछ। मानविय जीवनमा यि ५ तत्वहरुको मिश्रणमा कुनै पनि किसिमको गडवडी आएन भने हामिलाइ रोग लाग्दैन। यदी यी पाँच तत्वमा असन्तुलन भयो भने रोगको कारण वन्दछ।

**उदाहरण:**

१) शरीरमा अग्नि तत्व बढी भएमा एसिडिटी, ग्यास्ट्राइटिस र अल्सर हुन्छ। शरीरमा आगो तत्व कम हुँदा अपच, हाइपोल्कनिटी देखिन्छ।

२) हाम्रो शरीरमा पानीको मात्र धेरै भयो भने खुट्टा सुनिन्छ, जसलाई शोक भनिन्छ। र कम भयो भने निर्जलीकरण हुन्छ। यि सामन्य उदाहरणहरु हुन।

पञ्चतत्वलाई प्रयोग गरी उपचार गर्ने पद्दतिलाई प्राकृतिक चिकित्सा भनिन्छ। प्रकृतिमा पाइने पानी, माटो, जडिवुटी,

हार्दिक शुभकामना



कतारमा स्थापित संघ संस्थाहरुका माझ हातेमालो गर्दै विशुध्द सामाजिक एवम मानविय कृयाकलापहरुमा कृयासिल कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा प्रकाशन गर्न गईरहेको “आदर्श सन्देश स्मारिका वर्ष २ अङ्क २” को पूर्ण सफलताको कामना सहित नव वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ती र संमृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

श्री शिवराम ढकाल
अध्यक्ष
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, कतार शाखा

ओजोन, एक्युपंक्चर, मसाज, जीवनशैली परिवर्तन, सही पोषण जस्ता तत्वहरू प्रयोग गर्ने उपचार विधि मध्येको एउटा प्राकृतिक चिकित्सा हो। तथ्याङ्क अनुसार सरुवा रोगभन्दा नसर्ने रोग, मेटाबोलिक र तनावसँग सम्बन्धित रोगको संख्या बढी छ। तथ्याङ्कअनुसार सरुवा रोगभन्दा नसर्ने रोग, मेटाबोलिक र तनावसँग सम्बन्धित रोगको संख्या बढी छ। वर्ल्डोमिटरका अनुसार दुई वर्षमा कोरोनाबाट मृत्यु हुनेको कुल संख्या ७ लाख रहेको छ भने मुटुको समस्याका कारण २०२१ मा हरेक वर्ष मृत्युदर २० लाख रहेको छ। यसरी तथ्याङ्क्य हेर्दा खेरी सरुवा रोग भन्दा वढी गैर सरुवा रोग बाट हुने मृत्यु दर बढी रहेको स्पष्ट हुन्छ। प्राकृतिक चिकित्सा पद्दतिको एउटा उदेश्य यस्तो मृत्यु दरलाई कमी गराउनु हो।

**प्रकृतिमा पाइने यि तत्वहरुवाट प्राकृतिक चिकित्सा अन्तरगत निम्न विधी अनुसार उपचार गरिन्छ ।**

**१) पृथ्वी:** पृथ्वीबाट हामीले माटो र म्याग्नेटोथेरापी प्राप्त गर्न सक्छौं। प्राकृतिक चिकित्सामा हामी विभिन्न रोगहरूको उपचार गर्न विभिन्न प्रकारको माटो प्रयोग गर्छौं। जव विरुवा हिलोमा हुर्कन्छ, माटोमा पाइने विभिन्न प्रकारका खनिज र भिटामिनको प्रयोग गरी यसलाई बढ्न मद्दत गर्दछ। त्यस्तै माटो शरीरमा लगाउँदा शरीरले जिङ्क, पोटासियम जस्ता महत्वपूर्ण खनिजहरू सोस्छ जुन शरीरलाई अति आवश्यक हुन्छ। माटोले शरीरबाट रोगी पदार्थलाई पगाल्न र हटाउन मद्दत गर्दछ। पृथ्वीको आफ्नै गुरुत्वाकर्षण छ जसले चुम्बकको रूपमा प्रयोग गर्दछ र चुम्बकीय क्षेत्र सिर्जना गर्दछ। बुद्धिमतापूर्ण तवरले प्राकृतिक चिकित्सामा हाम्रो शरीरको चुम्बकीय क्षेत्रलाई पृथ्वीसँग पङ्क्तिबद्ध गर्न म्याग्नेटोथेरापी प्रयोग गरिन्छ।

**२) पानी:** प्रकृतिमा रहेको अर्को तत्व पानी हो, हामी पानीलाई ठोस, तरल र ग्यासको रूपमा विभिन्न रूपमा प्रयोग गर्छौं र हाइड्रोस्टेटिक दवाब, उछाल र चिपचिपाहट जस्ता भौतिक गुणहरू प्रयोग गरिएको हुन्छ। विभिन्न रोगहरु जस्तै पार्किन्सन्स, रुमेटोइड गठिया, ओस्टियोआर्थराइटिस र अन्य धेरै रोगहरुको पानीको माध्यमबाट उपचार गरिन्छ।




**३) आगो या सूर्य किरण:** प्रकृतिमा रहेको अर्को तत्व आगो हो। आगोलाई मसाज थेरापीको रूपमा प्रतिनिधित्व गरिएको हुन्छ। मसाजले मांसपेशीमा रहेको आसंजन तोड्न मद्दत गर्छ र शरीरलाई शान्त पार्न र तनावलाई मुक्त गर्न मद्दत गर्दछ जवकी विभिन्न खुशी हार्मोनहरू जारी गर्दछ। जस्तै अक्सिटोसिन, सेरोटोनिन, डोपामाइन र एन्डोर्फिन, खुशीको हर्मोनले हाम्रो शरीरमा सकारात्मक प्रभाव पार्छ। सूर्य थेरापी आगो तत्व हो जहाँ परावैजनी किरणहरूले विभिन्न रोगहरूको उपचारमा मद्दत गर्दछ। सुर्य थेरापीको क्रममा हामीलाई शरीरमा भिटामिन डी प्राप्त हुन्छ जसले शरीरमा क्याल्सियमको अवशोषणमा मद्दत गर्छ र हड्डीलाई बलियो बनाउन मद्दत गर्दछ।



**४) हावा:** हामीले प्रकृतिमा फेला पार्न सक्ने अर्को तत्व हावा हो । हाम्रो शरीरमा अक्सिजनको महत्त्वपूर्ण भूमिका हुन्छ जुन प्रकृतिमा पाइन्छ। वायु तत्वले ओजोन थेरापीलाई जनाउँछ जसमा ३ अक्सिजन एटम हुन्छ भने अक्सिजन २ वटा हुन्छ। ओजोन थेरापीले विभिन्न किसिमका स्वास्थ्य फाइदा गर्छ । जसमा अहिले क्यान्सरमा पनि अथाह फाइदा हुने अनुसन्धान पत्र चलिरहेको छ। यसले घाउ निको पार्न, एन्टी-अक्सिडेन्ट, एन्टी एजिङ र साथै कस्मेटिक्समा पनि राम्रो काम गर्छ।

**५) आकाश:** आकाश तत्व उपवास र आहार चिकित्सासँग सम्बन्धित छ । उपवास भनेको विशेष उद्देश्यका लागि निश्चित समयको लागि पूर्ण वा आंशिक भोजन त्याग्नु हो। उपवासले अटोफेजीको उद्देश्यमा काम गर्दछ जहाँ शरीरको आफ्नै कोशिकाले शरीरको विरामी कोशिकालाई खान्छ । के तपाईलाई थाहा छ, एलोप्याथी अस्पतालमा भर्ना भएका विरामीलाई गम्भीर विरामी परेमा खाना नखान भनिन्छ, त्यो पनि व्रत बस्ने प्रक्रिया हो। उपवासमा खाना पचाउन आवश्यक पर्ने ऊर्जा शरीरको निको पार्ने प्रक्रियामा प्रयोग गरिन्छ। उपवासको प्रक्रिया राम्रोसँग योजनावद्ध र व्यवस्थित हुनुपर्छ अन्यथा शरीर भोकमरीमा जान सक्छ। उचित व्रत नगर्दा शरीरको निको पार्ने कार्य उल्टो हुन्छ।

प्राकृतिक चिकित्साले शरीर आफैं निको हुन्छ भन्ने विश्वास गर्दछ। यी सबै थेरापीहरू सपोर्ट सिस्टम हुन् जसले शरीरलाई आफैं निको पार्न मद्दत गर्दछ। एलोप्याथीमा जस्तै हाम्रो शरीरमा औषधिको विभिन्न प्रभावहरू छन् तर प्राकृतिक चिकित्सा उपचारमा मात्र सकारात्मक निको पार्ने पक्षहरू छन्। र विषाक्त पदार्थहरूको उन्मूलनमा केन्द्रित छ। प्राकृतिक चिकित्साले उपचारभन्दा रोकथामको उपायलाई बढी विश्वास गर्छ। त्यसैले, सबै स्वस्थ व्यक्ति र बिरामीले अस्पतालमा भर्ना हुन र आफ्नो उपचार गर्न सक्छन्। उदाहरणका लागिः हामीले कार वा कुनै पनि सवारीसाधन किन्दा त्यसलाई समय-समयमा सर्भिस गर्दा त्यसको ख्याल राख्छौं। त्यसै गरी हाम्रो शरीर एउटा इन्जिन जस्तै हो। जसलाई वर्षमा वा छ महिनामा एकपटक सर्भिस गर्नुपर्छ। बडी सर्भिसिङले शरीरमा उत्सर्जन गर्नुपर्ने फोहोर उत्पादनहरूलाई हटाउन मद्दत गर्छ तर केही परिस्थितिहरूले गर्दा त्यसलाई हटाउन सकिँदैन। तसर्थ, शरीरको स्वस्थ कार्यका लागि अपशिष्ट उत्पादनको नियमित उन्मूलन आवश्यक छ।

(डा. अविश्रम गुरागाई,
स्वामी विवेकानन्द शुभर्ती विश्वविद्यालय, दिल्ली)

## हार्दिक शुभकामना

कास्की आदर्श समाज कतार द्वारा **आदर्श सन्देश स्मारिका** दोस्रो संस्करण प्रकाशन हुन लागेको जानकारी प्राप्त हुँदा एकदमै प्रसन्नता मिलेको छ। सन् २००२ जुलाई २६ तारिक कतारमा विधिवत स्थापित भएर आज २२ औं वर्ष मा प्रवेश गर्दै गर्दा सम्पूर्ण पूर्व र बर्तमान सबै कार्यसमिती सदस्य हरुको पूर्ण लगन, मेहेनत र संस्था प्रतिको समर्पणभावको नतिजा, कतारमा स्थापित संघ संस्थाहरु विच हाम्रो संस्थालाइ उच्चशिखरमा पुर्याउन निरन्तर उन्नति र सुदृढता प्रदान गर्ने अथक प्रयास गर्नुहुने सम्पूर्णमा हार्दिक आभार ब्यक्त गर्दछु।

अन्त्यमा, यस स्मारिका भित्र संग्रहित लेख रचनाहरुले सामाजिक परोपकारी क्षेत्रमा ज्ञान स्मरणीय, संग्रहणीय, बौद्धिक उर्जा र प्रेरणा थप्ने कार्य गर्ने छ भन्ने विश्वास ब्यक्त गर्दै आगामी दिनहरुमा समेत संस्थाले यस किसिमको कार्यलाई निरन्तरता दिदै जान सकोस, २२ औं स्थापना दिवस तथा नव वर्ष २०८१ सालको **हार्दिक मंगलमय शुभकामना** ब्यक्त गर्दछु।



**हरि प्रसाद तिमिल्सिना**
सल्लाहकार
**कास्की आदर्श समाज, कतार**

# जलवायु परिवर्तन र नेपाल



श्रीराम सुवेदी
वरिष्ठ पत्रकार

भौगोलिक हिसाबले समुन्द्र सतहदेखि ७२ मिटर उचाईमा रहेको झापाको केचनाकबल देखि संसारकै उच्च शिखर सगरमाथासम्म नेपाल फैलिएको छ। यसरी पृथक भौगोलिक अवस्था र तहगत उचाइमा रहेका कैयन परिस्थितिकीय क्षेत्रका कारण नेपाल जलवायु परिवर्तनको अत्यधिक जोखिममा छ। अधिकांस नेपालीको जीविकोपार्जन प्राकृतिक श्रोतमा आधारित छ। गरिबी, सिमान्तकृत समुदाय, न्यून अनुकूलन तथा उत्थानशील क्षमता आदिका कारण जलवायु परिवर्तनका हिसाबले विश्वमा सबैभन्दा सङ्कटासन्न र जोखिमयुक्त मुलुकहरूको सूचीमा नेपाल पर्दछ।

वातावरण विनास र जलवायु परिवर्तनले नेपालको समग्र अर्थतन्त्रमा नकारात्मक असर पारेको छ। नेपालमा २०२३ सम्म १.१ डिग्रीले सरदर तापक्रम बढ़ेको तथा अन्य जलवायुका सूचकहरुमा तीव्र रूपमा परिवर्तन आएको देखिन्छ।

विशेष गरी जलवायु परिवर्तनको असर प्रत्यक्ष्य रूपमा नेपालका उच्च हिमाली क्षेत्रमा देखिन थालेको छ। उदाहरणका लागि; एक अध्ययन अनुसार २०१० सम्मको अवधिमा हिमालमा हिउँको भण्डार झण्डै २९ प्रतिशतले घटेको छ र हिमतालको संख्या ११ प्रतिशतले बढेको छ।

विश्वको तापमान बढ्ने वर्तमान दर कायम रहिरहे यो शताब्दीको अन्त्यसम्ममा हिन्दकुश क्षेत्रका हिमनदीमा ८० प्रतिशत हिउँ घट्ने इसिमोडले गरेको एक अध्ययनले देखाएको छ। उक्त अध्ययनका अनुसार विश्वको सरदर तापमानमा भएको बढोत्तरीका कारण पछिल्ला वर्षमा हिमनदी, हिउँ र हिउँ जमेको जमिनमा 'अभूतपूर्व र धेरै हदसम्म अपरिवर्तनीय' हिसाबले परिवर्तन आएको देखिएको छ।

जलवायुमा देखिएका परिवर्तनका कारण नेपालमा अतिवृष्टी, अनावृष्टी, खडेरी, पहिरो र बाढीका कारण कृषि उत्पादन, पशुपालन र मत्स्यपालनमा १०% देखि ३०% सम्म उत्पादनमा ह्रास आएको पाईएको छ। आर्थिक, सामाजिक क्षेत्रमा हुने गिरावट र बढ्दो स्वास्थ्य र खाद्य सुरक्षाको समस्याका कारण भविष्यमा संकटासन्नता र जोखिम अझ बढ्न सक्ने देखिएको छ। केही बर्ष अघि मेलम्चीमा आएको बाढीलाई जलवायु परिवर्तनका कारण सिर्जिएको समस्या मानिएको छ। यसैगरी सामान्यतया पानी कम पर्ने मनाङ र मुस्ताङमा मुसलधारे वर्षाका कारण वाढी आएको घटनाले धेरैलाई आश्चर्यमा पारेको छ। यस्तै फागुन, चैत र बैशाखमा अत्याधिक गर्मीका दिन र रातहरु बढेर सुख्खा र खडेरी हुँदा वन डढेलोको घटना बढिरहेका छन्।

समग्रममा, जलवायु परिवर्तनले नेपालले हालसम्म हासिल गरेको विकासको उपलब्धिलाई संकटमा पार्न सक्ने देखिएको छ। सन १९७१ देखि २०१९ सम्म जलवायुजन्य बिभिन्न घटनाहरूबाट भएको नोक्सानी र क्षतिका तथ्याङ्कलाई हेर्दा प्रत्येक वर्ष नेपालमा जलवायुजन्य विपदवाट भएको आर्थिक नोक्सानी औसतमा कूल ग्राहस्थ उत्पादनको (वर्तमान मूल्यमा) २.०८% हुन आउँछ। यो सानो नोक्सानी होइन।

अध्ययनहरुले यो शताब्दीको अन्त्यसम्म जलवायुजन्य विपदका कारण कूल ग्राहस्थ उत्पादनको (वर्तमान मूल्यमा) १३% पुग्ने अनुमान गरिएको छ। जलवायु परिवर्तनका कारणले कुल ग्राहस्थ उत्पादनमा २-४ प्रतिशत वार्षिक गिरावट भए जलवायु परिवर्तन अनुकूलनको लागत २०३० सम्ममा २.४ बिलियन अमेरिकी डलर पर्न जाने आकलन छ। यो निकै ठूलो रकम हो।

यसैगरी अर्कोतर्फ, जलवायु सङ्कटले गर्दा हाम्रो जस्तो विकासोन्मुख देशको ऋणसङ्कट पनि चुलिँदो छ। यसले राजस्व र विनिमय दरलाई निरुत्साहित गर्ने, पूँजीको लागत बढाउने र जलवायु सङ्कटासन्नतालाई बढाउँदै लगेको छ। ऊर्जाको माग परिपूर्ति गर्न नेपालले ठूलो मात्रामा पेट्रोल डिजेल आयात गर्ने गर्दछ र यसबाट मुलुकको कुल गार्हस्थ्य उत्पादनको करिब १० प्रतिशत रकम बराबरको विदेशी मुद्रा बाहिरिने गरेको छ। मुलुकको व्यापार घाटामा पेट्रोल डिजेल आयातको करिब १३ प्रतिशत हिस्सा रहेको छ। यस्तो अवस्थामा नेपालले सौर्य तथा वायु उर्जा जस्ता नवीकरणी उर्जाको प्रयोग, जलविद्युतको उत्पादन तथा उपभोगमा विस्तार, विद्युतीय गाडीको प्रयोगलाई बढावा दिन आवश्यक छ। यसले नेपाललाई आर्थिक, सामाजिक तथा पर्यावरणीय फाइदा पुग्नेछ।

## नीति तथा कार्यक्रमको कमजोर कार्यान्वयन

नेपाल जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय संरचना महासन्धिमा पक्ष राष्ट्र हो । जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको प्रावधान अनुरूप नेपालले जलवायु उत्थानशीलता अभिवृद्धि गर्न उपयुक्त नीतिगत, कानूनी तथा संस्थागत संरचना एवं वित्तीय व्यवस्था र कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरेको छ । राष्ट्रिय जलवायु परिवर्तन नीति-२०७६,वातावरण संरक्षण ऐन-२०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७६, जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७७ र जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना, २०७७-२०८७ तर्जुमा गरी लागु गरेका छ। साथै पेरिस सम्झौता बमोजिम दोस्रो राष्ट्रिय निर्धारित योगदान (एनडीसी) र राष्ट्रिय अनुकूलन योजना (न्याप) पेश गरेको छ। यसैगरी नेपालले २०७८ मा तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन, राष्ट्रिय जलवायु सङकटासन्नता तथा जोखिम मूल्याङ्कन प्रतिवेदन, दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति र हालै राष्ट्रिय रूपमा निर्धारित योगदानको कार्यान्वयन योजना स्वीकृत गरेका छ। तर यी कानुनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन कमजोर छा एकातिर यो विषयसँग जोडिएका विभिन्न निकायहरु बिच आवश्यक समन्वयको अभाव टड्कारो रहेको छ भने अर्कोतिर सुदृढ संरचना, प्रतिवद्ध जनशक्ति तथा राजनीतिक इच्छाशक्तिको अभाव झन् धेरै देखिएको छ ।

राजनीतिक दलहरुले आफ्ना चूनावी घोषणपत्रमा जलवायु परिवर्तनका विषयमा उल्लेख त गर्ने गरेका छन् तर यो गंम्भिर विषयलाई अपनत्व र नेतृत्व लिने हिसावमा उनीहरुले अपेक्षित कार्य गर्न सकेका छैनन् । राजनीतिक नेतृत्वले यो विषय महत्वपूर्ण हो भन्नेमा स्विकारोक्ति गरेको त देखिन्छ तर यसलाई सम्वोधन गर्न के कस्ता वहस, रणनीति र कार्ययोजना चाहिन्छ भन्नेमा उनीहरुको ध्यान गएको देखिदैन । संसदका केही विषयगत समितिहरुमा बाहेक संसदको पूर्ण वैठक तथा अन्य अवसरमा यो विषयमा अत्यन्त कम वहस हुने गरेको छ । जलवायु परिवर्तन हाल आएर जनजीविका, अर्थतन्त्र, राजनीति, कूटनीति र अझ भूराजनीतिको विषय बनेको सन्दर्भमा नेपालले यो विषयमा प्रशस्त वहस गर्नुपर्ने देखिएको छ ।

## खाडी क्षेत्रका कामदारलाई पर्ने प्रभाव

कतार, दुवई, साउदी अरेविया, वहराइन, ओमान लगायतका खाडी क्षेत्रमा लाखौ नेपालीहरु कार्यरत छन् । यस अघि नै अत्यधिक गर्मी हुने यो क्षेत्रमा विश्वका तापमान बढ्दा झन गर्मी बढने र यसले त्यस क्षेत्रको आर्थिक तथा सामाजिक क्षेत्र लगायत दैनिक जीवन समेत प्रभाव पर्ने प्रष्ट छ । विशेष गरी आप्रवाशी कामदारहरुलाई यसको कस्तो प्रभाव पर्ला भन्ने चिन्ता बढेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको अर्को एक रिपोर्टका अनुसार चर्को गर्मीले कामदारको काम गर्ने घण्टामा समेत कटौती हुने र कामदारको उत्पादकत्वमा समेत प्रभाव पर्ने देखिन्छ ।

संयुक्त राष्ट्र संघका विभिन्न निकायले २०२३ मा प्रकाशित गरेको 'माइग्रेसन एण्ड क्लाइमेट चेन्ज इन द अरब रिजन' नामक पोलिसी ब्रिफका अनुसार अरब क्षेत्रका हरेक राष्ट्र जलवायु परिवर्तनका कारण प्रभावित भएका छन् । प्रतिवेदनले आप्रवासी कामदारलाई बढ्दो तापक्रमले हुने समस्या र तनावबाट सुरक्षित गर्न यथेष्ट सुरक्षाका उपाय अबलम्वन गर्नुपर्नेमा जोड दिएको छ । खाडी क्षेत्र पनि क्रमश हरित अर्थतन्त्रमा रुपान्तरण हुन चाहेको वर्तमान अवस्थामा यो रुपान्तरणका लागि चाहिने सिपयुक्त जनशक्ति निर्माण गर्न सम्वद्ध सरकार, नीजि क्षेत्र तथा कामदारहरुको संगठनको सहकार्य आवश्यक रहने प्रतिवेदनको ठहर छ । उर्जा रुपान्तरणको क्रममा खाडी क्षेत्रमा सिर्जना हुने रोजगारी आप्रवासी कामदारको लागि अवसर हुन सक्ने देखिन्छ ।

## अबको आवश्यकता

कठिन परिस्थितिमा पनि मानव समाज र सभ्यताले धेरै अघिदेखि समस्याको समाधान गर्दै आएका`छ । प्रविधी, ज्ञान र मानविय चातुर्यको कारण मानिस विकासको वर्तमान अवस्थामा आइपुगेको हो । यही सन्दर्भ र दृष्टिकोण जलवायु परिवर्तनले निम्त्याएको संकट र समाधानलाई पनि हेर्न सकिन्छ । विषम मौसम र परि स्थितिलाई थेग्न सक्ने क्षमता विश्वका विभिन्न देशको फरक-फरक रहेको छ । धनी राष्ट्रलाई संकट थेग्न जति सहज छ, गरिब तथा मध्यम आय भएकालाई उत्तिकै कठिन छ ।

जलवायु परिवर्तनको संकट कुनै देश र भूगोलसँग मात्र जोडिएको छैन । यो मानव अस्तित्व र पृथ्वीको भविष्यसँग जोडिएको विषय हो । त्यसैले यसका लागि अन्तर्राष्ट्रिय सहयोग र सहकार्य आवश्यक छ । जलवायु परिवर्तनका लागि खास कुनै योगदान नगर्दा-नगर्दै पनि यसबाट उत्पन्न संकट गरिब देशहरु बढी भोग्न वाध्य छन् । त्यो हिसावले पनि धनी देशले यी देशलाई जलवायु संकटसँग जुध्न वित्तिय सहयोग गर्न आवश्यक छ । संकटमा रहेका समुदाय र देशका लागि जलवायु न्याय अहिलेको आवश्यकता हो ।

त्यसैले विश्वका राष्ट्रले यो समस्याको समाधान गर्न उपयुक्त घरेलु नीति अवलम्वन गर्न एकातिर आवश्यक छ भने अर्कोतिर अन्तर्राष्ट्रिय तहमा पनि यो समस्या समाधानमा सहकार्य र हातेमालो आवश्यक छ ।

# प्रवासमा भलिबल र अविस्मरणिय क्षणहरु



अमृत बिश्वकर्मा

संसारभर खेलिने धेरै खेलहरु मध्ये प्रचलित छ, भलिबल खेल। नेपालको भौगोलिक परिवेशले गर्दा पनि अन्य खेलहरु भन्दा भलिबल खेल धेरै खेलिने हुंदा झन वढी प्रचलित छ। त्यसैले पनि भलिबल खेल राष्ट्रिय खेलको रुपमा नामाकरण गरिएको छ। भलिबल खेल खेल्न सानै मैदानमा पनि खेल्न सकिने हुनाले नेपालको धेरै स्थानहरुमा खेलिन्छ। अझै विशेष गरी गण्डकी प्रदेशलाई त भलिबलको उर्वर भूमि नै मानिन्छ। धेरै जसो अव्वल खेलाडी जन्माई सकेको छ, गण्डकी प्रदेशले भलिबलको इतिहासमा सोही प्रदेशको सदरमुकामको रुपमा रहेको जिल्ला पनि हो कास्की।

नेपालीहरु खाडीमा रोजगारीको लागि आउने सुरुवातसंगै कामबाट वचेको समयमा आपसी सम्बन्ध राम्रो गराउने, विदाको दिन मनाउने, विभिन्न नेपाली चाड्पर्वहरु मनाउने रमाईलो गर्ने उद्देश्यले नेपालीहरु हरेक देशमा भलिबल खेल खेल्ने गरेको पाइन्छ।

सोही अनुरुप कतारमा पनि त्यसरी नै नेपालीहरु यहाँ रोजगारीको लागि आए संगै भलिबल खेल विदाको समयमा अन्य नेपाली चाडपर्व अझै विशेष गरि मुस्लिम धर्मावलम्बीहरुको महान् पर्वहरु ईद, बक्र ईदमा लामो समय विदा मिल्ने भएको हुनाले त्यतिबेला धेरै नेपाली दाजुभाइहरु जमघट भएर भलिबल खेलहरु आयोजना गरि खेल्ने गरिन्छ।

हामी जहाँ गए पनि सबै भन्दा पहिला हाम्रो देश नेपाल प्यारो लाग्छ। त्यस पछि भनेको आफ्नो जिल्ला अनि आफू जन्मे हुर्केको गाँउठाउँ सबैलाई प्यारो लाग्छ। तसर्थ तत्कालिन समयमा कास्की आदर्श सेवा समाज कतारको नामले हाम्रो अग्रजहरुले 2002 मा स्थापना गरेको केही समय अन्तराल देखि नै कतारमा रहेका कस्केली खेलाडीहरु एकजुट भएर आफ्नो गृह जिल्ला कास्कीको नाम बाट कतारमा भलिबल खेल खेल्न सुरुवात गरेको पाइन्छ।

सुरुवाती दिनहरुमा कास्की जिल्लामा मात्र नभएर नेपाल भरिनै चर्चित खेलाडी श्री दया खड्का, श्री लेखनाथ लम्साल, श्री गोपि रसाइली, श्री पस बहादुर परियार, राम बहादुर लामिछाने, श्री तेज परियार(काजा), श्री चुमन पाईजा, श्री धन पाईजा लगायतका खेलाडीहरु कास्की जिल्लाको टिम देखि प्रतिनिधित्व गरी खेल्नु हुने गरेको पाइन्छ। र उक्त समयमा कास्की आदर्श सेवा समाजको भलिबल टिमलाई एकीकृत गर्ने काम श्री बिमल गुरुङ, श्री पम ब गुरुङ, श्री प्रभात त्रिपाठी लगायत तत्कालिन समयमा संस्थालाई नेतृत्व गरिरहनु भएका अग्रजज्यूहरुबाट भएको थियो।

समयको परिवर्तन संगै र हामी सबै नेपालीहरु रोजगारीको लागि विदेश आएको हुनाले जागीर हाम्रो पहिलो प्राथमिकतामा पर्छ र केही खेलाडी साथीहरु नेपाल जाने आउने कोही नआउने लगायत विभिन्न कारणहरुले गर्दा कास्की आदर्श सेवा समाजको भलिबल टिम केही समयको लागि गुमनाम जस्तै भएको थियो।

संस्थाले आफ्नै गतिमा अन्य विभिन्न गतिविधिहरुको माध्यमबाट दोहा कतारमा एउटा अव्वल र नमुना संस्थाको रुपमा स्थापित भएको थियो भने त्यहीँ समयमा नै रोजगारीको लागि कास्की जिल्लाका केही भलिबल खेलाडीहरु श्री जीवन घोताने, श्री दुर्गा भित्रकोटी, श्री रबिन श्रीपाली, श्री राजिन्द्र पोखेल (धम्पुसे कान्छा), श्री दिपेन सुनार, श्री मनोज सुनार, श्री लक्ष्मण परियार, श्री बुद्व गुरुङ, श्री रबिन गुरुङ लगायतका खेलाडीहरुको आगमन भएको थियो भने पुराना खेलाडी श्री राम ब. लामिछाने, श्री गोपि रसाईली, श्री तेज छिनाल (काजा), श्री पस बहादुर परियार, श्री सुरज परियार कतारमा नै रहेको हुनाले उक्त समयमा भलिबल प्रेमी व्यक्तिहरू श्री अमृत बिश्वकर्मा, श्री राजकुमार सुनार लगायतको सहकार्यमा कास्की जिल्लाको नामबाट भलिबल खेल्दै गरेको अवस्था थियो। त्यही टिमलाई पुनः संस्थासंग जोड्ने काम तत्कालीन समयका सह-सचिव तथा खेलकुद संयोजक श्री जीवन सुनार, संस्थाका निवर्तमान अध्यक्ष श्री आश ब. गुरुङ, पूर्व उपाध्यक्ष श्री प्रकाश बिश्वकर्मा र तत्कालीन समयमा संस्थालाई नेतृत्व गरिरहनु भएका आदरणीय अध्यक्ष श्री मन प्रसाद रानामगर लगायतले गर्नु भयो र २०१६ को ईदको लागि कास्की आदर्श भलिबल टिम तयार भएको थियो।

मुस्लिम धर्मावलम्बीहरुको महान् पर्व ईदको अवसरमा तमु (गुरुङ) समाजको खेलकुद विभागको आयोजनामा आयोजित भलिबल

प्रतियोगितामा सहभागी जनाउँदै कुल ३२ टिम सहभागी भएको प्रतियोगितामा दोस्रो स्थान प्राप्त गर्न सफल भएको थियो, कास्की आदर्श भलिबल टिम । प्रतियोगिता भरिकै उत्कृष्ट स्पाईकर कास्कीका खेलाडी श्री दुर्गा भित्रकोटी र उत्कृष्ट डिफेन्डर श्री मनोज सुनार घोषित भएका थिए । उक्त नजिता प्राप्त गरे संगै संस्थाका संस्थापक तथा पूर्व अध्यक्ष श्री धुर्वराज अधिकारीज्यूले खेलाडीहरुको प्रोत्साहन स्वरुप र धेरै समयको सपना खेलाडीहरुले पूरा गरेको भन्दै कतारी रियल ५०० प्रदान गर्नु भएको थियो । उक्त नतीजा प्राप्त गर्नको निम्ति अमृत बिश्वकर्मा, राज कुमार सुनार, बाबुराम थापा, मन बहादुर कुँवर, सुर्य सुनार, आश बहादुर गुरुङ, प्रकाश बिश्वकर्मा, बिश्वबन्धु थापा र अन्य दाजुभाइहरु ३ दिन सम्म लगातार अहोरात्र खटिएर लाग्नुभएको थियो ।

त्यस पश्चात् कतारमा आयोजना हुने हरेक भलिबल प्रतियोगिताहरुमा सहभागिता जनाउँदै आएको थियो । लगभग एक बर्षको अन्तरालमा मोना कतारले आयोजना गरेको खेलमा दोस्रो स्थान, बुर्तिबाङ क्लबले आयोजना गरेको खेलमा पहिलो स्थान, प्राप्त गरि सकेको थियो भने उक्त समयमा नेपालमा अतिनै चर्चा पाएका कास्की जिल्लाका खेलाडी श्री सागर प्रत्याल कतार आइसक्नु भएको थियो । उहाँलाई कतार ल्याउनको लागि रोजगारीको वातावरण श्री टेक बहादुर जैसीज्युले गर्नु भएको थियो भने सहजीकरण म स्वयम् अमृत बिश्वकर्माले गरेको थिंए । सागर प्रत्यालको आगमन संगै कास्की आदर्श सेवा समाज कतारको भलिबल टिमले कतारमा हुने हरेक प्रतियोगिताहरुमा आफुलाई बिजेताको दाबेदारका रुपमा उभ्याउन सफल भएको थियो भने अन्य खेलाडी श्री शंकर बर्देवा, श्री अमृत भित्रकोटि र श्री बिक्रम थापा, सन्दिप छिनाल जस्ता खेलाडीहरु टिममा थपिएका थिए । संगै १६/१७ मार्च २०१७ मा सनैयाको ४१ नम्बर खालिद सिमेन्ट कम्पनीको खेल मैदानमा कास्की आदर्श सेवा समाजले खुल्ला भलिबल प्रतियोगिताको आयोजना गर्यो र सहभागी १८ टिमलाई पाखा लगाउँदै प्रथम स्थान हासिल गर्न सफल भयो । त्यस पछि कास्कीको टिममा पश्चिमाञ्चल भलिबल टिमबाट खेलीसकेका कृष्ण लामिछाने समेत कास्कीको टिम बाट केही समय खेल्नु भएको थियो ।

२०१७ को अन्तिम तिर कतारको चर्चित भलिबल क्लब श्री स्टार क्लबले आयोजना गरेको भलिबल प्रतियोगितामा प्रथम स्थान हासिल संगै अन्य प्रतियोगिताहरुमा केही सफल केही असफल हुँदै आएको थियो । २०१८ को ईदमा पाल्पा सेवा समाजले आयोजना गरेको जिल्ला स्तरीय भलिबल प्रतियोगितामा तेस्रो स्थान प्राप्त गर्यो भने बक्र ईद मै साहानियामा आयोजना भएको खुल्ला भलिबल प्रतियोगितामा पनि तेस्रो स्थान प्राप्त गरेको थियो।

२०१८ को दशैं पर्वको अवसरमा मोना कतार म्याग्दीले आयोजना गरेको भलिबल प्रतियोगितामा सहभागिता जनाएर संगै दोस्रो स्थान प्राप्त गरेको उक्त खेलमा कास्की आदर्श समाज कतारका खेलाडी श्री सन्दिप छिनाल अचानक बेहोस भएर मैदानमा घाइते भएर खेल्न नसक्ने भए संगै तत्काल अस्पताल भर्ना गराइएको थियो । कतारको सबै भन्दा ठुलो सरकारी अस्पताल हमाद अस्पतालमा उनको टाउकाको सफल शल्यकृया भएपछि १४ दिन अस्पताल राख्नुपर्ने अवस्था आएको थियो । सन्दिप छिनाललाई १४ दिन अस्पतालमा राखी सफल उपचार भएपछि संस्थाको तर्फबाट घर फिर्तिको लागि टिकट संगै एक लाख बराबरको आर्थिक सहयोग पनि गरिएको थियो । उहाँको उपचारमा सहजीकरणको लागि तत्कालिन सह-कोषाध्यक्ष श्री बाबुराम थापा, उपाध्यक्ष तथा खेलकुद संयोजक श्री मन बहादुर कुंवर लगायत संस्थाका अन्य जिम्मेवार महानुभावहरुको उच्च योगदान रहेको थियो ।

एउटा अव्वल भलिबल खेलाडी घाईते भएर आफ्नो ज्यान नै जोखिममा पर्ने अवस्था आए संगै कास्की आदर्श भलिबल टिम फेरि केही समय खेलहरुमा पहिलाको जसरी निरन्तर सहभागिता जनाउन असफल भएको थियो । सोही अवधिमा कोभिड १९ को कारणले लगभग प्रतियोगिता आयोजना पनि शून्य भएको थियो र कोभिड १९ को लहर हराएसंगै फेरि कतारमा प्रतियोगिताहरु आयोजना हुन थाले पछि हाम्रो कास्की टिम भने कहिलेकाही श्री दिपेन सुनारको पहलमा केही खेलहरुमा सहभागिता जनाई रहेको थियो तर पहिलाको जस्तो सफलता प्राप्त गर्न सकेको थिएन ।



यद्यपी दिपेन सुनारले भलिबल खेलको माध्यमबाट कास्कीलाई परिचित गराइरहन पुऱ्याउनु भएको योगदानको मुक्तकण्ठले प्रशंसा भने गर्नै पर्दछ।

संस्थामा नेतृत्व परिवर्तन संगै अध्यक्षमा श्री अगन्धर देवकोटा उपाध्यक्ष तथा खेलकुद संयोजकमा म आफू अमृत बिश्वकर्मा र उपाध्यक्षमा श्री गोबिन्द बरालले जिम्मेवारी लिए संगै संस्थाको भलिबल टिम फेरि पहिलाको जसरी नै खेलहरुमा सहभागिता जनाउन सुरु गरि सकेको थियो । टिमलाई संचालन श्री दिपेन सुनारले गरेका थिए । कास्की जिल्लाकै अव्वल खेलाडी श्री जेनिस सुनार जस्ता खेलाडी कतारमा आएका थिए । २०२३ मा पाल्पा सेवा समाजको खेलकुद बिभागले इद उल फित्रको अवसरमा आयोजना गरेको भलिबल प्रतियोगितामा कास्की आदर्शको टिम सहभागी भएर कुल ३४ टिमले प्रतिस्पर्धा गरेको खेलमा तेस्रो स्थान प्राप्त गरेको थियो । उक्त खेलमा कास्की आदर्श समाज कतारको टिम देखि नेपालका राष्ट्रिय खेलाडि श्री विशाल वि.क पनि सहभागी भएका थिए। उहालाई नेपाल देखि कतार सम्म ल्याउनको लागि भिसा लगायतका कामहरुमा संस्थाका सल्लाहकार श्री नवीन पौडेलले सहजीकरण गर्नु भएको थियो भने आर्थिक पाटोमा संस्थाका उपाध्यक्ष श्री गोबिन्द बराल र सदस्य केदार भण्डारी लगायत अन्य साथीहरुले सहयोग गर्नु भएको थियो।

२०२३ को मुस्लिम धर्मलम्विहरुको दोश्रो महान पर्व बक्रे ईदमा कास्की आदर्श समाज कतारले गैर आवसिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको खेलकुद बिभाग संग समन्वय गरी खुल्ला पुरुष भलिबल प्रतियोगिता २०२३ को आयोजना गरेको थियो । उक्त आयोजना सफल पार्नको निम्ति कतारमा रहनु भएको विभिन्न व्यवसायी तथा समाजसेवी ब्यक्तित्वहरुको सहयोग लिएर प्रतियोगिता सफल बनाउने उदेश्य अनुरुप कतारमा रहनु भएका धेरै समाजसेवि तथा व्यवसायीहरु र संस्थाकै अग्रजज्यूहरुले आर्थिक, नैतिक तथा भौतिक सहयोग गर्नु भएको थियो। उक्त प्रतियोगितामा जम्मा १४ टिमको सहभागिता रहेको थियो । सहभागी सम्पूर्ण टिमहरुलाई पछि पार्दै कास्की आदर्श समाज कतारको टिमले प्रथम स्थान हाँसिल गरेको थियो। उक्त प्रतियोगितामा कास्की आदर्श समाज कतारले आफ्नो तर्फबाट खेलमा सहभागी हुन नेपाल देखि राष्ट्रिय खेलाडी विशाल बि.क र मनोज खड्कालाई कतारमा उपस्थित गराएको थियो । यसरी नै आगामी दिनहरुमा पनि कस्केलीहरुले खेलको माध्यमबाट पनि संस्था र जिल्लाको नाम परिचित गर्न निरन्तरता दिनेछ भन्ने अपेक्षा गर्दछु।

अन्त्यमा, स्वास्थ्य संगै पहिलो प्राथमिकता रोजगार अनि छुट्टीका दिनहरु आराम गर्ने र अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने, स्वस्थ प्रतिस्पर्धा गर्ने, परिचित हुने र आफ्ना नेपाली दाजुभाइ दिदीबहिनीहरुसँग सौहार्द बातावरण सिर्जना गर्ने र गराउनाले विदेश वसाइ पनि वास्तविक रुपमा स्वस्थ नै हुनेछ।

(पङ्तिकार कास्की आदर्श समाज कतारका उपाध्यक्ष तथा खेलकुद संयोजक हुनुहुन्छ ।)






# खेलकुद गतिविधिहरू तस्विरमा









































# अनागरिक बन्ने दौडमा किन हाम्रा सन्तति ?



प्रा. देवीभक्त ढकाल

अहिले शिक्षाको सम्वन्ध ज्ञानसँग भन्दा धन, रोजगारी र जीविकोपार्जनसँग छ। जुन शिक्षाबाट धनार्जन गर्न सकिँदैन, जुन शिक्षाका वलमा रोजगार हुन सकिँदैन, जुन शिक्षाले व्यक्तिको यथेष्ट जीविकोपार्जन हुँदैन त्यस शिक्षाको के उपयोगिता हुन्छ? के औचित्य हुन्छ ? शिक्षा फगत शिक्षाका लागि कि जीवनलाई सुखी र खुशी वनाउन ? शिक्षित वन्नु भनेको हिजो ज्ञानार्जनसँग सम्वन्धित थियो भने अहिले शिक्षाको घनिष्टतम सम्बन्ध धनार्जन, सुखार्जन र खुशीआर्जनसँग छ। शिक्षित हुनु भनेको रोजगार हुनु, धनार्जन गर्नु, त्यसका माध्यमले सुखी र खुशी जीवन विताउने लक्ष्य र उद्देश्य अहिलेको पुस्ताको प्रमुख प्राथमिकतामा पर्छ।

व्यक्तिको सुखी, खुशी र साधनस्रोत सम्पन्न हुने प्राथमिकतालाई देशको शिक्षा प्रणालीले व्यवहारमा अनुवाद गर्न सकेन भने त्यो शिक्षा प्रणाली मानवमात्रका लागि धोका हो। हाम्रो शिक्षाको पाठ्यक्रमलाई देशको आवश्यकतासँग जोड्ने विषयमा अविलम्व पुनर्विचार गर्नु युगको आवश्यकता, जनताको चाहना र समस्या समाधानको निर्विकल्प वाटो हो। देशमा शिक्षितहरूको संख्या जुन अनुपातमा बढेको छ, वेरोजगारहरूको संख्या त्यही अनुपातमा बढ्नु भनेको हाम्रो शिक्षा रोजगारीमूलक वन्न नसकेको प्रमाण हो। शिक्षा र रोजगारीको अन्योन्याश्रित सम्बन्ध छ। विद्यमान परिस्थिति र परिवेशलाई सुधार्न शिक्षा असफल भयो भने राजनीति र राजनीतिज्ञहरू मात्रै असफल हुँदैनन् अन्ततः देश नै असफल हुन्छ। शिक्षाजस्तो संवेदनशील क्षेत्रलाई समयमै युग र समाजका चुनौतीलाई समाधान गर्न सक्षम वनाउने इमान्दार प्रयत्न गर्नुपर्छ।

नागरिकमा विदेश पलायन हुने मनस्थिति र वेरोजगार हुने परिस्थितिको अर्थ शिक्षाले आवश्यकता अनुसारको व्यावसायिक जनशक्ति उत्पादन गर्ने योजना र कार्यक्रम नभएको अवस्था हो। अर्थात् शिक्षा देश र नागरिकको विकाससँग अन्तरसम्वन्धित नभएको निष्कर्ष हो भन्दा अत्युक्ति हुँदैन। शिक्षालाई देशको साधनस्रोत परिचालन क्षमता, योग्यता वढाउने, व्यावसायिक र व्यावहारिक वनाउन हाम्रा योजनाकार असफल भएको प्रमाण हो। शिक्षा किन दिने, शिक्षाले व्यक्तिलाई के दिने, देश, समाजलाई के दिने भन्ने स्पष्ट नीति वनाउन सरकार र नीति-निर्माताहरूको असफलताको सिकार देशवासी भइरहेको अवस्था हो।

शिक्षाले, ज्ञानले, प्रविधि र प्राविधिकले देशमा विविध प्रकारका अवसर सिर्जना गर्नु शिक्षाको व्यावहारिक कर्तव्य हो। देशका साधनस्रोतहरूको उच्चतम परिचालनको लहर सिर्जना गर्नु शिक्षित जनशक्तिको निर्दिष्ट लक्ष्य, कर्तव्य र धर्म हो। व्यावसायिक एवम् प्राविधिक शिक्षाले देशमा व्यवसाय र प्रविधि विकास विस्तारमा योगदान दिन नसक्नु भनेको व्यावसायिक र प्राविधिक पाठ्यक्रम अव्यावहारिक भएको प्रमाण हो। अहिले कक्षा १२ मा पढ्ने विद्यार्थीहरूलाई तिमीले किन पढेको भनेर प्रश्न गर्ने हो भने ८० प्रतिशत भन्दा वढीको संख्याले अमेरिका, अष्ट्रेलिया तथा युरोपका देशहरूमा जान पढेको भन्ने जवाफ गर्वका साथ दिन्छन्। यस्तो उत्तर वास्तवमा हाम्रो राजनीतिक नेतृत्व र शिक्षा प्रणाली पूर्णतः असफलको उदाहरण हो।

यस्तो अराष्ट्रिय सोच, दृष्टिकोण र विचार उत्पादन गर्ने पनि शिक्षा हुन्छ ? आफ्नो देशलाई स्वर्ग बनाउँछु र गर्वसाथ देशमा वस्छु भन्ने नागरिक उत्पादन गर्न नसक्ने शिक्षा प्रणाली हाम्रो सन्दर्भमा पूर्णतः असफल मात्रै होइन देश र नागरिकको दुर्भाग्यको परिचायक हो। युवापुस्तामा देश नै परित्याग गर्ने दृष्टिकोण विकास गर्ने हाम्रो वर्तमान शिक्षा प्रणाली, नीति र पाठ्यक्रमले आमूल परिवर्तन खोजेको प्रमाणित हुन्छ। देश नै परित्याग गर्ने भाव जगाउने प्रणाली वास्तवमा अराष्ट्रिय प्रणालीभन्दा फरक पर्दैन। युवाहरूमा अनागरिक बन्ने वातावरणको विजारोपण गर्ने विषयलाई गम्भीरतापूर्वक नलिने राजनीति र राजनेताहरू जनताको अन्धकार भविष्य कोर्ने योजनाकार हुन्।

यस्तो प्रणाली कार्यान्वयन गर्ने सरकार र नीतिनिर्माताहरू सवै असफल, निकम्मा र राष्ट्रघाती हुन्। हाम्रो शिक्षा सवै शिक्षित नागरिकलाई विदेश पलायन हुने वातावरण बनाउन लक्षित हो कि देशका लागि आवश्यक जनशक्ति उत्पादनमा लक्षित हो ? देशको जनशक्ति उत्पादनमा यदि लक्षित हो भने हाम्रो शिक्षित जनशक्तिको ठूलो हिस्सा किन पलायन भयो ? बाँकी सबै किन पलायन हुन ललायित छन्? उत्तम विकल्प खोज्न जिम्मेवार किन सधैं असफल भए ? शिक्षित जनशक्ति पलायन हुने कारण के हुन् ? किन पलायन भए ? हाम्रो शिक्षाको सम्पूर्ण लगानी व्यर्थ भएको विषयमा हाम्रा नीतिनिर्माता किन चिन्तित छैनन् ?

उथलपुथल राजनीतिको राप-ताप, थिचोमिचो, भ्रष्टाचारबाट आजित भएर विदेशिएका युवाहरू फर्कने सोच विकसित हुनुभन्दा पनि नेपालमा रहेका युवाहरूमा नेपालमा के छ र किन बस्ने भन्ने प्रश्न कहाली लाग्दो छ । परिणामस्वरूप अधिकांश युवायुवती अनागरिक बन्ने लिगलिगे दौडमा छन् ।

त्यसको वस्तुगत सम्वोधनका योजना किन कार्यान्वयन हुँदैनन् ? नेताहरूका, नीति निर्माताहरूका सवै सन्तति विदेशिने र विदेशको नागरिक बनेको अवस्थाले देशलाई भताभूंग पारेर विदेश पलायन हुने योजनामा त नेतृत्व र नीतिनिर्माता छैनन् ? यो आशंका चुलिएको छ । "जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी" को भावना विपरीतको विचार युवाहरूमा जाग्नुको पछाडिका कारण के हुन् ?

विदेशिने र विदेशी नागरिक बन्ने कारणको निदान खोज्ने जिम्मेवारी निर्वाह गर्न नेतृत्व किन उदासिन र गैरजिम्मेवार वन्यो? अहिले पढ्न र रोजगारीको शिलशिलामा विदेश जानेहरूको लर्कन थामि नसक्नु छ। जसरी पनि विदेश छिर्ने ध्याउन्नमा युवा लागेका छन्। विदेश जान अवैधानिक वाटो रोज्नेहरूको दुःख कष्ट र पीडा फेरि अर्को भयावह परिस्थितिको छुट्टै कथा व्यथा छ । कसरी देशको सीमाना नाघ्ने भन्ने युवायुवतीहरूमा पलाएको सोच, चिन्तन र दृष्टिकोणको विकास राष्ट्र र समाज साथै देशको सुदूर भविष्यका संवेदनशील विषय हुन । तर, सरकार व्यवस्थापन गरेर समस्या समाधान भन्दा वेवास्ता गरेर नागरिकलाई विदेशिन सहजकर्ताको भूमिका खेल्ने अवस्थाले समाधान होइन, विकराल बन्नेछ ।

सुख, सुविधा, शान्ति, प्रगति र आत्मउन्नतिको खोजीमा युवाहरू केन्द्रीकृत हुने विषय अन्यथा भन्नु हुँदैन । यो मानवको जन्मजात गुण हो । जीवनमा सुख सुविधाको चिन्तन र खोजीमा सवैको ध्यान केन्दित हुने विषय स्वाभाविकै हो । देशभित्र रहँदा वर्तमानमा मात्रै होइन भविष्यमा समेत सुविधा र उन्नतिका सम्भावनासम्म नदेखेपछि युवामा पलायनको योजना बन्नु स्वाभाविक हो। देशभित्रको भ्रष्टाचार, नातावाद, परिवारवादको दवदवा र यातायात स्वास्थ, शिक्षा आदिको गुणस्तरहीन अवस्थाले युवालाई विदेशिन दवाव दिएको छ । उनीहरू विदेशिनुको पछाडि उनीहरूका रहरको आपूर्तिको दरो सम्भावना विदेशमा अनागरिक बन्ने आफ्नै साथीहरूको भएको कुराको जानकारी र देखासिकी प्रभावले आमयुवाले जीवन जिउने उत्तम विकल्प विदेशमा छ भन्ने निर्क्यौल निकालेकाले विदेशिने हतारमा छन् ।

उथलपुथल राजनीतिको राप-ताप, थिचोमिचो, भ्रष्टाचारबाट आजित भएर विदेशिएका युवाहरू फर्कने सोच विकसित हुनुभन्दा पनि नेपालमा रहेका युवाहरूमा नेपालमा के छ र किन बस्ने भन्ने प्रश्न कहालिलाग्दो छ । परिणामस्वरूप अधिकांश युवायुवती अनागरिक बन्ने लिगलिगे दौडमा छन् । आफ्नो सन्तान अनागरिक बन्दा अभिभावक खुशी हुने अवस्थाले अभिभावकले कति पीडादायक जीवन बिताएका रहेछन् भन्ने अर्को प्रमाण के हुन्छ? देशको सरकारले नागरिकहरूलाई सुख, शान्ति र खुशी दिन नसकेपछि नागरिक विदेशिन्छन् । देशका होनहार युवाहरूमा भएको तँछाडमछाडले हाम्रो राजनीतिक प्रणाली र नेतृत्व पूर्णतः असफल भएको विषयमा जिम्मेवारहरूले आत्मविश्लेषण गर्नुको विकल्प छैन ।

युवायुवतीहरू किन विदेशिन्छन् ? किन विदेशिने वित्तिकै अनागरिक बन्ने दौडमा भाग लिन्छन् ? भ्रष्ट नेता र तिनीहरूको स्वार्थपूर्तिको हतियार बन्ने र बनाउने अपराधीकरणजन्य राजनीति भएको छ । भ्रष्ट नेताहरूले उत्पादन र वितरण गरेको कुशासन हो । राजनीतिलाई ठग, ढाँट, छल, अपराधको पर्यायवाची शब्द बनाउने नेतृत्वपंक्तिमा रहन मरिहत्ते गर्ने दुई-चारजना तथाकथित ठूला भनिने पार्टीका नेताहरू र आँखामा पट्टी बाँधेर तिनको पछि-पछि लाग्ने लम्पट विवेक र इमानदारीलाई राजीनामा गरेका कार्यकर्ता पनि हुन् ।

यस्तै भद्रगोल राजनीति र भ्रष्ट र उथलपुथल विज्ञहरूको इर्दगिर्दामा सत्ता र राजनीति केन्द्रीकृत हुँदासम्म यो दौड रोकिने अवस्था देखिँदैन । यस्तै परिस्थितिमा यिनै नैतिकता र इमानदारीमा प्रश्न चिन्ह लागेका नेताहरूले समाधान खोज्नु भनेको "एकातिर खोलो र अर्कोतिर भोलुङ्गो" बनाउनु जस्तै हो । समस्याहरूको निकासको पूर्वसर्त इमानदार, नैतिकवान र जवाफदेही नेतृत्व हो न कि खोक्रा भाषण !



**कास्की आदर्श समाज कतार**ले कास्की लेखनाथमा रहेको **श्री सिर्जना बहिरा आवासीय माध्यमिक विद्यालयमा** ने.रु १ लाखको अक्षयकोष स्थापना गरेकोमा फेरी **गण्डकी प्रदेश समन्वय परिषद कतार**ले उपलब्ध गराएको ने.रु ५० हजार, आजीवन सदस्य **श्री रामचन्द्र सुनारज्यू**ले उपलब्ध गराउनु भएको ने.रु ५० हजार र संरक्षक **श्री विमल सुवेदीज्यू**ले उपलब्ध गराउनु भएको ने.रु २५ हजार गरी एकमुष्ठ ने.रु २ लाख २५ हजारको अक्षयकोष स्थापना गरिएको छ ।

















# शुभकामना

धुप्रै बुद्धिजीवी अग्रज सामाजिक अभियन्ता जन्माएको र धेरै सामाजिक संघ संस्थाहरूको पथ प्रदर्शक, अग्रणी संस्था कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवस र नयाँ वर्ष २०८१ को अवसर पारेर संस्थाको गतिविधि लगायत साहित्यीक, बौद्धिक लेख रचनाको खुराकले सुसज्जित **आदर्श सन्देश स्मारिका-२** प्रकाशन गरेकोमा हार्दिक बधाई दिन चाहन्छौं । २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बनोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ को सबैमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**श्री श्याम कुमार डाङ्गी**
अध्यक्ष
**क्षत्री समाज, कतार**

# नेपाली कला र साहित्यमा कस्केली सदावहार व्यक्तित्वहरू



रेशम वस्नेत
सल्लाहकार
कास्की आदर्श समाज, कतार

म कास्की जिल्लालाई हिमशिखरहरुको ताज पहिरिएर हरियो गुन्यू चोलीमा सजिएर सम्पूर्ण प्राणीको जीवन "जल" लाई अन्जुलीमा समेटेर प्राणी मात्रको प्यास मेटाउन बसेकी साक्षात देवीको रुपमा परिकल्पना गर्दछु । सायद त्यो त्यही जल हो, जो बैकुण्ठमा सरस्वतीको अमृतकुण्डबाट निस्केर सिधै कास्की जिल्लामा प्रवाहित भएकी छन् । देशका अव्वल - अव्वल साहित्यकार, कलाकार, संस्कृतिविद अवतरित हुने यस पावन धरालाई हृदय देखिनै प्रणाम गर्दछु । कवि लेखनाथ पौड्यालको कालखण्ड देखि अहिले सम्म थुप्रै साहित्यकारहरुले कास्की जिल्लाको पींढिमा बसेर कोरेका आफ्ना सिर्जनाहरुले नेपाली साहित्यप्रेमी पाठकहरुलाई तृप्त पारेका छन् । यसै प्रसंगमा हालसालै मृत्युवरण गर्नुभएका सुप्रसिद्ध गजलकार स्वर्गीय प्रकट पंगेनी (२०१३-२०८१) प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । उहाँको मृत्यु पश्चात देशभरिबाट सम्प्रेषण भएका श्रद्धाञ्जली सन्देशबाट मैले उहाँको अथाह लोकप्रियताको आंकलन गरेको छु । देशको गिर्दो आर्थिक अवस्थाको कारणले गर्दा साहित्यकारहरुले बाँच्नको लागि लेखन बाहेक अन्य बैकल्पिक पेशा पनि अपनाउनु परेको छ । पाठक र लेखक गरिबीको चपेटामा थिंचिदा नेपाली साहित्य पनि कमजोर हुन पुगेको छ । गणित विषयको प्राध्यापनको पेशाबाट निवृत्त भएपछि माछापुच्छ्रे -२, सार्दिखोला, कास्कीका छविलाल आचार्य अहिले छन्द कविको रुपमा पोखरामा लोकप्रिय हुनुहुन्छ । म उहाँको विद्यार्थी रहेर पनि स्कुल पढ्दासम्म मैले उहाँको त्यो खुबीको भेउ पाउन सकेको थिइन । यहाँको माटोले यहाँको पानीले थुप्रै छबिलाल आचार्यहरु गाउँ-गाउँमा जन्माएको छ । बिगतमा मिडिया र सामाजिक सञ्जालको पहुंच नहुँदा थुप्रै साहित्यकार र तिनका प्रतिभाहरु ओझेलमा परे । तर बिगत एक दशक देखि शहर बजारमा हुने कवि गोष्ठी सभा सम्मेलनमा बिकट गाउँ बस्तीका अर्गानिक रचना हरु सुन्न पाइने गरेको छ । सामाजिक सञ्जालले साहित्यको फाँटलाई अझ हराभरा बनाईदिएको छ ।

कास्की जिल्लाका साहित्यकारहरुका नाम लिनुपर्दा पण्डित मुक्तिनाथ धर्मराज थापा, अलिमिया, विजय बजिमय मुकुन्दशरण उपाध्याय, विश्व शाक्य, सरुभक्त, रमेश श्रेष्ठ, तिर्थ श्रेष्ठ, कुल बहादुर केसी, विनोद गौचन, भोजनाथ पराजुली, तेजनाथ घिमिरे, भवानी पाण्डे, लक्ष्मी थापा, गणेश पौडेल, सरस्वति प्रतिक्षाहरु चिनिएका साहित्यकार मध्यमा पर्दछन् । मुस्ताङ जिल्लामा जन्मिएका साहित्यकार भूपी शेरचन पनि बुवा हितमान शेरचनले राणा बडा हाकिम धन शमशेर संग किन्नु भएको पोखराको सेतो दरवारमा बस्ने गर्नु हुन्थ्यो । उहाँको पनि पोखराको माटो सित गहिरो सम्बन्ध थियो । यी नाम वाहेक पनि कास्कीको हरेक गाउँमा साहित्यमा ओझिलो कलम चलाउने थुप्रै कवि गजलकार गीतकारहरु भेटिन्छन । कास्की जिल्लाले लोक संगीतको फाँटमा पनि उस्तै अव्वल-अव्वल श्रष्टाहरु जन्माएको छ । खोजमुलक लोक संगीतका मुर्धन्य हस्ति जनकवि केशरी स्व. धर्मराज थापा, सदावहार लोक संगीतका हस्ति

शुभकामना
स्थापना कालदेखि नै विशुद्ध सामाजिक कृयाकलापहरुमा कृयासिल कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा संस्थाका गतिविधीहरु अभिलेख गर्ने, समाजका समसामयिक विषयहरु उजागर गर्ने, विविध लेख, रचना एवम सन्देशमुलक विषयवस्तु पाठक माझ पुर्‍याउने उद्देश्यका साथ पहिलो अङ्कका रुपमा प्रकाशन गरिएको आदर्श सन्देश स्मारिकालाई निरन्तरता दिदै दोस्रो अङ्क प्रकाशन गरी विमोचन गर्न गैरहेको सुन्न पाउदा अत्यन्त खुशी लागेको छ । २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बन्न सकोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ बर्ष २०८१ सालको शुभ उपलक्ष्यमा कस्केली एवम गैर कस्केली पाठक दीर्घलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
श्री ओम राज गुरुङ
अध्यक्ष
गोरखा सेवा समाज, कतार

स्व. झलकमान गन्धर्व लोककवि स्वः अलिमिया, स्व. प्रविण गुरुङ, हरिदेवी कोइराला, प्रजापति पराजुलीहरु नेपाली लोक संगीत क्षेत्रका खम्बा हुन । ऐलेका युवा पुस्ताका लोकप्रीय गायक रामभक्त जोजिजु, सीडी विजय अधिकारी र समिक्षा अधिकारी कास्की जिल्लाकै गौरव हुन् । त्यस्तै पुरानो पुस्ताको सुप्रसिद्ध गायिका ज्ञानु राणा पनि कास्कीकै रत्न हुन् । मैले अघिनै विस्तार गरें संगीत र साहित्यमा लागेर जीवन निर्वाह गर्न सक्ने अवस्था रहेको भए कास्की कालिकाकी निवृत्त शिक्षिका डाल्डा देवी भूजेलको नाम उहिले नै नेपाली लोक दोहोरी क्षेत्रको चिनिएको नाम भै सक्थ्यो । साहित्य र लोक संगीतमा कास्की जिल्ला अगाडि हुनुमा यस जिल्लाको ऐतिहासिक पाटो र भौगोलिक अवस्थालाई लिन सकिन्छ । कास्की जिल्ला विशेषतः तमु जातिको वाहुल्यता र उनीहरुको रोदी परम्परा नै लोक संगीतको लागि पाठशाला सिद्ध भएको मेरो ठम्याई रहेको छ । त्यस्तै ऐतिहासिक गन्धर्ववस्ती, आफ्नै खालका लोक भाका भएका सिमाना जोडिएका जिल्लाहरु, राजधानी सम्म पहुंच भएका धर्मराज थापा जस्ता हस्तिहरुले गर्दा नै कास्की जिल्लाले लोक संगीतको क्षेत्रमा आफ्नो पहिचान बनाई रह्यो। झलकमान गन्धर्वको प्रतिभा चिनेर उनलाई राजधानी सम्म पुऱ्याएर उनका सिर्जनालाई रेडियो नेपाल मार्फत सारा नेपाली माझ पुर्याउने श्रेय धर्मराज थापालाई जान्छ । गरिव गन्धर्व परिवारका झलकमानलाई वि.सं २०२२ सालमा नै धर्मराज थापाले राजधानी पुऱ्याएका थिए । त्यही साल रेडियो नेपालले आयोजना गरेको लोक गीत प्रतियोगितामा झलकमान गन्धर्वको ऐतिहासिक हे..बरै गीतले प्रथम स्थान हांसिल गरेको थियो । २०३० सालसम्म सो गीत रेडियो नेपालमा सबैभन्दा बढी बज्ने गीतको श्रेणीमा परेको थियो । धर्मराज थापाको हो..हो माले, आज मादल बजेको किन, हाम्रो तेन्जिङ शेर्पाले, नेपालीले माया मार्यो बरिलै जस्ता गीतहरुले नेपाली समाजलाई जगाउने काम गरिरहे । २००७ साल पछि पुष्पलाल र डा. के.आइ सिंह लाई साथ दिएर कविता लेखे बापत धर्मराज थापालाई केही दिन जेल समेत जानुपरेको थियो । वि.सं २०५० साल देखि रेडियो नेपालले क्षेत्रिय प्रशारण शाखा पोखरामा शुरु गरेपछि नेपाली लोक संगीतको फाँट अझै फराकिलो बन्यो। छिमेकी जिल्लाबाट धेरै कलाकारहरु अवसरको खोजीमा पोखरा झर्न थाले कास्की र छिमेकी जिल्लाका बिकट-बिकट बस्तिहरुमा त्यतिखेरका प्रतिभावान कलाकारहरुका गीत संगीतहरु जनजिब्रोमा झुण्डिएर निकै लोकप्रिय बने त्यसताका म्युजिक नेपालबाट निस्कने लोकप्रिय कलाकारहरुको क्यासेट किन्न बजारमा श्रोताहरुको लर्को नै लाग्थ्यो । साहित्य, संगीत संगै संस्कृतिमा पनि कास्की जिल्लाको उत्तिकै महत्व छ, । ६ वर्षमा एक पटक निकालिने भैरव जात्रा, पोखराका नेवार समुदायको आफ्नै संस्कृति बोकेको गाईजात्रा र गणेश जात्राको पनि नेपाली संस्कृति जीवित राख्नमा ठुलो योगदान रहेको छ। कास्कीको माटोले डा. जगमान गुरुङ जस्तो बिद्धवान लाइ जन्माएको छ । नेपाली संस्कृति र परम्परा वैज्ञानिक दृष्टिले पनि उत्तिकै उत्कृष्ट भएको कुरा डा.जगमान गुरुङ सप्रमाण व्यक्त गर्नुहुन्छ । त्यस्तै भदौरे तामागिका क्याप्टेन मिन बहादुर गुरुङले वि.सं २०३२ सालमा स्थापना गर्नुभएको डाँफे कला मन्दिरले पोखराका थुप्रै स्थानीय कलाकारहरुलाई आफ्नो कलाकारीता प्रस्तुत गर्ने अवसर दिएको थियो । उसो त कास्कीको सौन्दर्यले राष्ट्रिय स्तरका कलाकारहरुलाई पनि आँफू तिर खिचिरह्यो, खिचिरहेको छ । २०२७/२०२८ साल तिर स्वर सम्राट नारायण गोपालले पोखराको अमरसिंह मा.वि.मा संगीत सिकाउनु हुन्थ्यो। यस्तै यस्तै अवसर र लगनले गर्दा कास्कीको माटोले कला र संस्कृतिको क्षेत्रमा राष्ट्रलाई अनुपम उपहारहरु दिएको छ । यसरी कास्की जिल्ला भौगोलिक हिसाबले पश्चिममा परे पनि साहित्य संगीत र संस्कृतिको हिसावमा पूर्व हो र यहीबाट थुप्रै धुरन्धरहरु उदाई रहेका छन्, उदाई रहने छन् ।

शुभकामना

कतारको नेपाली समुदाय माझ अत्यन्त कृयासिल संस्थाहरु मध्येमा पर्ने कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवस र नयाँ वर्ष २०८१ को अवसर पारेर संस्थाको गतिविधि लगायत साहित्यीक, बौद्धिक लेख रचनाको खुराकले सुसज्जित **आदर्श सन्देश स्मारिका-२** प्रकाशन गरेकोमा हार्दिक बधाई दिन चाहान्छौं । २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बनोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ को सबैमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

श्री कृष्ण वर्मा
अध्यक्ष
सिन्धुली सेवा समाज, कतार

# सुर, ताल र अनुशासन, कला संस्कृतिको सम्मान



श्री महेश तामाङ

मान्छे आफ्नो र परिवारको जीवन निर्वाहको लागि संसारको जुनसुकै कुनामा गए पनि उसले आँफूसंग आफ्नो कला संस्कृति परम्परा बोकेर गएको हुन्छ। जव जाने मान्छेको संख्या सीमित हुन्छ, मान्छेको मन भित्र रहेको आफ्नो कला संस्कृति परम्परा आँफू बस्ने घरको पर्खाल भित्र मात्र सीमित भएको हुन्छ। तर जव परदेशमा पनि निश्चित देशका, जाति समुदायका मानिसहरुको संख्या बढ्दै जान्छ तव कला साहित्य संस्कृति परम्परा सो घरको पर्खाल नाघेर समाजमा निस्कन जुर्मुराउँछ। फलत एउटा भिन्दै परिवेशमा पनि कुनै अर्कै भूगोलको कला संस्कृति परम्पराले फुल्ने फल्ने अवसर पाउँछ। आदिम कालको घुमन्ते युगदेखि हाम्रा कला साहित्य सभ्यता परम्पराहरु विचरण गर्दै हाम्रो गाउँ ठाउँमा यसरी नै परिष्कृत र स्थापित हुँदै आजसम्म आईपुगेका हुन।

९० को दशकबाट जव कतारमा नेपालीहरु कामदारको रुपमा प्रवेश गर्न थाले, उनीहरुलाई विभिन्न समस्या आइपर्न थाल्यो। सक्नेले समस्या आँफै समाधान गर्न थाले नसक्नेहरुले आफ्ना गाउँघरका जिल्लाका केहि जान्ने सुन्नेहरुलाई गुहारे। नेपाली राजदुतावास स्थापना भै नसकेको अवस्थामा समस्याका चाङ बढ्दै जाँदा जिल्लालाई समेट्ने खालको संस्थाको अवधारणाको विकास भयो र जिल्ला संस्थाहरु स्थापना हुन थाले। विस्तारै दुतावासको स्थापना पछि जिल्ला संस्थाहरुमा समस्याको बोझ कम हुँदै गयो भने नेपाली कामदारहरुको संख्या बढ्दै गयो, यसरी दिनानुदिन नेपालीहरुको संख्या बढ्दै जाँदा नेपाली परम्परा, संस्कृति अनुसारका चाडवाडका बेला सानो तिनो जमघट हुन थाल्यो। पछि जिल्ला संस्थाहरुले नै चाडबाड अनुसारका शुभकामना आदान प्रदान कार्यक्रम गर्न थाले तिनै कार्यक्रमाहरुमा कतारमा भएका कलाका पारखीहरुले सांस्कृतिक प्रस्तुति दिन थाले, कार्यक्रम झनै रोचक हुन थाल्यो यी सबै गतिविधि नियाली रहेको कास्की आदर्श समाजले कतारमा रहेका कस्केली कलाकारहरुलाई समेटेर सांस्कृतिक संस्था खोल्ने निर्णय गर्यो फलत सन् २०१० मा आश बहादुर गुरुङको संयोजकत्वमा कास्की आदर्श समाज अन्तर्गत रहने गरि फेवा सांस्कृतिक परिवार नामाकरण गरियो। विस्तारै सांस्कृतिक संस्थालाई चाहिने बाद्यबादन सामग्रीहरु पनि जुट्दै गए। लोक संस्कृतिको थलोको रुपमा परिचित धर्मराज थापा झलकमान गन्धर्व, हरिदेवी कोइरालाको जिल्ला भनेर चिनिएको कास्की जिल्ला संस्थाको सांस्कृतिक विभागलाई अन्य धेरै संस्थाले आशाको दृष्टिकोणले हेरे। दोहामा फेवा सांस्कृतिक परिवार खोलिए पछि कस्केली कलाकारहरुको प्रस्तुति देखेर अन्य जिल्ला संस्थाहरुले शुल्क दिएरै पनि आफ्नो कार्यक्रममा कस्केली कलाकारहरु बोलाउन थाले। यसका अतिरिक्त नेपाल समुदाय अन्तर्गतका सांस्कृतिक प्रतिस्पर्धामा जस्तै नृत्य, गायनमा कस्केली कलाकारहरुले आफ्नो दमदार प्रस्तुतिले आफ्नो छाप मात्र छोडेनन् पुरस्कृत पनि भए। कास्की आदर्श समाजले फेवा सांस्कृतिक परिवार खोलेपछि तिहारमा देउसी भैली खेल्ने कार्यक्रम होस् वा तीजमा दिदीबहिनीहरुलाई दर खुवाउने, नाच्ने, गाउने कार्यक्रम होस् फेवा सांस्कृतिक परिवारका कलाकारहरुले परदेशिएका श्रमिकहरुलाई गाउँ घरमै रहेको जस्तो आभास दिलाउन सफल भएका छन् भने संस्थाले आफ्नो सिमित घेरा फराकिलो बनाउँदै अन्य जिल्लाका कलाकारहरुलाई पनि समेटेको छ।

हार्दिक शुभकामना

कतारको नेपाली समुदाय माझ अत्यन्त कृयासिल संस्थाहरु मध्येमा पर्ने कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवस र नयाँ वर्ष २०८१ को अवसर पारेर संस्थाको गतिविधि लगायत साहित्यीक, बौद्धिक लेख रचनाको खुराकले सुसज्जित आदर्श सन्देश स्मारिका-२ प्रकाशन गरेकोमा हार्दिक बधाई दिन चाहंछौं। २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बनोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ को सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

श्री प्रकाश फ्याल
कतार प्रतिनिधि
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि



हाल कतारमा विभिन्न समुदायका जातीय संस्थाका आफ्नै सांस्कृतिक टिम रहेका छन् । तिनीहरुले आफ्नो संस्कृति, परम्पराको जगेर्ना त गरेकै छन् । यदाकदा अवसरको सदुपयोग गर्दै विभिन्न कार्यक्रमहरुमा नेपाली कला संस्कृतिको प्रदर्शन मार्फत कतारमा रहेका अन्य देशका नागरिकहरु समक्ष नेपालको भाषा, संस्कृति र भेषभूषा चिनाउने कार्य पनि गरिरहेका छन । नेपाली कला संस्कृतिको पहिचान, संरक्षण र विकासको लागि हाल लोक दोहोरी प्रतिष्ठान कतारले सक्दो प्रयास गरिरहेको छ। वास्तवमा कतारमा रहेका नेपाली कलाकारहरुको प्रस्तुति हेर्दा कुनै पनि राष्ट्रिय स्तरका कलाकारको भन्दा स्थानीय कलाकारका क्षमता कम नरहेको आंकलन गर्न सकिन्छ । आजकल लोक संगीतको क्षेत्रमा तडक भडक र अश्लिलताको बारेमा बहस चलिरहेको देखिन्छ । हाम्रो संस्कृति भेषभूषा जसरी अगिल्लो पुस्ताबाट हामीमा हस्तान्तरण भयो । त्यसरी नै हामीले पनि हाम्रो ठेट लोक संस्कृतिलाई आगामी पुस्तालाई हस्तान्तरण गरी हाम्रो कला संस्कृति अनन्त सम्म जीवन्त राख्नका लागि कलाकार हरुमा अनुशासनको ठुलो खाँचो रहेको हुन्छ । संगीतका सात सुर सा रे ग मा प ध नि संगै अनुशासन को अ अलंकार पनि जोडियो भने कतारमा भएका कलाकारहरुको प्रतिभाले सगरमाथा चुम्नको लागि कसैले रोक्न सक्ने छैन ।

(लेखक कास्की आदर्श समाज, कतारका मानार्थ सदस्य र फेवा सांस्कृतिक परिवारका कलाकार हुनुहुन्छ ।)


शुभकामना

कतारमा स्थापित संघ संस्थाहरुका माझ हातेमालो गर्दै विशुद्ध सामाजिक एवम मानविय कृयाकलापहरुमा कृयासिल कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा प्रकाशन गर्न गईरहेको "आदर्श सन्देश स्मारिका वर्ष २ अङ्क २" को पूर्ण सफलताको कामना सहित नव वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ती र संमृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



श्री कृष्ण भण्डारी
कार्यसमिति सदस्य
कास्की आदर्श समाज, कतार



शुभकामना

कतारमा स्थापित विविध संघ संस्थाहरु माझ जेठो संस्थाहरु मध्ये पर्ने र विशुध्द सामाजिक कृयाकलापहरुमा स्थापना काल देखी नै सकृय रुपमा सेवा गर्दै आइरहेको अग्रणी संस्था कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा संस्थाका गतिविधीहरु अभिलेख गर्ने उद्देश्यका साथ पहिलो अङ्कका रुपमा प्रकाशन गरिएको आदर्श सन्देश स्मारिकालाई निरन्तरता दिंदै दोस्रो अङ्क प्रकाशन गरी विमोचन गर्न गैरहेको सुन्न पाउँदा अत्यन्त खुशी व्यक्त गर्दै हार्दिक बधाई दिन चाहन्छौं । २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना वन्न सकोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा कस्केली एवम गैर कस्केली पाठक दीर्घलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री नियाज शेख
अध्यक्ष
मधेश प्रदेश समन्वय परिषद, कतार

# साहित्य फाँट

## मनको देउता

हरिदेवी कोइराला
नेपाल संगीत तथा
नाट्य प्रज्ञा प्रतिष्ठान, प्राज्ञ



चाडपर्व फेरी फर्केर आए, फर्केन परदेशी
निराश देख्छु खोला र नाला, पखेरा गामवेशी ।
मनको देउता, मनको राजा, मनको धनीलाई
पुराइदे चरी, विरह मेरो, परदेश जानिलाई ॥

पोहोर परार बित्यो नि त्यसै, अहिले नि त्यस्तै भो
खायौ नि प्यारा, पराइको नुन, पिंजडा जस्तै भो
कि खर्चपर्च जुटेन प्यारा, साथमा थिएन कि!
विरानो मुलुक, साहुले वरै, छुट्टी नै दिएन कि!

धेरै नै थियो मनमा आशा, यस पाली आउछ कि !
उदास आंखा अंध्यारो मनमा, उज्यालो छाउंछ कि !
बांचेछु भने, हे मेरा प्यारा, अर्को साल भेटौंला
दुःखका कहर, मनका रहर, तिर्सना भेटौंला ॥

बसेछु प्यारा, मुलबाटो हेरी, दिन महिना गनेर
सांचिछु कती, मनको वह, कहुंला भनेर ।
होला कि भनी, गयौ नि प्यारा, सोचेर भविष्य
आउँला नि प्यारा, सुखको दिन, एकदिन त अवश्य ॥

## नयाँ मान्छेको प्रतिक्षा



विम्बकवि रमेश श्रेष्ठ

एउटा बर्दिधारी आक्रमण
मध्यान्हमा नदीमा बाढी आएझैं गरी
फूलवारी भरी तथानाम फैलिएको छ,
एउटा सानो बालकको मन
फूलसँग खेल्ने रहरले
झरी झैं रोईरहेको छ ।

भरखरै यही वरिपरि
असिना झैं बर्सिएको थियो गोली
धेरै जना भएका थिए घाईते,
थुप्रै भए ज्यान गुमाउनेहरू पनि
माटोमा रगत पोखिए पछि
एउटी तरुनी केटीको मुटुझैं
अवसाद ग्रस्त छ जमिन डढेर,
बाटाहरू सारै साँघुरीएर
त्रासका अजिङ्गर पस्दा
झनै ठूलो भए जस्तो लागेको छ घरहरू,
हावाहरू मै डढेलो लागेर
कथामा झैं समय निसास्सिए पछि
मेटिदै गए जस्तो भएको छ

जीवनका धेरै कुराहरू,
अजङ्गको आगो खसेर
चिरा-चिरा परेको क्याम्पको आकाशमाथि
भोका वादलहरू
मान्छेको मनसँगै फाल हाल्न
मलाई नै पर्खिरहे जस्तो लागेको छ
नदीमा रगत बगेको देखेर,
ऐ मेरो मान्छे !
मैले तिमीलाई मारिन भने
मलाई थाहा छ
तिमीले मलाई एकै शब्दमा
एउटै हतियारले मार्ने छौ,
त्यसैले - आफैभित्र पल-पल मरेर
म तिम्रो मृत्युको कामना गरिरहेको छु,
ओहो कत्ति नमिठो हुंदो रहेछ
युद्धको गीत

यस्तो बेला प्रेमी भएर पनि
कसरी लेखुँ म प्रेमका कविताहरू !
अखबारमा उर्लिएको आतंकले

आकाश ज्यादै मैलिएको छ
हामीलाई मन पराउने केटीहरूको मन
मौसम झैं फेरिए जस्तो छ,

एउटा बर्दिधारी आक्रमण
नदीमा बाढी आएझैं गरी
फूलबारीभरि तथा नाम फैलिएको छ
एउटा बालकको मन
फूलसँगै खेल्ने रहरले
झरी झैं रोईरहेको छ,

ऐ मेरो फूल मन पराउने नयाँ मान्छे
म तिमीलाई युद्ध मैदान मै खोजिरहेको छु,
धरतीमा युद्ध मेट्ने उत्कण्ठाले
शताब्दी देखि नै म केही सोचिरहेको छु ।

# लाइनमा उभिएको मानिस




**कृष्ण कुमार सुवेदी (कृसु क्षेत्री)**
प्रथम सचिव
नेपाली दूतावास दोहा, कतार


एयरपोर्टको एकातिर
विदेश बाट बाकसमा फर्कने
लासको लाइन छ।
अर्को तिर
पारिपट्टि लाइनमा उभिएर
बुढीआमा भक्कानिदैं बिदाइको
हात हल्लाउँदै छिन्।
म भने
आश र त्रासको बिचमा
सयौंको पछाडि लाइनमा
अरब जान हवाइजहाज कुर्दै छु।

गाउमा विभेदको लाइन ठुलो थियो
गरिब-धनीको
सानो जात ठुलो जातको
उभिनै पाइएन-
स्कुलमा राष्ट्रगानको लाइनमा
गाउंको कुवा
अनि मन्दिरको लाइनमा।

अभावको लाइनमा उभिएको म
पुस्तौं देखि रिन तिर्न
कलकलाउंदो जोवनमै
घरजग्गा बन्धकी राखेर
वेचीइरहें मरुभूमिमा।

सुरुको कमाई रिन
उकास्दै सकिएछ
बांकी कमाई सकिएछ
बहिनीहरूको पढाइ र बिहेमा।

आफ्नै खुट्टा गुमाएर पनि
रोगी बाउको
जुटाइरहेथें उपचार खर्च।
एकदिन बाउले छाडेर गए
घरमा एक्ली भइन् मेरी बुढीआमा।

सोंचे-
बरु नहोस् कमाई देशमा
बस्दिनँ म परदेशमा
बाउ त मरे खाली हात
घरै फर्कन्छु भन्दै उभिएँ लाइनमा।

यता आउंदा
सबै देख्छु उस्तै।
जीर्ण घर
बुढीआमा
र, नाङ्गो म।

आफन्तहरू भने रहेछन
सम्पत्ति थुपार्ने लाइनमा।

उनीहरूले मजाक उडाए मेरो गरिबीको
म निहुरिरहें चुपचाप
बुढीआमा सदा झैं उभिइरहिन्
छोरीहरुको बचाउको लाइनमा।

रातभरि निधाउन सकिनँ
लाग्यो घरभन्दा त परदेश नै ठिक
र भोलिपल्टै मरुभूमि फर्कन
पासपोर्ट बनाउन उभिएँ लाइनमा।

जीवनभर
दुःखको
अभावको
पीडाको
सङ्घर्शको
अपमानको
लाइनमा उभिएर सोच्दै छु -
लाइन हाम्रो नियती रहेछ।


## शुभकामना



कतारमा स्थापित संघ संस्थाहरुका माझ हातेमालो गर्दै विशुध्द सामाजिक एवम मानविय कृयाकलापहरुमा कृयासिल कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवसको अवसरमा प्रकाशन गर्न गईरहेको "आदर्श सन्देश स्मारिका वर्ष २ अङ्क २" को पूर्ण सफलताको कामना सहित नव वर्ष २०८१ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ती र संमृद्धिको हार्दिक मगलमय शुभकामना व्यक्त गर्दछु।

पुष्पराज तिमील्सिना
कार्यसमिती सदस्य एवम
पोखरा महानगरपालिका संयोजक का.आ.स कतार

# अव ब्युंझने कि ?

सिताराम थापा
लमजुङ (हाल: कतार)



प्रिय,
लेउ त्यो भित्तामा झुन्ड्याईराखेको क्यामरा,
खिच्नु छ एउटा फोटो
भोका र नाङ्गा पेटहरुको
र पोस्ट्याउनु छु अखवारको आवरण पृष्ठमा जो,
सधै छेकिन्छन राहतका लाइनहरुमा
ठुला भूँडी, काला कोट,
सडकमा शासकका मर्सिडिज, प्राडो र ल्यान्ड्कुजरको छायाले,
र सिफन, जर्जेट र नाइलन साडिका सप्काले
अनि
सधै छुट्छन राष्टिय तथ्यांकको अङ्क र
मानवअधिकार प्रतिवेदनका हरफहरुमा ॥
प्रिय,
लेउ त्यो दौरामा बेरेको कलम
लेख्नु छ एउटा कथा
परदेशिएका टाउका र बेचिएका सपनाहरुको,
र छपाउनु छ उनिहरुकै नाममा एउटा सङ्ग्रह
जो
सधै गनिन्छन अर्थतन्त्रको मुलआधार,
चुनावी घोषणापत्र, पत्रकारका स्तम्भ,
गायकका गीत र कविका कविताहरुमा
तर
सधै छुट्छन सहुलियत राहत र
नागरिक नैसर्गिक अधिकारका कित्ताहरुमा ।
प्रिय,
लेउ त्यो दलिनमा घुसारी राखेको पुरानो बन्दुक,
जो थन्किएको छ, वर्षौ देखि शान्ति सम्झौता पश्चात् ।
अब फेरि
पड्काउनु एउटा ठुलो आवाज,
कान भएर बैरा हुनेहरुको कानै नजिक,
आँखा भएर अन्धा भएकाहरुको आंखै अगाडि,
मुख भएर नबोल्नेहरुको मुखै सामु,
जो सधै सुन्छन, सुनिरहन्छन तर बोल्दैनन
हेर्छन, हेरिरहन्छन तर कुनै प्रतिकृया दिदैनन । धन्यवाद ॥






# स्मृतिका पानाहरु



यादव रेग्मी
रुपा-४, कास्की
(हाल: दोहा कतार)

सुर्यास्तको केही क्षण पश्चात्
घरको बलेसि खाबोमा अडेस लगाएर
उ सोच्दै छ ....
अ साच्चै ! हिजो मात्र त हो यहाँ एउटा धमाका भएको
जसमा एउटा चिडिया फुरुर उड्यो सदाको लागि !
सायद त्यही दुखले दुखित भएर होला
त्यो पंक्षी उडेर गयो दुर .....दुर .......वहुत दुर

फेरि वापस न आउने गरि
यहि सोच्दा सोच्दै
एक श्वेत तारा पर नजर टिकायो र
आफू आफुमा मनोवाद गर्न लाग्यो

म प्रतिदिन चिठ्ठी लेखुला
प्रतिदिन याद गर्दै रहुला, तर तिमी कहिल्यै नआउनु ।

यहाको हावा जहरिलो बन्दै छ,
एउटा चिडिया पनि एक्लै यता उता गर्न सक्दैनन
किन कि
यहाको हावाले पैदलको छाला काढ्छ
यहाँ कसैले द्ःुख बांड्दैनन्

तिमी आफ्नो गुंड कहाँ बनाउछौ
बृक्षका हांगाहरु बहुत कमजोर वनिसकेका छन ।
यहाँ मान्छेहरुलाइ खुल्ला चौरमा मार्न लागे
युद्धको धुंवाको असर अहिले सम्म कम भएको छैन

पर्खालमा खुनका छिटाहरु अझै मेटिएका छैनन
आज पनि धमाकाको गुन्जसंगै प्राण उड्छ
त्यसैले अहिले न आउनु है !

म तपाइलाइ चिठ्ठी लेख्दै रहने छु
उसले फेरि सोच्दै .......................
अब कोइ चिडिया त्यो घरको आंगनको तारमा बस्दैनन
त्यो पोखरीमा हांसको जोडी पनि देखा पर्दैनन

जहिले बाट त्यो हलि घाइते भयो
न त त्यो पानवाला आफ्नो खोका खोल्छ
न त त्यो चियावाला चिया बेच्छ
जवबाट उसको छोरा अपहरणमा परेको छ
मान्छे डराउछन धमाका कसले गर्यो त आखिर ?

त्यसैले तिमी अहिले न आउनु
मैले सम्हालेर राखेको छु
तिम्रा सपनाहरु, कविका भविष्य
यहि सोचिरहेको छु, अकस्मात !
धमाका कसले गर्यो त ?
चिडिया फुरररर उड्यो र दुर .........वहुत दुर ......
वहुत दुर गयो वहुत दुर .............

# आव्हान



दीपक राज घिमिरे
भरतपुर, चितवन

तिम्रै हुन् हिमसैलका निलगिरी चौरी यति कस्तुरी ।
तिम्रै हुन् बनजंगली जडीबुटी डाँफे अनि कोईली ॥
तिम्रै हुन् जल धारका मूल सबै झर्ना र झंकार यो ।
छाडी चट्ट नबिर्स यो धरतीको भू स्वर्ग कैलाश हो ॥ १॥

गैरी खेत यहाँ सबै बनिसके बाँझो अनि बञ्जर ।
व्यर्थै बैंस नफाल खेर अरूको निर्माण गर्ने तीर ॥
तिम्रै साथ नभै पुगिन्न अहिले टिष्टा अनि काँगडा ।
तिम्रो तेज छ भित्र काँतर नभौ हौ सन्तति विरका ॥ २॥

आमाको हरनाँगियो सित बिझ्यो काँपी सकिन् थर्थर ।
भाई भाई जुधे गरे मनपरी आउ मिलाउ घर ॥
जान्छौ खोज्नकता बिनाछ तिमीमा हे! हिउँका कस्तुरी ।
छिट्टै आउ यहीँ सुवास छरि द्यौ फर्कि नजाने गरी ॥ ३॥

आमाको ममता भूलेर तिमीले बेरी पराया धरो ।
छोटो जीवन यो गुलाम अरूकोभै बाचनु भूल हो ॥
भत्केको घर टाल्नु पर्छ तिमीले तिम्रै पखेरा मुनी ।
आमाको अनुहार फेर्न तिमीले फर्कर आउ यहीँ ॥४॥

# माटोको माया

**रेशम वस्नेत**
पोखरा-१६, बाटुलेचौर, कास्की
(हाल: कतार)



जव पुगें कोत्रेको पुलमा माटोको सुगन्ध आयो
आफ्नै आँगन करेसामा पाइला टेके झैं लायो
माछापुच्छ्रे आतुर थियो मेरो मुहार हेर्नलाइ
फर्किएछ परदेशी भन्दै अँगालोमा बेर्नलाइ

फेवा, रुपा र बेगनासमा राजहाँस सल्बलाए
जव हावामै मेरो आगमनको खुस्बु चाल पाए
लालुपाते हावामा झुल्दै खुशी व्यक्त गर्दथे
माछापुच्छ्रेका हर्षाश्रु बग्दै मेरै समिपमा झर्दथे

सेती नदिको कलकल ध्वनि कानैमा गरि स्पर्श
भन्थ्यौं सखारै फर्किन्छु किन फर्केनौ कैयौं वर्ष

तिम्रै बाटो हेर्दै मेरा कति सखी सागरमा जोडीए
तिम्रा मिलनका बाचाहरु बार बार किन तोडीए

कैलें सोधें फेवा रुपालाइ कैले त बेगनास लाइ
यतिका वर्ष सम्म टाढा रहंदा सम्झना आएन है
गाउँको माटोले आँसु झार्दै विलौना गर्दै थियो
खालि खुट्टा मेरै छातीमा खेल्थ्यौ नि डण्डी बियो

तोते बोलीमा भैली गाउँदै यहि बस्तीमा डुलेको
साथी संगी पारिवारिक मोह कसोगरी भूलेको
थिएन जवाफ बाध्यतामा अक्क न बक्क थिएँ
झुटो बाचा गरेर फेरी पनि कतार मै फर्किएँ ।

# शितल गुफा

**राम प्रसाद पौडेल**
अन्नपूर्ण-५ झोबाङ



नाम मेरो राम पौडेल डंडाली हो थर।
कास्की जिल्ला अन्नपूर्ण झोबांग हो घर।।
नबिर्सनु बाबा आमा दिदि र दाजुभाई।
सीतल गुफाको परिचय दिन्छु सबैलाई।।
अन्नपूर्ण झोबांग गाउँमा सितल गुफा छ।
आजकल यसको महत्व झनझन् बढ्दै गा छ।।
गुफा बाटै सत्य तथ्य सबका सामु ल्याउन।
खोजकर्तालाई लाइट बालि पर्यो दिन रात धाउन।।
महाराजा भूमे शिर सीतल गुफा पाउ।
लक्ष्मी नारायणको दर्शन पाउन जानै पर्ने ठाउँ।।
आकृति छन् गुफा भित्र ढिकी जाँतो बाजा।
पांच पाण्डव देवी देवता अनि नाग राजा।।
बगेकी छन् तल खोला शिरमा रैछन धारा।
त्यही धारामा नुहाउंछन् पर्यटक सारा।।
पंचपाला गाईका थुन शिब मन्दिर।
गुफा भित्र सिंढी बाटो दृश्य छ सुन्दर।।

चमेराको बस्ने घर चुना ढुंगा झल्केका छन्।
ठाउँ ठाउँमा नाग आकृति टलक्क टल्केका छन्।।
मन्दिर बनाई शिबलिंग मुर्ति सजाइयो।
नित्य पुजा पुराण बाचन शुरु गराइयो।।
सीतल गुफा बैध्य महादेवको तपस्याको घर।
जानै पर्ने मागे पुग्ने परौं सबै भर।।
सल्यानको भूमे थान मणिको डिल आउनि।
त्यहि बाटो तल झरी शीतल गुफा जानी।।
बनको बाटो हिंड्दाखेरि मृग हरीण कति।
कुखुरा खरायो बन्यजन्तु बाँदरको के गन्ति।।
जडिबुटी जंगलमा यत्र तत्र हेर।
सुनाखरी पाँचऔंले अनि गिठा भ्याकुरा।।
धार्मिक पर्यटन क्षेत्र बनाउँ झोबांग गाउँलाई।
हामि सबै जुट्नुपर्छ एकता जगाई।।

# अरवको खाडीबाट

## (झ्याउरे छन्द)


**छविलाल आचार्य**
माछापुच्छ्रे-२ भूर्जुङ्खोला
(हाल: पोखरा-१६ दीप)




हे मेरी प्रिया ! तिमीलाई सन्चो, विसन्चो कस्तो छ ?
यो मेरो ज्यान, सम्झेर घर, घटेको जस्तो छ ।
भुन्टेलाई स्कुल, लगेर भर्ना, गऱ्यौ कि गरिनौ ?
जोतेर बारी, कोदाको बिऊ, छऱ्यौ कि छरिनौ ?।

चुहिन्थ्यो घर, खरले छानो, छायौ कि छाइनौ ?
बाढिले खेत, लगेको राहत, पायौ कि पाइनौ ?
एक हाते थियो, भैंसीले दुध, दिन्छ कि दिदैन ?
साहूले ऐले, हुर्मत तिम्रो, लिन्छ कि लिदैन ?।

वर्ष दिन् पछि, साँवा र ब्याज, तिरौला भन्दिनु
पठाएँ भने, तम्सुक च्याती, छन्छनी गन्दिनु ।

गरिवी हाम्रो उस्तै छ प्रिया कस्तो हो शासन ?
पसिना पोखी कमाइ गर्दा पुग्दैन रासन ॥

यो गर्मी ठाउँ तातो छ हावा चर्को छ घाम पनि
कबोल मात्रै भनेको जती मिल्दैन दाम् पनि ।
नयन भरी दुःखका आँसू बग्दछ सलल
त्यो गाऊ बेसी गरेको सम्झी झस्कन्छु पल्पल ॥

गरिवी फाल्न लडेका थियौं धनी नै पोसिए
रोजी र रोटी भनेका थियौं झन् सबै खोसिए ।
फर्कन्छु छिट्टै नेपाल मेरो आमाको काखमा
क्रान्तिको राँको बाल्नु छ अझै ती भिर पाखामा ॥

# गजल


**सानु थपलिया**
झापा, नेपाल




जुन देशले आफ्नै लाशमाथि पनि कर लगाउन सक्छ
परदेशी त्यही देशलाई हरेक महिना रेमिट्यान्स पठाउन सक्छ

बा मन्दिर गएपछि मनमा यो प्रश्न उब्जिएको हो
भगवानले नै एक मुर्ती सामु शिर कसरी झुकाउन सक्छ

दुःखमा पर्दा वरिपरिका सवै दूर भएकाहरूलाई
बुझाईदिनु काटिएको रुखमा पनि पालुवा आउन सक्छ

आफ्नाहरूले दुखाए भनेर दुःख मन के गरौं गरिन
सम्झेर सँगै बस्ने दातले त जिब्रोलाई दुखाउन सक्छ

सत्यता भन्दा कठोर केही नहुने रहेछ यो दुनियाँमा
नत्र आमाको हातले छोराको चिता कसरी जलाउन सक्छ ?,

# आंखी झ्यालबाट मेरो देश


**लक्ष्मी लम्साल**
पोखरा-१९, पुरन्चौर




उकाली ओराली गर्दै गाउँ पाखा धाउदा ।
डांफे मुनाल नाच्छन यहाँ कोइलीले गीत गाउदा ॥

माछापुच्छ्रे अन्नपूर्ण धौलागिरी हिमालको काखमा ।
खुमै डाँडा ढिकी डाँडा छ्न आफ्नै आंखामा ॥

लोभ्याउने देशको माया झरना छहरा वरिपरी ।
यिनै सङ मित लाउन मन लाग्छ घरी घरी ॥

पर्यटकहरु घुम्न बस्न खुशी खोज्दै आउदा ।
गर्व लाग्छ नेपालमा जन्म लिन पाउदा ॥

कति स्वछ हावा पानी उस्तै प्यारो नेपाली माया यहाँ ।
चाडबाड खुशी साट्न पाइन्छ र अब कहां ॥

पाखा पखेरामा सधै हरियाली छाउदा ।
परदेशीको याद आउछ चाड वाड आउँदा ॥

आँफ्नै गाउमा पशुपालन कृषि जन्य खेती ।
स्वदेशमै केही गरौ भन्न मन छ परदेशीलाई भेटी ॥

## गजल



**राजकुमारी 😇👑😇**
यता☞प्रवाशबाट

मलाई दुःख बेचेर भएका मेरा पीडा बेचेर,
भाग्य किन्न मन छ, रहर बेचेर चाहाना बेचेर ।

तिनै आमा बिर्सियो छोराले शहर पुगेपछि,
जस्ले पठाइन तिलहरी बेचेर बाला बेचेर ।

बाबाले केहि गरेनन कसरी भन्न सक्छु मैले,
मेरो पेट पालेका हुन, सम्बन्ध र नाता बेचेर ।

आधा वस्त्रमा वसेकी एक नारी छिन छेउमै,
मिल्ने भए मैले किनिदिन्थे वस्त्र आँखा बेचेर ।

सरकार दिलाउनुस्, अब त देशमै रोजगारी,
कतिन्जेल देश चलाउन सकिन्छ युवा बेचेर ।

## गजल



**मणि पौडेल**
दोहा

नरिसाउनु विन्ती यो मन ढुङ्गा जस्तै भएको छ
फूल झै नरम लाग्ने वचन ढुङ्गा जस्तै भएको छ ॥

विना गल्ती माफी दिनु न्याय हैन प्रिय
बेकार माफी माग्यौ दिल झन ढुङ्गा जस्तै भएको छ ॥

के भयो खै! मलाई पनि तिम्ले छोडेदेखि
चल्नै छोड्यो किन धड्कन ढुङ्गा जस्तै भएको छ ॥

तिम्रो साथ र सामिप्यता जति थियो हिजो
आज लाग्छ वाचाबन्धन ढुङ्गा जस्तै भएको छ ॥

## गजल



**नारायण निर्जल**

जहाँ आफुले टेकेको जमिन आफ्नो हुँदैन ॥
रात कसरि आफ्नो होस दिन आफ्नो हुँदैन ॥

मेसिन बन्नुपर्छ रिमोटबाट चल्नुपर्छ,
यो शरीर त आफ्नै हो तर अधिन आफ्नो हुँदैन ॥

दिन सकुन्जेल मात्रै आफ्नो हुन्छ आफ्नो मान्छे पनि,
दिन छोड्नुस एक दुइ तिन आफ्नो हुँदैन ॥

हाम्रो सरकारले किन बुझ्दैन वस देश आफ्नो हो,
यहाँ भारत आफ्नो हुँदैन चिन आफ्नो हुँदैन ॥

## गजल



**अस्मित घोताने**
पोखरा

धेरै भए मेरै शरीरमा घाउ होला खत होला
चाहिँदा सहयोग नपाउने कस्तो संगत होला ?

दान कहिल्यै ठुलोसानो हुँदैन महोदय,
दश रुपियाँले भोको पेटको मद्दत होला !

म फाटेको जुत्तामा उसको बिहेमा जाँदिन
मेरो कारणले फेरि उसको बेइज्जत होला !

छोरा ढिलो हुँदापनि आत्तिने आमाको मन
अहिले छोरा नभेट्दा आमाको के हालत होला ?

यहाँ बिग्रेको घडी मर्मत हुन्छ लेखिएको रहेछ
मेरो बिग्रेको समय खै कहाँ मर्मत होला ?

## कविता



**टौ माया गुरुङ**
वालिङ-१२, सिर्सेकोट, स्याङ्जा
अध्यक्ष, तमु (गुरुङ) समाज, कतार

अलोबलोरी आपा आमै अर्थि बुद्धि अमादि बै जीवन
तोको अतित बै यद खसी सिउदु तदि मो जीवन !
नासा ट्होरी सै कृबा आगु आयो बै जीवन
अगुइ ह्युलारी मुठी क्रि सो सैदिमो जीवन !
बेल्ले खोबै बालुवाबै प्ह्लापुह्ल्लुदु तदिमो जीवन
मिक्लिनी छेपुरी पौडीदि सुमो चु जीवन !

बिना लक्ष्य बिना क्या भौतारी दिसुमो जीवन !
तोचा तिह्गा तोचा मैस्या सोदानी मितु तदिमो जीवन
डै जन्म भूमि लाई मैसी क्रिन टिसि क्रोदिमो जीवन !

## गजल



**राम अधिन सम्भव**
सिराहा, नेपाल
(हाल: दोहा, कतार)

कपडा अछिते नाङगट भेल छी, कनि सोचियौ सरकार
अहाँ जिन्दे छी कि मैरगेल छी, कनि सोचियौ सरकार

युवा सभ विदेश पठाक, अहाँ घर जाइर आगि तपै छी
केहन वहीर वताह ढहलेल छी, कनि सोचियौ सरकार

ससरैत नहि अछि चक्का अहाँके बस सत्तामे ठँसकल छी
सच्चमे बिगडल भंगठल रेल छी, कनि सोचियौ सरकार

भ्रष्टाचारक बात कि करु अहाँ स्वयं भूत आर धामी छी
जनताक मगजपर चढि गेल छी, कनि सोचियौ सरकार

दुनियाँ खगोलके बात करै छै, अहाँ भूगोलमे अटकल छी
अहीँ कहुँ पास भेल कि फेल छी, कनि सोचियौ सरकार ।

## गजल



**कृष्ण सुवेदी**
रुपा-२, कास्की

आगो आगै हो कहिल्यै पानी हुँदैन ।
जति पोले पनी ढुङ्गा खरानी हुँदैन ॥

झरेको देख्दा रुखका हाँगा र पात ।
लाग्छ जीवन भए पनी जवानी हुँदैन ॥

कहिले बुझ्लान् यो देश छोड्नेहरुले ।
आजीवन दास बन्नु जिन्दगानी हुँदैन ॥

रवाफ चलाए शक्ति र सम्पत्तिको,
भ्रस्टाचारी भन्दिनु मानहानी हुँदैन ।

मर्ने बेला सुनपानीको चिन्ता नलिनु,
आमा जत्तिको प्यारो राहदानी हुँदैन ।

शुभकामना

कतारमा थुप्रै सामाजिक संस्थाहरुको पथ प्रदर्शक संस्था कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवस र नयाँ बर्ष २०८१ को अवसर पारेर संस्थाको गतिविधि लगायत साहित्यीक वौद्धिक लेख रचनाको श्रीगारले सजिएको **आदर्श सन्देश स्मारिका-२** प्रकाशन गरेकोमा हार्दिक बधाई दिन चाहन्छौं । २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बनोस भन्ने चाहना राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ को सबैमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

श्री रघुनाथ शर्मा
अध्यक्ष
**पर्वत समाज, कतार**

# प्रिय छ कतार यो

सुनिता पौडेल सुवेदी
नेपाल



रम्दै स्वर्णिम दृष्य पान गर्दै, कतारको भूमिमा ।
समुन्द्री तटको सुमधुर दृश्य, देखिन्छ कर्नेसमा ॥
तन्कदै लमतत्न सुनौला महल, सौन्दर्यको माधुरी ।
ऐतिहासिक दिनमा हर्ष बडाँइ, कतारमा वेसरी ॥

सुनौला वगैंचा पुष्पहार पंहेलो, वस्ति सिंगारिकन ।
देख्दै मनमोहक दृश्यहरु, मन्त्रमुग्द पार्ने झन ॥
वांगा टेढा ती उच्च महलका, ति पुष्प उद्यानमा ।
शान्त सफा अमन चयनको, वैभब मिल्छ त्यहाँ ॥

तातो धप धपि कतार, अष्ठा अग्नीको रापमा ।
प्रकृतिको उपाहार रहेछ, तेल ग्यास छ साथमा ॥
वलौटे माटोमा सुर्य किरणले, रेगिस्तान जलाँउने ।
स्वणिम रंगिन रात्रमा विजुली, कतारै चम्काउँने ॥

सुन्दर शहर वस्ती लुसेल, राम्रा कलाले भरी ।
समुन्द्री तटमा नागवेली, नाच्छिन समुन्द्री परी ॥
कला कौशलमा अपूर्व मिलन, हेर्दा खलिफामा ।
छोटो समयमा अपूर्व वैभव, देखिन्छ कतारमा ॥

अरवी भूमिमा वल्डकप गरी, इतिहास रचिदीयो ।
शान्ति, खेलकुदको देश भनी, प्रख्यात वन्दै छ यो ॥
गौरव लक्ष्य पुरा हुन सकुन, भिजन तिसको अहो ।
विश्वलाई हेरेर आज म भनौं, प्रिय छ कतारयो ॥

# Deep down the ocean

**Pratiksha Shrestha**
Student, B.A, NOU



Deep down the ocean
I can feel the warmth.
Crowd of people with barren bags
Stand all alone lost on earth.

Torn skirt with a hollow
Grimy hair sitting low.
Crowd of people with barren bags
Glimpse stray with smell of foul.

Foul spread till countryside
Tears drop nature"s demise.
Cloud cleared rays be stride
Smile of hope has to rise.

# Nature

**Shristi Devkota**
Class-8 'A,
'Shanti Niketan School,
Pokhara-5 Parsyang



In fields of green and a sky so blue,
Nature"s beauty shines so true.

With bright flowers and birds on wing,
In harmony, they dance and sing.

The trees sway in the gentle breeze,
Rivers flow with such ease.

The sun's warm rays kiss the land,
In nature"s palm, we all stand.

From mountains high to oceans deep,
The beauty of nature we reap.

Let's cherish and protect this earth,
For nature, gifts hold priceless worth.

## खोइ कति बाँचिएला !!!



**चिरन्जिवी अधिकारी**
दोहा, कतार

टुट्यो मुटु नजोडिने गरि कति बाँचिएला !
लुकाएर आँसु आँखा भरी कति बाँचिएला !!

मुटुभरी लागेकाछन् अनगिन्ती चोटहरू !
छट्पटाउँदै पागल सरि कति बाँचिएला !!

आफूलाई विर्सिएर जव बस्छु एकान्तमा !
कुरा खेली रहन्छ नानाथरी कति बाँचिएला !!

जीवन बारे केही सोच्दैन दिल दिमागले !
मात्रै मृत्यु सोच्छ घरीघरी कति बाँचिएला !!

निकै गाह्रो सँग चलिरहेको छ सास पनि !
कुन दिन उड्छ भूर्र चरी, खोइ कति बांचिएला !!

## सकारात्मक भएपछि



**जमुना मानन्धर श्रेष्ठ**
काठमाडौं, हाल कतार

मन सकारात्मक भएपछि
तन उर्जात्मक भएपछि
पहाड पनि समथर हुन्छ यहां
जन एकात्मक भै जुटे पछि

उदेश्य ठुलो र योजना दुर्गामी हुन्छ
धन एकठात्मक भएपछि
संघर्षको फल निकै मिठो हुन्छ
सज्जन पसिनात्मक भएपछि

एकदिन सफल अवस्य हुने छौ
तन मन एकै चाहात्मक भएपछि
आजको काम आजै सफल हुन्छ
जन जनको आत्मासाथ भएपछि ।

## नेपाल प्रकृतिको सौन्दर्य ईश्वरको वरदान



**अनिशा पौडेल**
सैनिक आवासीय महाविद्यालय,
पोखरा

प्रभातमा घामको रसले जब धर्तीमा पाइला टेक्छ
मेरो देशको माटोमा सप्तरंगले अन्धकार छेक्छ
रविका नवकिरणले माटोमा होलि खेलेसरि
हिमालको काखमा पुग्छ म घामको झुल्का सरि

जव घामका झुल्काले हिमाललाई स्पर्श गर्छ
हिमाल मुस्कुराउछ आफ्नो सौन्दर्य छरी
सबैलाई मोहित पारी डांफे मुनाल बोलाउछ
तव हिमाल बाट जलधारा धर्तीमा वर्षाउछ

हिमाली हावाको चिसो स्पर्शले मेरो मन लोभ्याउछ
जव नदीमा पानी बग्दछ तव नदिको छाल संगसंगै
कोइली कुहुकुहु गर्दै सुमधुर स्वर संगै गुनुनाउछ
त्यो मिठो धुनले मेरो तनमन सारा जम्मगाउछ

आहा ! कति सुन्दर प्रकतिको वरदान र शक्ति
कोइला, आगो, पानी र सौर्यको गर्नु छ यहाँ भक्ति
देश विकासको रंगिन सपना घामपानी बाट सजाएर
खुशि हुन छ यहा प्यारो देश स्वर्ग वनाएर

दुर्गम ठाउंमा उज्यालो प्रकाश छर्नु छ
शुन्य स्थानमा उज्यालो आभा भर्नु छ
अव प्रत्येक विहानीमा नविनता बोकी यहा
हरेक नेपालीको ओंठमा मुस्कान ल्याउनु छ ।

# मेरो मातृभूमी



**सम्झना बि.क**
कक्षा ९, श्री माछापुच्छ्रे मा.वि,
भूर्जुङ्खोला, कास्की

प्रसिद्व राष्ट्र मेरो मातृभूमी नाम हो नेपाल
हिमाल छन यहाँ पहाड छन धेरै छ विशाल ॥
गोर्खाली बनी देशको सधैं रक्षा म गर्नेछु
नदी झैं बनी विश्वमा सधैं म अघि सर्नेछु ॥

हिमाल हाम्रो हांसेको देख्दा यो मन हांस्दछ
मयुर चरी नाछेको देख्दा यो मन नाच्दछ ॥
अग्लो छ हिमाल जसले हाम्रो सान यो बढाउछ
हाम्रो मातृभूमी नेपाल जसलाई रम्न यो सिकाउंछ ॥

नेपाली झन्डा अनौठो लाग्छ विश्वको शिरमा
नेपाली सबै हांसेर बांच्छन फुलको भिरमा ॥
नेपाल हाम्रो बुद्धको देश गोर्खालीको हो सान
विश्वभरी नै छाएको छ नि यो देशको मान ॥

गौतम बुद्धको देश अनी सगरमाथाको शिर
नेपाली भई जन्म लिंए छैन मलाई पिर ॥
रङ्गिविरङ्गी फुल फुलेको देख्दा यो मन फुल्दछ
त्यसैले त यो मेरो मन यही देशमा रम्दछ ॥

लखन थापा जस्ता शहीदले यो देशलाई बचाए
आफु मरेर गए पनि देशलाई विश्वमा चिनाए ॥
विभिन्न धर्म, संस्कृतीले विविधता युक्त यो देशमा
नेपाली सबै हातेमालो गर्दै हिंड्दछन आ-आफ्नै भेषमा ॥

हार्दिक शुभकामना

कतारको नेपाली समुदाय माझ अत्यन्त कृयासिल संस्थाहरु मध्येमा पर्ने कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवस र नयाँ वर्ष २०८१ को अवसर पारेर संस्थाको गतिविधि लगायत साहित्यीक, बौद्धिक लेख रचनाको खुराकले सुसज्जित **आदर्श सन्देश स्मारिका-२** प्रकाशन गरेकोमा हार्दिक बधाई दिन चाहन्छु । २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बनोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ को सबैमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछु ।



**श्री संगम अधिकारी**
पोखरा-०२, विन्ध्यवासिनी
मोबाइल एप एण्ड वेब डिजाइनर

+९७७ ९८१९१०२८६९
sangamadhikari.com
info@sangamadhikari.com

शुभकामना

कतारको नेपाली समुदाय माझ अत्यन्त कृयासिल संस्थाहरु मध्येमा पर्ने कास्की आदर्श समाज कतारले आफ्नो २२ औं स्थापना दिवस र नयाँ वर्ष २०८१ को अवसर पारेर संस्थाको गतिविधि लगायत साहित्यीक, बौद्धिक लेख रचनाको खुराकले सुसज्जित **आदर्श सन्देश स्मारिका-२** प्रकाशन गरेकोमा हार्दिक बधाई दिन चाहन्छौं । २२ औं बसन्त पार गरेको वयस्क संस्थाको आगामी गतिविधि सबैका लागि नमुना बनोस भन्ने अपेक्षा राख्दै संस्थाको २२ औं स्थापना दिवस साथै नयाँ वर्ष २०८१ को सबैमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**श्री राजाराम शाही**
अध्यक्ष
**अन्तर्राष्ट्रिय नेपाली समाज, कतार**

# कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालसँग समसामयिक संवाद

कर्णाली प्रदेशवाटै नेपाली ईतिहासमा पहिलो पटक राजदूत वन्ने अवसर पाउनु भएका कतारस्थित नेपाली राजदूत **डा. नरेशविक्रम ढकाल**, एक शिक्षाविद र अध्ययनशील कुशल कार्यसम्पादन गर्ने व्यक्तित्वको रुपमा नेपाली समाजले लिने गरेको छ। राजदूत डा. ढकाल नेपाली र अंग्रेजी साहित्यमा स्नातकोत्तर तह र कानुनमा पनि स्नातक गर्नु भएको छ भने शिक्षामा विद्यावारिधि गर्नु भएको छ। लामो समय अध्यापन क्षेत्रमा विताउनु भएका ढकालले कर्णाली प्रदेशमा जीवन शाही मुख्यमन्त्री रहँदा राज्यमन्त्री स्तरको सामाजिक सल्लाहकारको भूमिकामा समेत कार्य गर्नु भएको थियो। मृदुभाषी नम्र स्वभावका उहाँ आफ्नो पदिय मर्यादा र गृहकार्यमा निपूर्ण भएकै कारण सरकारी सेवाबाट नियुक्ति भएर गएका कूटनीतिज्ञ भन्दा कार्यसम्पादनमा अव्वल देखिनु भएको छ। डा. ढकालको कुटनैतिक कौशलताले कतारका अमिर (राजा) शेख तमिम विन हमाद अल थानीले गल्फ राष्ट्रबाट अहिले सम्मको उच्चस्तरिय दुइदिने नेपाल भ्रमण गराउन सफल भएपछि दोहास्थित नेपाली समुदाय मात्रै हैन नेपाल सरकार र यसका निकायले पनि मुक्तकंठले प्रशंसा गरिरहेको समयमा उहाँको आफ्नै अनुभव र आफुले कस्तो महसुस गरिरहनु भएको छ त भनी राजदूत ढकालसँग सामाजिक कार्यमा सक्रिय संस्था कास्की आदर्श समाज कतारको मुखपत्र आदर्श स्मारिकामा प्रकाशित हुने गरी संरक्षक विमल सुवेदीले लिनुभएको अन्तरवार्तालाई समेटेका छौं।। यो भ्रमण एक ऐतिहासिक र नेपाल जस्तो मुलुकको लागि कुटनैतिक तवरले ठुलो उपलब्धि हुने र यसको दीर्घकालिन प्रभाव नेपालको लागि फलदायी हुन सक्नेछ।

••• अन्तरवार्ता •••



महामहिम डा. नरेश विक्रम ढकालसँग समसामयिक बिषयमा संवाद गर्दै कास्की आदर्श समाज, कतारका संरक्षक विमल सुवेदी।

**सर्वप्रथम कर्णाली प्रदेशमा जन्मिएर नेपाल सरकारको तर्फबाट कतारका निम्ति राजदूत नियुक्त हुने अवसर प्राप्त गर्नुभएकोमा यहाँलाई हार्दिक बधाई व्यक्त गर्दै कतारको बसाइ कस्तो अनुभव गरिरहनु भएको छ ?**

म कर्णाली प्रदेशबाट पहिलो राजदूत हुने अवसर प्राप्त गर्नु मेरो र समग्र कर्णाली वासिको लागि खुशीको कुरा हो। मैले २०२२ को जुलाइ ६ मा कतारका लागि नेपाली राजदूतका हैसियतले दोहामा पद वहाली गरेको थिएँ। नेपालमा रहेर हेरिने र भौतिक रुपमा पुगेर अनुभव गरिने कतारमा भिन्नता रहेछ। यहाँको विकास, सभ्यता र संस्कार उच्च तहको रहेछ। नेपाली समुदाय र नेतृत्वबाट निरन्तर सहयोग पाइरहेको छु र मेरो शक्ति नै यहाँहरुको माया, सद्भाव र सहयोग नै हो। म सँधै जिम्मेवारी वहन गर्न प्रतिवद्ध भएकाले कुनै पनि दवाव, अभाव र प्रभावका कारणले कहिल्यै पनि बिचलित भएको छैन र हुने छैन। मेरो मुख्य शक्ति नै इमान्दारिता, निष्ठा, कानूनी सुशासन, पारदर्शिता, लगनशीलता, समान सम्मान र व्यवहार, लक्ष्य केन्द्रित गन्तव्य, पदीय मर्यादाको पालना र नेपालीको हितकारी कार्य भएकोले नै कहिल्यै पनि असफल भएको छैन।

**तपाईं राजदूतको भूमिकामा रहदै गर्दा नेपाल कतार बीचको सम्वन्ध अझ प्रगाढ, सौहार्द र मजवुत वनाउन कतारका अमिर शेख तमिम बिन हमाद अल थानीले नेपालको भ्रमण गरी शिष्टाचार भेटघाट गर्नु भएको छ । मध्यपूर्व खाडी मुलुकबाट नेपालमा भएको यो सबैभन्दा माथिल्लो तहको भ्रमण हो । यस किसिमको उच्चस्तरीय भ्रमण गराउन कसरी सम्भव बनाउनु भयो ? र कस्तो महसुस गर्नु भएको छ ?**

भर्खरै कतारका अमिर शेख तमिम विन हमाद अल थानीले आफ्नो दुईदिने राजकीय भ्रमण सम्पन्न गरेर फर्कनुभएको छ। हामीले उहाँलाई राम्रो स्वागत गर्‍यौं भन्ने लाग्दछ। भ्रमणलाई सबैले उत्सुकतासाथ हेरिरहेको पाएँ। उहाँले पनि नेपालबाट राम्रो सन्देश लिएर फर्कनुभएको महसुस गरेको छु। राजदूतका रूपमा मैले भन्दा उहाँको भ्रमण सफल भएको छ। कतिपयले अपेक्षा अनुरूपको काम हुन नसकेको भनिरहेका छन्। त्यो सबै भ्रमणपछि हुने कुरा हो। के-के नपुगेको जस्तो अनुभव हुन्छ नै। तर पनि जति हुनुपर्ने राम्रो भएको छ। सम्झौता भएका छन्। त्यस अनुरूप काम भए आगामी दिनमा सफलता मिल्नेछ। उहाँको भ्रमण पहिल्यै तय भएको भएता पनि विविध कारणवस भ्रमण स्थगित भएको थियो। भ्रमणबाट हामीले गरेका धेरै अपेक्षा पूरा नभएको जस्तो लागे पनि यसलाई कम आँक्न हुन्न। यस्ता भ्रमणको ऐतिहासिक महत्व रहन्छ। राजदूतमा सिफारिस भएपछि संसदीय सुनुवाइ समितिमा आफ्नो कार्ययोजना प्रस्तुत गर्नुपर्छ। मैले समितिमा विभिन्न १३ कार्ययोजना प्रस्तुत गरेको थिएँ। ती मध्ये दोस्रो नम्बरमा कतारको अमिरको नेपाल भ्रमण गराउँछु भन्ने थियो।

कतारका अमिरसँग ओहोदाको प्रमाणपत्र पेस गर्ने क्रममा मैले नेपाल भ्रमणको सन्दर्भ उठान गरेँ। त्यतिबेला कतारलाई फिफा विश्वकप २०२२ ले छोपेको थियो। त्यसैले उहाँले २०२३ मा उपयुक्त समय पारेर नेपाल भ्रमण गर्ने जबाफ फर्काउनुभएको थियो। त्यही दिनदेखि म उत्साहित भएँ। दुई वर्षको अन्तरालमा अमिरसँग पाँच पटक भेट्ने अवसर पाएँ। हरेक भेटमा नेपाल भ्रमण गर्ने कुरा उठान गरेको थिंए। अनि उहाँले २०२३ को नोभेम्बर ६-७ मा नेपाल भ्रमण गर्ने तालिका तय गर्नुभयो। निमन्त्रणा दिने र लिने दुवै देशको चासो र आत्मियता भएकोले भ्रमण संभव भएको हो।

**अमिरको भ्रमणको उपलब्धिको रुपमा नेपाल कतार सम्बन्ध र यहाँ कार्यरत श्रमिकलाई कस्तो प्रभाव पर्ला ?**

अमिरको नेपाल भ्रमणको महत्व आफैँमा शब्द, अंक वा तथ्यांकमा विश्लेषण गरेर देखिने नभई आत्मसाथ गर्ने हो। यसको परिणाम आगामी दिनमा देखिने हुनाले मैले ठूलो महत्वका रूपमा लिएको छु। आफू राजदूत भएको अवस्थामा भ्रमण गराउन पाएकोमा गर्व र राज्यले मलाई दिएको जिम्मेवारी केही हदसम्म पूरा गरेको अनुभूति भएको छ। अमिरको नेपाल भ्रमणको महत्वलाई अन्य खाडी मुलुकले पनि निकै महत्वका साथ हेरेका छन्। त्यसकारण अमिरको नेपाल भ्रमणको नेपाल कतार सम्बन्धमा थप उचाइमा पुग्नु स्वभाविक हो। भ्रमणले समग्र मध्यपूर्वमा नेपालको गरिमा बढेको छ अन्य राष्ट्रहरुले पनि नेपाललाई थप महत्व दिएर हेर्ने छन्। अवश्य पनि कतारमा कार्यत नेपाली श्रमिकहरुको सम्बन्धमा सकरात्मक प्रभाव पर्नेछ।

**नेपाल कतार बीच श्रम सम्झौता पुनरावलोकन गर्नुपर्ने देख्नु हुन्छ ? लामो समय देखि समय सापेक्ष हुन सकिरहेको छैन, भ्रमणको समयमा यो बारेमा छलफल नहुनुको कारण के होला ?**

